संग्रह–६

बौ. द. ४३५

बुद्धकालीन श्रावक–चरित

[भाग–१]

कौडिन्य-चरित

भिक्षु अमृतानन्द

चौ. ह. ४३५

श्री [illegible]

प्रेमपूर्वक

[illegible]

२१।७।७३९

संग्रह–६

बौ. ८.४३५

बुद्धकालीन श्रावक-चरित

[भाग-१]

कौडिन्य-चरित

आचार्य

भिक्षु अमृतानन्द

भा. रु. ७/–   ने. रु. ९/–

प्रकाशकः
"आनन्दकुटी विहारगुठी"
(द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी, स्वयम्भू,
काठमाडौं, नेपाल।

(सर्वाधिकार सुरक्षित)

बुद्धाब्द : २५१८

Acc. 1059/९०५८

मुद्रकः—
नेपाल प्रेस
काठमाडौं, नेपाल।
फोनः ११०३२

प्रथमावृत्ति १०००

बौ. द. ४३५

सर्वप्रथम नेपालमा बुद्ध-धर्मोत्थानको
निमित्त "आनन्दकुटी" स्थापना
गर्नु भएका स्वर्गीय पूज्य
धर्मालोक महास्थविरको
पुण्य-स्मृतिमा ।

यसमा—

पुण्य-स्मृतिमा

प्रकाशकीय

FORWARD

मन्तव्य

भूमिका

प्राक्कथन

संक्षिप्त शब्दको अर्थ

मूल-ग्रन्थहरू

सहायक ग्रन्थहरू

विषय-सूची

"बुद्धकालीन श्रावक-चरित"

नामावली

शब्दावली

गाथा-सूची

Collection No, 6

Buddhakalin Sravakacarita

[Part I]

Bhikshu Amritananda

Published By

ANANDA KUTI TRUST

Ananda Kuti, Kathmandu,

NEPAL.

1974

प्रकाशकीय

प्रस्तुत "बुद्धकालीन श्रावक-चरित" भाग-१, संग्रह-६ पूज्य अमृतानन्द महास्थविरको ठूलो परिश्रमद्वारा तयार भएको ग्रन्थ हो। प्रकाशनार्थ वहाँले सो ग्रन्थ 'आनन्दकुटी विहार गुठी' को जिम्मामा दिनु भएको हुँदा हामी वहाँ प्रति कृतज्ञ छौं र पाठक-वृन्दहरूका सामुन्ने सो ग्रन्थ पुऱ्याउन आएका छौं।

अघि प्रकाशित ग्रन्थहरूको भन्दा हाल कागजको भाउमा दोब्बर भन्दा बढी महँगी भइसकेको हुँदा श्रद्धालु महानुभावहरूसँग भविष्यमा यस्ता अमूल्य ग्रन्थहरूको प्रकाशनार्थ सक्दो आर्थिक सहयोग दिनु हुन विनम्रतापूर्वक अपील गरेका छौं।

'आनन्दकुटी विहार गुठी' का उद्देश्यहरूलाई ध्यानमा राखी तथा समस्त नेपालीहरूका निमित्त अमूल्य हुने यस ग्रन्थ अनेक कठिनाइलाई सहँदै पाठक-वृन्दहरूका समक्ष प्रस्तुत गरेका छौं।

आर्थिक कठिनाइको अवस्थामा उदारतापूर्वक केही सहायता दिनु भएका श्री राध्येश्याम साहु र श्री मणिरत्न तुलाधर प्रति हार्दिक धन्यवाद ज्ञापन गरेका छौं। कहीं पनि बाहिर जानु नभई लेखिरहनुभएका पूज्य अमृतानन्द महास्थविरका अरू ग्रन्थहरू पनि प्रकाशन गर्ने सौभाग्य पाउनेछौं भन्ने पनि आशा लिएका छौं।

आनन्दकुटी, स्वयम्भू, — तीर्थनारायण मानन्धर,
काठमाडौं, नेपाल। — सदस्य-सचिव,
भाद्र ११, २०३१ — आनन्दकुटी विहार गुठी,

Homage to the Supreme Enlightened One.

FOREWORD

After the publication of "Buddha Kalina paribra-Jakabaru" Part I Series 5 (Mendicants of the Buddha's time) last year I started undertaking the study of Pali Tripitaka to compile the biographical sketches of the Sravakas of the Buddha's time Part I Series 6 as planned before. Hence the compilation of this book.

The monk-disciples are, according to Pali Tripitaka, called Sravakas. Of these monk-disciples attempt has been made to compile the life-sketch of Kaudinya Mahasthavir, the foremost of the Buddha's disciples.

During the life-time of Gautama, the Buddha he had lacs of monk-disciples. This is proved by a reference made to Kasyapa in the Dighanikaya Atthakatha[1] (Commentary of Dighanikaya) where-in he is mentioned as the foremost on the seven hundred thousand monks con-

---

1. **"DhatuvibhaJana divase sannipatitanam sattannam bhikkhusatasahassanam sanghatthero ayasma mahakassapo…" DA. I. p. 2: Nidanakatha.**

gregating on the 7th day of the passing away of Lord Buddha on the occasion of the distribution of His relics. Even now there are hundreds of thousands of monks in the countries of Theravada Buddhism.

In Nepal, the land of the Buddha's birth, there were many Bhikkhus. But as the glorious past of the Buddha's time is buried in oblivion, Nepalese look at the Bhikkhus rather with surprise. The presence of so many monasteries-Bahils and Viharas-so much rich in various arts and architechture bear the eloquent testimony of the presence of thousands of Bhikkhus till a few centuries ago. A Vihara is a monastery where monks live and preach.

Lord Buddha had given outstanding position to some of his disciples who were very well enlightened. Thus a list of such monk-disciples as have attained outstanding position is found in the "Etadagga Vaggo"[1] i. e. in the chapter of Anguttara Nikaya of Sutta Pitaka. Forty one Bhikkhus have thus attained special position during the Lord's life-time. 'Gyata Kaudinya' is the foremost of them. Following is the list of the names of such monks as have attained the foremost position:-

---

1. A. I. p. 23-25: Etadaggavaggo.

1. **Kaudinya**—Eldermost of the Buddha's disciples.
2. **Sariputta**—Foremost in wisdom.
3. **Mahamoggallayana**—Foremost in Mastery in psychic power.
4. **Mahakasyapa**—Foremost in 13 special Dhutanga precepts.
5. **Anuruddha**—Foremost in Divya Cakshu i. e. Superhuman Sight.
6. **Bhadriya Kaligodhayaputra**- Foremost in High birth.
7. **Lakuntaka Bhadriya**—Foremost in having sweet voice.
8. **Pindola Bharadvaja**—Foremost in making Bold statements.
9. **Purna Mantrani Putra**—Foremost in expert preaching.
10. **Mahakatyayana**—Foremost in explaining and interpreting difficult philosophical aspeots.
11. **Culapanthaka**—Foremost in psychic creation through meditation.
12. **Mahapanthaka**—Foremost in having inward Vision through meditation,

13. **Subhuti**— Foremost mendicant without desires.
14. **Khadira Vaniya Revata**— Foremost in Forest dwelling.
15. **Kankha Revata**— Foremost in meditation.
16. **Sona Koli Visa**— Foremost in physical efforts.
17. **Sona Koti Karna**— Specially enlightened in speaking well of others.
18. **Shivali**— Foremost among those who get Dana.
19. **Vakkali**— Foremost among those devoted to the Lord.
20. **Rahula**— Foremost among the disciplined.
21. **Rastrapala**— Foremost among those who renounce with great devotion.
22. **Kundadhana**— Foremost among those who got Salaka.
23. **Vangisha**— Foremost in appreciating others.
24. **Upasena Vanganta Putra**— Foremost among those who were very popular.
25. **Dabba Mallaputra**— Foremost in preparation of beds.
26. **Pilinda Vaccha**— Foremost of those Beloved of Gods.
27. **Bahiya Daruciriya**— Foremost among those who were quick in understanding Abhinna.

28. **Kumara Kasyapa**— Foremost in delivering discourses with explanations.

29. **Maha Kotthika**— Foremost among those who attained Pratisambhida knowledge.

30. **Ananda**— Foremost among those who have got keen memory, wide-knowledge and ability to note in detail etc.

31. **Uruvela Kasyapa**— Foremost of those who had the largest number of disciples.

32. **Kaludayi**— Foremost of those who could make the lay-society happy.

33. **Bakula or Vakkula**— Foremost of those who were very healthy.

34. **Sobhita**— Foremost of those who could have the memory of past lives.

35. **Upali**— Foremost of those who could maintain the code of conduct.

36. **Nandaka**— Foremost in preaching to the Bhikkhunis (nuns).

37. **Nanda**— Foremost in Conquering one's self.

38. **Mahakappina**— Foremost in preaching to the monks.

39. **Sagata**— Foremost monk in producing light through meditation.

40. **Radha**— Foremost in having quick understanding.

41. **Mogha Raja**— Foremost in putting on worn-out robes (Rukshyacivara).

Gyata Kaudinya Mahasthavir could achieve the most covetable position of 'Ratragya' i. e. one who was the eldermost of the disciples of the Lord.

I have put before you all the Sutras that I have been able to find in Pali Tripitaka – the Sutras about Gyata Kaudinya as I did in my five previous volumes of different people of the Buddha's time.

In this collection Sutras about Gyata Kaudinya only are collected. Anguttara Nikaya has made a reference to Sariputra Mahasthavir as the one who was the second to achieve the most outstanding position. In accordance with the principles propounded in Anguttara Nikaya I have also attempted to put before you the biographical sketch of the foremost disciples of the Lord. But for fear of making this volume too big and a great financial burden to the 'Ananda Kuti Trust', I have decided not to include in it the Biographical Sketch of Sariputra Mahasthavir. As such, a separate volume about him will be prepared and put before you. I hope

I shall be able to include all about the bio-data of Sariputra Mahasthavir in 'Buddhakalin Sravaka Carita' Part II. i. e. Biographical Sketches of the monks of the Buddha's time.

This volume contains all the twenty one Sutras which I have been able to collect from Pali Tripitaka including the nine Sutras about Kaudinya.

Kaudinya's life bears close relationship with that of the Buddha. For example, we can quote Kaudinya Brahmin's forecast about Prince Siddhartha immediately after he was born. After Prince Siddhartha renounced the world, he too took the life of an ascetic and he was with the prince for six year in the forest of Uruvela. After the prince was deserted in the forest of Uruvela by his ascetic friends including himself, the prince was alone for two months and after he got full-enlightenment, he met those five ascetics including Kaudinya in Rishipatana, the deer park.

I have tried to present in the Introductory Chapter a logical time-sequence of when Lord Buddha met them and when they deserted him. I do mention here about the "Great Seven Weeks" which Lord Buddha spent under the Bodhi Tree immediately after he became fully enlightened.

Thirteen Sutras about these "Great Seven Weeks" have been included in this volume. I have collected all the main Sutras which I have been able to find in the Pali Tripitaka. I have also attempted to explain as to how these 'Main Sutras' about the 'Great Seven Weeks' have been included in this volume just to attract the attention of the Buddhist scholars.

All the Sutras that I have collected here about the Sapta Saptaha or the Great Seven Weeks always mention the phrase 'Pathamabhi-Sambuddho'. i. e. for the first time after the attainment of Buddhahood. If we undertake the study of the main Sutras about these Great Seven Weeks, we shall find that too many important events had taken place in the life of the Buddha on the fifth week after his Enlightenment.

According to the Sutras with the phrase 'Pathamabhi-Sambuddho[1]' the Great Evil One (Mara) had come

---

1. "Pathamabhi sambuddho ti abhisambuddho hutva pathamamyeva ekunapannasa divasabbhantare". SA. II. p. 115: Pathamavihara Suttavannana.
"Pathamabhi sambuddho ti pathamam abhisambuddho; abhisambuddho hutva sabba pathamamyeva ti attho". Samantapasadika p. 614; Udana Atthakaṭha p. 19.

to terrify him in all dreadful forms on the fifth week. It was on this fifth week that Sahampati Brahma had visited him and it was again on this fifth week that the Buddha had thought about variour Dharmas But no reference has ever been made in any of the Sutras with the phrase 'Pathamabhi-Sambuddho' about the coming of the daughters of the Great Evil One (Mara). There is certainly the reference about the visit of those 'Mara Putris' in Ajapala Tree in Sattavassanu - bandhana Sutta[1] of Mara Samyuttam in Samyutta Nikaya and Mara-dhitu Suttam[2]. But in those Sutras too we do not find the phrase 'Pathamabhi-Sambuddho' nor is it mentioned in its commentary.

Regarding the visit of those daughters of the Great Evil One, only the commentary of Dhammapada Att-akatha[3] had definitely mentioned that the Mara's daughters had visited the Lord on the fifth week after the

1. S. I. p. 121: Marasamyuttam.
2. S. I. p. 123: Marasamyuttam.
3. "...... Sabbannutananam pativijjhitva vimuttisukham patisamvediyamano pancame sattahe ajapala nigro-dhamule nisidi. Tasmim samaye maro ...... athassa Tanha Arati Raga ti ima tisso dhitaro ...... sattharan upasankamitva pade te samana paricarema ti ahansu." DhA. p. 431: Maradhitaranam vatthu, vaggo-14.

Buddhahood. The Jataka and the Apadana Atthakatha,[1] however, say that they had visited the Lord on the fifth week after the Buddhahood but they also could not be definite about it. But for this much of reference, no other Atthakathas have mentioned any other thing except the phrase 'in the Ajapala Tree'.

But our attention is drawn to a reference in 'Disvana Tanham Aratim Raganca[2]' made by the Lord when he told the Magandiya Brahmana that he was not at all disturbed even when Tanha, Arati, and Raga, the daughters of Mara had tried to tempt him. But in its commentary too we do not have any other reference to the time of their visit except a reference to the phrase 'at the Ajapala Tree'. Will it then not possible that the visit of the Maraputris might have taken place on some other weeks rather than on the fifth week ? or is this event also a part of Subha Suttam[3] ? Had it been so i. e. had these evil-daughters come to him on the fifth week of his Buddhahood, there should have been definite mention of the phrase 'Pathamabhi-Sambuddho'.

---

1. JA. I. p. 64 Santike nidana; ApA. N. I. p. 69 Middana.
2. SN. p. 398: Magandiya Suttam.
3. S. I. p. 104: Marasamyuttam.

In this volume altogether twelve Sutras about the 'Great Seven Weeks' have been compiled. Bodhi Katha, Ajapala Katha, Mucalinda Katha, Rajayatana Katha and Brahmayacana Katha are the five (5) from Mahavagga Pali of Vinaya Pitaka; Loka Sutta (1) from Udanapali of Khuddaka Nikaya; Tapo Kamm Sutta, Hatthi Raja Vanna Sutta, Subha Sutta, Sahampati Brahma Sutta, Brahma Sutta and Garava Sutta are the six (6) from Samyutta Nikaya of Sutta Pitaka.

Regarding the other nine Sutras, three (3) from Mahavagga Pali; one (1) from Udana Pali; one (1) from Theragatha Pali; one (1) from Apadana Pali; one (1) from Anguttara Nikaya; one (1) from Samyutta Nikaya and one (1) from Dighanikaya. Thus twenty one Sutras have been compiled in this volume.

Events mentioned in Brahmayacana Katha, Pancavaggiya Katha and Dhamma-cakka Pavattana of Mahavagga Pali belong to the eighth week after the Enlightenment of the Buddha. The event mentioned in Mahaparinibbana Suttam[1] of Dighanikaya also belongs

---

1. "Ekamidaham, Ananda, samayam uruvelayam viharami najja neranjaraya tire ajapala nigrodhe pathamabhi-sambuddho. Atha kho, Anand, Maro Papima yenaham tenupasankami; upasankamitva ekamantam atthasi. Ekamantam thito kho, Anand, Maro Papima mam etadavoca: 'parinibbatu dani bhante bhagava....". D. II. p. 88. In its Atthakatha: "Pathamabhi-sambuddhoti abhisambuddho hutva pathamameva atthame sattahe". p. 391.

to the eighth week. No where in Pali Tripitaka has Lord Buddha made any reference to the Evil One except in the Mahaparinibbana Sutra (p. 88) of Digha Nikaya. The rest belong to the life of Kaudinya. The following are the sources of those twenty one Sutras.

		Page:[1]	Page:[2]
1.	Mh.	3: Bodhikatha	R. 1.
2.	,,	4: Ajapalakatha	R. 2.
3.	,,	5: Mucalindakatha	R. 3.
4.	,,	5: Rajayatanakatha	R. 3.
5.	,,	6: Brahmayacanakatha	R. 4.
6.	,,	10: Pancavaggiyakatha	R. 7.
7.	,,	13: Dhammacakkapavattanam	R. 10.
8.	,,	16: Anattapariyayo	R. 13.
9.	S. I.	103: Tapokamma Suttam	R. I. 103
10.	,, ,,	103: Hatthirajavanna Suttam	R. I. 103
11.	,, ,,	104: Subha Suttam	R. I. 104
12.	,, ,,	139: Garava Suttam	R. I. 138
13.	,, ,,	194: Kondanna Suttam	R. I. 193

1. References given here are to the pages of Pali Text, Nagari Edition of Nalanda, India.
2. R. raefers to pages of the Pali Text Society, Roman Editions, London.

14. S. IV. 143:	Brahma Suttam	R. V. 167
15. „ „ 201:	Sahampati Brahma Suttam	R. V. 232
16. D. II. 391:	From Mahaparinibbana Suttam	R. I. 112
17. A. I. 23:	Etadaggavaggo	R. I. 23
18. U. 100:	Loka Suttam	R. 32
19. „ 157:	Tanhasankhaya Suttam	R. 76
20. Th. 337:	Annasi kondannattheragatha	R. 68
21. Ap. 57:	Annasi kondannatthera Apadana	R. 48

The translation of this volume had started on 6.10.2030 but the proof-reading of the volume "Buddha Kalin Paribrajakaharu" could not be finished in time. So only after the printing of the said volume was completed on 20.10.2030, the translation had its smooth sailing. In the mean time I had to go to Thailand at the invitation of 'Samnak Poo Sawan' to participate in the inauguration ceremony of the Buddha Image in a newly-constructed monastery in the desolate forest of Rajburi about one hundred k.m. from Bangkok on 28.3.1974. I was there for about a month. My one month's stay in Bangkok proved very fruitful.

It was the tradition of the Buddhists of Thailand to get the Sangha Nayaka elected by three hundred thousand monks and established in the position of the Head-Monk by the King of Thailand. The head-monk recognised

by the king as Sangharaja was provided with the Royal Honour, wien he would go out of the monastery. But this does not mean that the Sangharaja is isolated from the day-to-day life of a monk. Like many other monks, he too goes out for begging for his meal early in the morning, sometimes alone, and sometimes with his monk-disciples.

I was lucky enough to have an opportunity to participate in the cremation ceremony of the late Sangharaja. Thousands of monks had participated in the function. The cremation of the Sangharaja takes place in the altar of Wat Dhep-sirin Monastery where the kings of Thailand also are cremated and the cremation of the late Sangharaja, Poon Punnasiri also was undertaken in the same altar. After the king of Thailand lighted a candle and initiated the cremation, thousands of Bhikkhus and Samaneras lighted the candles and offered sandle-wood pieces to the burning pyre. I also offered candles and sandle-wood pieces to the pyre to pay homage to the departed saint.

It is said that of the three hundred thousand monks in Thailand two thirds are in regular monk-life. The rest return to lay-life. There are lay-people also who become monks for a certain period of time and there is no any restriction in Buddhism for any monks in returning to lay-life if he so desires.

Even the king of Thailand has got to be ordained and lead the life of a monk in a monastery for certain period of time. The present king of Thailand also had been ordained and lived the life of a monk in Wat Bovorn Nives, Bangkok for a period of three months. I will never forget the king's stress on the fact that even for a day one must be a monk and it is good both for now and life after death. The king further told me during my audience with him that from psychological point of view also the life of a monk is very important even though we have it for a few days.

I can also never forget the scene in Citta Bhavan, a training centre for the monks situated in a sea-shore about 80 k. m. of Bangkok city when after taking the meal two thousand monks recited the Bhuktanumodana Gatha in one voice and in one strain. I felt that my ears were very much consecreted by that spiritual recitation.

Fully loaded with such sweet memories I returned to Nepal and again engaged myself in the service of Nepali leterature by undertaking the translation works of this volume. I had undertaken the study of not only the life of Kaudinya but also of Sariputra. As mentioned earlier, I decided to have separate volumes for Kaudinya and Sariputra as the book would be too voluminous if both of them were compiled together. By now I have translated

ninety Sutras of the life of Sariputra and there are sixty Sutras still to be translated. These Sutras will all be compiled in "Buddha Kalina Sravaka Carita" Part II.*

Ananda Kuti, Bhikshu Amritananda
Kathmandu, 6th September 1974
Nepal.

List of Abbreviation :

A. = Anguttara Nikaya.
Ap. = Apadana pali.
ApA. = Apadana Atthakatha.
D. = Digha Nikaya.
DA. = Digha Nikaya Atthakatha.
DhA.= Dhammapada Atthakatha.
JA. = Jataka Attha Katha.
Mh. = Mahavagga Pali.
S. = Samyutta Nikaya.
SN. = Sutta Nipata.
Th. = Theragatha Pali.

---

* Translated by Mr. Asha Ram Sakya, M.A. (English)

मन्तव्य

पालीका महापण्डित, भिक्षु श्री अमृतानन्द स्थविरले अति अनुसन्धान गरी नेपाली भाषामा बुद्धकालीन ब्राह्मण, गृहस्थी, राजपरिवार, महिला र परिव्राजकहरूको परिचय दिएर एक महत्वपूर्ण भूमिका प्रदान गर्नु भएकोछ। भगवान् श्री बुद्धको जन्मभूमि नेपालमा बुद्धको बारेमा यस देशवासीहरूले राष्ट्र भाषाको माध्यमबाट धेरै कुरा ज्ञात गराउनमा भिक्षु अमृतानन्दजीले अति प्रशंसनीय योगदानदिनु भएकोछ।

यही परिप्रेक्ष्यमा फेरि यो "बुद्धकालीन श्रावक-चरित" मा कौडिन्य-चरित प्रस्तुत गरेर एक नयां अध्याय थप्नु भएकोछ। भगवान् बुद्धको धर्मलाई सर्वप्रथम ज्ञात गरी तदनुकूल आफ्नो जीवनमा उतार्ने पुरुषहरूमध्ये पहिलो मान्छे हुन् कौडिन्य-स्थविर।

हुनत कौडिन्य स्थविरलाई हात्तीहरूले सुश्रूषा गरे, उनको जीवन एकान्तवासमा बित्यो इत्यादि कुराहरू पढ्दा हामीलाई अतिशयोक्ति झैं लाग्ने छ। तर कुनचाहिं धर्ममा यस्ता अलौकि घटनाहरू छैनन् र यसमा हामीले अपत्यार गर्नु। यस चरित लेखनको उद्देश्य खालि त्यही मात्र पनि होइन।

वास्तवमा विद्वान् लेखकले यो बौद्धधर्मको एक व्याख्यात्मक

ग्रन्थ लेख्नु भएको छ । प्रसंगवश यहाँ धेरै कुरा आएका छन् । प्रतीत्य-समुत्पाद जस्तो बौद्ध सिद्धान्तलाई पनि यहाँ प्रस्तुत गर्न खोजिएको छ । तर प्रतीत्यसमुत्पाद यो बौद्ध दर्शनको महान् वैज्ञानिक कुरो भन्ने ठान्दछु । यहाँ प्रसंगवश भेटघाट पनि धेरै सँग भएको छ । आर्य-अष्टाङ्गिक मार्गलाई पनि विशेष रुपमा चर्चा गरिएको छ । संक्षेपमा भन्ने हो भने स्थविरवादका धेरै कुराहरू यहाँ संलग्न भएका छन् । लेखकले लङ्काका सुप्रसिद्ध बौद्ध विशारद वज्रज्ञान महानायक महास्थविरका समक्ष भिक्षु-दीक्षा प्राप्त गर्नु भएकोले र लङ्कामा अध्ययन गर्नु भएकाले पनि थेरवादी बौद्ध-धर्मको विद्वान् हुनुहुन्छ र पाली भाषामा प्रकाण्ड विद्वत्ता भएकाले नै त्यस साहित्य मथेर यो नौनी निकाल्न सफल हुनु भएको जस्तो लाग्छ ।

उहाँका यस अघिका पञ्चरत्न जस्ता ग्रन्थभन्दा यो अझ महत्व-पूर्ण भएकोछ साङ्गोपाङ्गोको दृष्टिले । यसमा धार्मिक व्याख्या भएकोले यसलाई धार्मिक जगत् अभिरूचि राख्न पछिपर्ने छैन । यस्तै गरी अब ऐतिहासिक र दार्शनिक कुरा पनि समावेश गरिँदै लैजानु हुन म सविनय भिक्षुजीसँग अनुरोध गर्छु । उहाँको श्रद्धेय व्यक्तित्व र शिक्षा प्रतिको अगाध प्रेमले म आकृष्ट भएको हुँ । चतुर्थ बिश्वबौद्ध सम्मेलन नेपालमा हुँदा उहाँकै सौजन्यले नागानन्द नाटक (संस्कृत भाषामै) आएका अभ्यागतलाई देखाउन समर्थ भइयो । तथा धर्मोदय सभाले मेरो "संक्षिप्त बौद्ध दर्शन" प्रकाश गरेको हुँदा भगवान् बुद्धमा एक थुँगो फूल चढाउन पाएँ ।

अहिले यति लेख्ने मलाई अवसर दिनु भएकोमा म उहाँप्रति

धेरै कृतज्ञता ज्ञापन गर्दै उही पुरानो आफ्नै वाक्य दोहऱ्याउँछु— "अब उहाँको लेखनीले विश्रान्ति नलेओस् र उहाँले धेरै काम गर्न सक्नुहोस्"। अस्तु

प्रा० चूडानाथ भट्टराय
सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
२०३१।५।१७

"ममतावनी"
महादेव चौर
बालुवाटार, काठमाडौं, नेपाल।

भूमिका

जरा, व्याधि र मरणरूपी दुःख सागरबाट प्राणी मात्रलाई पार गराउन कटिबद्ध भएका बुद्ध-धर्मका मूल सिद्धान्तहरू पालि (मागधि) भाषाबाट नेपालीमा अवतरित भएका छन् । उक्त तीन कारणरूपी चुलीलाई दुःख नाशका उपायहरू पत्तो लगाउन तम्सेका विभिन्न साधन र उपायहरूले फन्को मार्दा मार्दै निर्वाणसम्म पुग्ने ज्ञान-मार्ग तयार पार्न देखाएका विभिन्न प्रतिक्रियाहरूको प्रदर्शन गर्दै—दुराचरण गर्ने मानिसले इहलोक तथा परलोक दुवैमा पश्चात्ताप गर्नुपर्छ र आफ्नै घृणाजन्य कामहरू देखेर उसले पश्चात्ताप मात्र गर्दैन दुःख पनि भोग्नुपर्दछ तथा सदाचारमा बस्ने मानिसले इहलोक र परलोक (यो जन्म र अर्को जन्म) दुवैमा सुख पाउने मात्र होइन आनन्द पनि प्राप्तगर्न सक्तछ—भन्ने कुरालाई सर्पले काँचुली फेरेझैं विभिन्न जन्म जन्मान्तरसँग सम्बन्धित भएका शाक्यकुलोत्पन्न शुद्धो-दनका छोरा सिद्धार्थ कुमारको जीवनीलाई कतै दयाको रूपमा, कतै मैत्रीको रूपमा, कतै करुणाको रूपमा, कतै शान्तिको प्रतिमूर्तिको रूपमा, कतै अद्‌भूत र कतै कठोरताकोरूपमा देख्न पाइन्छ र काम, क्रोध, लोभ र मोहको वशीभूत भई जीवनलाई बेकार नबनाउने उप-देश दिई—मनुष्य जीवन पाउनु दुर्लभ छ, सत्यधर्म सुन्नु दुर्लभ छ, बुद्धजन्म र बुद्धत्वपद पाउनु पनि दुर्लभ नै छ भन्ने कुरातिर औंल्याउदै

यीनै दुर्लभ वस्तु पाउने उपायहरूको खोजी गरी एकत्रित गरेका विषयहरू प्रस्तुत "बुद्धकालीन श्रावक-चरित" अन्तरगतका पात्र कौडिन्य-चरित नामक अनुदित संग्रहमा समावेश भएका छन्। बुद्ध-धर्म सम्बन्धी मूलभूत सिद्धान्तहरूको साथै अन्य उपदेशपूर्ण कुरालाई प्रतिनिधित्वगर्ने खालका पात्रहरू चयनगरी नेपाली भाषाको माध्यमबाट विद्वानहरूदेखि लिएर साधारण मानिसहरू सम्मले सरल तरिकाले विषयवस्तुलाई अवगत गर्न सकुन् भन्ने उद्देश्य लिएको कुरा प्रस्तुत संग्रहमा भएका विषय वस्तुहरूको समावेशको आधारमा अनुमानगर्न सकिन्छ। साथै विभिन्न विषय वस्तुसँग सम्बन्ध राख्ने यस्तै यस्ता संग्रहहरू प्रकाशित गर्दै जाने प्रणगरी करीब तीन वर्ष अघिदेखि निरन्तर परिश्रम गर्दै आइरहनु भएका अन्तरराष्ट्रिय ख्यातिप्राप्त, शिक्षा तथा साहित्य प्रेमी, भाषा विशेषज्ञ पूज्य भिक्षु अमृतानन्द महास्थविरज्यूको यो संग्रह छैटौं उपहार हो र यसैगरी अन्य पुस्तकहरूद्वारा नेपाली साहित्यरूपी वाटिकाको फाँट्नै तयार पारिदिनु हुनेछ भन्ने आशालिई वहाँको चिरायुको कामना गर्दै सम्बन्धित विषयवस्तुको भूमिका लेख्ने धृष्टता गरेको छु।

प्रस्तुत "बुद्धकालीन श्रावक-चरित" भाग-१, संग्रह-६ यसभन्दा अघि प्रकाशित भएका बुद्ध-धर्म सम्बन्धित बुद्धकालीन ब्राह्मण …आदि ग्रन्थहरू मध्येमा सानो आकारप्रकार लिएर नेपाली साहित्याकाशमा फुल्के तापनि यससँग सम्बन्धित विषय वस्तुको अध्ययन गर्दा शरीर ठूलो भएर पनि आँखाको विशेष महत्व भए जस्तै अथवा आकाश अपरिमेय भएर पनि सूर्यले विशेष महत्व पाएजस्तै अरू

संग्रहको तुलनामा यो त्यत्तिकै महत्वपूर्ण र चम्किलो छ भन्न सुहाउने कुराहरू प्रशस्त मात्रामा भएका मात्र होइनन् कि—बुद्ध-धर्म सम्बन्धी अन्य अघिल्ला अनुदित संग्रहहरूबाट अधुरो भइरहेका कुराहरूलाई यही यौटै पात्रको प्रतिनिधित्वले परिपूर्ति गरिदिएको छ र बुद्धका सर्वप्रथम उपदेश तथा बुद्ध-धर्म सम्बन्धी श्रोतको मुहान यसैमा आएर भेट्टिएको छ। यसै मुहानबाट निस्केको ज्ञानरूपी श्रोतमा स्नानगर्ने स्नातक कौडिन्य सम्बन्धी चरित्रको माध्यमको आधारमा दया, मैत्री र करुणाको ढोका खोलिएको छ, बुद्ध-धर्म सम्बन्धी सबै प्रकारका जिज्ञाशारूपी प्यासलाई मेटाइ दिएको छ र अझ एकै शब्दमा भन्ने हो भने—बुद्ध-धर्मरूपी भण्डारको ढोका उदाङ्गो पारी खोल्ने क्षमता यसै संग्रहले देखाइदिएको छ।

हुनत बुद्ध-धर्म यस्तो धर्म हो जसले मानवकल्याणको मात्र चाहेको होइन कि मानवमात्रलाई कल्याणकारी मार्ग प्रदर्शन गराई शान्ति पूर्ण तरिकाले त्यसमा हिंडाउन सिकाएको कुराको श्री गणेश यसैबाट भएको पाइन्छ। यसको मतलब यसभन्दा अघि यसप्रकारको धार्मिक व्यवस्था नभएको होइन, थियो, जस्तै—कणाद वैशेषिक सूत्रले (१/२) धर्मको परिभाषा गर्दै भनेको छ कि—

"यतो ऽभ्युदय निःश्रेय स सिद्धिः स धर्मः"

(अर्थात् जुन कार्यगर्दा इहलोक तथा परलोकमा शारीरिक र मानसिक सुख सम्वृद्धिको भोग गर्न पाउँछ तथा जुन उपायद्वारा पर-

लोकको निमित्त बाधक भएका कार्यहरूलाई उच्छिन्न गर्न सक्तछ त्यही नै धर्म हो) ।

यस्तै :—धर्म सम्बन्धी विषयमा मनुस्मृतिले आफ्नै खालको परिभाषा बनाएको छ

धृति क्षमा दमो स्तेय शौचमिन्द्रिय निग्रहः
धीर्विद्या सत्य मक्रोधः दशकं धर्म लक्षणम् ६।८२

त्यस्तै गीताले—अहिंसा सत्य मक्रोध त्याग शान्ति रपैशुनम्
दया भूतेष्व लोलुप्त्वं मार्दवं ह्रीर चापलम्
गीता १६।२

यसरी भिन्ना भिन्नै समयमा धर्मको परिभाषा अनुसार धर्म स्थापना गर्ने दृष्टिकोणमा भिन्नता जस्तो देखिएता पनि वास्तवमा सबै युगको लक्ष यौटै छ– मोक्ष प्राप्त गर्नु । यसको वास्तविकताभन्दा बाहिर कुनै धर्म पनि स्थापना भएको देखिँदैन, देखिन्छ भने समय र परि-स्थिति अनुसार विभिन्न महापुरुषहरूले त्यसलाई नवीनता प्रदान गर्ने सत्प्रयास मात्र । यही कुराको अनुभव वेदान्त र सांख्यदर्शनको कण्डै हाराहारीमा रहनखोजेको बुद्धदर्शनमा पनि गर्न पाउँदछौं । बुद्धभन्दा अगाडि स्थापना भएका धर्महरूको विवेचना गर्दा पनि सबै धर्महरू पुनर्जन्मको सिद्धान्तमा आधारितछन्, सबैले कर्मफल मान्दछन् र आत्माको अमरत्वलाई पनि सबै जसो सम्प्रदायहरूले स्वीकारेकाछन् तर बुद्ध-धर्ममा भने आत्माको अमरत्वलाई स्थान दिइएको देखिन्न । जे

होस् उक्त धार्मिक परिभाषाहरू केवल परिभाषाकै रूपमा रहन लागेको देखेर नै समयले बुद्धधर्मको आविष्कार गरेको हो भन्ने कुरालाई पनि सामाजिक, धार्मिक र राजनैतिक आदि जुनसुकै दृष्टिकोणरूपी कसी लगाएर हेर्दा पनि जाँच्न सकिन्छ, यसको साक्षी इतिहास छँदैछ। यस धर्मको खास विशेषता के हो भने यो अति मानवीय धर्म न भएर मानवीय धर्मको आधारमा समाजलाई सरल, शान्तिपूर्ण र मनोवैज्ञानिक तरिकाले नैतिक पाठ पढाउन समर्थ भएको पाइन्छ। यसैको आधारमा बुद्धधर्म भन्नु नै व्यावहारिक धर्म हो भन्न पनि हिच्किचाउनु पर्दैन। यसैको प्रसंगमा बुद्धलाई वैदिक धर्मका विरोधी होइनन् भन्ने कुराको संकेत दिनु पनि अप्रासंगिक हुँदैन, हो विरोधी थिए तर वैदिक धर्मको नाममा अनर्थ गर्ने कर्मकाण्ड समुदायको मात्र। नत्र 'अहिंसा परमो धर्म' भनेर सबभन्दा पहिले अहिंसाको नारा लगाउने वैदिक नाराको समर्थन गर्नुपर्ने थिएन। यदि वेद विरोधी बुद्ध भएको भए उनलाई अवतारको रूपमा अवतरित गराउनुपर्ने खास कारण पनि केही देखिँदैन। यसको प्रमाणको निमित्त—कूर्म पुराणको यौटै श्लोक पर्याप्त छ। जस्तै :—

नमो वेदरहस्याय नमस्ते वेदयोनये।
नमो बुद्धाय शुद्धाय नमस्ते ज्ञानरूपिणे॥

यसबाट के प्रत्यक्ष हुन्छ भने—जति आचारनिष्ट व्यक्तिहरू थिए–बुद्धको प्रादुर्भावमा तो सबैको श्रद्धा थियो, सहयोग थियो र परिवर्तन ल्याउन नेता छान्ने प्रयास थियो।

तै पनि हिजो, आज र भोलिका कुराहरूलाई माध्यम बनाई धर्म सम्बन्धी विभिन्न विषयलाई लिएर विचार गर्ने हो भने—समय अनुसार त्यसमा विवाद पैदा नहुने होइन, हुन सक्छ तर यो बुद्धधर्मले यस्तो मार्ग तयार पारेको छ जसले गर्दा–विवाद होइन समर्थन, क्रोध होइन मैत्री, लोभ होइन त्याग, अभिमान होइन नम्रता, अविवेक होइन विवेक—आदि जस्ता गुणहरू प्रदान गरेको छ। जसले गर्दा सबैको सहयोग तत्कालीन अवस्थामा प्राप्तगर्न सफलीभूत भएको कुरा कौडिन्यको चरितले पनि संकेत गरिदिएको छ।

प्रस्तुत संग्रहलाई कौडिन्यको चरित्र चित्रणले प्रतिनिधित्व त नगरेको होइन तै पनि यहाँ विशेषत गौतम बुद्धले सर्वप्रथम धर्माव-बोध गरेका कुराहरूनै प्रमूखरूपमा अवतरित भएका मात्र होइनन् वहाँले बोधिज्ञान प्राप्त गरेको सातहप्ताभित्रका अनुभवका कुराहरू पनि विस्तृत रूपले वर्णित हुनुको साथै विभिन्न विषयहरूलाई सरलता-पूर्वक बोधगम्य गराउनकोनिमित्त वर्गीकरणगरी प्रयोगात्मक रूपमा ल्याउने प्राथमिक प्रयास गरेको पनि अनुभव गर्न पाइन्छ। यसैलाई आधारमानी अवलोकन गर्दा ठूलो परिश्रम र त्यागको साथै बुद्धले धर्मको अवबोध गरिसके पछि— "मैले प्राप्त गरेका गम्भीराति गम्भीर धर्महरूलाई साधारण मानिसहरूले बुझ्न सक्ने छैनन् अब यो धर्म कसले बुझ्न सक्ला !" भनी सर्वप्रथम विचारगरी योग्य व्यक्ति छान्दा—सर्वप्रथम आलार कालामको सम्झना हुँदा उनको मृत्यु भएको एकहप्ता बितिसकेकोले दोश्रोपटक उद्दक रामपुत्रको संस्मरण हुँदा अघिल्लो रातमै उनी पनि परंधाम पुगी सकेको जानी तेश्रोपटकको

पालोमा छ वर्षको घोरतपस्या पछि पनि कुनै खास ज्ञान प्राप्तगर्न नसकी–शरीरलाई कष्ट दिनु बेकार संझी खाना खाएका सिद्धार्थ गौतमलाई हेरचाह गरेर बसेका पञ्चवर्गीयहरूले "यी पथभ्रष्ट गौतम-सँग बस्नु बेकार हो" भनी छाडेर गएका यिनीहरूको नै संस्मरण भयो र उनीहरूलाई उपदेश दिने विचारले नै आठौं हप्ताहको आषाढ पूर्णिमाको साँझपख ऋषिपतन मृगदावनमा पुग्नुभई उनीहरूलाई उपदेश दिनुभयो। ती श्रावकहरूमध्ये सर्वप्रथम ज्ञानावबोध गर्ने कौडिन्य नै ठहरिए। त्यसैले उनको नाम ज्ञातकौडिन्य रहन गएको हो। जसलाई चीररात्रज्ञको विशेषण पनि लगाइन्छ। यसैको छैटौं दिनमा अनात्म-लक्षणको[1] उपदेश सुनेपछि पञ्चवर्गीयहरूले अरहत्व (पूर्णआस्रवक्षय ज्ञान) प्राप्त गरेका कुराहरू प्रस्तुत संग्रहमा पढन पाइन्छ।

प्रस्तुत संग्रहमा बुद्ध-दर्शनका मूलभूत सिद्धान्तहरूको साथै पूर्वापर सम्बन्धी विषयहरू सबै नै अवतरित भएका छन्। संक्षेपीकरण गरेर भन्ने हो भने—यस दर्शनरूपी वृक्षमा फलेका फलहरूमध्ये मूल हाँगाका सारगर्भित ३ फलहरूलाई मात्र प्रथमत टिप्न सकिन्छ यीहुन्— "चतुरार्यसत्य, प्रतीत्यसमुत्पाद तथा आर्यअष्टाङ्गिक मार्ग" अन्य हाँगा बिगातिरबाट पनि टिपेर बटुल्न थाल्ने हो भने सायद यौटा साधारण जीवन पर्याप्त हुने छैन, न त संयम, लगनशीलता, धैर्य, आत्म विश्वास विना पूर्वोक्त प्राथमिक (मुख्य) तीन ओटा फलहरूमध्ये यौटै जीवन-मा यौटामात्र फलको पनि स्वाद थाहापाउन सकिन्छ। त्यसैले नै बुद्धले

१. यो सूत्र यसै संग्रहमा उल्लेख भएको छ।

स्वयं भन्नु भएको कुराको सारतिर अवलोकन गर्दा—यो धर्म अपरिमेय छ, न त अवबोध गम्यनै छ, न त सरलनै छ तर त्यत्तिकै संयम र त्यत्तिकै लगनशीलता त्यत्तिनै धैर्य र त्यत्तिनै आत्म विश्वास लिई यसलाई श्रवण गरेमा बोधगम्य मात्र होइन सुबोधगम्यको साथै निर्वाण साक्षात्कार गर्न सकिन्छ भन्ने कुराको साररूपी आभा पनि प्रकाश भएको देखिन्छ। यिनै कुराहरूलाई गौतमले छ वर्षसम्म शरीरलाई कष्टदिई घोरतपस्या गर्दा पनि खास फल केही प्राप्तगर्न सक्नु भएन र पछि काम, क्रोधादि क्लेशहरूलाई दमन गरी बस्दा ध्यानासन्न अवस्थामै बोधिज्ञान प्राप्तगर्नु भयो र ती ज्ञानहरूको सदुपयोग तथा मानव-कल्याण-मार्ग पत्तो लगाउन वहाँलाई खास गरेर ४९ दिन लागेको कुराहरू प्रस्तुत संग्रह तथा यसै अन्तरगतको परिचयले पनि पाठकहरूलाई जानकारी दिएको छ। यी उनन्चास दिन–अर्थात् सात-हप्ता भित्रका विभिन्न हप्तामा बुद्धले मन्थन गरेर निकालेको सार–महादेवले निल्न र उकल्न नसकेको समुद्र मन्थनबाट निस्कैको कालकूट विष जस्तो नभई केवल अमृतै अमृत मात्र निस्केको छ जसको स्वादलिन तँछाड् मछाड् गर्दै तम्सेका पाँच व्यक्तिहरूमध्ये पहिला व्यक्ति यिनै हुन आए जसले प्रस्तुत संग्रहकै नेतृत्व गरिराखेको छ।

जति विनयी र संयमी भएर ज्ञानप्राप्त गर्न सकिन्छ त्यतिनै अन्धविश्वासको आधारमा गरिने शारीरिक पीडाद्वारा सम्भव छैन भन्ने कुरा पनि बुद्धको पूर्वावस्थाको चारित्रिक क्रियाकलापहरूबाट परिलक्षित हुन्छ र धनबल, भौतिकबल, तथा जनबलको शक्तिलाई आधार मान्ने पाखण्डीहरूको निमित्त यस प्रकारको ज्ञानले छापदिएको

मात्र होइन त्यसको अन्त्य गराउने संकेतको लक्षणलाई पनि बुद्धको जीवन चर्यालि संस्मरण गराएको छ ।

यस्तै यस्ता कुराहरूको प्राङ्गणमा चक्करमार्दा ८० वर्ष लामो गौतम बुद्धको जीवनमा माथि उल्लेख गरेका ४९ दिन जति महत्वपूर्ण छन् ती न त गृहस्थी जीवनको दरवारको सुख सयलमा थिए, न त दिव्यचक्षु प्राप्त गरिसके पछिको अन्तिम चरणसम्ममा नै । बुद्धको निमित्त ४९ दिन यस्ता दिनहरू निस्किए जसमा दिव्य शरीरको अगाडि पाँचभौतिक शरीरको उत्तिको महत्व नभए जस्तै वास्तविक ज्ञानामृत पानको अगाडि अन्न खाद्य पदार्थको कुनै पनि महत्व हुँदो रहेन छ भन्ने कुरा वहाँको विमुक्ति सुख ध्यानमा बितेका घटनाहरूले संकाएका छन् । यसको तात्पर्य केहो भने—एकाग्रतानै यस्तो शक्ति हो जसको आधारमा तीनै लोकलाई वशीभूतगर्न सकिन्छ । यौटै आसन-बाट संसाररूपी नृत्यशालाको रङ्गमञ्चमा खोलिएको विविध ज्ञानरूपी नाटकहरूलाई विविधाकारमा हेर्न सकिन्छ भन्ने कुराहरू पनि ब्रह्मा आदि विभिन्न देवताहरूले बुद्धसँग गरेका ज्ञान प्रदानगर्ने जस्ता विभिन्न अनुरोध तथा ऋद्धिप्रातिहार्य जस्ता घटनाहरूले पनि नव्यक्त्याएका होइनन् । यसको चिन्तनकोनिमित्त संयमको ठूलो आवश्यकता पर्दछ । अन्यथा विभिन्न षाडयन्त्रिक जालमा परेर त्यसबाट स्खलित भयो भने यशको सट्टा अपयशको भारी बोक्नुपर्ने हुन्छ । यसकारण विवेक रूपी डुङ्गामा बसी पारतर्ने पुरुष महापुरुष गौतम बुद्ध जस्तै हुनसक्नु पर्दछ । अन्यथा सम्भव हुँदैन भन्ने कुरा पनि बुद्धको कार्यरूपी मार्गमा बरावर काँडो बन्न आउने कामदेव (=मार) को चतुऱ्याइले पनि

चरितार्थ गरेर देखाइ दिएको छ ।

सिद्धार्थ राजकुमारको हृदयमा मानवकल्याणको निमित्त ज्ञान प्राप्तगर्नु पर्ने आवश्यकता र उत्सुकतालाई पैदा गराउने तत्वको खोजी गर्नलाग्दा—हुने बिरुवाको चिल्लोपात भनेझैं विवेकी पुरुषको बिवेकगर्ने लक्षण भिन्नै खालको हुँदो रहेछ भन्ने कुरालाई प्रस्तुत संग्रहले मुखरित गराएको छ । किनभने त्यसताकाको विषम अवस्थालाई लिएर सरसर्ती हेर्दा हाम्रो अगाडि सत्व, रज र तमले नै संसाररूपी भवचक्रमा फन्कामारिरहेका देखिन्छन् । यी तीन तत्वहरूमध्ये पछिल्ला दुइ तत्वलाई हटाई सत्वगुणी भएपछि मात्र—दया, मैत्री, करुणाको भावना पैदाहुन्छ भन्ने कुराको फोटो खिच्न सिकाउने काम पनि प्रस्तुत संग्रहले सिकाइ दिएको छ । हुनत यस कुरालाई वेद र उपनिषद् कालले पनि अङ्कित नगरेका होइनन् तै पनि तत्कालीन समयका मानिसहरूलाई प्रभावित गराउने काममा उति चासो लिएको देखिएन । अन्यथा बुद्धको प्रादुर्भावको कारणै पर्दैनथ्यो होला भन्ने कुराको अडकल काट्न सकिन्छ । यसैको आधारमा बुद्धले जुन ज्ञान प्राप्तगर्ने प्रण गर्नुभयो त्यो आफ्नो स्वार्थको निमित्त नभएर मानव मात्रको कल्याणको निमित्त थियो । त्यसैले वहाँले एकान्त र अलौकिक सुखलाई आफ्नो सुख नदेखी अनन्त र लौकिक बनाउने विचारले नै उपदेशको अभियानको प्रारम्भ कपिलवस्तुवासी कौडिन्य भिक्षुद्वारा गराउनु भयो र त्यसको अन्त्य त्यसबेला हुने अनुमान गर्नु ठीक ठान्दछु जुन बेला यस पृथ्वीबाट मानव मात्रको अन्त्य हुनेछ ।

यसैको सन्दर्भमा प्रस्तुत संग्रहको मुख्य नायक कौडिन्यको

चरित्र तिर सिंहावलोकन गर्दा उनी विद्वान् र विवेकी मात्र होइनन् समयोचित ज्ञान र समय अनुसार कामगर्न सक्षम भएका व्यक्तिहरू-मध्ये प्रमुख मानिन्छन् । हुनत यस्तै बहुमुखी प्रतिभा सम्पन्न र भविष्य द्रष्टाबाटै ज्ञानरूपी ढोकाको उद्घाटन भएको पाइन्छ। ज्योतिष शास्त्रका निष्णात यिनले सिद्धार्थ कुमारको नामकरण गर्दानै सिद्धार्थलाई 'बुद्ध हुने छन्' भन्ने भविष्यवाणी मात्र गरेनन्, आफना नाता कुटुम्बको माध्यमद्वारा पहिले देखिनै प्रचार गर्दै आएका छन्। वास्तवमा भन्ने हो भने यी साँच्चैकै कर्मयोगी ऋषि थिए, अनि थिए ज्ञान साधनाको निमित्त एकान्त प्रेमी। यिनको जीवन चरित्रबाट—आचार निष्ठ, विवेकी, सत्यवादी, आत्मविश्वासी, सहनशीलता, स्वावलम्बी, अनुशासित र इमान्दारीता—जस्ता गुणहरूले नै मानिसको उन्नतिको गोरेटो-लाई राजमार्ग बनाउने मात्र होइन यसको प्रभावले विश्वलाई नै प्रभावित पार्दछ र सुख, शान्ति, परोपकार आदितिर विशेष उन्मुख गराइदिन्छ भन्ने जस्ता कुराहरू प्रतिबिम्बित हुन्छन् । यस्ता महात्मा-हरूको चरित्रबाट मानवमात्र होइन अन्यप्राणीहरू पनि प्रभावित हुन्छन् भन्ने कुरा यिनकै हेरविचार गर्ने हात्तीद्वारा पनि प्रतिलक्षणागर्न सकिन्छ, अनि सकिन्छ पूर्वजन्म सम्बन्धी साङ्गोपाङ्ग अध्ययन। साथै यस्तै यस्ता व्यक्तित्व भएकाहरूले मात्र खास बुद्धधर्मको सफलतापूर्वक अध्ययन गर्न सफल हुन्छन् भन्ने कुराको अनुमान पनि बुद्धधर्मरूपी जांचमा सर्व-प्रथम उत्तीर्ण भएका यिनैबाटै लगाउन सकिन्छ ।

विना आधार र विना कारण मानिस सर्वगुण सम्पन्न बन्न सक्तैन। यसको आधार पवित्र हुनुपर्छ। यसरी समाजलाई सर्वगुण

सम्पन्न बनाउनको निमित्त नै बुद्धले कष्ट भोग्नु परेको हो । अन्यथा नयाँ धर्म खडा गर्नु पर्ने आवश्यकता थिएन नत यस धर्ममै विभिन्न नियमको आवश्यकता रहन्थ्यो । हो, यस धर्ममा पनि आत्मसंयमी हुन नसक्नेहरू पनि कतै कतै देखापर्दछन्—त्यसैको फलस्वरूप कौडिन्यले एकान्तवास रुचाएको पनि यिनकै चरित्रले चरितार्थ गरिदिएको छ ।

जे होस् सरसर्ती अध्ययन गर्दा कौडिन्यको चरित्रबाट उत्तिको प्रभाव पर्दैन जति बुद्धको प्राथमिक कालको प्रयोगबाट पर्दछ । तैपनि गहिरिएर हेर्न खोज्ने हो भने कौडिन्यको चरित्रनै यस्तो पहिलो चरित्र हुन आएको छ जसले गर्दा बुद्ध-मार्गमा हिंड्नको निमित्त प्रेरणामात्र दिएको छैन विशुद्ध मार्ग प्रदर्शक दिव्यचक्षु पनि प्रदान गरेको छ भन्ने कुरालाई प्रस्तुत संग्रहमा संग्रहित धर्महरूलाई (ज्ञानहरू) बुद्धले ज्ञान प्राप्त गरेको पहिलो हप्तामा प्रतीत्यसमुत्पादलाई अनुलोम र प्रतिलोम[१] गरेर हेरे जस्तै गरी विश्लेषण गरेर हेर्दा यहाँ नपाइने कुनै कुरा पनि छैन भन्न सकिन्छ ।

सुखकै निमित्त राज्य, संग्राम, द्वेष, कलह, ठूलोसानु, ममता आदिको कामना गर्ने संसारलाई सुखकै निमित्त राज्य, संग्राम, द्वेष, कलह, ठूलोसानु, ममता आदि जस्ता नीच कामना त्याग्ने दार्शनिक इतिहासको क्रममा सबभन्दा पछिल्ला महापुरुष महात्मा बुद्धलाई नै ठह्र्याउन सकिन्छ । यसलाई एकदमै संक्षेपीकरण गरेर भन्ने हो भने

---

१. तल पृ. ९७ मा हेर्नू ।

आफ्नो साथसाथै अरूलाई पनि सुख दिलाउने मार्गको पूर्व रङ्ग प्रस्तुत संग्रहले यसरी तयार पारेको छ । जस्तै—

सुखो विवेको तुट्ठस्स, सुतधम्मस्स पस्सतो ।
अब्यापज्जं सुखं लोके, पाणभूतेसु संयमो ॥
सुखा विरागता लोके, कामानं समतिक्कमो ।
अस्मिमानस्स यो विनयो, एतं वे परमं सुखं[1] ॥

अर्थात् निर्वाणरूपी विवेक सुखलाई सुनेर, जानेर अब्यापद्य भएर बस्नुनै सुख हो, तथा कामविषयलाई पारगरी रागबाट मुक्तभई बस्नु र अभिमानलाई त्याग्नुनै परम सुख हो—भने दुःखान्तको उपायनै आर्यअष्टाङ्गिक मार्ग हो ।

× × ×

यस संग्रहको भाषाशैली र व्याकरणलाई आधुनिक भाषाको अगाडि राख्दा चाउरी परेको बूढोजस्तो देखिएता पनि त्यस्ता बूढा पाकाहरूबाट जति परिपक्व विचारहरू पाइन्छन् त्यति—जतिसुकै आफूलाई आधुनिक ज्ञान भण्डारका ठेकदार सम्झिने ठेट्नाहरूबाट पाउन कठिन पर्दछ । यदि कसैले सम्झन्छ भने त्यसले प्राचीनताको इतिहासको 'इ' पनि चिनेको ठहर्दैन र प्राचीनताकै परम्परामा आधुनिकताको जग बसेको छ भन्ने कुरा पनि ज्ञान गरेको ठहर्दैन । केवल फोस्रो आधुनिकताको नारालगाई लहै लहैमा फलाकेको ठहर्दछ । जसले प्राचीन पर-

---

१. तल पृ. १२९ बाट

म्परादेखिको राम्रो ज्ञानगर्दै आएको छ त्यसले मात्र आधुनिकताको मार्ग पहिल्याउने काममा सफलता प्राप्त गर्न सक्तछ। यसैको निमित्त तत्कालीन भाषा शैलीलाई सकभर यथावत् प्रयोग गरिएको हुनुपर्दछ भन्ने मेरो धारणा छ। अन्यथा जसरी पूर्वदिशाको ज्ञानबाट मात्र अन्य दिशाहरूलाई पत्तालगाउन सजिलो पर्दछ त्यसरीनै पहिलेको भाषा शैलीको माध्यमबाट नै आधुनिक शैली र व्याकरण आदिको मापदण्ड तयार पार्न सकिन्छ। त्यसैले तत्कालीन शैली सुरक्षित हुनु पनि आवश्यक ठान्दछु। अन्यथा यो शैली राम्रो भएन भन्ने आधार नै के रहन सक्तछ र! किन कि सबै सुशिक्षित मानिसहरू टेपरिकर्डर मात्र हुन सक्तैनन्। यही भाषा शैली सम्बन्धी विषयलाई लिएर यसभन्दा अघि प्रकाशित भएका 'बुद्धकालीन ब्राह्मण' आदि पाँच ओटा ग्रन्थहरूको भूमिकामा पनि लेखिसकेकोले पुनः यहाँ दोहोऱ्याउनु केवल पिष्ट पेषण गर्नु हो भन्ने ठान्दछु र कामना गर्दछु कि यस्ता ग्रन्थहरू लेख्न तिनीहरू पनि अघिसरुन् जो अर्काको टिकाटिप्पणीमा मात्रै आफूलाई विद्वान् ठनाउने प्रयास गरेर बसेका छन्।

अन्त्यमा—खँदिलो पात्र-परिचय, पादटिप्पणी, नामावली, शब्दावली आदिले संगृहलाई शोभित गराएका मात्र होइनन् जिज्ञासुहरूको निमित्त सरलभन्दा पनि सरल पारिदिएको छ। झन् पात्र परिचयले सुनमाथि सुगन्ध थपिदिएको छ। किनभने परिचय यति खोजपूर्ण देखिन्छ 'दान दिनुभन्दा सीधा पुऱ्याउन गाहारो' भने जस्तै प्रस्तुत संगह अनुवाद गर्नुभन्दा परिचयको खोजी मै अनुवादकज्यूलाई बढी परिश्रम गर्नुपरेको अनुभव हुन्छ। जसले गर्दा बुद्धकालीन अवस्था

र विभिन्न विषयको तस्बीर यथार्थ रूपमा यहाँ प्रतिबिम्बित हुन सकेको छ।

—वटुकृष्ण "भूषण"
१६।५।०३१

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

गत वर्षको अन्ततिर "बुद्धकालीन परिव्राजकहरू" भाग-१, संग्रह-५ प्रकाशित भएपछि पूर्वनिश्चित कार्यक्रमानुसार "बुद्धकालीन श्रावक-चरित" भाग-१, संग्रह-६ तयारपार्ने उद्देश्यले पालित्रिपिटक साहित्यको अध्ययन गर्न थालें । यसैको क्रमश प्रस्तुत पुस्तक प्रस्तुत गरेको छु ।

पालित्रिपिटक अनुसार तथागत सम्यक् सम्बुद्धका भिक्षु शिष्यहरूलाई श्रावक भनिन्छ । यिनै श्रावकहरूमध्ये कौडिन्य महास्थविरको चरित-चित्रण यहाँ गरिएको छ ।

गौतम बुद्धका पालामा वहाँका भिक्षु शिष्यहरू लाखौं लाख थिए भन्ने कुरा—दीघनिकाय-अट्ठकथाले[१] "भगवान् परिनिर्वाण भएको सातौं दिनमा धातु विभाजनगर्ने समयमा भेला भएका सात-

१. "धातु विभाजनदिवसे सन्निपतितानं सत्तन्नं भिक्खुसतसहस्सानं सङ्घत्थेरो आयस्मा महाकस्सपो..." दी. नि. अ. क I. पृ. २: निदानकथा ।

लाख भिक्षुहरूमध्येका सङ्घस्थविर आयुष्मान् महाकाश्यपले .." भन्ने उल्लेख गरेको कुराबाट प्रष्टैसँग बुझ्न सकिन्छ। उहीले मात्र होइन अहिलेसम्म पनि थेरवादी बौद्धदेशहरूमा लाखौं लाख भिक्षुहरू मौजुदनै छन्।

बुद्धजात-भूमी नेपालको इतिहासमा पनि केही शताब्दी अघिसम्म बौद्ध भिक्षुहरू नभएका होइनन्। अतीत बौद्ध इतिहास तथा बौद्ध संस्कृतिको विस्मृतितालेगर्दा हाल केही नेपालीहरूलाई भिक्षुहरू देख्दा नयाँ जस्तो लागेको हो। यदि नेपालमा अघि भिक्षुहरू नहुँदा हुन् त, यतिका भव्य तथा कला-कौशलपूर्ण बहो-विहारहरू हुने नै थिएनन्। भिक्षुहरू बस्ने आश्रमलाई नै बौद्ध साहित्यले "विहार" भनेको हो।

भगवान् बुद्धका समयमा भएका भिक्षुहरूमध्येका केही विशिष्टतर विद्वान् तथा विशिष्ट गुणहरू भएका भिक्षुहरूलाई भगवान्ले श्रेष्ठपद अर्थात् अग्रस्थानमा राख्नु भएको थियो। यसरी अग्रस्थान प्राप्तहुने भिक्षुहरूका नामावली सूत्रपिटकको अङ्गुत्तरनिकायको एककनिपात अर्थात् एक एक कारणका कुराहरू संग्रहित गरी राखेका अध्यायको "एतदग्गवग्गो" मा समुल्लेख भएको पाइन्छ। यस अनुसार 'एतद्–अग्र' अर्थात् श्रेष्ठपद पाउने भिक्षुहरू जम्मा एकचालीस (४१) जना छन्[१]। यिनीहरूमध्येमा सबैभन्दा पहिलो ज्ञात-

---

१. अं. नि-१ पृ. २३–२५: एतदग्गवग्गो।

कौडिन्य (अञ्ञाकोण्डञ्ञो) महास्थविर नै हुनुहुन्छ। एतदग्र पाएका ती भिक्षुहरूका नामहरू यस प्रकार छन्—

(१) रात्रज्ञहुनेहरू मध्येमा – ज्ञातकौडिन्य।

(२) प्रज्ञावान् हुनेहरूमध्येमा – सारिपुत्र।

(३) ऋद्धिवान् हुनेहरूमध्येमा—महामौद्गल्यायन।

(४) धुतङ्गगुणहरू हुने[1] मध्येमा महाकाश्यप।

(५) दिव्यचक्षुहुनेहरूमध्येमा — अनुरुद्ध।

(६) उच्चकुलीनहरूमध्येमा – भद्रीय कालीगोधापुत्र।

(७) मञ्जूस्वरहुनेहरूमध्येमा— लकुण्टक भद्रीय।

(८) सिंहनादगर्नेहरूमध्येमा—पिण्डोल भारद्वाज।

(९) धर्मकथिकहरूमध्येमा – पूर्णमन्त्राणिपुत्र।

(१०) संक्षिप्तदेशनालाई विस्तारपूर्वक अर्थविभाजन गर्नसक्ने-हरूमध्येमा— महाकात्यायन।

(११) मनोमय कायनिर्माण र समाधिकुशलहुनेहरूमध्येमा—चूलपन्थक।

(१२) विपश्यना समाधिकुशलहुनेहरूमध्येमा—महापन्थक।

(१३) निक्लेश विहारी र दक्षिणेयहरूमध्येमा – सुभूती।

(१४) अरण्य विहारीहरूमध्येमा— खदीरवनीय रेवत।

(१५) ध्यानीहरूमध्येमा— कङ्खारेवत।

---

१. 'धुतङ्गगुण' भनेको के हो भन्ने बारेका कुरा बुझ्न बु. प. पृ. १२३ को पादटिप्पणीमा हेर्नू।

(१६) वीर्यवान्हरूमध्येमा—श्रोणकोलिविस ।

(१७) कल्याण-भाषीहरूमध्येमा—श्रोण कोटिकर्ण ।

(१८) लाभीहरूमध्येमा—शीवली ।

(१९) श्रद्धावान्हरूमध्येमा—वक्कली ।

(२०) शिक्षाकामीहरूमध्येमा—राहुल ।

(२१) श्रद्धापूर्वक प्रव्रजितहुनेहरूमध्येमा—राष्ट्रपाल ।

(२२) सलाकग्रहण गर्नेहरूमध्येमा—कुण्डधान ।

(२३) वर्णवादीहरूमध्येमा—वङ्गीस ।

(२४) प्रासादिकहुनेहरूमध्येमा—उपसेन वङ्गन्तपुत्र ।

(२५) शयनासन तयारपार्नेहरूमध्येमा—दब्बमल्लपुत्र ।

(२६) देवताहरूलाई प्रियंकरहुनेहरूमध्येमा – पिलिन्दवच्छ ।

(२७) चाँडै अभिज्ञान प्राप्तगर्नेहरूमध्येमा—बाहीय दारुचीरिय ।

(२८) चित्रकथिकहरूमध्येमा—कुमार काश्यप ।

(२९) प्रतिसम्भिदा लाभीहरूमध्येमा—महाकोट्ठिक ।

(३०) बहुश्रुत, स्मृतिवान्, गतिवान् अर्थात् अनेका कुराहरूलाई नछुट्नेगरी टिप्नसक्ने, धृतिमान्, तथा उपस्याकहरूमध्येमा—आनन्द ।

(३१) विशाल परिषद् हुनेहरूमध्येमा—उरुवेल काश्यप ।

(३२) कुलप्रसन्न गराउनेहरूमध्येमा—कालुदायी ।

(३३) निरोगीहुनेहरूमध्येमा - बाकुल वा बक्कुल ।

(३४) पूर्वेनिवास अनुस्मरणगर्नेहरूमध्येमा—सोभित ।

(३५) विनयधरहरूमध्येमा—उपाली ।

(३६) भिक्षुणीहरूलाई अति–उपदेश गर्नेहरूमध्येमा—नन्दक ।

(३७) इन्द्रियसंयमीहुनेहरूमध्येमा—नन्द ।

(३८) भिक्षुहरूलाई अति–उपदेशगर्नेहरूमध्येमा—महाकप्पिन

(३९) तेजधातु कुशलहुनेहरूमध्येमा—सागत ।

(४०) प्रतिभान अर्थात् बुझ्नसक्नेहरूमध्येमा—राध ।

(४१) रूक्ष चीवर धारीहरूमध्येमा—मोघराज ।

भगवान् बुद्धको धर्मलाई सर्वप्रथम अवबोध गर्ने तथा भगवान्को सर्वप्रथम भिक्षु-शिष्य भएका गुणले गर्दा ज्ञातकौडिन्य महास्थविरलाई "रात्रज्ञ" को श्रेष्ठपद प्रदान गरिएको हो ।

यिनै ज्ञातकौडिन्य महास्थविरका सम्बन्धमा त्रिपिटक मूल पालिमा भेटिएका अथवा मैले पाउन सकेका मूल सूत्रहरूलाई एकत्रित पारी, यसभन्दा अघिका 'बुद्धकालीन' आदि पाँच संग्रहहरूमा संग्रहित सिद्धान्त अनुसार यसमा पनि संग्रह गरिदिएको छु ।

प्रस्तुत संग्रहमा वहाँ एक जनाको चरित सम्बन्धमात्र संग्रहित भएको छ । श्रेष्ठपद पाउनेहरूमा दोश्रो नाम उल्लेख गर्दै अङ्गुत्तर-निकायले सारिपुत्र महास्थविरको नाम समुल्लेख गरेको छ । सोही क्रमानुसार मैले पनि श्रावक–भिक्षुहरूका चरितहरू संकलन गर्ने संकल्प गरेको हुँ । तर, प्रस्तुत संग्रहमा 'सारिपुत्र-चरित' पनि समावेश गर्दा ग्रन्थ ज्यादै मोटो हुने, प्रकाशक "आनन्दकुटी विहारगुठी" लाई पनि मुश्किलपर्ने भएकोले र 'सारिपुत्र-चरित' सम्बन्धमा अलग्गै

एक पुस्तक तयारपार्नसके अझ बढी राम्रो होला भन्ने विचारले पनि प्रस्तुत पुस्तकमा एकै जनाको मात्र संग्रहहरू संग्रहित गरेको छु। "बुद्धकालीन श्रावक-चरित" भाग-२ मा 'सारिपुत्र-चरित' सम्बन्धी सबै कारणहरू समावेश गर्ने आशा राखेको छु।

× × ×

कौडिन्य महास्थविरको सम्बन्धमा त्रिपिटक-मूल पालिमा भेटिएका आठ (८) सूत्रहरू सहित जम्मा एक्काइस (२१) सूत्रहरूले यस संग्रहलाई विभूषित पारेका छन्। कसरी एक्काइस सूत्रहरू हुन गयो त भन्ने बारेमा पाठकवृन्दहरूलाई केही कुरा बोधगराइ दिनु आवश्यक ठान्दछु।

कौडिन्य-जीवन र बुद्ध-जीवनहरूमा केही परस्पर सम्बन्धहरू भएका कुराहरू पनि छन्। जस्तै—सिद्धार्थ राजकुमारको जन्म भए पछि कौडिन्य ब्राह्मणले वहाँको भविष्यवाणी गरेका थिए। सिद्धार्थ-राजकुमार प्रव्रजित हुनु भएपछि उनी पनि प्रव्रजित भई उरुवेल वनमा वहाँसँगै छ वर्षसम्म साथमा बसेका थिए। जब सिद्धार्थ बोधिसत्वलाई कौडिन्य भिक्षु लगाएत पञ्चवर्गीय भिक्षुहरूले उरुवेल वनमा छाडेर ऋषिपतनमा गए तब बोधिसत्व दुइ महीना जति एक्लै बस्नु भयो। अनि बुद्धत्व ज्ञान साक्षात्कार गरिसक्नु भएपछि फेरि कौडिन्य भिक्षु लगाएत पञ्चवर्गीय भिक्षुहरूलाई वहाँले ऋषिपतनमै भेट्नु भएको थियो।

कहीले छाडेको हो र कहीले पुर्नमिलन भयो त भन्ने बारेमा तल "कौडिन्य परिचयमा" क्रमबद्ध रूपमा उल्लेख गरिनै सकेको छु। यहाँ, केवल सिद्धार्थ बोधिसत्वले बुद्धत्व प्राप्तगर्नु भइसके पछि बोधिवृक्षको आसपासमा बिताउनु भएको 'सप्त-सप्ताह' सम्बन्धी केही कुराहरू उल्लेखनीय सम्झन्छु।

यी 'सप्त-सप्ताह' सम्बन्धी जम्मा तेह्र (१३) सूत्रहरू यसमा समावेश भएकाछन्। 'सप्त-सप्ताह' सम्बन्धी जति पनि मूल सूत्रहरू मैले त्रिपिटकमा भेट्टाउनसकें ती सबै यसमा संग्रह गरिदिएको छु। विश्वका बौद्ध-विद्वान्हरूका ध्यानाकर्षण गराउनकानिमित्त यी 'सप्त-सप्ताह' सम्बन्धी मूल-सूत्रहरू यसमा कुन ढङ्गले समावेश गरिएका छन् त भन्ने विषयमा यहां दुइ शब्द लेखेको छु।

'सप्त-सप्ताह' सम्बन्धमा जति मूलसूत्रहरू मैले यसमा संग्रहित गरेको छु ती सबै "पठमाभिसम्बुद्धो" अर्थात् बुद्ध भइसके पछि पहिलो पटक भन्ने शब्द अन्तर्गत भएका सूत्रहरू हुन्। यस 'सप्त-सप्ताह' भित्र खासगरी पाँचौ-सप्ताह भित्र बुद्ध-जीवनमा अनेकौं घटनाहरू घटेका कुराहरूलाई तल उल्लिखित मूल सूत्रहरूको अध्ययन-गर्दा प्रष्टैसँग बुझन सकिने छ।

उपरोक्त 'पठमाभिसम्बुद्धो' भन्ने शब्द अन्तर्गत भएका सूत्रहरू अनुसार—पाँचौं-सप्ताह भित्र बुद्ध भगवान्लाई तर्साउने नियत राखी पापीमार अनेक रूपहरू धारण गरी आएको, सहम्पति ब्रह्मा आएका तथा बुद्ध भगवान्ले अनेक धर्म सम्बन्धी चिन्तन गर्नु भएका

जस्ता अनेक घटनाहरू घटेका छन्। तर 'पठमाभिसम्बुद्धो' भन्ने शब्द अन्तर्गत भएका कुनै पनि सूत्रहरूमा बुद्धकहाँ मार-पुत्रीहरू आएका कुराहरू भने पाइँदैनन्। संयुत्तनिकायको मारसंयुत्त अन्तर्गत 'सत्तवस्सानुबन्धनसुत्तं'[1] र 'मारधीतुसुत्तं'[2] मा जुन मार-पुत्रीहरू अजपाल वृक्षमै आएका कुराहरू समुल्लेख भएका छन्—त्यस सूत्रहरूमा पनि 'पठमाभिसम्बुद्धो' भन्ने शब्द उल्लेख भएका पाइँदैनन्, न त त्यसको अट्ठकथामै।

यस सम्बन्धमा केवल धम्मपदट्ठकथाले मात्र यी मार-पुत्रीहरू आएका घटना पाँचौं-सप्ताहमा घटेको हो भनी किटेर उल्लेख गरेको छ[3]। जातक तथा अपदान अट्ठकथाहरूले भने—पञ्चम सप्ताहमा घटेको हो भनी किटेर उल्लेख नगरे तापनि, पञ्चम-सप्ताहका कुराहरूमा अन्तर्गतगरी यी कुराहरू समुल्लेख गरेका छन्[4]। यसको अलावा अरू

---

१. सं. नि. I. पृ. १२१: मारसंयुत्तं।

२. सं. नि. I. पृ. १२३: मारसंयुत्तं।

३. "...सब्बञ्ञुतञाणं पटिविज्झित्वा विमुत्तिसुखं पटिसंवेदियमानो पञ्चमे सत्ताहे अजपाल निग्रोधमूले निसीदि। तस्मि समये मारो ...अथस्स तण्हा, अरती, रागाति इमा तिस्सो धीतरो... सत्थारं उपसङ्कमित्वा पादे ते समण परिचारेमाति आहंसु।" धम्म. प. अ. क. पृ. ४३१: मारधीतरानंवत्थु, वर्ग–१४

४. जा. अ. क. I. पृ. ६४: सन्तिकेनिदान; अप. दा. अ. क. I. पृ. ६९: निदान।

कुनै पनि अट्ठकथाहरूले 'अजपाल वृक्षमा' भन्ने बाहेक अरू कुनै पनि कुरा उल्लेख गरेको पाइँदैन ।

मार-पुत्रीहरू आएका सम्बन्धमा भने—बुद्धले मागण्डिय ब्राह्मणहरूलाई "दिस्वान तण्हं अरतिं रगं च[1]" भन्ने गाथा सुनाउनु भएको कुरामा हाम्रो ध्यान नगई रहन सक्तैन । तर यसको अर्थ-वर्णनामा[2] पनि 'अजपालमा' भन्ने बाहेक अरू कुनै कुराको उल्लेख भएको पाइँदैन । अतः, के यो मार पुत्रीका घटना पाँचौं-सप्ताहमा घटेको नभई अरू कुनै समयमा भगवान् बुद्ध उसै अजपाल-वृक्षनिरै बसिरहनु भएको बेलामा घटेको हुन सक्तैन ? अथवा यो घटना पनि 'सुभसुत्तं'[3] कै अन्तर्गत हो कि ? होइन, पाँचौं-सप्ताह भित्रै घटेको हो भने यसको मूल सूत्रमा 'पठमाभिसम्बुद्धो' भन्ने शब्द उल्लेख हुनुपर्थ्यो ।

मारसम्बन्धी कुराहरूलाई बुद्धले त्रिपिटक पालिमा कहीं पनि उल्लेख गर्नु भएको पाइँदैन । केवल दीघनिकायको महापरिनिब्बान सूत्रमा (पृ. ८८) मारको कुरा उल्लेख गर्नु भएको छ ।

× × ×

---

१. सुत्त. नि. पृ. ३९८: मागण्डियसुत्तं ।

२. सुत्त. नि. अ. क. पृ. ४३७: मागण्डियसुत्तवण्णना ।

३. यो सूत्र तल पृ.११५ 'शुभाशुभरूप' शीर्षकमा उल्लेख भएको छ ।

उक्त 'सप्त-सप्ताह' सम्बन्धी प्रस्तुत संग्रहमा जंमा तेह्र (१३) सूत्रहरू संग्रहित छन्। विनयपिटकको महावग्गपालिबाट—बोधिकथा, अजपालकथा, मुचलिन्दकथा, राजायतनकथा र ब्रह्मयाचनकथा गरी पाँच (५); खुद्दकनिकायको उदानपालिबाट—ढोकसुत्तं एक (१); सुत्तपिटकको संयुत्तनिकायबाट—तपोकम्मसुत्तं, हत्थिराजवण्णसुत्तं, सुभसुत्तं, सहम्पतिब्रह्मासुत्तं, ब्रह्मसुत्तं र गारवसुत्तं गरी छ (६) र दीघनिकायबाट एक (१)। अरू आठ (८) सूत्रहरूमध्ये—महावग्गपालिबाट तीन (३); उदानपालिबाट एक (१); थेरगाथापालिबाट एक (१); अपदानपालिबाट एक (१); अङ्गुत्तरनिकायबाट एक (१); संयुत्तनिकायबाट एक (१)। यसरी यस संग्रहमा जम्मा एक्काइस (२१) सूत्रहरू समावेश भएका छन्।

यसमध्ये महावग्गपालिको ब्रह्मयाचनकथा, पञ्चवग्गियकथा र धम्मचक्कप्पवत्तनं भन्ने तथा दीघनिकायको महापरिनिब्बानसुत्तको एक भाग 'मारयाचना' भन्ने कुराहरू पनि बुद्ध, बुद्ध भइसक्नु भएपछि आठौं-सप्ताहभित्र घटेका कुराहरू हुन्; बाँकी कौडिन्य-जीवन सम्बन्धी कुराहरू हुन्।

उपरोक्त एक्काइस सूत्रहरू कुन् कुन् ग्रन्थहरूबाट लिइएका हुन् भन्ने कुरा निम्न तालिकाका आधारमा बुझ्न सकिन्छ।

	पृष्ठः[1]		पृष्ठः[2]
१. महा० व० पा०	३:	बोधिकथा	७२

---

१. नालन्दापालि ग्रन्थको पृष्ठ।

२. प्रस्तुत पुस्तकको पृष्ठ।

			पृष्ठः		पृष्ठः
२.	"	"	४:	अजपालकथा	१०६
३.	"	"	५:	मुचलिन्दकथा	१२८
४.	"	"	५:	राजायतनकथा	१३१
५.	"	"	६:	ब्रह्मयाचनकथा	१३५
६.	"	"	१०:	पञ्चवग्गियकथा	१५०
७.	"	"	१३:	धम्मचक्कप्पवत्तनं	१६२
८.	"	"	१६:	अनत्तपरियायो	१९४
९.	स. नि.	I.	१०३:	तपोकम्मसुत्तं	१०९
१०.	"	"	१०३:	हत्थिराजवण्णसुत्तं	११३
११.	"	"	१०४:	सुभसुत्तं	११५
१२.	"	"	१३९:	गारवसुत्तं	१२३
१३.	"	"	१९४:	कोण्डञ्ञसुत्तं	२४३
१४.	सं. नि.	IV.	१४३:	ब्रह्मसुत्तं	१२०
१५.	"	"	२०१:	सहम्पति ब्रह्मसुत्तं	११७
१६.	दी. नि.	II.	३९१:	महापरिनिब्बानसुत्तं बाट	१४७
१७.	अं. नि-१.		२३:	एतदग्गवग्गो	२४२
१८.	उदा. पा.		१००:	लोकसुत्तं	१०१
१९.	"	"	१५७:	तण्हासङ्खयसुत्तं	२३१
२०.	थेर. गा. पा.		३३७:	अञ्ञाकोण्डञ्ञत्थेरगाथा	२३३
२१.	अप. दा. पा.	I.	५७:	अञ्ञासिकोण्डञ्ञत्थेर अपदानं	२२४

× × ×

यस ग्रन्थको अनुवादकार्य ६।१०।०३० मा नै शुरु गरेको भएता पनि यस बीचसम्ममा "बुद्धकालीन परिव्राजकहरू" को नामावली आदिको प्रूफ हेर्ने काम बाँकी नै थियो । २०।१०।०३० को दिनमा उक्त ग्रन्थ-छपाइको काम पूर्णरूपेण समाप्त भएपछि अनुवाद कार्य राम्रोसंग चालुगर्न सकें ।

बैंग्कोक्का उपासकहरूका "समूनक् पू सवान्" भन्ने संस्था-द्वारा, बैंग्कोक्बाट करीब १०० किलोमिटर टाढापर्ने, ध्यानी भिक्षुहरू बस्ने राजबुरी गाउँको निर्जन जङ्गलमा बनाइएको एक नवनिर्मित विहारको बुद्धमूर्ति उद्घाटन गर्ने समारोहमा सम्मिलित हुन, त्यस संस्थाको निम्तोमा, नयाँ वर्ष शुरुहुनु अगाडि नै थाइलैण्ड जानुपर्‍यो र २०३० साल चैत्र १५ गते वृहस्पतिबारको दिन (२८. ३. १९७४) मा बैंग्कोक् गइहालें । त्यहाँ एक महीना जति समय बिताउनु पर्‍यो । त्यहाँ एक महीना जति समय बिताउन पाएको राम्रै भयो । किनभने—

तीनलाख जति भिक्षुहरूद्वारा चुनिएका सङ्घनायक महास्थविर-लाई थाइलैण्डका राजाले "सङ्घराजा" को पदमा प्रतिस्थापित गर्ने थाइ बौद्धहरूको परम्परा रहेछ । यसरी सङ्घराजाको पदमा रहने सङ्घनायक महास्थविर औपचारिक रूपमा कहीं टाढा जानुपर्दा, पूर्ण राजकीय सम्मानका साथ वहाँको यात्रा चलाइने रहेछ । यस्तो सर्वोच्च-पदमा बस्नुको मतलब यो होइन कि वहाँ दैनिक भिक्षुजीवनबाट अलग्ग रहनुहुन्छ । हजारौंको संख्यामा भिक्षुहरू बस्ने आ-आफ्ना विहारको दैनिक-कार्यमा पनि वहाँ सम्मिलित मात्र होइन, आफ्नो एकछाक

जीवन-वृत्तिकोनिमित्त बिहान सबेरै भिक्षापात्र हातमा लिई कहीले शिष्यमण्डलका साथ, कहीले आफू एक्लै भिक्षाटन् पनि गर्नुहुन्छ ।

तत्कालीन सङ्घराजाको देहान्त भइसकेको र वहाँको मृतशरीरको अन्तिम सत्कारगर्ने पुनीतकार्यमा हजारौं भिक्षु-श्रामणेरहरूको दृश्य हेर्न पाउँदा मैले आफूलाई अहोभाग्य सम्झें । सङ्घराजा हुनेहरुको दाहसंस्कार थाइलैण्डका राजाहरूका दाहसंस्कार गर्ने 'वात् थेप् सिरिन्' विहारको प्राङ्गणमै गरिनेरहेछ र उक्त सङ्घराजाको दाह-संस्कार पनि सोही विहारमै भयो । थाइ-नरेशद्वारा सर्वप्रथम मैनबत्ती बाली दाह-संस्कारको शुरुवात भइसके पछि हजारौं भिक्षु-श्रामणेरहरूले तयार पारिएका मैनबत्ती र श्रीखण्डका एक टुक्रा चितामा अर्पित गरे, जो मैले पनि अर्पित गर्न पाएँ (२३. ४. १९७४) ।

थाइलैण्डका तीनलाख भिक्षुहरूमध्येमा नित्य भिक्षु-जीवनमा बस्नेहरू करीब तीनभागमा दुइभाग जति होलान् भनी भन्दछन् । अरू बाँकी गृहस्थीमै फर्केर जाँदा रहेछन् । त्यस्तैगरी, त्यत्तिकै प्रमाणमा अरू गृहस्थीहरू—केही समय, केही वर्षकोनिमित्त--भिक्षुहुने पनि हुँदा रहेछन् । भिक्षु भइसकेपछि गृहस्थी हुनु हुन्न भन्ने बन्देज बुद्धको नीतिमा छैन ।

थाइलैण्डका राजाले पनि केही समयकोनिमित्त भएपनि अवश्य नै भिक्षु भई विहारमै बसी जीवन बिताउँनु पर्ने रहेछ । हाल थाइलैण्डका राजा पनि एक वर्षावाससम्म अर्थात् तीन महीनासम्म भिक्षु भई "वात्भवन्" विहारमा बसिसक्नु भएको रहेछ । राजदर-

बारमा थाइ-नरेशसँग भेट् हुँदा (२४. ४. १९७४) मेरो प्रश्नको शिलशिलामा "एकैदिन किन नहोस्, तर भिक्षुजीवनमा बसी त्यागको तपस्यागर्नु यस जीवनकोलागि पनि पर-जीवनको लागि पनि हितकरनै हुनेछ" भनी राजाले मलाई जोरदिई भनेको कुरा यस जीवनमा कहील्यै बिर्सन सक्ने छैन। अझ राजाले अगाडि भन्नुभयो— "मनोविज्ञानको दृष्टिले हेर्दा पनि, केही दिनसम्म भिक्षु भएर बस्नु पनि कम महत्वको कुरा होइन।"

बैंग्कोक् शहरबाट करीब असी किलोमिटर दक्षिणस्थित समुद्रको तटमा रहेको "चित्तभवन्" भन्ने भिक्षुहरूको एक शिक्षण-केन्द्रमा दुइ हजारभन्दा बढी भिक्षु-श्रामणेरहरूको भोजन-शालामा बसी भोजन गरिसके पछि, थाइलैण्डको चलन अनुसार तेत्रो फौजले एकै स्वरमा, एकै ध्वनीमा तथा एकै लयमा भुक्तानुमोदना गाथा पढेको गुञ्जायमान शब्द सुन्न पाउँदा मेरो कानै पवित्र भएको जस्तो लाग्यो (२८. ४. १९७४) । यो दृश्य पनि कहील्यै बिर्सनसक्ने खालको भएन।

यस्तै यस्ता घटनाहरूको सुमधुर स्मृति लिई २०३१ साल वैशाख १४ गते शनिश्चरबारको दिउसो (२७. ४. १९७४) आफ्नो कुटीमा फर्केर आइसके पछि, आफ्नो क्षेत्रमा बसी, आफ्नै मुलुकको नेपाली साहित्य सेवा गर्ने दृढसंकल्प लिई पुनः अनुवाद-कार्य चालुगरें।

यी बितेका दिनहरूमा न केवल 'कौडिन्य-चरित' सम्बन्धी मात्र सूत्रहरू अनुवाद गरें, अपितु 'सारिपुत्र-चरित' सम्बन्धी सूत्रहरू

पनि अनुवाद गर्दै थिएँ। माथि उल्लेख गरेझैं दुवै महास्थविरहरूका चरितहरू एकै पुस्तकमा समावेशगर्दा प्रस्तुत ग्रन्थ ज्यादै मोटो हुनेछ भन्ने मनमा लागे पछि 'कौडिन्य-चरित' मात्रै छुट्याई प्रेसमा पठाउने निश्चयगरें। अहिलेसम्ममा (११. ३. २०३१) 'सारिपुत्र-चरित' सम्बन्धी जम्मा नब्बे (९०) सूत्रहरू अनुवाद गरिसकेको छु र अझ अरू साठीभन्दा बढी सूत्रहरू अनुवाद गर्न बाँकी नै रहेका छन्। यी जम्मै सूत्रहरू एकत्रितपारी "बुद्धकालीन श्रावक-चरित" भाग-२ मा समावेश गर्ने लक्ष राखिएको छ।

× · × ×

यसभन्दा अघिल्ला ग्रन्थहरूका भाषा संशोधन तथा प्रूफ हेर्ने कार्यमा समेत श्री वटुकृष्ण "भूषण"ज्यूबाट हार्दिक सहयोग पाए जस्तै यस ग्रन्थको भाषा संशोधन तथा प्रूफ हेर्ने काममा समेत हार्दिक सहयोग पाएको कुरा कृतज्ञतापूर्वक उल्लेख गरेको छु। वहाँको अमूल्य सेवा उपलब्ध भएबाटै पाठक-वृन्दहरूका सामुन्ने प्रस्तुत ग्रन्थ पनि प्रस्तुत गर्न सकेको हुँ। वहाँको निरन्तर हार्दिक सहयोग प्रति जति धन्यवाद ज्ञापन गरे पनि पर्याप्त हुनेछैन। प्रेसबाट प्रूफ ल्याउने र लैजाने काममा आनन्दकुटी विद्यापीठका श्री नन्दलाल श्रेष्ठबाट जुनमद्दत पाएँ त्यस प्रति पनि म ऋणी छु। ग्रन्थको नामावली र शब्दावली तयारपार्ने कार्यमा आयुष्मान् कुमार काश्यपले जुन प्रारम्भिक लेखाइको काम गरिदिनु भयो र प्रूफ समेत पढी दिनुभयो त्यस प्रति पनि म ज्यादै ऋणी छु। नेपालीमा लेखेको प्राक्कथनलाई अंग्रेजीमा अनुवाद गरिदिनु

भएकोमा श्री आशाराम शाक्य प्रति पनि म कम ऋणी भएको छैन। अन्तत: जे चीज पनि दिनहुँ जस्तै महँगी बढ्दै गइरहेको समयमा, 'आनन्दकुटी विहार गुठी' को उद्देश्यलाई संझनामा राखी प्रस्तुत ग्रन्थ प्रकाशनगर्ने कार्यभार लिएकोमा गुठीका सबै सदस्यहरूलाई हार्दिक धन्यवाद नदिई रहन सक्दिन।

प्रतिदिन अनिश्चित रूपमा बढ्दै गइरहेको महँगीको कुरा उल्लेख गर्नु नै लाज लाग्दो जस्तो भइसक्यो। 'महँगी रोक-थाम' भन्ने नारा प्रति पाठकहरूको कत्ति पनि श्रद्धा भएन। यो त केवल 'उही धामी उही बोक्सी' जस्तै हुनेहरूका कृत्रिम रूपमात्र हो भन्ने कुरा कुन पाठकले थाहा नपाएको होला र। 'जनताको कल्याण र जनतालाई सुपथ मोलमा बस्तुहरू उपलब्ध गराइदिनुपर्छ' भन्ने कुराको सट्टा 'शयकडा यति बढाइदेऊ, उति बढाइदेऊ' भन्ने बाहेक अरू ध्याउन्ना नै कसैको रहेको जस्तो पाठकहरूलाई लागेन। कथं कदाचित् 'सुपथमोल र जनकल्याण' भन्ने आवाज सुन्नपाए ता पनि प्रत्यक्षरूपमा त्यसको प्रतिफल झन् उल्टो जस्तै भइरहेका कुराहरू पनि पाठकहरूले बुझिसकेकै छन्। सुल्टो भए पनि केही दिनको मात्रै पाहुना हो भन्ने कुरा पनि थाहानै पाइसकेका छन्। यस्तै यस्ता परिस्थितिमा केही महीनाभित्रै कागजको भाउमा पनि शयकडा १२५ भन्दा बढी महँगी भइसकेको छ। तै पनि 'आनन्दकुटी विहार गुठी' ले कष्ट सहेर भए पनि प्रस्तुत पुस्तक प्रकाशन गरेकोमा 'गुठी' धन्यवादको पात्र भएको छ।

प्रस्तुत ग्रन्थ प्रकाशन कार्यकोनिमित्त केही कागजहरू उपलब्ध

गराई सहयोग प्रदान गरेकोमा श्री राधेश्याम साहु र श्री मणिरत्न तुलाधरहरू धन्यवादका पात्र हुनु भएका छन् । त्यस्तै केही सहुलियत प्रदानगर्नु भएकोमा नेपाल प्रेसका धनी श्री रत्नमानसिंह तुलाधर पनि धन्यवादका पात्र हुनु भएको छ ।

प्रस्तुत ग्रन्थ सम्बन्धी आफ्नो मन्तव्य लेखिदिने कष्ट गर्नु भएकोमा श्री प्रा० चूडानाथ भट्टराय र विद्वतापूर्वक भूमिका लेखिदिने कष्ट-गर्नु भएकोमा श्री वटुकृष्ण 'भूषण' प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु !

पाठकहरूको सुविधाकोनिमित्त ग्रन्थको पादटिप्पणीमा उल्लि-खित शब्दहरू समेत गरी ग्रन्थको अन्तमा नामावली, शब्दावली, तथा गाथा-सूचि पनि राखि दिएको छु ।

आनन्दकुटी, काठमाडौं, भिक्षु अमृतानन्द
नेपाल । भाद्र २५, २०३१

संक्षिप्त शब्दको अर्थ—

अं. नि. = अङ्गुत्तरनिकाय ।

अं. अ. क.
अं. नि. अ. क. } = अङ्गुत्तरनिकाय अट्ठकथा ।

अ. क. = अट्ठकथा ।

अत्थ. सा. = अत्थसालिनी ।

अप. दा. पा. = अपदानपालि ।

अप. दा. अ. क. = अपदान अट्ठकथा ।

अभि. ध. वि. टी. = अभिधम्मट्ठविभाविनी टीका ।

अभि. ध. सं. = अभिधम्मट्ठसङ्गहो ।

अभि. धा. प. = अभिधानप्पदीपिका ।

उदा. पा. = उदानपालि ।

उदा. अ. क. = उदानअट्ठकथा ।

कथा. व. पा. = कथावत्थुपालि ।

जा. अ. क. = जातकट्ठकथा ।

थेर. गा. पा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथा अट्ठकथा ।

दी. नि. = दीघनिकाय ।

दी. नि. अ. क. = दीघनिकाय अट्ठकथा ।

धम्म. प. पा. = धम्मपदपालि ।

धम्म. प. अ. क.=धम्मपदट्ठकथा ।

धम्म. सं.=धम्मसङ्गणी ।

धम्म. सं. अ. क.=धम्मसङ्गणिअट्ठकथा ।

पपं. सू.=पपञ्चसूदनी ।

पटि. म. पा.=पटिसम्भिदामग्गपालि ।

पटि. म. अ. क.=पटिसम्भिदामग्गट्ठकथा ।

पेत. व. अ. क.=पेतवत्थु अट्ठकथा ।

पट्ठा. पा.=पट्ठानपालि ।

पुग्ग. प.=पुग्गलपञ्ञत्ति ।

बु. वं. पा.=बुद्धवंसपालि ।

बु. वं. अ. क.=बुद्धवंस अट्ठकथा ।

बु. ब्रा. बुद्धकालीन ब्राह्मण ।

बु. म.=बुद्धकालीन महिलाहरू ।

बु. गृ.=बुद्धकालीन गृहस्थीहरू ।

बु. रा.=बुद्धकालीन राजपरिवार ।

बु. प.=बुद्धकालीन परिव्राजकहरू ।

म. नि.=मज्झिमनिकाय ।

म. नि. अ. क.=मज्झिमनिकायअट्ठकथा ।

महा. नि. पा.=महानिद्देसपालि ।

महा. व. पा.=महावग्गपालि ।

मि. प्र.=मिलिन्द प्रश्न हिन्दी ।

यम. पा.=यमकपालि ।

विमा. व. अ. क.=विमानवत्थु अट्ठकथा ।

विभं. पा.=विभङ्गपालि ।

विभं. अ. क.=विभङ्गअट्ठकथा ।

विसु. म.=विसुद्धिमग्गो ।

सम. पा.=समन्तपासादिका ।

सम्मो. वि =सम्मोहविनोदनी ।

सं. नि.=संयुत्तनिकाय ।

सं. नि. अ. क.=संयुत्तनिकाय अट्ठकथा ।

सुत्त. नि,=सुत्तनिपात ।

सुत्त. नि. अ. क.=सुत्तनिपात अट्ठकथा ।

सार. प.=सारत्थपकासिनी ।

सा. हे.=साइमन हेवावितारण ।

G. D.=The Geographical Dictionary of Ancient and Mediaeval India.

P. P.=Dictionary of Pali-Proper Names.

मूल ग्रन्थहरू

(१) महावग्गपालि ।

(२) संयुत्तनिकाय ।

(३) अङ्गुत्तरनिकाय ।

(४) उदानपालि ।

(५) थेरगाथापालि ।

(६) अपदानपालि ।

(७) दीघनिकाय ।

सहायक ग्रन्थहरू—

सुमङ्गल विलासिनी भन्ने दीघनिकायट्ठकथा, (२ भाग)
ई. सं. १९१८ सा. हे ।

मनोरथपूरणी भन्ने अङ्गुत्तरनिकायट्ठकथा, (२ भाग)
ई. सं. १९२३ सा. हे. ।

पपञ्चसूदनी भन्ने मज्झिमनिकायट्ठकथा, (४ भाग)
ई. सं. १९३३ सा. हे. ।

सारत्थप्पकासिनी भन्ने संयुत्तनिकायट्ठकथा, (३ भाग)
ई. सं. १९२१ सा. हे. ।

समन्तपासादिका भन्ने विनयट्ठकथा, (४ भाग)
ई. सं. १९२९ सा. हे. ।

परमत्थदीपनी भन्ने उदानट्ठकथा, ई. सं. १९२० सा. हे. ।

अभिधम्मत्थविभाविनी भन्ने अभिधम्मत्थसङ्गहटीका, ई. सं. १९३३
सा. हे. ।

विसुद्धिमग्गो, ई. सं. १९२० सा. हे. ।

अभिधानप्पदीपिका, ई. सं. १९३८ (पाँचौ संस्करण) ।

जातकट्ठकथा, ई. सं. १९२७ (धम्मानन्दत्थेर) ।

धम्मपदट्ठकथा, ई. सं. १९३५ (ञाणिस्सरत्थेर) ।

मज्झिमनिकाय (३ भाग) ।

दीघनिकाय (३ भाग) ।

पटिसम्भिदामग्ग ।

विभङ्गपालि ।

धम्मसङ्गणी ।

पुग्गलपञ्ञत्ति ।

विनयपिटक हिन्दी, ई. सं. १९३५ (राहुलसांकृत्यायन) ।

मज्झिमनिकाय हिन्दी, ई. सं. १९३३ (" ") ।

संयुत्त-निकाय हिन्दी, (३ भाग) ई. सं. १९५४ (भिक्षु जगदीश-काश्यप र धर्मरक्षित)।

मिलिन्द प्रश्न हिन्दी, ई. सं. १९५१ (भिक्षु जगदीशकाश्यप)।

परमत्थजोतिका भन्ने सुत्तनिपातट्ठकथा, ई. सं. १९२० सा. हे.।

सद्धम्मप्पकासनी भन्ने पटिसम्भिदामग्गट्ठकथा, ई. सं. १९२७ सा. हे.।

मधुरत्थविलासिनी भन्ने बुद्धवंसट्ठकथा, ई. सं. १९२२ सा. हे.।

परमत्थदीपनी भन्ने थेरगाथाट्ठकथा, (२ भाग) ई. सं. १९१८ सा. हे.।

परमत्थदीपनी भन्ने विमानवत्थुअट्ठकथा, ई. सं. १९२५ सा. हे.।

" " पेतवत्थुअट्ठकथा, ई. सं. १९१७. सा. हे.।

विसुद्धजनविलासिनी भन्ने अपदानट्ठकथा, (२ भाग) ई. सं. १९३० सा. हे.।

अत्थसालिनी भन्ने धम्मसङ्गणी अट्ठकथा, ई. सं. १९४० सा. हे.।

सम्मोहविनोदनी भन्ने विभङ्गट्ठकथा, ई. सं. १९३२ सा. हे.।

कथावत्थुपालि।

यमकपालि, (३ भाग)।

पट्ठानप्पकरण, (६ भाग)।

बुद्धवंसपालि।

धम्मपदपालि।

महानिद्देसपालि।

सुत्तनिपात।

बुद्धकालीन ब्राह्मण, बि. सं. २०२८ (लेखक)।

बुद्धकालीन गृहस्थीहरू, बि. सं. २०२९ (")।

बुद्धकालीन राजपरिवार, बि. सं. २०२९ (") ।

बुद्धकालीन महिलाहरू, बि. सं. २०३० (") ।

बुद्धकालीन परिव्राजकहरू, बि. सं. २०३० (") ।

अमरकोष, ई. सं. १९३७ (श्री अमरसिंह) ।

नेपाली शब्द-कोष, बि. सं. २०१९ (श्री बालचन्द्र शर्मा) ।

पद्मचन्द्र कोष, ई. सं. १९२५ (श्री गणेशदत्त शास्त्री) ।

शब्दार्थ-कौस्तुभ, ई. सं. १९२८ (श्री चतुर्वेदी द्वारिकाप्रसाद) ।

Pali–English Dictionary–T. W. Rhys Davids and william Stede (1959)

The Geographical Dictionary of Ancient and Mediaeval India–Nundo Lal Day (1927)

Dictionary of Pali–Proper Names—Dr. G. P. Malalasekare (Vol II) (1937)

त्रि-पिटक

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

- (१) खुद्दकपाठ
- (२) धम्मपद
- (३) उदान
- (४) इतिवुत्तक
- (५) सुत्तनिपात
- (६) विमानवत्थु
- (७) पेतवत्थु
- (८) थेरगाथा
- (९) थेरीगाथा
- (१०) जातक
- (११) निद्देस
  - १–महानिद्देस
  - २–चुल्लनिद्देस
- (१२) पटिसम्भिदामग्ग
- (१३) अपदान
- (१४) बुद्धवंस
- (१५) चरियापिटक

विनयपिटक :

- सुत्तविभङ्ग
  - १–पाराजिकपालि
  - २–पाचित्तियपालि
- खन्धक
  - ३–महावग्गपालि
  - ४–चुल्लवग्गपालि
- ५–परिवारपालि

अभिधम्मपिटक :

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

विषय-सूची

विषयः	पृष्ठः	पृष्ठः
१. कौडिन्य-चरित	१–२४३	
परिचय		१
कौडिन्य कहांका हुन् ?		२
कौडिन्यको भविष्यवाणी		३
कौडिन्यको प्रव्रज्या		६
उरुवेल-वनमा बोधिसत्व-सेवा		१३
बोधिवृक्षमनी बोधिसत्व		१६
बोधिवृक्षनिर सात-सप्ताह		२०
(पहिलो-सप्ताह–२२ दोश्रो-सप्ताह ३० तेश्रो सप्ताह– ३३, चौथो-सप्ताह–३४, पाँचौ-सप्ताह ३७, छैटौं–सप्ताह ४२, सातौं-सप्ताह ४३)		
प्रथमबुद्धवचन		२३
आठौं सप्ताह		४६
बुद्धसँग पुर्नमिलन		५३
एकान्तप्रेमी-कौडिन्य		५५
केही घटनाहरू		५७
अद्दन्तवनको रमणीयता		६१

विषयः	पृष्ठः
हात्तीहरूद्वारा सेवा-टहल	६२
अग्रपद	६३
भगवान्सँग अन्तिम भेट्	६४
अन्तिम-सत्कार	६७
बुद्धका प्रथमशिष्य र अन्तिमशिष्य	६९
१–बोधिकथा	७१
२–बुद्धचक्षु	१०१
३–अजपाल-कथा	१०६
४–दुष्करचर्याबाट मुक्त भएँ	१०९
५–हस्तीराजवर्ण	११३
६–शुभाशुभरूप	११५
७–पञ्चेन्द्रियको भाविताद्वारा अमृत प्राप्त हुन्छ	११७
सहम्पति ब्रह्मा	११८
८–एकैमार्ग	१२०
सहम्पतिद्वारा अनुमोदन	१२१
९–धर्म-गौरव	१२३
सहम्पतिद्वारा अनुमोदन	१२५
१०–मुचलिन्द-कथा	१२८
११–राजायतन-कथा	१३१
तपुस्स-भल्लिक	१३१
१२–ब्रह्मयाचना	१३५

विषयः	पृष्ठः
१३–मारयाचना	१४७
१४–पञ्चवर्गीय-कथा	१५०
धर्मदेशनाको चिन्तन	१५०
उपक-आजीवकसँग भेट्	१५४
पञ्चवर्गीयसँग भेट्	१५७
१५–धर्मचक्र-प्रवर्तन	१६२
चतुरार्यसत्य	१६४
कौडिन्यको धर्मचक्षुलाभ	१८८
पञ्चवर्गीयहरूको प्रव्रज्या	१९१
१६–अनात्म-पर्याय	१९४
पञ्चवर्गीयहरू अरहन्त भए	२२१
१७–ज्ञातकौडिन्य-अपदान	२२४
१८–निर्वाण-सुख	२३१
१९–ज्ञातकौडिन्य-गाथा	२३३
२०–अग्रस्थान	२४२
२१–कौडिन्य-प्रशंसा	२४३
नामावली	२४७
शब्दावली	२६०
गाथा-सूचि	३००

संग्रह–६

बुद्धकालीन श्रावक-चरित

[भाग-१]

कौडिन्य-चरित

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

(१) कौंडिन्य–चरित

प रि च य

भगवान् बुद्धको धर्मलाई सर्वप्रथम अवबोध गर्ने पुरुषहरूमध्ये पहिलो पुरुष कौडिन्य स्थविर हुनुहुन्छ ।

पच्चीसशय वर्ष अगाडि बाराणशी (=बनारस) को ऋषिपतन मृगदावन (हाल सारनाथ) मा, शाक्यमुनि गौतम बुद्धले सर्वप्रथम पञ्चवर्गीय भिक्षुहरूलाई सुनाउनु भएको धर्मचक्रप्रवर्तन सूत्रको उपदेश सुनेपछि पञ्चवर्गीय भिक्षुहरूमध्ये सर्वप्रथम धर्मावबोध गर्ने भिक्षु कौडिन्य स्थविर नै हुनुहुन्छ[१] ।

कौडिन्य स्थविर कहाँका हुनुहुन्छ, कहिले वहाँ प्रव्रजित हुनु भयो र कहिले सर्वप्रथम धर्मावबोध गर्नु भयो भन्ने आदि कुराको सम्बन्धमा, आफूले सकेसम्म, त्रिपिटक पालि साहित्यमा उपलब्ध मूल सूत्रहरू र त्यसका अर्थकथाहरू समेतका आधार लिई, यथासक्य क्रमबद्ध गरी यहाँ परिचय दिने प्रयास गरेको छु ।

---

१. महा. व. पा. पृ. १५: धम्मचक्कप्पवत्तनसुत्तं । यो सूत्रको अनुवाद तल समावेश भएको छ ।

कौडिन्य कहाँका हुन् ?

इतिहास कहिले उज्यालो र कहिले अँध्यारो देखिन्छ। पच्चीस-शय वर्ष अगाडि हाम्रै नेपाल अधिराज्यको तराइतिर, हाल लुम्बिनी अञ्चल अन्तर्गत तौलिहवानिर, शाक्यवंशीहरू थिए। अति उज्ज्वल तथा समृद्धशाली कपिलवस्तु भन्ने नगर शाक्यजनपदको राजधानी थियो। शाक्यवंशीय गौतमगोत्रका शुद्धोदन राजाले राजधानी मै बसी शाक्यजनपदको राज्य चलाउँदथे। हाल पनि 'कपिलवस्तु' लाई 'कपिल वस्तु' नै भन्दछन्, 'तिलौराकोट' पनि।

कपिलवस्तुको समीपमा द्रोणवस्तु (दोणवत्थु) भन्ने एक ब्राह्मण-गाउँ थियो[१]। त्यस ब्राह्मण-गाउँमा असीकोटी जति धन हुने एक महाधनी ब्राह्मणको कुल थियो। सोही ब्राह्मण-कुलमा कौडिन्यको जन्म भएको हो। उनलाई नाम राख्दा गोत्रकै नामबाट "कौडिन्य" (कोण्डञ्ञो) भन्ने नामकरण गरे[२]। ठूलो भएपछि उनले तीनै वेदहरू, मन्त्रहरू तथा ज्योतिष-लक्षण-शास्त्रहरू समेत पारङ्गत गरे[२]।

---

१. अं. नि. अ. क. I. पृ. ८१: एककनिपातवण्णना; अप. दा. अ. क II. पृ. २४९: अञ्ञाकोण्डञ्ञअपदानं; थेर. गा. अ. क. II. पृ. १: कोण्डञ्ञत्थेरगाथावण्णना।

२. थेर. गा. अ. क. II. पृ: १; अप. दा. अ. क. II. पृ. २५०; अं. नि. अ. क. I. पृ. ८२

उनकी मन्त्राणी (मन्तानि) भन्ने एउटी बहिनी र बहिनीको 'पूर्ण' नामक एक पुत्र पनि थियो[१]।

कौडिन्यको भविष्यवाणी

त्यसबखत शुद्धोदन राजाले भरखरं एक पुत्ररत्न पाएका थिए। पाँचौ दिन, छैटौगरी नामकरण गराउनकोनिमित्त त्रिवेद पारङ्गत एकशय आठ (१०८) ब्राह्मणहरूलाई राजदरवारमा निम्त्याई, निरोदक क्षीर-भोजन गराई शुद्ध बस्त्रहरू प्रदान गरे[२]। त्यसपछि तिनीहरूमध्ये आठजना विशिष्ठ विद्वान् ज्योतिषाचार्यहरूलाई राजप्रासादमाथि लगी[३] राजकुमारको नामकरण गर्न लगाए। ती आठ ब्राह्मणहरू यी हुन्--

"रामो धजो लक्खणा चापि मन्ती,[४]
कोण्डञ्ञो[५] च भोजो[६] सुयामो सुदत्तो।

१. बु. वं. पा. पृ. ३०३: रतनचङ्कमनकण्डं; गाथा ४३; थेर. गा. अ. क. I. पृ. ३७: पुण्णत्थेरगाथा; अप. दा. अ, क. I. पृ, २२८: पुण्णमन्तानिपुत्तात्थेरापदानं।

२. अं. नि. अ. क. I. पृ. ८२

३. थेर. गा. अ. क. II. पृ. २; अप. दा. अ. क. II. पृ. २५०

४. पपं. सू. II. पृ. १५५ मा 'मन्ती'।

५. पपं. सू. II. पृ. १५५ मा 'यञ्ञो'।

६. बर्मीमा: 'यञ्ञो सुभोजो'।

एते तदा अट्ठ अहेसुं ब्राह्मणा,
छलङ्गवामन्तं व्याकरिंसू' ति[1] ।।"

अर्थ—

" (१) राम, (२) धज (=ध्वज), (३) लक्खणा (=लक्षणा), (४) मत्ती वा मन्ती, (५) कोण्डञ्ञो (कौडिन्य), (६) भोज, (७) सुयाम तथा (८) सुदत्त। यीनै आठ ब्राह्मणहरूले वेदको छअङ्ग[2] शास्त्रहरू मध्ये छैटौं अङ्ग मन्त्रशास्त्रानुसार नवजात राजकुमारको बारेमा भविष्यवाणी गरे।"

ती आठ ब्राह्मणहरू मध्येमा सात जनाले दुइ औंला ठाडोपारी— "यी लक्षणहरूले युक्त भएको पुरुष गृहस्थीमा बसेमा चक्रवर्ती राजा र

---

१. जा अ. क. I. पृ. ४७। अविदूरेनिदान; अप. दा. अ. क. I. पृ. ५०: निदान; पपं. सू. II. पृ. १५५: पासरासियसुत्त-वण्णना।

२. "कल्प, व्याकरण, निरुक्ति, शिक्षा छन्दविचित्र, तथा ज्योतिष" लाई वेदको छअङ्ग-शास्त्र भन्दछन्। विमा. व. अ. क. पृ. २१३: चूलरथविमान; पेत. व. अ. क. पृ. ७३: कण्हपेत-वत्थु।

संस्कृत-शब्दार्थ-कौस्तुभले — "शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द तथा ज्योतिष" लाई वेदको छअङ्गहरू मानेको छ।

संन्यासी भएमा बुद्ध हुने छन्" भनी व्याकरण गरे। त्यसमध्ये सबै भन्दा कान्छा कौडिन्य माणवले भने एकै औंला मात्र ठाडोपारी— "यस्ता लक्षणहरूले सम्पन्न भएका महापुरुष कहिल्यै पनि घरमा बस्ने छैनन्, गृहत्यागेर अवश्यनै बुद्धनै हुनेछन्" भनी ठोकेरनै व्याकरण गरे[१]। अनि "सबै लोकार्थ सिद्धकर हुनसक्ने भएकोले" राजकुमारलाई "सिद्धार्थ" (सिद्धत्थो) भनी नामकरण गरे[२]। सिद्धार्थलाई नै कुनै कुनै बौद्ध देशले "सर्वार्थ सिद्ध" पनि भन्दछन्। यी दुवै अर्थमा कुनै अन्तर छैन।

त्यस पछि आ-आफ्ना घर फर्की आ-आफ्ना छोराहरूलाई ती सात वयोवृद्ध ब्राह्मणहरूले यस्तो भने—

"पुत्र हो ! हामीहरू वयोवृद्ध भइसकेका छौं। शुद्धोदन महाराजका पुत्ररत्न 'सर्वज्ञबुद्ध' भएको हामीले देख्न पाउनेछौं वा पाउने छैनौं भन्न सकिन्न। राजकुमारले सर्वज्ञबुद्धत्व प्राप्त गरेपछि तिमीहरू वहाँकहाँ गई प्रव्रजित हुनू[३]।"

---

१. अं. नि. अ. क. I. पृ ८२; अप. दा. अ. क. I. पृ. ५१; थेर. गा अ. क. II. पृ. २; बु. वं. अ. क. पृ. २२९; जा. अ. क. I. पृ. ४७: अविदूरेनिदानकथा।

२. अप दा. अ. क I. पृ. ५१; बु. वं. अ. क. पृ २२९

३. अं. नि. अ. क. I. पृ. ८२; जा अ. क. I. पृ. ४८

नभन्दै, सिद्धार्थ राजकुमारले महाभिनिष्क्रमणगर्नु भन्दा अगाडि नै ती वयोवृद्ध ज्योतिषाचार्य ब्राह्मणहरू पनि आ-आफ्ना कर्मानुसार परलोक भए। किन्तु सबभन्दा कान्छा कौडिन्य माणव भने सिद्धार्थ राजकुमारकै प्रव्रज्यात्वको प्रतीक्षागर्दै निरोगतापूर्वक घरमै बसिरहेका थिए[१]।

यसभन्दा अघि, शुद्धोदन राजाका कुलूपग असित वा काल-देवल ऋषीले पनि "राजकुमार बुद्ध हुनेछन्" भन्ने भविष्यवाणी गरेका थिए। राजकुमार बुद्ध हुनुञ्जेलसम्म आफू जीवित नरहने देखी उनले आफ्नी बहिनीको छोरा "नालक" माणवकलाई "पैंतीस वर्ष पछि शुद्धोदन महाराजाका छोरा बुद्ध हुने छन्, तिमीले वहाँलाई देख्ने छौ" भनी तुरन्तै प्रव्रजित हुन लगाएका थिए भन्ने कुरा जातकट्ठ-कथाको अविदूरेनिदानले उल्लेख गरेको छ[२]।

कौडिन्यको प्रव्रज्या

उता, शुद्धोदन महाराजाले आफ्नो पुत्ररत्न बालक राजकुमारको पालनपोषण बडो स्नेहपूर्वक तथा पूर्ण राजकीय सम्मानकासाथ गरे।

---

१. थेर. गा. अ. क. II. पृ. २; अप. दा. अ. क. I पृ ५१; बु. वं. अ. क. पृ. २२९: गोतमबुद्धवंसवण्णना।

२. जा. अ. क. I. पृ. ४१–४२; सुत्त. नि. अ. क. पृ. ३९३: नालकसुत्तवण्णना। बु. रा. पृ. १३४ मा पनि हेर्नू।

क्रमशः राजकुमार सिद्धार्थ पनि यौवन अवस्थामा पुगे । अनि "रम्म, सुरम्म तथा शुभ" भन्ने तीन ऋतुमा बस्ने —नौतले, साततले र पाँचतले महाप्रासादहरूमा, केवल चालीसहजार नारीहरूका बीच बसी, यशोधरा नामक राजकन्यासँग यथासमयमै विवाह गरी, उनन्तीस (२९) वर्षको उमेरमा[१] 'राहुल' नामक पुत्र जन्माई, आषाढ पूर्णिमाको रातमा अभिनिष्क्रमण गरी, सबैलाई रुवाउँदै[२] प्रव्रजित भएर क्रमशः बुद्धगयाको नजिक उरुवेल वनमा पुग्नु भयो[३] ।

कपिलवस्तु तथा राजप्रासादहरू आदिको बारेमा प्रकाश पार्नु

---

१. दी. नि. II. पृ. ११७: महापरिनिर्वाणसूत्रमा भगवान् बुद्धले आफू उनन्तीस वर्षको उमेरमा प्रव्रजित भएको कुरा स्वयं सुभद्र परिव्राजकलाई भन्नु भएको छ—

"एकूनतिंस वयसा सुभद्द, यं पब्बजि किंकुसलानु-एसी···।"

२. आमा बाबुहरूलाई रुवाउँदै आफू प्रव्रजित भएर गएको कुरा उल्लेख गर्नु हुँदै स्वयं बुद्धले बोधिराजकुमारलाई सुनाउनु भएका कुराहरू म. नि. II. पृ. ३२०: बोधिराजकुमार सुत्तंमा समुल्लेख भएको पाइन्छ ।

३. अ. नि. अ. क. I. पृ. ८२; थेर. गा. अ. क. II. पृ. २; अप. दा. अ. क. I. पृ. ५१; बु. वं. अ. क. पृ. २३७; जा. अ. क. I. पृ. ४८–५५

हुँदै स्वयं बुद्ध भगवान्ले बुद्धवंसपालिमा[१] यस्तो उल्लेख गर्नु भएको छ—

१– "नगरं कपिलवत्थु मे, राजा शुद्धोदन पिता।
मय्हं जनेत्तिका माता, मायादेवी ति वुच्चति॥

२– "एकूनतिंस्सवस्सानि, अगारं अज्झहं[२] वसिं।
रम्मो[३] सुरम्मो सुभको,[३] तयो पासादमुत्तमा॥

३– "चत्तारीससहस्सानि, नारियो समलङ्कता।
भद्दकञ्चना[४] नाम नारी, राहुलो नाम अत्रजो॥

४– "निमित्ते चतुरो दिस्वा, अस्सयानेन निक्खमिं।
छब्बस्सं[५] पधानचारं, अचरिं दुक्करं अहं॥"

---

१. बु. वं. पा. पृ. ३८०: गोतमबुद्धवंसो, अ. क. पृ. २४४

२. स्याममाः 'अज्झा वसीहं'।

३. स्याममाः 'सुचन्दो कोकनुदो कोञ्चो'; रोमनमाः 'रामो सुरामो सुभतो'।

४. सिंहलमाः 'भद्दकच्चाना'; स्याममाः 'यशोधरा'; रोमनमाः 'भद्दकच्चा'।

५. स्याममाः 'छवस्सं'।

अर्थ—

१– "मेरो नगर कपिलवस्तु हो, मेरा पिता शुद्धोदन राजा हुन्, मलाई जन्माउने मातालाई मायादेवी भन्दछन् ।

२– "उनन्तीस वर्षसम्म म घरमा बसें, रम्म, सुरम्म, सुभ नामक तीन उत्तम प्रासादहरू थिए ।

३– "चालीस हजार नारीहरूले अलंकृत थियो, भद्दकच्चना वा भद्दकच्चान भन्ने पत्नी र राहुल भन्ने पुत्र थियो ।

४– "चार निमित्तहरू देखेर घोडामा चढी घरबाट निस्कें, छ वर्षसम्म मैले दुष्करचर्या गरें ।"

कौडिन्य माणवले चाहिं—जुनदिनदेखि सिद्धार्थ राजकुमारको लक्षणहरू हेरी भविष्यवाणी गरे त्यसदिनदेखि नै सिद्धार्थ राजकुमार प्रव्रजित भएपछि आफू पनि प्रव्रजित हुने मनसाय लिई—प्रतीक्षा गरिरहेका थिए । समय समयमा उनले 'सिद्धार्थ राजकुमार प्रव्रजित भए वा भएनन्' भन्ने खबर पनि लिने गरेका थिए । अनि, जब 'सिद्धार्थ राजकुमार घर छाडी प्रव्रजित भई क्रमशः बुद्धगयाको उरुवेल वनमा बस्नु भएको छ' भन्ने खबर सुने तब उनले—राम, धजादि सात ब्राह्मणहरूका घरमा गई उनीहरूका छोराहरूलाई यस्तो भने—

"यदि तिम्रा बाबुहरू जीवित रहेका भए अवश्यनै उनीहरू सिद्धार्थ गौतमको पछि लागी प्रव्रजित हुने थिए होलान् । सिद्धार्थ

राजकुमार प्रव्रजित भई हाल बुद्धगयाको उरुवेल बनमा बस्नु भएको छ। वहाँ अवश्यनै सर्वज्ञबुद्ध हुनु हुनेछ। यदि तिमीहरू पनि चाहन्छौ भने आऊ, हामी सबै प्रव्रजित होऔं।"

ती सबैको मत एक हुन सकेन। त्यसमध्ये तीनजना प्रव्रजित भएनन्। वप्प माणव[१] सहित बाँकी चारजना कौडिन्य माणवको प्रधानत्वमा प्रव्रजित भई ती पाँचजना क्रमशः बुद्धगयाको उरुवेल वनमा गए[२]। यीनै पाँचजनालाई "पञ्चवर्गीय[३]" भनी भनिएको हो। यी पाँचजना एउटै उद्देश्य लिई, एकदल भई वा एकमत भई प्रव्रजित भएका हुनाले यिनीहरूलाई "पञ्चवर्गीय" भन्दछन्[४]।

पटिसम्भिदामग्गट्ठकथाले पनि यस्तो उल्लेख गरेको छ—

"कोण्डञ्ञो भद्दियो वप्पो महानामो च अस्सजि।
एते पञ्च महाथेरा पञ्चवग्गोति वुच्चरे' ति[५] ॥"

---

१. थेर. गा. अ. क. II. पृ २

२. अं. अ. क. I. पृ. ८२; थेर. गा. अ. क. II. पृ. २; बु. वं. अ. क. पृ. २३७: गोतमबुद्धवंसवण्णना।

३. पञ्चवर्गीयहरूका नाम यी हुन्— (१) कौडिन्य, (२) वप्प, (३) भद्दिय, (४) महानाम तथा (५) अस्सजि। महा. व. पा. पृ. १५-१६: धम्मचक्कप्पवत्तनसुत्तं।

४. जा. अ क. I पृ. ४८

५. पटि. म. अ. क. पृ ४३८: युगनन्धवग्गवण्णना।

बोधिसत्व प्रव्रजित भइसकेपछि आफू पनि प्रव्रजित भएको कुरा कौडिन्य स्थविरले स्वयं भन्नुभएको सो कुरा अपदानपालिले समुल्लेख गरेको छ ।

''निक्खन्तेनानुपब्बज्जिं, पधानं सुकतं मया ।
किलेसे झापनत्थाय, पब्बजिं अनगारियं[१] ॥

अर्थ—

''बोधिसत्वले निष्क्रमण गरेपछि मैले पनि निष्क्रमण गरी प्रव्रजित भएँ; क्लेशहरूलाई भस्मपार्नकोनिमित्त मैले राम्ररी वीर्य-पराक्रम पनि गरें ।''

पञ्चवर्गीयहरूको परिचय उल्लेख गर्दै पपञ्चसूदनीले—''यिनीहरू सिद्धार्थ राजकुमार प्रव्रजित हुनुभन्दा अगाडि नै प्रव्रजित भएका हुन्'' भन्दै निम्न कुराहरू समुल्लेख गरेको छ[२]—

''बोधिसत्व गर्भाधान भएको समयमा लक्षणहरू विचार गर्ने र बोधिसत्व जन्मेपछि लक्षणहरू विचार गर्ने ब्राह्मणहरू आठजना थिए । यी आठजनाहरूमध्ये तीनजनाले दुइ प्रकारका कुराहरू

१. अप. दा. पा I. पृ. ५८: अञ्ञासिकोण्डञ्ञत्थेर अपदानं, अ. क. II. पृ. २५१; यो अपदानपालिको अनुवाद तल उल्लेख गरेको छु ।

२. पपं. सू. II. पृ. १५५-५६: पासरासिसुत्तवण्णना ।

बताएका थिए र बाँकी पाँचजनाले "राजकुमार बुद्धनै हुने छन्" भनी एउटै कुरा बताएका थिए। अनि, राजदरबारमा पाएका पूर्ण-पात्रहरू आ-आफ्ना परिवारहरूलाई सुम्पी— "यी महापुरुष घरमा बस्ने छैनन, अवश्यनै बुद्धनै हुने छन्" भन्ने दृढ विश्वास लिई, निश्चिन्त भई बोधिसत्वको उद्देश्य गरी प्रव्रजित भए। कसैले उनीहरूका पुत्र-हरू पनि भन्दछन्; तर त्यो कुरा अर्थकथाले प्रतिक्षेप गर्छ।

"युवावस्थामै यिनीहरूले धेरै मन्त्रहरू सिकिसकेका थिए। त्यसैले यिनीहरूलाई आचार्यको स्थानमा राखेका हुन्। "पुत्र दारहरूका बन्धनहरूलाई चुँडाली प्रव्रजित हुन सक्ने छैनौं" भन्दै युवावस्थामै प्रव्रजित भई, रमणीय शयनासनहरू परिभोगगर्दै उनीहरू विचरण गर्न थाले। समय समयमा उनीहरूले महापुरुष सिद्धार्थ राजकुमारले अभिनिष्क्रमण गरिसके वा सकेका छैनन् भन्ने कुरा पनि सोध्दथे। अनि मानिसहरूले— 'तपाइहरूका महापुरुषको अभिनिष्क्रमण त कहिले देखिन्छ र! वहाँ त तीन प्रकारका प्रासादहरूमा त्रिविधा-कारका नर्तकी स्त्रीहरूका बीचमा देवताहरू जस्तै गरी भोग-विलास गरेर बस्नु भएको छ' भन्दथे। यी कुराहरू सुनी 'शायद वहाँको ज्ञान परिपक्व भएको छैन होला' भन्ने विचारगरी तिनीहरू अल्पो-त्सुकता लिई बसे।"— यही हो पपञ्चसूदनीको भनाइ।

उपरोक्त माथिल्लो र तल्लो कुरामा केही भिन्नता जस्तो देखि-एता पनि वास्तविकतालाई ध्यानमा राख्दा बोधिसत्व प्रव्रजित भइ-सकेपछि मात्र पञ्चवर्गीयहरू प्रव्रजित भएका हुन् भन्ने कुरा बहुसंख्यक अर्थकथाहरूले उल्लेख गरेका छन्।

अतः कौडिन्य स्थविर कपिलवस्तुका हुनुहुन्छ भन्ने र सिद्धार्थ राजकुमार प्रव्रजित भइसक्नु भएपछि वहाँले पनि प्रव्रज्यात्व ग्रहण गर्नु भएको हो भन्ने कुरालाई यहाँ औंल्याइएको छ।

उरुवेल-वनमा बोधिसत्व-सेवा

कपिलवस्तुबाट तीस (३०) योजन[१] टाढा पर्ने अनोमा नदीको तीरमा प्रव्रज्यात्व ग्रहण गरी सिद्धार्थ बोधिसत्व चारिका गर्दै क्रमशः आलार कालाम र उद्दक-रामपुत्रहरूकहाँ[२] बस्नु भई त्यस पछि त्यहाँबाट उरुवेल वनमा जानु भयो। उरुवेल वनमा आएको कुरा बताउनुहुँदै स्वयं भगवान बुद्धले सङ्गारव माणवलाई यस्तो भन्नु भएको छ[३]—

"हे भारद्वाज! त्यस पछि म किंकुशलगवेशी भई अनुत्तर शान्ति वर-पदको खोजगर्दै क्रमशः उरुवेलको सेनानी गाउँमा पुगें। त्यहाँ मैले एक रमणीय भूमिभाग देखें—जहाँ राम्रो हरियालो वन जङ्गल थियो। अनेक प्रकारका प्रसादजनक मयूरादि पनि थिए।

१. बु. वं. अ. क. पृ. २३५: गोतमबुद्धवंसवण्णना।

२. हेर लेखकको बु. ब्रा. पृ. ८४; म. नि. I. पृ. २९७: महासच्चकसुत्तं मा पनि।

३. बु. ब्रा. पृ. ८९; म. नि. I. पृ. २९८: महासच्चकसुत्तं र म. नि. I. पृ. २१६: पासरासिसुत्तं मा पनि।

नेरञ्जरा नदीमा शुद्ध तथा नीर्मल पानी पनि बगिरहेको थियो। चारैतिर गोचर गाउँहरू पनि देखिन्थे। त्यो रमणीय ठाउँ देखेर मेरो मनमा यस्तो लागेको थियो कि— 'यस्तो ठाउँ नै ध्यानीहरूकानिम्ति ध्यानगर्न उपयुक्त हुन्छ।' हे भारद्वाज! अनि म 'यहीं ध्यानगर्न उपयुक्त छ' भनी त्यहीं नै बसें।"

बोधिसत्वको पछि लाग्दै पञ्चवर्गीयहरू गाउँ र नगरहरूमा भिक्षाटन गर्दै क्रमशः उरुवेल वनमा पुगे। अनि उनीहरूले— "बोधिसत्व कुनै पनि समयमा बुद्ध हुन सक्छन्" भन्ने आशा लिई छ वर्षसम्म वहाँको सेवा शुश्रूषा गरे। उनीहरूले बस्ने ठाउँमा बढार्दथे, मुखधुने पानी ल्याइदिन्थे, दतिवन ल्याइदिन्थे, पात्र-चीवर लिई साथमा हिंड्दथे, शरीरद्वारा गर्नुपर्ने काम सबै गर्दथे[१]।

जब बोधिसत्वले अल्पाहारतालाई त्यागी पुनः स्थूल आहार ग्रहण गर्नु भयो तब ती पञ्चवर्गीय भिक्षुहरू निराश भई चित्त-खिन्न गर्दै, बोधिसत्व तपश्चर्याबाट भ्रष्ट भए भन्ने ठानी वहाँलाई

---

१. पपं. सू. II. पृ. १५५: पासरासिसुत्तवण्णना; बु. वं. अ. क. पृ. २३८: गोतमबुद्धवंसवण्णना; अं. नि. अ. क. I. पृ. ८३: अञ्ञाकोण्डञ्ञत्थेरवण्णना; जा. अ. क. I, पृ. ५६: अविदूरे-निदानकथा; थेर. गा. अ. क. II. पृ. २: कोण्डञ्ञत्थेरगाथा-वण्णना; अप. दा. अ. क. I. पृ. ६०: निदानकथा।

छाडी अठार (१८) योजनको बाटो लिई[1] बाराणशीस्थित ऋषि-पतन मृगदावनतिर लागे। यसै कुरालाई औंल्याउनु हुँदै स्वयं भगवान् बुद्धले सङ्गारव माणवलाई यस्तो भन्नु भएको छ—

"हे भारद्वाज ! 'यस्तो दुःखको पराकाष्टामा पुगिसकेको शरीरले त्यो (ध्यानमय) सुख प्राप्तगर्न सजिलो छैन' भन्ने मनमा लागेपछि मैले 'स्थूल आहार (ओलारिकं आहारं) ग्रहण गर्नु पऱ्यो' भन्ने कुरा निश्चय गरें। त्यसबखत पञ्चवर्गीय भिक्षुहरूले— 'जुन धर्म श्रमण गौतमले अवबोध गर्नेछन्, सोही धर्म हामीहरूलाई भन्ने छन्' भन्ने धारणा लिई मलाई हेरविचार गर्दथे। तर, जब मैले भात, दाल सहित स्थूल आहार ग्रहण गर्न थालें, अनि ती पञ्च-वर्गीय भिक्षुहरूले— 'अब भने श्रमण गौतम प्रत्यय बहुल भई रसास्वादमा लागे, तपस्यावाट भ्रष्ट भए' भन्दै घृणागरी मलाई छाडेर गए[2]।"

त्यसपछि दुइ हप्तासम्म[3] कायिक आराम लिइसके पछि गौतम बोधिसत्व बुद्धगयाको बोधिवृक्षमा जानु भयो।

कौडिन्य सहित पाँचजना भिक्षुहरूले छाडेर गइसके पछि

---

१. जा. अ. क. I. पृ. ५७

२. बु. ब्रा, पृ. ९८: म, नि. I. पृ. ३०५: महासच्चकसुत्तं; अप. दा. अ. क. I. पृ. ६१: निदानकथा; म. नि. II. पृ. ३३१: बोधिराजकुमारसुत्तंमा पनि समुल्लेख भएको पाइन्छ।

३. पपं. सू. II. पृ. २४३: महासच्चकसुत्तबण्णना।

दुइहप्तासम्म उरुवेल वनमा एकान्त सुखमा बसी, त्यसपछि वहाँले दुइ महीना जति बुद्धगयामा एकलै समय बिताउनु भयो ।

बुद्धगयामा बुद्धत्व प्राप्त गर्नुभइसके पछि पुनः पञ्चवर्गीय भिक्षुहरूसँग वहाँले भेट गर्नु भयो ।

कहिले र कुन ठाउँमा भेट् गर्नु भयो त भन्ने बारेमा यहाँ, सर्व-प्रथम भगवान् बुद्धले बुद्धत्व प्राप्तगर्नु भएको कुरा र त्यस पछि वहाँले बुद्धगयामा बिताउनु भएको दुइ महीनाका कुराहरू उल्लेखनीय छन् ।

बोधिवृक्षमनी बोधिसत्व

वैशाख पूर्णिमाको बिहान सवेरैदेखि सिद्धार्थ बोधिसत्वको चित्त अत्यन्त प्रफुल्लित तथा प्रहर्षित थियो । वहाँको मनमा—"आज मैले अवश्यनै बुद्धत्व प्राप्तगर्न सक्ने छु" भन्ने दृढ विश्वास लागेको थियो । किन भने—वहाँले बितेको रातको प्रत्यूष समयमा बडो अद्भुत खालका पाँच स्वप्नहरू देख्नु भएको थियो । जुन स्वप्नहरूको अर्थ परीक्षण गर्दा वहाँले 'निश्चयनै आफू बुद्धहुनेछु' भन्ने कुरा ठान्नुभएको थियो । त्यसैले वहाँ प्रफुल्लित हुनु भएको हो[१] ।

एक दिन, श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बसिरहनु भएको वेलामा भगवान् बुद्धले कुनै प्रसंगवश आफूले अघि

---

१. जा. अ. क. I. पृ. ५७: अविदूरेनिदान; अप. दा. अ. क. I. पृ. ६१: निदानकथा ।

देखेका उक्त पाँच स्वप्नहरूका बारेमा प्रकाशपार्नु हुँदै भिक्षुहरूलाई स्वयं भन्नु भएको कुरा अङ्गुत्तरनिकायले[१] यसरी समुल्लेख गरेको छ—

"भिक्षु हो ! तथागत सम्यक् सम्बुद्धले आफू बुद्धहुनु अगाडि, बोधिसत्वनै छँदा, निम्न पाँच महा स्वप्नहरू देख्नु भएको थियो—

'(१) यो महापृथ्वी नै महाशय्या भएको, हिमालखण्ड पर्वत तकिया भएको, पूर्वी समुद्रमा देब्रे हात पुगेको, पश्चिमी समुद्रमा दाहिने हात पुगेको तथा दक्षिणी समुद्रमा दुवै खुट्टाहरू पुगेका थिए।

'(२) तिरिया नामक तृण नाभिस्थानबाट पलाएर आई आकाशसम्म पुगेको थियो।

'(३) काला टाउको भएका सेता कृमीहरूले मेरा घुँडाहरू सम्म ढाकेका थिए।

'(४) भिन्ना-भिन्नै वर्णका चार प्रकारका चराहरू, चारै-दिशाबाट आई मेरो खुट्टामा परेपछि उनीहरू सबै सेतै भएर गए।

'(५) गुहुको महारासमा हिँड्दा पनि मेरा पैतालामा एक पित्को पनि गुहु लागेको थिएन।'

---

१. अं. नि-५. पृ. ४८०: महासुपिनसुत्तं, अ. क. II. पृ. ६२८

"भिक्षु हो ! यीनै ती महास्वप्नहरू हुन्[१] ।"

उपरोक्त स्वप्नहरूका अर्थ बुझ्नु भएर नै वहाँ त्यस दिन अति प्रफुल्लित हुनु भएको हो । यसको अतिरिक्त, सुजाताले चढाएको क्षीर भोजन[२] ग्रहण गरी, नेरञ्जरा नदीको तीरमा गई, नदीमा नुहाई-धुवाई गरी भोजनोपरान्त खाएको थाली नदीमा फ्यांक्दा, सो थाली प्रतिस्रोततिर लागी डुबेको अद्भूत घटना देखेर पनि वहाँले "आज म अवश्यनै बुद्ध हुनेछु" भन्ने दृढविश्वास मनमा लिनु भएको थियो । अनि सोही लक्षणहरू अनुरुप अप्रमत्त भई, सद्प्रयत्न गरी वीर्य पराक्रम पनि गर्नसक्नुपर्छ भन्ने धारणा लिई वहाँ नेरञ्जरा नदीको तीरबाट, साँझपख, एक भव्य पीपलको रुखतिर लाग्नु भयो । त्यस बखत बाटामा सोत्थिय भन्ने घाँसेले दिएको आठ मुट्ठा तृणहरू लिई, सोही तृणहरू बच्छ्याई पूर्वाभिमुख गरी पीपलको रुखमनी

---

१. यी स्वप्नहरूका अर्थ के के हुन् त भन्ने बारेमा पनि उहीं मूल-सूत्रमै समुल्लेख भएको छ तथा त्यसको अर्थकथामा पनि । अर्थकथामा स्वप्न देखिने यामहरूको सम्बन्धमा र कुन बेला देखिने स्वप्नको फल प्रत्यक्ष हुन्छ भन्ने बारेमा पनि उल्लेख भएको पाइन्छ ।

२. सुजाताले क्षीर-भोजन चढाएको सम्बन्धको बारेमा बु. म. पृ. २ मा समुल्लेख भएको छ ।

बस्नु भयो[१] ।

यो बसाइमा वहाँले चतुरङ्गयुक्त[२] अधिष्ठान (=प्रतिज्ञा) गर्नु भएको थियो । जस्तै—

"कामं तचो च नहारु च, अट्ठि च अवसिस्सतु ।
उपसुस्सतु निस्सेसं, सरीरे मंस लोहितं' ति ॥"

अर्थ—

"चाहे मेरो शरीरको छाला, नसाहरू, हाडहरू तथा रक्तमांसहरू नै किन सुकेर न जाउन् ! परन्तु म यस आसनबाट तबसम्म उठ्ने छैन जबसम्म बुद्धत्व ज्ञान प्राप्त हुने छैन ।"

यस्तो बज्रसमान दृढ निश्चलता लिई वहाँ पीपलको रुखमनी बस्नु भयो[३] ।

---

१. पपं. सू. II. पृ. १५२; जा. अ. क. I. पृ ५९: अविदूरे-निदान; अप. दा. अ. क. I. पृ. ६२; बु. वं. अ. क. पृ. ७, २३८; अं. नि. अ. क. I. पृ. ८३; धम्म. सं. अ. क. पृ. ६०: निदानकथा ।

२. अं. नि. अ. क. I. पृ. ८३; पपं. सू. II. पृ. १५२; बु. वं. अ. क. पृ. ७

३. जा. अ. क. I. पृ. ५९; अप. दा. अ. क. I. पृ. ६३

बोधिवृक्षनिर सात-सप्ताह

वैशाख पूर्णिमाको रातको अन्तिम प्रहरसम्ममा सोही पिपलको रुखमनी[१] बसी, बुद्धत्व ज्ञान प्राप्त गरिसक्नु भएपछि, उही रुखमनी र उसको आसपासमा गरी जम्मा सात-सप्ताहसम्म कुनै खान-पान तथा दिशा-पिसाब समेत नगरी वहाँले समय बिताउनु भयो[२]। ती सात-सप्ताहहरू वहाँले कुन् कुन् ठाउँमा बिताउनु भयो भने—

---

१. बुद्धत्व-ज्ञान प्राप्तगरी बुद्ध भइसकेपछि यो पीपलको रुखलाई नै 'बोधिवृक्ष' भन्ने नामकरण भएको हो। बोधिज्ञान प्राप्त गरेको वृक्ष भन्ने अर्थले 'बोधिवृक्ष' भनिएको हो। स्वयं भगवान् बुद्धले 'पीपलको रुखमनी मैले बुद्धत्व प्राप्त गरें' भनी बुद्धवंसपालिमा (पृ. ३८१) समुल्लेख गर्नु भएको छ।

"अहं अस्सत्थमूलम्हि, पत्तो सम्बोधिमुत्तमं"

२. सम. पा. पृ. ७१७-१८: महाखन्धक, महावग्गवण्णना; पपं. सू II पृ. १५३-५४: पासरासिसुत्तावण्णना; उदा. अ. क. पृ. ३६-३७: चतुत्थ बोधिसुत्तवण्णना; अं. अ क. I पृ. ८३: एककनिपातवण्णना; बु. वं. अ. क. पृ. ८: निदानवण्णना, पृ. २४०-४१: गोतमबुद्धवंसवण्णना; अप. दा. अ. क. I. पृ. ६८-७१: सन्तिकेनिदान; जा. अ. क. I. पृ. ६४-६६: सन्तिकेनिदान; थेर. गा. अ. क. II. पृ. २: कोण्डञ्ञत्थेरगाथावण्णना; सं. नि. अ. क. I. पृ. १३३: मारसंयुत्तं; धम्म. सं. अ. क. पृ. ६०: निदानकथा; पटि. म. अ. क. पृ. ४३८: युगनन्धवग्गो।

(१) पहिलो-सप्ताह— बुद्धत्व पाएकै रुखमनी एकै ध्यानासनमा बसेरं,

(२) दोश्रो-सप्ताह— सोही रुखलाई आँखा नचिम्लिकन हेरेरं,

(३) तेश्रो-सप्ताह— सोही रुखनिर चंक्रमण गरेरं,

(४) चौथो-सप्ताह— रतन-घरमा बसेरं,

(५) पाँचौ-सप्ताह— अजपाल रुखमनी बसेरं,

(६) छैटौं सप्ताह— मुचलिन्द रुखनिर बसेरं, तथा

(७) सातौं-सप्ताह— राजायतन रुखमनी बसेरं—यी सात सप्ताहहरू वहाँले बिताउनु भयो ।

यी सात–स्थानहरूलाई श्रद्धापूर्वक नमस्कार गर्दै बौद्धहरू निम्न गाथा पढ्दछन्—

"पठमं बोधिपल्लङ्कं, दुतियं च अनिम्मिसं,
ततियं चङ्कमणं सेट्ठं, चतुत्थं रतनाघरं।
पञ्चमं अजपालं च, मुचलिन्देन छट्ठमं,
सत्तमं राजायतनं, वन्दे तं बोधिपादपं ॥"

उक्त सात सप्ताहमध्ये प्रत्येक सप्ताहका कुराहरूलाई क्रमिकरूपले बुझनकोनिमित्त यी कुराहरू उल्लेखनीय मानिन्छन्—

पहिलो-सप्ताह—

बोधिवृक्षमनी ध्यानासनमा बस्नु भए पछि, सूर्यास्त हुनु अगाडि नै वहाँले सबै प्रकारका मार-बलहरूलाई[1] जित्नु भई[2]—चतुर्थध्यानमा समाधिष्ठ भई, वैशाख पूर्णिमाको रातको प्रथम याममा पूर्वेनिवासानुस्मृति-ज्ञान (पुब्बेनिवासानुस्सतिञाणं) प्राप्त गरी; रातको दोश्रो याममा दिव्यचक्षु-ज्ञान (दिब्बचक्खुञाणं) प्राप्तगरी तथा रातको तेश्रो याममा आस्रवक्षय-ज्ञान (आसवक्खय-ञाणं) प्राप्तगर्नु भयो[3]। यीनै तीन प्रकारका ज्ञानहरूलाई नै विनय-सूत्र-अभिधर्म अर्थकथाहरूले[4] 'सर्वज्ञ बुद्धज्ञान' हो भनी उल्लेख गरेका छन्।

---

१. 'मार' भनेको के हो भन्ने बारेमा 'बुद्धकालीन महिला' को कुररघरकी काली उपासिकाको कथामा पृ. ३८८ को पाद-टिप्पणीमा उल्लेख गरिसकेको छु।

२. पपं. सू II. पृ. १५३; सम. पा. पृ. ७१६; अं. अ. क. I. पृ. ८३; जा. अ. क. I. पृ. ६२-६३; बु. वं. अ. क. पृ. २४०; धम्म. प अ. क. पृ. ३९७; अप. दा. अ. क. I. पृ. ६७; सुत्त. नि. अ. क. पृ. ३३२-३३; धम्म. सं. अ. क. पृ. ६०

३. म. नि. I. पृ. ३०६-७: महासच्चकसुत्तं; म. नि. II. पृ. ३३२: बोधिराजकुमारसुत्तं; बु. ब्रा. पृ. ९९-१००: सङ्गारव नामक माणवक।

४. सम. पा. पृ. ७१७; पपं. सू. II. पृ. १५३; अत्थ. सा. पृ. ६०; उदा. अ. क. पृ. ३६

प्रथम बुद्ध-वचन

अरुणोदयको साथसाथै बुद्धले 'सर्वज्ञबुद्धत्व ज्ञान' प्राप्तगर्नु भइसके पछि वहाँको मनमा— "अहो ! बल्ल सो ज्ञान प्राप्त गरें जसकोनिमित्त मैले कैयौं कल्पहरू बिताइसकें; अब उप्रान्त म संसार चक्रको आवा-गमनबाट सुविमुक्त भए" भन्ने लागेपछि हृदयमा उत्पन्न भएका अपारहर्षजन्य अनेक प्रीतिमय अनुभूतिलाई वहाँले उदानद्वारा गाथा प्रकट गर्नु भयो । जुन उदान गाथा अतीतकालका बुद्धहरूले पनि प्रकट गरेका थिए । जस्तै—

१– "अनेकजाति संसारं, सन्धाविस्सं अनिब्बिसं ।
गहकारकं गवेसन्तो, दुक्खाजाति पुनप्पुनं ॥

२– "गहकारक दिट्ठोसि, पुन गेहं न काहसि ।
सब्बा ते फासुका भग्गा, गहकूटं विसङ्खितं ।
विसङ्खारगतं चित्तं, तण्हानं खयमज्झगा' ति[१] ॥"

अर्थ—

१– "सोही ज्ञान न पाउँनाले म यस संसार चक्रमा अनेकौं जन्म-मरण-दुःखमा परें; संसाररूपी गृहनिर्माताको खोजगर्दै अनेकौं जन्महरू घुमें ।

---

१. धम्म. प. पा. पृ. ३२: जरावग्गो–११

२– "अब मैले सो गृहनिर्मातालाई देखिसकें, उसले अब उप्रान्त गृहनिर्माण गर्न सक्ने छैन; हे गृहनिर्माता ! तिम्रा सबै करङहरू भाँचिइसके, संसाररूपी गृहको धूरी समान—संस्कारहरू पनि ध्वस्त भइसके; संस्कारहरूबाट सुविमुक्त भएको मेरो चित्त तृष्णा-क्षय-रूपी सोही अरहत्व-ज्ञानमा पुगिसक्यो ।"

यस प्रकार बुद्धत्व प्राप्तगर्दा भूकम्प भएको कुरा पनि अर्थ-कथाहरूले समुल्लेख गरेका छन्[१] ।

यही उदान-गाथालाई नै बुद्ध, बुद्ध हुनु भइसके पछिको 'प्रथम बुद्धवचन' हो भनी भन्दछन्[२] ।

---

१. पपं. सू. II. पृ. १४७: पासरासिसुत्तवण्णना; सं. नि. अ. क. I. पृ. १५४: ब्रह्मयाचनसुत्तं; पटि. म. अ. क. पृ. ४३८: युगनन्धवग्गो। बुद्धको जीवनमा छ पटकसम्म भूकम्प भएका कुराहरू पटि. म. अ. क. पृ. ४४१ मा यसरी उल्लेख भएको छ— (१) बोधिसत्व गर्भाधान हुँदा, (२) बोधिसत्व जन्मिदा, (३) बुद्धत्व प्राप्त गर्दा, (४) धर्मचक्र-प्रवर्तनगर्दा, (५) आयु-संस्कार छाडिदिदा र (६) महापरिनिर्वाण हुँदा ।

२. सम. पा. पृ. १०: बाहिरनिदानवण्णना; उदा. अ. क. पृ. ३, १४६; दी. नि. अ. क. I. पृ. १२: निदानकथा; धम्म. प. अ. क. पृ. ३९७: आनन्दत्थेरस्स उदानगाथा; जा. अ. क. I. पृ. ६३: अविदूरेनिदान; बु. वं. अ. क. पृ. ७: निदान; अप. दा. अ. क. I. पृ. १५: अविदूरेनिदान; सुत्त. नि. अ. क.

"एक हजार पाँच शय (१,५००) क्लेशहरू प्रहीण भइसके" भन्दै[1] त्यस पछि भगवान् बुद्ध उही बोधिवृक्षमनी एकै ध्यानासनमा बस्नु भई वहाँले पहिलो-सप्ताह बिताउनु भयो। त्यस सप्ताह भरी वहाँले विमुक्तिसुखयुक्त अनेक कोटी[2] समापत्ति-ध्यानहरू गर्नु भयो।

(क) "यदाहवे पातुभवन्ति धम्मा" भन्ने आदि तीन उदान-गाथाहरू—जुन तल "बोधिकथा" शीर्षक अन्तर्गत मूलसूत्रमा उल्लेख भएका छन्—यही नै "बुद्धको प्रथम वचन हो" भन्दै अत्थ-

---

पृ. ३३२: पधानसुत्तवण्णना; धम्म. सं. अ. क. पृ. १५: निदानवण्णनाले भने यसरी उल्लेख गरेको छ— "धम्मपद भाणकहरूले यसलाई 'प्रथम बुद्धवचन हो' भनी भन्दछन्।" यो अठ्ठकथाले— "यदाहवे पातुभवन्ति धम्मा" भन्ने उदानलाई प्रथम बुद्धवचन हो भनी मानेको छ।

१. अत्थ. सा. पृ. १०: निदानकथावण्णना; सं. नि. अ. क. I. पृ. १४७: मारसंयुत्तं, तृतीयवर्ग।

२. पपं. सू. II. पृ. १५३; जा. अ. क. I. पृ. ६४: सन्तिकेनिदान; बु. वं. अ. क. पृ. २४०; अप. दा. अ. क. I. पृ ६८ सन्तिकेनिदान; दी. नि. अ. क. I पृ. ३९८: महापरिनिर्वाणसूत्रवर्णनाले त यसको अंकनै तोकिदिएको छ, जुन कुरा बु. म. पृ. ७ मा सुजाता उपासिकाको कथामा समुल्लेख गरिसकेको छु। उदा. अ. क. पृ. २८३: चुन्दसुत्तं मा पनि उल्लेख भएको पाइन्छ।

सालिनीले[1] यस्तो उल्लेख गरेको छ—

"बुद्धहुत्वा च पन सत्ताहं एकपल्लङ्केन निसिन्ना उदानं उदानेसि..." अर्थात्— "बुद्ध भइसक्नु भएपछि एकै ध्यानासनमा सप्ताहभरी बसिरहनु भएको बेलामा यो उदान वहाँले प्रकट गर्नु भएको हो।"

(ख) यस सम्बन्धमा उदान-अर्थकथाले (पृ. ३६ मा) यसरी उल्लेख गरेको छ—

"...ततो तेनेव पल्लङ्केन बोधिरुक्खमूले सत्ताहं वीतिनामेन्तो सत्तमाय रत्तिया तीसु यामेसु वुत्तनयेन पटिच्चसमुप्पादं मनसिकरित्वा यथाक्कमं इमानि उदानानि उदानेसि।"

अर्थात्— "त्यसपछि (अरुणोदय भइसकेपछि) उही नै ध्यानासनमा, बोधिवृक्षमनी सप्ताहभरी बसिरहँदा सातौं रातको प्रथमादि यामहरूमा उक्ताकारले नै प्रतित्यसमुत्पादलाई मननगरी क्रमशः यी ('यदाहवे पातुभवन्ति धम्मा' भन्ने) उदानहरू प्रकट गर्नु भयो।"

उहीं नै पृ. १४६ मा पनि यस्तै कुराहरू समुल्लेख भएको पाइन्छ।

(ग) यस सम्बन्धमा समन्तपासादिकाले (पृ ७१६) यसरी उल्लेख गरेको छ—

---

१. अत्थ. सा. पृ. १५: निदानकथावण्णना।

"उदानले त 'त्यस सप्ताह बितेपछि 'भोलि आसनबाट उठ्ने छु' भन्ने विचारगरी, त्यस सप्ताह बित्ने रातको प्रथमादि यामहरूमा क्रमैसँग यी उदानहरू वहाँले प्रकट गर्नु भएको हो भनी उल्लेख गरेको छ।' यहाँ (समन्तपासादिकामा) भने प्रतिपदाको रातमा प्रतित्यसमुत्पाद-लाई मनन गरेको हो भनी भनिन्छ। 'इध पन पतिपद् रत्तिया एवं मनसाकासि'।"

यस कुराको पष्टिकरण दिंदै समन्तपासादिकाले अगाडि निम्न कुराहरू समुल्लेख गरेको छ—

"भगवाहि विसाखपुण्णमाय रत्तिया पठमयामे पुब्बेनिवासं अनुस्सरि। मज्झिमयामे दिब्बं चक्खुं विसोधेसि। पच्छिमयामे पटिच्चसमुप्पादं अनुलोमपटिलोमं मनसिकत्वा 'इदानि अरुणो उग्ग-मिस्सती' ति सब्बञ्ञुतं पापुणि। सब्बञ्ञुतप्पत्तिसमनन्तरमेव च अरुणो उग्गच्छि। ततो तं दिवसं तेनेव पल्लङ्केन वीतिनापेत्वा सम्पत्ताय पटिपदरत्तिया तीसु यामेसु एवं मनसिकत्वा इमानि उदा-नानि उदानेसि। इति पतिपदरत्तिया एवं मनसिकत्वा तं बोधिरुक्ख-मूले सत्ताहं एकपल्लङ्केन निसीदि।"

अर्थात् — "भगवान्ले वैशाख पूर्णिमाको रातको प्रथम-याममा पूर्वेनिवासानुस्मृति-ज्ञानको अनुस्मरण गर्नु भयो। मध्यम-याममा दिव्यचक्षुलाई विशुद्ध पार्नु भयो। पश्चिम-याममा प्रतित्यसमुत्पादलाई अनुलोम-प्रतिलोम गर्दै चिन्तनगरी— 'अब अरुणोदय हुनेछ' भन्ने बेलामा सर्वज्ञत्व प्राप्तगर्नु भयो। सर्वज्ञत्व प्राप्तिको लगत्तै पछि अरुणो-

दय पनि भयो । त्यसपछि दिनभरी नै सोही ध्यानमै बस्नुभई प्रतिपदाको रात आइपुगे पछि तीनै यामहरूमा उक्त प्रकारले चिन्तन गरी यी 'यदाहवे पातुभवन्ति धम्मा' उदानहरू प्रकट गर्नु भएको हो । यसरी प्रतिपदाको रातमा मनन गरी सोही बोधिवृक्षमनी सप्ताहभरी एकै ध्यानासनमा बस्नु भएको हो ।"

यसै ग्रन्थको 'बाहिरनिदानवण्णना' (पृ० १०) मा पनि— "एसा पन पटिपददिवसे सब्बञ्ञुभावप्पत्तस्स सोमनस्समयञाणेन पच्चयाकारं पच्चवेक्खन्तस्स उप्पन्ना उदानगाथाति वेदितब्बा ।"

अर्थात्— "यी 'यदाहवे' भन्ने उदानहरू, प्रतिपदाको दिनमा, सर्वज्ञबुद्ध भइसक्नु भए पछि सौमनस्यमयज्ञानले प्रत्ययाकार-ज्ञानलाई प्रत्यवेक्षणा गरिरहँदा उत्पन्न भएका उदान-गाथाहरू हुन् भन्ने कुरा बुझ्नु पर्छ" भन्ने उल्लेख भएको छ ।

दीर्घनिकायले— "प्रथम बुद्ध-वचन" कुन् हो त भन्ने प्रश्नको सिलसिलामा "अनेक जाति संसारं" भन्ने आदि गाथालाई नै 'प्रथम बुद्ध-वचन हो' भनी उल्लेख गरेको छ[१] ।

उपरोक्त (क), (ख) तथा (ग) मा उल्लिखित अर्थकथा-हरूका कथनहरूमाथि मननगर्दा "यदाहवे पातुभवन्ति धम्मा" भन्ने उदान-गाथाहरू बुद्धले, बुद्ध भइसक्नु भएपछि, सर्वप्रथम प्रकाश गर्नुभएको वचन न भई, दोश्रो-पटक प्रकाश गर्नु भएको

---

१. दी नि. अ. क. I. पृ. १२: निदानकथा ।

बुद्ध-वचन हो भन्ने कुरा ठहरिन आउँछ; किनभने—प्रतिपदाको रातमा प्रकाश भएको हुँदा ।

अतएव यस संग्रहले पनि "अनेक जाति संसारं" भन्ने उदान-गाथाहरूलाई नै "प्रथम बुद्ध वचन" हो भन्नेतिर श्रद्धा व्यक्त गरेको छ ।

तल उल्लिखित मूल सूत्र (बोधिकथा) अनुसार-प्रतित्यसमुत्पाद-लाई तीनै प्रहरमा अनुलोम-प्रतिलोम गरी बुद्धले मनन गर्नु भएको कुरा प्रष्टै बुझिन्छ । तर उदानपालि पृ० ६३-६४ मा उल्लिखित पठम दुतिय-ततिय-बोधि सुत्तहरूले भने—बुद्धले प्रतित्यसमुत्पादलाई पहिलो याममा अनुलोम, दोश्रो याममा प्रतिलोम र तेश्रो याममा अनुलोम-प्रतिलोम गरी मनन गर्नु भएको कुरा उल्लेख गरेको छ । यसै कुराको पुष्टयाँइको लागि उदान अर्थकथाले आपनो मन्तव्य प्रकट गर्दै ततिय बोधिसुत्तको अर्थवर्णनामा (पृ० ३५) केही कुराहरू पनि समुल्लेख गरेको छ ।

"यदाहवे पातुभवन्ति धम्मा" भन्ने तीन उदानहरू प्रकट गर्नु भइसकेपछि वहाँले त्यसपछि बुद्धचक्षुद्वारा लोकमा हेर्नु भएको कुरा उदान अर्थकथाले उल्लेख गरेको छ[१] । यो कुराको मूलसूत्र तल "बुद्धचक्षु" शीर्षकमा उल्लेख भएको छ ।

---

१. उदा. अ. क. पृ. १४६

यसरी भगवान् बुद्धले, बुद्धत्व प्राप्त गरिसक्नु भएपछि पहिलो-सप्ताह बोधिवृक्षमनी नै बिताउनु भयो।

दोश्रो-सप्ताह—

एक-सप्ताहसम्म एकै ध्यानासनमा बोधिवृक्षमनी बस्नु भएर पनि सो आसनबाट भगवान् बुद्ध उठ्नु नभएको देखेर केही देवताहरूका मनमा— "अजै पनि सिद्धार्थ कुमार बुद्ध हुनु भएको छैन कि क्याहो, समाधि आसनबाट सिद्धार्थ डेग चल्नुहुन्न" भन्ने जस्ता शंका उत्पन्न भएको बुझी—ती देवताहरूका मनका शंकाहरू समाधान गरिदिने उद्देश्यले—भगवान् बुद्ध आठौं दिनमा सो ध्यानासनबाट उठी आकाशमा जानु भई— "यमकप्रातिहार्य" नामक ऋद्धिप्रातिहार्य[१] देखाउनु भयो।

---

१. अत्थसालिनी अनुसार—यो प्रातिहार्य-ऋद्धि दोश्रो-सप्ताहमा न भई तेश्रो-सप्ताहमा देखाएको बुझिन्छ। किनभने—त्यस अर्थकथा (पृ० ११) मा पहिलो-सप्ताहको आसनबाट उठी भगवान् बुद्ध फेरि दोश्रो-सप्ताह पनि सोही आसन (=वज्रासन) लाई नै आँखा नचिम्लिकन हेर्नु हुँदै बस्नु भएको कुरा समुल्लेख भएको पाइन्छ। त्यस पछि केही देवताहरूका मनमा— "आजसम्म पनि सिद्धार्थ कुमारको काम सिद्धिएको छैन कि क्याहो, पल्लङ्क (=आसन) बाट आशा (=आलय) हटेको देखिन्न" भन्ने जस्ता शंका भइरहेको बुझी, उनीहरूका

यी यमकप्रातिहार्य र कपिलवस्तु-ज्ञातिसमागममा[1] देखाउनु भएको प्रातिहार्य, पाथिकपुत्रलाई[2] वैशालीमा देखाउनु भएको प्रातिहार्य तथा श्रावस्तीस्थित गण्डम्बरुखमनी[3] देखाउनु भएको

मनका शंकाहरू समाधान गरिदिनकोनिमित्त आकाशमा जानुभई भगवान् बुद्धले 'यमकप्रातिहार्य' नामक ऋद्धिप्रातिहार्य देखाउनु भई त्यसपछि चंक्रमण गर्नु भएको हो भन्ने कुराहरू अत्थसालिनीले समुल्लेख गरेको छ। जस्तै––

"...ततो तस्मा पल्लङ्का वुट्ठाय इमस्मिं वतमे पल्लङ्के सब्बञ्ञुतंञाणं पटिविद्धन्ति अनिमिसेहि चक्खुहि सत्ताहं पल्लङ्कं ओलोकेन्तो अट्ठासि। ततो देवतानं अज्जपि नून सिद्धत्थस्स कत्तब्बकिच्चं अत्थि, पल्लङ्कस्मिहि आलयं नविजहतीति परिवितक्को उदपादि। सत्था देवतानं वितक्कं ञत्वा तावदेव तासं वितक्कं वूपसमनत्थं वेहासं अब्भुगन्त्वा यमकपाटिहारियं दस्सेसि।...एवं यमकपाटिहारियं कत्वा पल्लङ्कस्स च ठितठानस्स च अन्तरे आकासतो ओरुय्ह सत्ताहं चङ्कमि।" अत्थ. सा. पृ. ११: निदानकथावण्णना।

१. जा. अ. क. I. पृ. ७२: सन्तिकेनिदान।

२. दी. नि. III. पृ. २२: पाथिकसुत्तं।

३. धम्म. प. अ. क. पृ. ४३७: यमकपाटिहारियवत्थु; यस सम्बन्धमा केही कुरा बु. प. पृ. २७ मा उल्लेख भएको छ।

प्रातिहार्यहरू सबै एकै प्रकारका थिए[१] ।

अनि बज्रासनबाट केही पूर्वोत्तर दिशातिर बसी–एकलाख चार असंख्य कल्पहरू देखिनै[२] पूरागर्दै आएको पारमी (=दशपारमी[३]) को फल प्राप्त भएको स्थान—बोधिपल्लङ्क (=बज्रासन) र बोधिवृक्ष-लाई—आँखा नचिम्लिकनै[४] हेरी वहाँले एक सप्ताहसम्म बिताउनु भयो[५] ।

---

१. अत्थ. सा. पृ. ११: निदानकथावण्णना; अप. दा. अ. क. I. पृ. ६८

२. "चत्तारि असङ्ख्येय्यानि कप्पसतसहस्सञ्च उपचितं पारमीनं फलाधिगमट्ठानं पल्लङ्कं बोधिरुक्खं च…" सम. पा. पृ. ७१७: महाखन्धकवण्णना ।

३. "दानं सीलञ्च नेक्खम्मं पञ्ञा विरियेन पञ्चमं ।
खन्तिसच्च-मधिट्ठानं मेत्तुपेक्खातिमा दसा ॥"
चरि. पि. अ. क. पृ. २१७: पकिण्णककथा ।

अर्थात्-- (१) दान, (२) शील, (३) नैष्क्रम्य, (४) प्रज्ञा, (५) वीर्य, (६) क्षान्ति, (७) सत्य, (८) अधिष्ठान (९) मैत्री तथा (१०) उपेक्षा--यतिलाई 'दशपारमी' भन्दछन् ।

४. "अनिमिसेहि अक्खीहि ओलोकयमानो सत्ताहं वीतिनामेसि" सम. पा. पृ. ७१७: महाखन्धकवण्णना ।

५. सम. पा. पृ. ७१७; पपं. सू. II. पृ. १५३; उदा. अ. क. पृ. ३७; बु. वं. अ. क. पृ. २४०; अप. दा. अ. क. I. पृ. ६८; जा. अ क. I. पृ. ६४

यसरी भगवान् बुद्धले आँखा न चिम्लिकनँ बोधिपल्लङ्क (=वज्राशन) र बोधिवृक्षलाई हेर्नु हुँदै दोश्रो-सप्ताह बिताउनु भयो।

तेश्रो-सप्ताह—

त्यस पछि वज्रासन र बस्नु भएको ठाउँको बीचमा, पूर्व र पश्चिमको लम्बाइमा चंक्रमण (=अघाडि पछाडि गर्दै टहलिनु) गर्नु हुँदै एक सप्ताह बिताउनु भयो[१]। अनि यस स्थानलाई 'रत्न-चंक्रमण' (रतनचङ्कमण चेतिय) भनी भनियो।

अत्थसालिनीले भने— "उपरोक्ताकारले प्रातिहार्य देखाइसक्नु भएपछि आकाशबाट वज्रासन र बस्नु भएको ठाउँको बीचमा ओर्लनु भई सप्ताहसम्म चंक्रमण गर्नु भयो भन्ने कुरा समुल्लेख गरेको छ[२]।"

यसरी चंक्रमण गर्नु हुँदै भगवान्ले तेश्रो-सप्ताह पनि बोधिवृक्षनिरै बिताउनु भयो।

---

१. सम. पा. पृ. ७१७; पपं. सू. II. पृ. १५३; उदा. अ. क. पृ. ३७; बु. वं. अ. क. पृ. २४१; अप. दा. अ. क. I. पृ. ६९; जा. अ. क. I. पृ ६४

२. "एवं यमकपाटिहारियं कत्वा पल्लङ्कस्स च ठितट्ठानस्स च अन्तरे आकासतो ओरुय्ह सत्ताहं चङ्कमि।" अत्थ. सा. पृ. ११: निदानवण्णना।

चौथो-सप्ताह—

त्यस सप्ताह पछि सो स्थानबाट पश्चिमदिशातिर ध्यानासनमा बसी वहाँले अभिधर्म सम्बन्धी चिन्तन गर्नु भई एक सप्ताह बिताउनु भयो। विशेष गरी यस स्थानमा वहाँले अभिधर्म अन्तर्गत 'समन्त-पट्ठान' सम्बन्धी कुराहरू चिन्तन गर्नु भयो[१]।

यस विषयमा धम्मसङ्गणिअट्ठकथाले (पृ० ११) यसरी सविस्तर उल्लेख गरेको छ—

"यी बितेका एक्काइस दिनहरूमध्ये एकदिन पनि बुद्धको शरीर-बाट रश्मीहरू निस्केका थिएनन्। चौथो-सप्ताहमा वहाँ पश्चिमोत्तर दिशापट्टि रत्नघर (रतनघर) मा बस्नु भयो। 'रत्नघर' भन्नाले कुनै रत्नद्वारा बनाइएको घर भनी सम्झने होइन। अभिधर्म अन्तर्गत सप्तप्रकरणहरूका[२] बारेमा चिन्तन गर्नु भएको हुँदा यस स्थानलाई

---

१. सम. पा. पृ ७१७; पपं, सू. II. पृ. १५३; उदा. अ. क. पृ. ३७; जा. अ. क. I. पृ. ६४; बु. वं. अ. क. पृ. २४१; अप. दा. अ. क. I. पृ. ६९

२. धम्मसङ्गणि-प्रकरण, विभङ्ग-प्रकरण, धातुकथा-प्रकरण, पुग्गल-पञ्ञत्ति-प्रकरण, कथावत्थु-प्रकरण, यमक-प्रकरण तथा पट्ठान-प्रकरण— यी सात प्रकरणहरूलाई 'सप्तप्रकरण' भनी भनिएको हो। अत्थ सा. पृ. ११: निदानकथावण्णना।

'रत्नघर' भनिएको हो भन्ने कुरा बुझनुपर्छ। यी सप्तप्रकरणहरूमध्ये धम्मसङ्गणिप्रकरणादि छ प्रकरणहरूका सम्बन्धमा चिन्तन गर्दा पनि वहाँको शरीरबाट रश्मीहरू निस्केका थिएनन्। किन्तु पट्ठानप्रकरण अन्तर्गत 'हेतु प्रत्यय, आरम्मण प्रत्यय...' भन्ने आदि चौबिस प्रत्यय[१] मूलक 'समन्तपट्ठान' को सूक्ष्माति सूक्ष्म तथा अतिगम्भीर कारणहरू लाई जब वहाँले चिन्तन गर्नुभयो तब वहाँको शरीरबाट छवर्णका रश्मीहरू निस्केका थिए[२]।

---

१. चौबिस प्रत्ययहरू यी हुन्—

"हेतुपच्चयो,...अविगतपच्चयो" आदि। अर्थात— "(१) हेतुप्रत्यय, (२) आरम्मणप्रत्यय, (३) अधिपतिप्रत्यय, (४) अनन्तरप्रत्यय, (५) समनन्तरप्रत्यय, (६) सहजातप्रत्यय, (७) अन्यमन्यप्रत्यय, (८) निश्रयप्रत्यय, (९) उपनिश्रय-प्रत्यय, (१०) पूर्वेजातप्रत्यय, (११) पश्चात्जातप्रत्यय, (१२) आसेवनप्रत्यय, (१३) कर्मप्रत्यय, (१४) विपाक-प्रत्यय, (१५) आहारप्रत्यय, (१६) इन्द्रियप्रत्यय, (१७) ध्यानप्रत्यय, (१८) मार्गप्रत्यय, (१९) सम्प्रयुक्तप्रत्यय, (२०) विप्रयुक्तप्रत्यय, (२१) अस्तिप्रत्यय, (२२) नास्ति-प्रत्यय, (२३) विगतप्रत्यय तथा (२४) अविगतप्रत्यय।" पट्ठा, पा. I. पृ. १: पच्चयनिदानं।

२. "नीलपितलोहितमञ्जेट्ठपभस्सर वसेन छब्बण्ण रस्मियो निक्ख-मिंसु" अर्थात्— "नील, पीत, लोहित, शुभ्र, मञ्जेष्ट, तथा प्रभास्वर आदि छवर्णका रश्मीहरू निस्के। अत्थ. सा. पृ. ११: निदानकथावण्णना; पपं. सू. II. पृ. १५३

"यो 'समन्तपट्ठान-ज्ञान' लाई नै परिपूर्ण सर्वज्ञत्वज्ञान पनि भन्दछन् ।

"अनि (१) शरीरको केशबाट र आँखाका नीला स्थानहरूबाट नीला पद्म जस्तै नीला-रश्मीहरू निस्के, (२) छवीबाट र आँखाका पीत-स्थानहरूबाट कर्णिकार फूल जस्तै पीत-रश्मीहरू निस्के, (३) मांस र लोहितबाट तथा आँखाका राता-भागहरूबाट बन्धुजीव फूल जस्तै राता-रश्मीहरू निस्के, (४) हाड र दाँतहरुबाट तथा आँखाका सेता भागहरूबाट चाँदीको धूलो जस्तै सेता रश्मीहरू निस्के, (५) शरीरको त्यस त्यस भागहरूबाट मञ्जेष्ठ (=मजिठो) र (६) प्रभास्वर रश्मीहरू निस्के[१] ।

"यी रश्मीहरू कुनै अधिष्ठान वा ऋद्धिको कारणद्वारा निस्केका होइनन; अपितु, सूक्ष्मातिसूक्ष्म तथा अति गम्भीर धर्महरू मनन गर्नाको कारणले वहाँको रक्तसञ्चार अति स्वच्छ र परिशुद्ध भएको तथा इन्द्रियहरू र छविवर्ण समेत अतिपरिशुद्ध हुनाको कारणले रश्मीहरू निस्केका हुन् ।

"एक सप्ताहसम्मको रात र दिनभर वहाँले यसरी चिन्तन तथा मनन गर्नु भएका धर्महरू कति थिए भनी भन्न सकिन्न, बरू अनन्त थिए भनी भन्न सकिन्छ[२] ।"

---

१. अत्थ. सा. पृ. ११-१२

२. अत्थ. सा. पृ. १२

यसरी भगवान् बुद्धले बोधिवृक्षको पश्चिमदिशातिर वा पश्चिमोत्तर दिशातिर बस्नु भई चौथो सप्ताह बिताउनु भयो।

पाँचौ-सप्ताह—

चार-सप्ताहसम्म बोधिवृक्षनिर समय बिताउनु भएपछि पाँचौ-सप्ताहमा बोधिवृक्षबाट पूर्वदिशातिर रहेको अजपाल न्यग्रोध वृक्ष-निर जानु भयो। त्यहाँ पनि वहाँले विमुक्ति सुखकै अनुभव र धर्महरूकै चिन्तन गरी एक-सप्ताह बिताउनु भयो[1]।

यसै अजपाल वृक्षमा हुँहुँक स्वभावका एक ब्राह्मणले भगवान् बुद्धसँग भेट् गरेका थिए[2]। यो कुरा तल मूलसूत्रहरूका संग्रहमा 'अजपाल कथा' शीर्षक अन्तर्गत उल्लेख भएको छ।

यसै अजपाल वृक्षनिर बसिरहनु भएको बेलामा, एक दिन, वहाँले आफू त्यस छ वर्षको घोरतपस्याबाट मुक्त हुनु भएको

---

१. सम. पा. पृ. ७१७; पपं. सू. II. पृ. १५३; उदा. अ क. पृ. ३७; बु. वं अ. क. पृ. २४१; अप. दा. अ. क. I. पृ ८,६९; जा. अ. क. I. पृ. ६४

२. यी हुँहुँक स्वभावका ब्राह्मणसँगै अरू ब्राह्मणहरू पनि आएका थिए भन्ने कुरा अं. नि-४ पृ. २४: दुतियउरुवेल सूत्रको अर्थकथाले (II पृ. ४७८) उल्लेख गरेको छ। जस अनुसार यी कुराहरू भगवान्‌ले स्वयं बताउनु भएको हो।

कुरा सोच्नु भएको थियो। यो कुरा पनि तल उल्लिखित 'दुष्करचर्या-बाट मुक्त भएँ' शीर्षकमा समुल्लेख भएको छ।

यसै अजपाल वृक्षमै बसिरहनु भएको बेलामा, एक दिन वहाँले धर्म सम्बन्धी चिन्तन गर्नु हुँदै 'पञ्चेन्द्रियको भाविताद्वारा निर्वाण पाउनसक्ने र चार सतिपट्ठान नै धर्मावबोध हुने एकै मार्ग हो' भन्ने कुराहरू पनि सोच्नु भएको थियो। यी कुराहरू तल 'पञ्चेन्द्रियको भाविताद्वारा अमृत प्राप्त हुन्छ' र 'एकै मार्ग' शीर्षकहरूमा समुल्लेख भएका छन्।

यस्तै गरी एक दिन, धर्मलाई नै गौरव राखी बस्नु पर्छ भन्ने कुरा पनि अजपाल वृक्षमै बसिरहँदा वहाँले सोच्नु भएको थियो। यसै कुरालाई वहाँले अङ्गुत्तरनिकायको चतुक्कनिपातमा उल्लिखित 'पठमउरुवेलसुत्तं[1]' मा पनि स्वयं बताउनु भएको छ।

यसै अजपाल वृक्षमै बसिरहँदा, एक दिन, महाअन्धकार रातमा पापीमारले अनेक प्रकारका रूपहरू धारणगरी भगवान्लाई तर्साउन खोजेको तथा प्रलोभन देखाउन अनेक शुभाशुभ रूपहरू देखाएका कुराहरू तलका मूलसूत्रहरूले प्रष्ट गरेका छन्। जुन सूत्रका कुराहरू 'हस्तीराजवर्ण' र 'शुभाशुभ रूप' शीर्षकहरूमा समुल्लेख भएका छन्।

---

१. अं. नि-४. पृ. २२: पठमउरुलवेलसुत्तं, भ. क. II. पृ. ४७६

संयुत्त निकायको मारसंयुत्त[१] अनुसार—एक दिन, भगवान् अजपाल वृक्षमै बसिरहनु भएको वेलामा पापीमार वहाँकहाँ आएको र 'भगवान् बुद्ध आफ्नो वशबाट मुक्त भइसके' भन्ने कारण बुझी, खुसुक्क-परी, आफ्नो काँधबाट वीणा खसेको पनि थाहा नपाई चिन्तित भई बसिरहँदा, उनका 'तृष्णा, अरति र रगा' भन्ने तीन छोरीहरू बुद्ध-कहाँ गए भन्ने कुराहरू बुझिन्छ। 'सत्तवस्सानुबन्धन' र 'मारधीतु' भन्ने सूत्रहरूमा उक्त कुराहरू उल्लेख भएका पाइन्छन्। ती सूत्रहरूलाई यस संग्रहमा समावेश गरिएको छैन। समावेश नगर्नाको कारण के त भने—

"सप्त-सप्ताह सम्बन्धी जति पनि मूल सूत्रहरू यसमा संग्रहित भएका छन्, ती सबै 'पठमाभिसम्बुद्धो' अर्थात् 'बुद्ध भइसके पछि पहिलो पटक' भन्ने शब्द भएका सूत्रहरू मात्र छन्।

'पठमाभिसम्बुद्धो' भन्ने शब्दको अर्थ के हो त भन्ने बारेमा सबैजसो अर्थकथाहरूले "भगवान् बुद्धले बुद्धत्व प्राप्त गरेको पहिलो सात-सप्ताह" भन्ने कुरा उल्लेख गरेका छन्। संयुक्त अर्थकथाले त यसको दिन समेत खोलेर 'उनन्चास दिनहरू[२]' भन्ने कुरा प्रष्ट गरि दिएको छ।

---

१. सं. नि. I. पृ. १२१-२७: सत्तवस्सानुबन्धनसुत्तं, मारधीतुसुत्तं, अ. क. I. पृ. १४५-४६

२. "पठमाभिसम्बुद्धोति अभिसम्बुद्धोहुत्वा पठमंयेव एकूनपञ्ञास दिवसब्भन्तरे" भन्ने प्रष्ट उल्लेख भएको पाइन्छ। सं. नि. अ. क. III. पृ. ११५: पठमविहारसुत्तं।

"त्यसैले संगीसतकारहरूले[१] सात-सप्ताह भित्र पर्ने मूल-सूत्र-हरूमा 'पठमाभिसम्बुद्धो' भन्ने शब्द प्रयोग गरेका होलान्। तर यी 'सत्तवस्सानुबन्धन' र 'मारधीतु' भन्ने सूत्रहरूमा 'पठमाभिसम्बुद्धो' भन्ने शब्द प्रयोग गरिएको छैन; जुन सूत्रमा मारकी छोरीहरू बुद्ध-कहाँ गएका कुराहरू समुल्लेख भएको पाइन्छ।

"यी सूत्रहरूमा केवल 'अजपाल वृक्षमा' भन्ने कुरा मात्र समुल्लेख भएको हुँदा शायद यी घटनाहरू सात-सप्ताह भित्र न भई अरू कुनै वखतमा अजपाल वृक्षमै घटेका होलान् भन्ने अनुमान लगाउन पनि सकिन्छ।

"धम्मपदट्ठकथाले[२] भने यी मारपुत्रिका घटनाहरू पाँचौ-सप्ताहमा घटेका हुन् भनी किटेर उल्लेख गरेको छ। जातकट्ठकथा[३] र अपदानट्ठकथा[४]हरूले भने यसरी किटेर उल्लेख नगरी पाँचौ-सप्ताह-को अन्तर्गतपारी उल्लेख गरेका छन्।

---

१. भगवान् बुद्ध परिनिर्वाण भइसके पछि तुरुन्तै पाँचशय षडभिज्ञ-लाभी अरहत्हरू राजगृहमा एकत्रित भई बुद्ध-वचनहरूलाई संगायना अर्थात् संग्रह गरेका थिए। यी संग्रहकर्ताहरूलाई नै 'संगीतिकारहरू' भनिएको हो।

२. धम्म. प. अ. क. पृ. ४३१: मारधीतरानंवत्थु, वर्ग-१४

३. जा. अ. क. I. पृ. ६४: सन्तिकेनिदान।

४. अप. दा. अ. क. I पृ. ६९: निदान।

"मारपुत्रीहरू भगवान्कहाँ आएका कुराहरू भने स्वयं बुद्धले मागण्डीय ब्राह्मणहरूलाई, कुरुदेशको कम्मासदम्म निगममा भन्नु भएको निम्न गाथाद्वारा प्रष्टै बुझिन्छ—

'दिस्वान तण्हं अरतिं रगं च,
नाहोसि छन्दो अपि मेथुनस्मिं ।
किमेविदं मुत्तकरीसपुण्णं,
पादा पि नं सम्फुसितुं न इच्छे[१] ॥'

अर्थात्— 'तृष्णा, अरति, तथा रगालाई देखेर पनि मलाई मैथुनको इच्छा भएको थिएन भने अब यी मल मूत्रादि पूर्ण शरीर देखेर के हुन सक्ला र; यस्तालाई खुट्टाले पनि छुन चाहन्न ।'

"यस सूत्रको अर्थवर्णनामा पनि मारपुत्रीहरू अजपाल वृक्षमा आएका थिए भन्ने बाहेक, कुन समयमा र कसरी आएका थिए भन्ने बारेमा कुनै कुरा उल्लेख भएको पाइँदैन । संयुक्तनिकायको मारसंयुक्त अर्थवर्णनामा पनि 'अजपाल वृक्षमा' भन्ने बाहेक अरू कुनै कुराको उल्लेख भएको पाइँदैन ।"

यस्तै यस्ता कारणहरूलाई ध्यानमा राखी मारपुत्रीका कुराहरू उल्लेख भएका सूत्रहरूलाई यस संग्रहमा समावेश नगरेको हुँ ।

'रत्नघर' को एक सप्ताह बाहेक बाँकी अरू सबै सप्ताहहरूमा

---

१. सुत्त. नि. पृ. ३९८: मागण्डियसुत्तं, अ. क. पृ. ४३६

कहीले विमुक्तिसुख-ध्यान र कहीले धर्मचिन्तन गर्नु भई वहाँले समय बिताउनु भयो[१]।

यसरी अनेक प्रकारका धर्म चिन्तन गर्नु भई भगवान्‌ले पाँचौ·सप्ताह अजपाल न्यग्रोध वृक्षमा बिताउनु भयो।

छैटौं-सप्ताह—

त्यस पछि भगवान् बुद्ध महाबोधि वृक्षबाट पश्चिम कुनातिर रहेको मुचलिन्द् भन्ने वृक्ष अर्थात् कदम्बको रुखतिर जानु भयो। त्यस रुखको नजिक एक पोखरी पनि थियो[२]।

त्यस वृक्षनिर पुग्ने बित्तिकै एक सप्ताहसम्म आकाशमा बादलले ढाक्यो र अखण्डितरूपले वर्षाद् भयो[३]। यो समय गृष्मऋतुको अन्तिम महीना थियो[४]।

---

१. सम. पा. पृ. ७१७; पपं. सू. II. पृ. १५३; उदा. अ. क. पृ. ३६; अं. अ. क. I. पृ. ८३; अप. दा. अ. क. I. पृ. ६९; बु. वं. अ. क. पृ. २४१; जा. अ. क. I. पृ. ६४

२. सम. पा. पृ. ७१८; उदा. अ. क पृ. ६९

३. सम. पा. पृ. ७१८; पपं. सू. II. पृ. १५४; उदा. अ. क. पृ. ६९; बु. वं. अ. क. २४१; अप. दा. अ. क. I. पृ. ७०; जा. अ. क. I, पृ. ६६

४. उदा. अ. क. पृ. ६९

त्यस समय सोही पोखरीको एक नागराजाले भगवान्‌लाई वर्षाद्‌बाट बचाउने उद्देश्यले आफ्नो भोग (=शरीर) लाई सात फन्कामारी कोठा जत्रै स्थान बनाइ दिए[1]। यस सम्बन्धमा अरू कुराहरू तलको 'मुचलिन्द कथा' शीर्षकमा नै समुल्लेख भएका छन्।

यसरी एक सप्ताहभर वर्षाद्‌मा, नागराजाले आफ्नो भोग (=शरीर) द्वारा बनाइदिएको कोठा जत्रै ठाउँमा बस्नु भई, विमुक्ति सुख अनुभव गर्दै वहाँले छैटौं-सप्ताह मुचलिन्द वृक्षनिर बिताउनु भयो।

सातौं-सप्ताह—

त्यस पछि बोधिवृक्षबाट दक्षिणदिशातिर रहेको राजायतन भन्ने रुखनिर जानु भई त्यहाँ पनि वहाँले विमुक्तिसुखकै अनुभव गर्नु हुँदै एक-सप्ताह बिताउनु भयो[2]।

यसरी एक-सप्ताहभरी विमुक्तिसुखकै अनुभव गर्नु हुँदै वहाँले सातौं-सप्ताह राजायतन वृक्षमा बिताउनु भयो।

---

१. सम. पा. पृ. ७१८; पपं. सू. II. पृ. १५४; उदा. अ. क. पृ. ६९; बु. वं. अ. क. पृ. २४१; अप. दा. अ. क. I. पृ. ७०; जा. अ. क. I. पृ. ६६

२. सम. पा. पृ. ७१९; पपं. सू. II. पृ. १५४; जा. अ. क. I. पृ. ६६; बु. वं. अ. क. पृ. २४१; अप. दा. अ. क. I. पृ. ७१

यी सात-सप्ताहहरूलाई नै मूलसूत्रहरूले 'पठमाभिसम्बुद्धो' अर्थात् बुद्ध भगवान्, बुद्ध भइसक्नु भएपछि पहिलो पटक भनी भनेका हुन् ।

× × ×

सातौं-सप्ताहको आखिरी दिनको अरुणोदयमा अर्थात् आठौं-सप्ताह लाग्ने प्रथम दिनको अरुणोदय समयमा शक्रदेवेन्द्रले प्रदान गरेको हरितकी औषधी सेवन गर्नेबित्तिकै भगवान् बुद्धलाई दिशा-पिसाब भयो । यतिका दिनहरूसम्म वहाँले कुनै पनि शारीरिक-कृत्य गर्नु भएको थिएन[१] । अनि, त्यस पछि फेरि उनैले ल्याइदिएको दतिवन सेवन गरी, मुख धोई, सोही राजायतन वृक्षमै बसिरहनु भएको बेलामा तपुस्स र भल्लुक दुइ दाजुभाइ व्यापारीहरूले भगवान् लाई प्रथमवार मधुयुक्त सत्तुहरू प्रदानगरे[२] ।

---

१. बु, वं. अ. क. पृ. २४१: गोतमबुद्धवंसवण्णना; जा. अ. क. I. पृ. ६६: सन्तिकेनिदान; अप. दा. अ. क. I. पृ. ७१: निदान ।

२. सम. पा. पृ. ७१९; पपं. सू. II. पृ. १५४: पासरासिसुत्त-वण्णनामा यस सम्बन्धमा यसरी उल्लेख गरेको छ ।

"राजायतनतो अट्ठमे सत्ताहे सक्केनदेवानमिन्देन आभतं दन्तकट्ठञ्च,…खादित्वा मुखं धोवित्वा…" ।

बु. वं. अ. क. पृ. २४१: गोतमबुद्धवंसवण्णनाले "अथ सत्था सत्तसत्ताहमत्थके एकूनपञ्ञासतिमे दिवसे .. मुखं धोवित्वा तत्थेव राजायतनमूले निसीदि" भन्ने उल्लेख गरेको

बुद्धवंश र जातकअर्थकथाहरूले जुन उनन्चास दिनमा भन्ने कुरा उल्लेख गरेका छन् अथवा पपञ्चसूदनी र मनोरथपूरणीहरूले जुन आठौं-सप्ताहको प्रारम्भमा भन्ने कुरा उल्लेख गरेका छन्—यी सबै भनाइहरूलाई ध्यानमा राख्दा, तपुस्सभल्लुकहरूले सत्तुदान दिएको दिन, सातौं-सप्ताहको अन्तिम दिन अर्थात् आठौं-सप्ताहको प्रथमदिन हो भन्ने कुराको निष्कर्षमा पुग्नसकिन्छ।

तपुस्स र भल्लुकहरूले सत्तु प्रदान गरेको सम्बन्धमा अरू कुराहरू तलको 'राजायतन कथा' शीर्षकमा उल्लिखित मूलसूत्रद्वारा नै प्रष्ट बुझिनेछ।

राजायतन वृक्षमै घटेको घटना भएको हुँदा यस कुरालाई मैले आठौं-सप्ताहको शीर्षक अन्तर्गत नराखी 'सातौं-सप्ताह' शीर्षक अन्तर्गत राखेको छु।

छ। त्यस्तै जा. अ. क. I. पृ. ६६ र अप. दा. अ. क. I पृ. ७१ मा पनि। अं. नि. अ. क. I. पृ. २०७ तपुस्सभल्लुक-वण्णनाले—"...सत्तसत्ताहं बोधिमण्डे विहरित्वा अट्ठमे सत्ताहे राजायतनमूले निसीदि; तस्मिं समये ते वाणिजा।" भन्ने उल्लेख गरेको छ। सं. नि. अ. क. I. पृ. १५२: ब्रह्मयाचन सूत्रवर्ण-नाले—"बुद्धभूतस्स अट्ठमे सत्ताहे राजायतनमूले तपुस्स भल्लिकानं पिण्डपातं परिभुञ्जित्वा" भन्ने उल्लेख गरेको पाइन्छ।

आठौं-सप्ताह

उपरोक्ताकारले राजायतन वृक्षमा भोजन गरिसक्नु भएपछि वहाँ फेरि अजपाल न्यग्रोध वृक्षमनी जानु भयो।

अजपाल न्यग्रोध वृक्षमनी पुगेपछि त्यहीं ध्यानासनमा बसी, आफूले प्राप्त गरेका धर्महरूका गम्भीरता प्रति पुनः वहाँले प्रत्यवेक्षणा गर्नु भयो। जुन कुरा तलको 'ब्रह्मयाचना' शीर्षकमा उल्लिखित मूल-सुत्रले सबै कुराहरूलाई प्रष्ट गरेको छ।

सोही प्रत्यवेक्षणाको प्रतिक्र्या स्वरूप, वहाँको मनमा त्यसबेला— "अहो! यस्तो गम्भीरातिगम्भीर स्वभावका धर्महरूलाई, एकशय आठ[1] प्रकारका तृष्णाहरूका विषयहरूमा आलय गरी बस्ने यी जनताले—पृथ्वीले ढाकेको सर्स्यौंको गेडालाई देख्न गाहारो भए जस्तै, एउटा रौंलाई सात धर्सो चिरी त्यसको दुवै टुप्पोलाई गाँस्न गहारो भए जस्तै—यी हेतु-प्रत्यय-ज्ञानको गम्भीरतालाई कसरी बुझ्न सक्लान्!" भन्ने कल्पना उत्पन्न भएको हो[2]।

यसै गम्भीर धर्मको प्रत्यवेक्षणाको प्रभावद्वारानै वहाँको मनमा— "यस्तो गम्भीर धर्मलाई कसले बुझ्न सक्ला र! यो धर्मको उपदेश

---

१. पपं. सू. II. पृ. १४५: पासरासिसुत्तवण्णना; सं. नि. अ. क. I. पृ. १५३: ब्रह्मयाचनसुत्तवण्णना, ब्रह्मसंयुत्तं।

२. पपं. सू. II. पृ. १४७

कसलाई सुनाउने र !' भन्ने इत्यादि प्रभाव पनि पर्न गएको हो, नकि उपदेशनै गर्ने छैन भन्ने विचार गर्नु भएको हो ।

तल उल्लिखित 'ब्रह्मयाचना' भन्ने मूलसूत्र पढ्दा हाम्रा मनमा ठ्वाट्ट—धर्मोपदेश गर्नुबाट भगवान् बुद्ध निराश भएको जस्तो लागेता पनि, अलि गहिरिएर अध्ययन गरेको खण्डमा, वास्तवमा त्यस्तो रहेन छ भन्ने पनि लाग्न सक्ने कारणहरू छन् । त्यतिञ्जेलसम्म वहाँले कुनै प्रकारको निर्णय नै लिनु भएको देखिदैन । वहाँको मनमा भइरहेको तर्क-वितर्कको कुनै टुँगोलाग्नु अगाडिनै सहम्पति ब्रह्माले, वहाँको मनमा भइरहेको वितर्कनालाई थाहापाई, तुरन्तै बुद्धकहाँ गई यस्तो प्रार्थना गरिनै हाले—

"धर्मविबोध गर्नसक्ने प्राणीहरू पनि छन्, अतएव धर्मोपदेश गर्नुहोस् !"

यी कारणहरूद्वारा धर्मकै गम्भीरतालाई पुष्टयाँई भएको छ भनी अर्थकथाहरूले उल्लेख गरेका छन्[1] ।

भगवान्‌को मनमा त्यस्तो तर्कना हुनाको अरू पनि कारणहरू पेशगर्दै अर्थकथाहरूले निम्न कारणहरू उल्लेख गरेका छन्—

"त्यस बखतका मानिसहरू ब्रह्मगरुत छँदै थिए । अतः ब्रह्मा-

---

१. पपं. सू. II. पृ. १४७; सम. पा. पृ. ७२०; सं. नि. अ. क. I. पृ. १५४

द्वारा प्रार्थना गरिसके पछि धर्मोपदेश गरेमा मानिसहरूलाई विशेष प्रभाव पर्नसक्ने भएकोले र अतीतकालका बुद्धहरूसँग पनि ब्रह्माहरूले प्रथम धर्मोपदेश गर्ने प्रार्थना गरेका कुराहरू दीर्घनिकायको महापदान सूत्रमा[१] पनि समुल्लेख भएको हुँदा—स्वभावतः वहाँको मनमा त्यस्तो हुन गएको हो[२]।"

"अधिगतो खो म्यायं धम्मो गम्भीरो, दुद्दसो, दुरनुबोधो, सन्तो, पणीतो, अतक्कावचरो, निपुणो, पण्डित-वेदनीयो" अर्थात्— "मैले यो धर्मलाई अवबोध गरें, जो गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छ" भन्ने कुराहरू मूलसूत्रमा समुल्लेख भएको हुँदा—यी हेतु-प्रत्यय धर्महरूलाई साधारण जनताले बुझ्न गाहारो पर्ने र पण्डितहरूले मात्र बुझ्न सक्ने भएकोले पनि—केही क्षणकोलागि मात्र भए पनि—वहाँको मन स्वभावतः धर्मदेशना गर्नुबाट अनुत्सुक भएको जस्तो हुन गएको हो भन्ने कारणलाई—अर्थकथाहरूको समेत सहायता लिई—संयमपूर्वक तथा धैर्यताका साथ चिन्तन गरी, जिज्ञासुहरूले मूलसूत्रहरूका अर्थहरू बुझ्न सक्नुपर्छ।

कुनै महापुरुषको जीवनमा घटित अपूर्व घटनाहरू, सर्वसाधारण मानिसहरूका जीवनमा पनि घटित हुनसक्लान्, भनी भन्न सकिन्न। अतः बुद्धको जीवनलाई अध्ययन गरी त्यसबाट कुनै ज्ञान हासिल गर्न

१. दी. नि. II. पृ. ३०

२. प्पं. सू. II. पृ. १४७; सं. नि. अ. क. I. पृ. १५५; सम. पा. पृ. ७२०

चाहने जिज्ञासुहरूले "अमुक कुरा यस्तो भए अज राम्रो हुनेथियो वा त्यस्तो भए अज बढी राम्रो हुनेथियो" भनी व्यर्थको कल्पना गर्नु-भन्दा "बुद्धका जीवनमा यस्ता यस्ता असाधारण घटनाहरू पनि घटेका रहेछन्" भनी सरल दृष्टिद्वारा हेर्न सक्नुनै लाभदायक तथा कल्याणकर हुनसक्छ। बितिसकेका घटनाहरूमाथि "यस्तो भए हुन्थ्यो वा त्यस्तो भए हुन्थ्यो" भनी तर्कना गरेर के लाभ हुन सक्ला र। अतः मूलसूत्रहरू-का कुराहरू र गम्भीर धर्मका कारणहरू बुझ्न सक्नकोनिमित्त— "अर्थकुशल, धर्मकुशल, व्यञ्जनकुशल, निरुक्तिकुशल, तथा पूर्वापर-कुशल" गुणहरू हुनुपर्छ भनी अङ्गुत्तरनिकायको खिप्पनिसन्तिसुत्तमा[१] निर्देशन गरेको छ।

गौतम बुद्धका जीवनमा पनि सहम्पति ब्रह्माद्वारा वहाँसँग धर्मोपदेश गर्न हुन प्रार्थना गरेका जस्ता अपूर्व घटना, अजपाल न्यग्रोध वृक्षमनी – बुद्ध भइसक्नु भएपछि आठौं-सप्ताह भित्र घटेको हो भनी अर्थकथाहरूले उल्लेख गरेका छन्[२]। यस सम्बन्धमा स्वयं बुद्धले भन्नु भएका कुराहरू बुद्धवंसपालिले उल्लेख गरेको छ।

१, अं. नि-५. पृ. ४४७, अ. क. II. पृ. ६२९

२. पपं. सू. II. पृ. १४७; सम. पा. पृ. ७२०; बु. वं. अ. क. पृ. २४१; जा. अ. क. I. पृ. ६७; अप. दा. अ. क. I. पृ. ७१; सं. नि. अ. क. I. पृ. १५४; अं. अ. क. I. पु. ८३; धम्म. सं. अ.क. पृ ६०

१– "अहमेतरहि सम्बुद्धो, गोतमो साक्य वड्ढनो।
पधान पदहित्वान, पत्तोसम्बोधिमुत्तमं ॥

२– "ब्रम्हुना याचितो सन्तो, धम्मचक्कं पवत्तयिं।
अट्ठारसन्नं कोटीनं, पठमाभिसमयो अहु ॥"

अर्थ—

१– "शाक्यकुलमा संवर्धन भएर आएको म अहिले सम्यक्-सम्बुद्ध छु, गर्नु पर्ने प्रयत्नहरू गरी उत्तम सम्बोधिलाई मैले प्राप्तगरें।

२– "ब्रह्माको याचना अनुसार धर्मचक्र प्रवर्तन गरें, आठ कोटी ब्रह्माहरूले प्रथम धर्मविबोध गरे[१]।"

ब्रह्माको प्रार्थनालाई स्वीकार गरी, ब्रह्मालाई जनाउनु भएको सहमति अनुरूप वहाँले त्यसैबेला "कसलाई सर्वप्रथम धर्मोपदेश गरूँ र कसले यो धर्मलाई चाँडै बुझन सक्ला ?" भन्ने विचार गर्नुहुँदै क्रमशः "पञ्चवर्गीय भिक्षुहरूले नै सर्वप्रथम यो धर्मलाई बुझन सक्ने छन् र उनीहरूलाई नै प्रथम धर्मोपदेश गर्नेछु" भन्ने निश्चय गर्नु भयो। अनि, त्यसपछि वहाँले ध्यानद्वारा "उनीहरू कहाँ रहेछन् ?" भन्ने कुरा सोच्नुहुँदा "उनीहरू वाराणसीको ऋषिपतन मृगदावनमा छन्" भन्ने कुरा थाहा पाउनु भयो।

१, बु, वं, पा, पृ, ३७९: गोतमबुद्धवंसो, अ, क, पृ, २४२

अनि केही दिनसम्म बुद्धगयाकै आस-पासमा भिक्षाटन गर्नुभई[१] — क्रमशः वाराणशीस्थित ऋषिपतन जानकोनिम्ति पात्र-चीवर ग्रहण गरी वहाँ १८ योजनको लामो बाटो हिंड्नु भयो। यसै वेला गया र बुद्धगयाको तीन गाउत[२] बाटोको बीच[३] वहाँले उपक आजीबकलाई भेट्नु भएको थियो। जुन कुरा तल "पञ्चवर्गीय कथा" शीर्षकमा समुल्लेख भएको छ।

"कुन दिन वहाँ बुद्धगयाबाट ऋृषिपतनतिर जानुभयो त ?" भन्ने सम्बन्धमा—

समन्तपासादिकाले यस सम्बन्धमा कुनै कुरा उल्लेख गरेको छैन। पपञ्चसूदनी, सारत्थपकासिनी तथा मनोरथपूरणीहरूले यस सम्बन्धमा कुनै दिन किटान नगरी केवल "क्रमशः ऋषिपतनमा गई धर्मचक्र प्रवर्तन गर्नुभयो" भन्ने मात्र समुल्लेख गरेका छन्[२]।

जातक र अपदान दुइ अर्थकथाहरूले[३] भने—"आषाढ पूर्णिमाको दिन ऋषिपतन जानेछु भन्ने विचार गरी पक्षको चतुर्दशीको दिन बिहान सबेरै पात्र-चीवर ग्रहण गरी १८ योजन लामोबाटो लागी...

---

१. बु वं. अ. क. पृ. २४२; जा. अ. क. I पृ ६७; अप. दा. अ. क. I. पृ. ७२

२. पपं. सू. II. पृ. १५७; सार. प. I. पृ. १५८; मनो. र. पू. I. पृ. ८३

३. अप. दा. अ. क. I. पृ. ७२, II. पृ २५०; जा. अ. क. I. पृ. ६७

क्रमशः उसै दिनको संध्यासमयपख ऋषिपतनमा पुग्नुभयो" भन्ने कुरा उल्लेख गरेका छन्[१]।

बुद्धवंस अट्ठकथाले भने—"आषाढ पूर्णिमाको बिहान सबेरै[२] 'वाराणसी जानेछु' भन्ने विचार गरी १८ योजन लामोबाटो हिंडी...सोही दिनकै संध्यासमयपख ऋषिपतनमा पुग्नुभयो" भन्ने कुरा उल्लेख गरेको छ[३]। त्यस्तै गरी थेरगाथा अर्थकथाले[४] र अत्थसालिनीले[५] पनि आषाढ पूर्णिमाकै दिन भगवान् ऋषिपतनमा जानुभएको कुरा समुल्लेख गरेका छन्।

---

१. "तत्थगन्त्वा धम्मचक्कं पवत्तेस्सामीति कतिपाहं बोधिमण्ड-सामन्तायेव पिण्डायचरन्तो विहरित्वा आसल्हि पुण्णमासियं 'वाराणसिं गमिस्सामीति' चातुद्दसियं पच्चुस समये, पभातायरत्तिया, कालस्सेव पत्तचीवरमादाय अट्ठारस योजनमग्गं पटिपन्नो...तं दिवसंयेव सायण्हसमये इसिपतनं अगमासि।" जा. अ. क. I. पृ. ६७: सन्तिकेनिदानं।

२. बु. वं. अ. क. पृ. १६: निदानवण्णना।

३. "आसाल्ह पुण्णमाय बाराणसिं गमिस्सामीति पत्तचीवरमादाय ...तं दिवसंयेव सायण्हसमये इसिपतनं अगमासि।" बु. वं. अ. क. पृ २४२ गोतमबुद्धवंसवण्णना।

४. थेर. गा. अ. क. II. पृ. २: कोण्डञ्ञत्थेरगाथावण्णना।

५. अत्थ. सा. पृ. ६०: निदानकथावण्णना।

यसरी भगवान् बुद्ध, बुद्ध भइसक्नु भएपछि, आठौं सप्ताह अजपाल वृक्षमा विहार गर्नु भई, आठौं-सप्ताहको अन्तमा अर्थात् आषाढ पूर्णिमाको साँझपख ऋषिपतन मृगदावनमा आइपुग्नु-भयो।

× × ×

बुद्धसँग पूनर्मिलन

ऋषिपतन मृगदावनमा पुग्नु भएकै दिनको साँझतिर भगवान् बुद्धले कौडिन्य भिक्षु सहित पञ्चवर्गीय भिक्षुहरूलाई भेट्नु भयो। भगवान् बुद्धलाई देखेर पञ्चवर्गीय भिक्षुहरूले जुन रूपले व्यवहार गरे ती कुराहरू जम्मै तलको 'पञ्चवर्गीय कथा' शीर्षकमा उल्लिखित मूलसूत्रले नै प्रष्टरूपमा उल्लेख गरेको छ। अनि बुद्धले उनीहरूलाई जुन रूपले कुरा सुनाउनु भयो सो कुरा पनि उही सूत्रले नै प्रष्टगरी वताएको छ।

कौडिन्य भिक्षुले भगवान्को उपदेश सुन्ने इच्छा प्रकट गर्दा भगवान्ले उनीहरूलाई, पश्चिममा सूर्यास्त भइरहेको र पूर्वदिशाबाट आषाढ पूर्णिमाको चन्द्रोदय भइरहेको समयमा धर्मचक्रको उपदेश प्रारम्भ गर्नु भयो[1] र सूर्यास्त भइसकेपछि पनि सुनाउँदै हुनुहुन्थ्यो[2]।

---

१. सुत्त. नि. अ. क. पृ. १४९: हेमवतसुत्तवण्णना।

२. सं. नि. अ. क. III. पृ. २२७: धम्मचक्कसुत्तवण्णना।

आषाढ पूर्णिमाको रातमै सर्वप्रथम, कौडिन्य भिक्षुले भगवान्‌को धर्मलाई अवबोध गरे। त्यसबखत अठार (१८) कोटी ब्रह्माहरूले पनि कौडिन्य भिक्षुको साथसाथै धर्मावबोध गरे भन्ने कुरा पनि सबै अर्थकथाहरूले समुल्लेख गरेका छन्[१]। यस समागमलाई पठमाभिसमयो (=प्रथमाभिसमय) भनी भन्दछन्[२]। त्यसपछि कौडिन्य भिक्षुले भगवान्‌सँग प्रव्रज्या र उपसम्पदा मागे तथा भगवान्‌ले पनि "आऊ, भिक्षु! ब्रह्मचर्य (=श्रेष्ठ धर्म) पालन गर" भनी भन्नुभयो। यही वाक्यद्वारा नै कौडिन्य भिक्षुको उपसम्पदा भयो।

त्यसैबेलादेखि कौडिन्य भिक्षुको 'ज्ञात कौडिन्य' अर्थात् अवबोध गर्ने कौडिन्य भन्ने नाम रहन गएको हो। त्यसैले पालित्रिपिटक साहित्यले कौडिन्य भिक्षुलाई "ज्ञात कौडिन्य" (अञ्ञाकोण्डञ्ञो वा अञ्ञासि कोण्डञ्ञो) भनी उल्लेख गरेको हो।

यसरी कौडिन्य भिक्षु भगवान्‌कहाँ सर्वप्रथम प्रव्रजित र उपसम्पन्न हुनुभयो।

अरू कुराहरू जम्मै तलका 'धर्मचक्र प्रवर्तन' र 'अनात्म-पर्याय' शीर्षकमा उल्लेख भएका छन्।

---

१. अं. नि. अ. क. I. पृ. ८४; थेर. गा. अ. क. II. पृ. २; सं. नि. अ. क. III. पृ. २२८; म. नि. अ. क. II. पृ. १६०; सम. पा. पृ ७२१; बु वं. अ. क. पृ. २४२; अप. दा. अ. क. I. पृ. ७२; जा. अ. क. I. पृ. ६७

२. बु. वं. अ. क. पृ. २४२

आषाढ पूर्णिमाको साँझ धर्मचक्र प्रवर्तन सूत्रका उपदेश सुनी पक्षको (कृष्णपक्षको) पञ्चमी[1]को दिनमा अनात्मलक्षणको उपदेश सुनी कौडिन्य भिक्षु सहित पञ्चवर्गीय भिक्षुहरू सबैले अरहत्व साक्षात्कार गरे ।

× × ×

एकान्तप्रेमी—कौडिन्य

ऋषिपतन मृगदावनमा भगवान्को श्रीमुखबाट अनात्मलक्षणका उपदेश सुनिसकेपछि कौडिन्य स्थविरले अरहत्व प्राप्तिका साथसाथै चतुप्रतिसम्भिदादि षडभिज्ञ-ज्ञानहरू पनि प्राप्त गर्नु भयो[2] ।

अनि एकदिन, आफूले प्राप्त गरेको विशिष्ट ज्ञानद्वारा उत्पन्न प्रीति-सौमनस्ययुक्त एकान्त ध्यानमा बसिरहनु भएको बेलामा वहाँको मनमा—"अहो ! परापूर्वकालमा मैले के गरेर आएको रहेछु र आज मैले भगवान् बुद्धको यस्तो अपूर्व धर्मलाई सबैभन्दा पहिले साक्षात्कार गर्न सकें !!" भन्ने कल्पना उठेपछि वहाँले पूर्वानुस्मृति-

---

१. सं. नि. अ. क. II. पृ. २०३; सम. पा. पृ. ७२१; म. नि. अ. क. II. पृ. १६०; अं. नि. अ. क. I. पृ. ८४; थेर. गा. अ. क. II. पृ. २; जा. अ. क I. पृ. ६८; अप. दा. क. I. पृ. ७२, २५०.

२. अप. दा. पा. I. पृ. ५९: अञ्ञासिकोण्डञ्ञत्थेरअपदानं ।

ज्ञानद्वारा परापूर्वकालमा आफूले गरी आएको कर्मलाई अनुस्मरण गर्दा, त्यसबाट उत्पन्न सौमनस्यतालाई उदानको रूपमा प्रकट गर्नु भएका कुराहरू तलको "ज्ञातकौडिन्य-अपदान" शीर्षकमा उल्लिखित मूलपालिले राम्ररी प्रकाश गरेको छ ।

वहाँ कति एकान्तप्रेमी हुनुहुँदो रहेछ भन्ने कुरा एक दिन, वहाँ श्रावस्तीस्थित जेतवनाराममा, भगवान्‌को नजिकमै ध्यानमा तल्लीन भई बसिरहनुभएको देखेर भगवान् बुद्धले वहाँको प्रशंसा गर्नु हुँदै उदान प्रकट गर्नु भएको कारणद्वारा नै प्रष्ट बुझन सकिन्छ । जुन कुरा तल "निर्वाण सुख" शीर्षकमा उल्लिखित मूल सूत्रले उल्लेख गरेकै छ । बुद्धगयामा, बुद्धले स्वयं प्राप्त गर्नु भएको चतुरार्यसत्य-ज्ञानलाई, आफूले पनि बुद्धकै अनुगमन गरी सो ज्ञानलाई साक्षात्कार गरी वहाँले आफूलाई 'अनुबुद्ध' तुल्याउनु भएको छ । वङ्गीस महास्थविरले पनि वहाँलाई 'बुद्धानुबुद्ध' भन्दै प्रशंसा गर्नु भएको छ । जुन कुरा तलको "कौडिन्य प्रशंसा" शीर्षकमा समुल्लेख भएको छ ।

बुद्धको दर्शनार्थ आउने मानिसहरू—"सर्वप्रथम बुद्धधर्मलाई साक्षात्कार गर्नु भएका कौडिन्य स्थविर कहाँ हुनुहुन्छ ?" भन्दै वहाँको पनि दर्शनार्थ आउँदथे । "प्रथम धर्मावबोध गर्नु भएका र बुद्धका प्रथम शिष्य हुनु भएका" भन्ने कारणहरूले गर्दा, भगवान् बुद्धका युगल अग्रश्रावकहरू जस्ताले पनि वहाँको ठूलो सम्मान तथा गौरव-भक्ति राख्दथे ।

भिक्षाटन जाने वेलामा पनि वहाँलाई प्रमुख स्थानमा राखी अर्थात् अगाडि राखी अरू भिक्षुहरू वहाँको पछि पछि लाग्दथे ।

धर्मसभामा मानिसहरूले प्रमुख बुद्धासनको दाहिनेपट्टि प्रथम अग्रश्रावक सारिपुत्र स्थविरकोनिम्ति र देब्रेपट्टि द्वितीय अग्रश्रावक महामौद्गल्यायन स्थविरकोनिम्ति आसनहरू बिच्छ्याइराखेका हुन्थे। त्यसको पछाडिपट्टि ज्ञातकौडिन्य स्थविरकोनिम्ति आसन बिच्छ्याइराखेको हुन्थ्यो। सबै भिक्षुहरू ज्ञातकौडिन्य स्थविरलाई घेरा लगाई बस्दथे। ज्ञातकौडिन्य स्थविरलाई पछाडिपट्टि पारी बस्नुपर्दा दुइ अग्रश्रावकहरूलाई असजिलो लाग्दथ्यो। सर्वप्रथम धर्मावबोध गरी बुद्धका प्रथम शिष्य हुनुभएका ज्ञातकौडिन्य स्थविरलाई पछाडिपारी बस्नुपर्दा वहाँहरूलाई लज्जा र भय पनि हुन्थ्यो। असजिलोपन लिई आसनमा बसिरहनु भएका दुइ अग्रश्रावकहरूलाई देखेर ज्ञातकौडिन्य स्थविरको मनमा पनि—"अहो, मेरो कारणले गर्दा यी आयुष्मान् अग्रश्रावकहरूलाई असजिलो लागिरहेछ" भन्ने लाग्थ्यो। यी सबै प्रपञ्चहरूबाट वहाँ दिलैदेखि टाढा रहन चाहनुहुन्थ्यो। वहाँले यी सबै सामाजिक प्रपञ्चहरूलाई बन्धनसमान ठान्नुहुन्थ्यो। वहाँकोनिम्ति यस्ता सामाजिक कारणहरू अतिप्रपञ्चमय हुन्थ्यो र केवल एकान्त निर्जनस्थानमा बसी आफूले पाएको विमुक्तिसुख मात्रै अनुभव गरी वहाँ दिन बिताउन चाहनुहुन्थ्यो[१]।

केही घटनाहरू

यस्तै यस्ता कारणहरूबाट आफू धर्मसंवेदी भई बसिरहनु भएको

१. सं. नि. अ. क. I. पृ. २१६: कोण्डञ्ञसुत्तवण्णना।

बेलामा एक दिन, केही पृथग्जन मानिसहरूले मिथ्यासंकल्प गरिरहेको देख्दा "अहो ! यो संसार कस्तो रहेछ !" भन्ने आफ्नो मनमा परेको प्रभावको प्रतिकृया स्वरूप धर्मसंवेग (=विरक्त स्वभाव) जनाउनु हुँदै वहाँले प्रकट गर्नु भएका गाथाहरू तलको "ज्ञातकौडिन्यको गाथाहरू" शीर्षकमा उल्लिखित मूल पालिले गाथा नं. २ र ३ मा प्रकाश गरेको छ[१] ।

अर्को एक दिन, आफू सँगसँगै बस्ने एक भिक्षु अल्छी भई वीर्य नगरी, चञ्चल चित्त लिई बसिरहेको देखी, उनकहाँ गई, उनलाई वहाँले मैत्रीपूर्वक—"आवुसो ! यसरी अल्छी गरी बस्नुहुन्न, हीनवीर्य भई बस्नुहुन्न तथा चञ्चल चित्त लिई बस्दा आफ्नो हानी हुन्छ । अतः कल्याणमित्रहरूका सत्संगत गरी, वीर्यवान् भई तथा चित्त दमनगरी श्रमण-धर्म पालन गर्न सक्नुपर्छ" भनी अर्ति दिनुभयो । तर ती भिक्षुले वहाँको त्यो अर्ति–उपदेशलाई कत्तिपनि वास्ता राखेनन् । यस कारण-द्वारा पनि वहाँको मनमा धर्मसंवेदना अनुभव भएको थियो र जसको प्रतिकृया स्वरूप वहाँले तलकै उपरोक्त शीर्षकमा उल्लिखित मूलपालिको गाथा. नं. ९ देखिका गाथाहरू प्रकट गर्नु भएको हो ।

सोही अज्ञानी भिक्षुको कारणले गर्दा वहाँको मनमा "यस्ताहरूको साथमा के बस्ने !" भन्ने लागेपछि बिल्कुलै एकान्त निर्जनस्थानमा बस्ने इच्छागर्नु हुँदै वहाँ छद्दन्त वनको मन्दाकिनी

---

२. थेर. गा. अ.क. II. पृ. ४.

पुष्करिणीको तीरमा[1] जानु भएको हो भन्ने कुरा पनि थेरगाथा अर्थकथामै समुल्लेख भएको पाइन्छ[2] ।

यसरी जानुभन्दा अगाडि आयुष्मान् ज्ञातकौडिन्य कपिलवस्तुस्थित द्रोण ब्राह्मण गाउँमा जानुभई, आफ्नो भान्जा मन्त्राणी (मन्तानि) भन्ने आफ्नी बहिनीको छोरा—पूर्ण माणव[3] "बुद्धको शासनमा श्रेष्ठ धर्मकथिक हुन सक्नेछ" भन्ने कारण थाहा पाउनुभई, उनलाई प्रव्रजित गराई पुनः राजगृहमा गई भगवान्सँग—"भन्ते ! मलाई गाउँ र शहरहरूमा बस्न मन लाग्दैन, कहीं एकान्त निर्जनस्थानमै एक्लै बस्न मन लाग्छ" भनी बिन्ती गरी भगवान्को स्वीकृति लिई,

---

१. सं. नि. अ. क. I. पृ. २१६; तर अं. नि. अ. क. I. पृ ८४, ११५; थेर. गा. अ. क. II. पृ. ७ र अप. दा. अ. क. II. पृ. २५२ मा केवल 'छद्दन्तदह' भनी उल्लेख भएका छन् ।

२. थेर. गा. अ. क. II. पृ. ७

३. पछि गएर यिनी 'पूर्णमन्त्राणीपुत्र' भन्ने नामले प्रसिद्ध भिक्षु भए । यिनकै उपदेश सुनी आनन्द स्थविर स्रोतापन्न हुनु भएको हो । थेर. गा. अ. क. II. पृ. १२४ पूर्णमन्त्राणीपुत्र भिक्षुको ख्याति सुनी सारिपुत्र महास्थविर पनि वहाँसँग भेट्गर्न लालायित हुनु भएको कुराहरू म. नि. I. पृ. १५३: रथविनीतसुत्तं र त्यसको अर्थकथा पृ. १२४ मा पनि समुल्लेख भएको पाइन्छ ।

विहारका शयनासनहरू राम्रोसँग राखी, पात्र-चीवर ग्रहण गरी[१] छद्दन्त वनमा जानु भयो[२]।

कौडिन्य स्थविर १२ वर्षसम्म एक्लै सोही वनमै परिनिर्वाण नहुञ्जेलसम्म बसिरहनु भयो[३]।

मन्दाकिनी पुष्करिणीको तीरमा बासगरीरहनुभएको बेलामा, एक दिन, वहाँकहाँ शक्रदेवेन्द्र धर्मोपदेश सुन्न आएका थिए। अनि वहाँले उनलाई चारसत्य, त्रिलक्षण तथा अनेक शून्यतायुक्त, वैराग्य-रसास्वादले भरिएको मधुर धर्मका कुराहरू सुनाउनु भयो। जुन कुराहरू सुनी शक्रदेवेन्द्र अत्यन्त प्रसन्न भई– "भन्ते ! हुनत मैले समय समयमा भगवान्‌कहाँ गई अमृतोपदेश नसुनेको होइन तर आज तपाइका यी धर्मोपदेश सुनेर म अत्यन्त प्रसन्न छु" भन्दै प्रकट गरेका उदान-गाथालाई पछि वहाँले पनि सुनाउनु भएको थियो। जुन तलका "ज्ञातकौडिन्य–गाथा" शीर्षकमा उल्लिखित पहिलो गाथा हो भनी अर्थकथाले उल्लेख गरेको छ[४]।

---

१. सं. नि. अ. क. I. पृ. २१६: कोण्डञ्ञसुत्तवण्णना।

२. अं. नि. अ. क. I. पृ. ८४, ११५; थेर. गा. अ क. I. पृ. ३७; बु वं अ. क. पृ. ४३

३. सं. नि. अ. क. I. पृ २१८; थेर. गा. अ. क. II. पृ. ७; अप. दा. अ. क. II. पृ. २५२; अं. नि. अ. क. I. पृ. ८४

४. थेर. गा. अ. क. II. पृ. ३

छद्दन्त वनको रमणीयता

कसरी वहाँले छद्दन्त वनमा जीवन बिताउनु भयो ? छद्दन्त बन भनेको कस्तो छ ? तथा त्यस वनको मन्दाकिनी पुष्करिणी कस्तो छ ? भन्ने प्राकृतिक सौन्दर्यको बारेमा विस्तृत वर्णन गर्दै संयुत्त अट्ठकथाले उल्लेख गरेको छ[1] । जसमध्ये केही कुरा यहाँ उल्लेख गरेको छु ।

"मन्दाकिनी पुष्करिणी पचास (५०) योजन जतिको हुन्छ। पच्चीस (२५) योजन जतिको स्थानमा कुनै झार-पातहरू देखिन्नन्; केवल स्फटिक वर्णको स्वच्छ निर्मल जलाशय देखिन्छ । कम्मरसम्म पानी भएको आधायोजन चौडाइमा श्वेत कमलहरूद्वारा सुशोभित गरी पचास (५०) योजनको पुष्करिणीलाई घेरिएको हुन्छ। अनि त्यत्तिकै प्रमाणले रातो-कमल, रातो-कुमुद, चन्द्रोदयको समयमा पुष्पित हुने श्वेत-कुमुदहरू आदि अनेक रंगी-विरंगी पद्मपुष्पहरूले सुशोभित पारी घेरिएको हुन्छ।

"लौका-कुष्माण्डादि अनेक रसास्वादयुक्त लहरे-फलहरूले सुशोभित भएको हुन्छ। आधा योजन जति भूमिभागमा—सुपारीको बोट जत्रै—उखूहरू, केराका बोटहरू, जुन केराको दुइकोसा मात्र खाँदा पनि अघाइन्छ, कटहरका रुखहरू, आँपका रुखहरू, जमुनाका रुखहरू

---

१. सं. नि. अ. क I. पृ. २१७: कोण्डञ्ञसुत्तवण्णना ।

अनि कपित्थ फलका रुखहरू पनि भरि भराउ भएका हुन्छन्। मानो यो चाहिं फल-फूल छैन भन्न नपर्ने गरी—अनेक फल-फूलहरूका रुखहरू परिपूर्ण हुन्छन्। सूर्यको तापद्वारा पाकेका अनेक प्रकारका पुष्करमधु चूर्णहरू पनि जति भने पनि पाइन्छन्।"

हात्तीहरूद्वारा सेवा-टहल

संयुत्त अट्ठकथाकै अनुसार— " कौडिन्य स्थविर छद्दन्त बनमा आइपुग्नु भएपछि, पहिले पहिले प्रत्येक बुद्धहरूलाई सेवा-शुश्रूषा गरी परिचित भएका आठ हजार जति त्यहाँका हात्तीहरूले—खुट्टाले भूमिभाग सफापारी मैदान बनाई—चंक्रमण स्थान बनाइदिए। त्यस्तैगरी रुखका हाँगा-बिगाहरूद्वारा स्थविरकोनिम्ति बस्ने ठाउँ पनि बनाइदिए र वहाँको उपस्थान पनि गर्न थाले। अनि सबै भेलाभई तिनीहरूले यस्तो सल्लाह गरे—

'यदि हामीहरू सबैका सबै एकै साथ आई वहाँको हेर-विचार गर्न थाल्यौं भने, धेरै ज्ञातिबन्धुहरू भएका गाउँ घरमा आएको जस्तो लागी, प्रपञ्च मानी, वहाँ यस स्थानबाट पनि तुरन्तै अन्त जानसक्नु हुनेछ। अतः हामीहरूमध्ये एक एक ओटाको पालो गरी वहाँको हेर विचार गर्नु पर्छ र यस कार्यमा अरूहरूले पनि अप्रमत्त भई सहयोग पुऱ्याउनु पर्छ।'

"यति सल्लाहगरी तिनीहरूले पालो छुट्याए। पालोमा परेको हात्तीले वहाँको हेरचाह गर्दथ्यो। खान-पानको लागि कहिले-काहीं

अरू फलफूलको अलावा पुष्करमधुचूर्णहरू र उखूको रस पनि निकाली अर्पित गर्दथ्यो ।

" कैलाश पर्वतमा[1] नागदत्त भन्ने एक देवपुत्र बस्दथे । कहिले-काहीं वहाँ त्यस पर्वतमा पनि जानु हुन्थ्यो । सो देवपुत्रले पनि वहाँको पात्रभरी पुष्करमधुचूर्ण युक्त निरोदक पायस राखिदिन्थे[2] ।

"यसरी ज्ञातकौडिन्य स्थविर, मन्दाकिनी पुष्करिणीको तीरमा प्राकृतिक सौन्दर्यको काखमा बसी, हात्तीहरूको रेख-देखमा जीवनयापन गर्दै विमुक्तिसुखको अनुभव गर्नु हुँदै दिन बिताउनु भएको थियो ।"

अग्रपद

भगवान् जेतवन विहारमा बसिरहनु भएको बेलामा, एक दिन, वहाँले धेरै भिक्षुहरूलाई उपदेश गर्दै हुनुहुन्थ्यो । त्यसै बेला वहाँले "मेरा श्रावक भिक्षुहरूमध्ये सबभन्दा पहिले धर्मावबोध गर्ने र मेरा श्रावक भिक्षुहरूमध्येमा सबभन्दा धेरै रात बिताउने भिक्षु ज्ञातकौडिन्य नै हुन्" भन्नु हुँदै सबभन्दा पहिलो भिक्षु शिष्य र सबभन्दा पहिले स्रोतापन्न मार्गलाई साक्षात्कार गरेको कारणले ज्ञातकौडिन्य स्थविर-

---

१. 'बुद्धकालीन भारतीय भूगोल' मा भरतसिंह उपाध्यायले सबभन्दा अग्लो हिमाललाई 'कैलाश' भन्ने चलन छ भनी उल्लेख गरेका छन् । पृ. १४२

२. सं. नि. अ. क. I. पृ. २१७

लाई नै "रात्रज्ञ" को अग्रस्थानमा राख्ने औपचारिक घोषणा गर्नु-भयो[१]। जुन कुरालाई तलका "अग्रस्थान" शीर्षकमा उल्लिखित मूलसूत्रले प्रष्टसँग बताएकै छ।

भगवान्सँग अन्तिम भेट्

बाह्र वर्षसम्म छद्दन्त वनमै बस्नु भइसके पछि एक दिन, ध्यानमा बसिरहनु भएको बेलामा वहाँको मनमा "मेरो आयु संस्कार कति बाँकी रहेछ ?" भन्ने कल्पना उठेपछि वहाँले ध्यानद्वारा आफ्नो आयुसंस्कार सिद्धिसकेको देख्नु भयो। त्यसपछि "त्यसो भए कहाँ परिनिर्वाण हुन पर्ला त ?" भनी विचार गर्दा "बाह्र वर्षसम्म यी हात्तीहरूले मेरो कठोर सेवा गरे, अतः भगवान्को वचन प्राप्तगरी यिनीहरूकै बीचमा परिनिर्वाण हुनु बेश हुनेछ" भन्ने निश्चय गरी, उतनाघरी कौडिन्य स्थविर आकाशमार्गद्वारा भगवान् बसिरहनु भएको राजगृहस्थित वेणुवनाराममा जानुभयो।

त्यसैले तलको "कौडिन्य महास्थविरको प्रशंसा" शीर्षकमा उल्लिखित मूल सूत्रमा— "अनि आयुष्मान् ज्ञातकौडिन्य धेरै समय पछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो" भन्ने कुरा उल्लेख भएको हो।

जब वहाँ, वेणुवनाराममा भगवान्को अगाडि पुग्नु भयो तब वहाँले विशाल सङ्घसभाको बीचमा आफ्नो नाम सुनाउँदै भगवान्को

१. अं. नि. अ. क. I. प. ८४

चरणकमलमा ढोग्नु भयो । जुन कुरा तल मूल सूत्रमै समुल्लेख भएको पाइन्छ ।

किन वहाँले आपनो नाम सुनाउनु भएको होला भन्ने प्रश्न सम्बन्धमा संयुक्तअर्थकथाले[1] यसरी प्रष्टिकरण दिई उल्लेख गरेकोछ—

"धेरै वर्षदेखि एकान्त जङ्गलमा बसिरहनु भएको हुँदा, वहाँलाई देखेर चिन्नसक्ने पनि, चिन्ननसक्ने पनि भिक्षु भिक्षुणीहरू तथा उपासक उपासिकाहरू हुन सक्छन् । नाम नसुनाई भगवान्लाई ढोगी, भगवान्सँग कुराकानी गरिरहेको देखेर शायद वहाँलाई नचिन्नेहरूले— "यी फूलेको कपाल भएका, कुप्रो परेका यी बूढा भिक्षु को रहेछन्, जो कि भगवान्को नगिचमै बसी भगवान्सँगै कुरागर्छन् ?" भन्ने जस्ता कुरा मनमा चिताई अप्रसन्न पनि हुन सक्छन् । जसले गर्दा उनीहरूकानिम्ति हानी हुन सक्छ । जसले वहाँलाई चिन्दछन् उनीहरू त वहाँलाई देख्ने वित्तिकै—नाम सुने पनि नसुने पनि— "अहो ! दशसहश्र लोकमा तथागत शास्ता जस्तै प्रख्यात हुनु भएका महास्थविरको आज फेरि दर्शन गर्न पायौं" भन्दै प्रसन्नै हुन सक्छन् । जुन कारणद्वारा उनीहरूकानिम्ति हितनै हुनसक्छ । अतः अकुशल हुनसक्नेलाई बचाउन र कुशल हुन सक्नेलाई झन् प्रफुल्लितपार्न दुवै पक्षको हितचिन्तन गर्नुभई वहाँले आपनो नाम सुनाउनु भएको हो ।"

---

१. सं. नि. अ. क. I. पृ. २१८

तल उल्लिखित उक्त सूत्रका कुराहरू राम्रोसँग बुझनकोनिम्ति निम्न कुराहरू पनि मनन गर्नु योग्य हुनेछ ।

उपरोक्ताकारले बुद्धलाई वन्दना गरेको देखेर, त्यस सभामा बसिरहनु भएका आयुष्मान् वङ्गीसको मनमा वहाँको स्तुति गर्ने इच्छा भई, बुद्धको पनि अनुमति लिई, वहाँले ज्ञातकौडिन्य स्थविरका गुणहरू संक्षेप रूपमा प्रकाश गर्नु भयो । त्यसपछि एक छेउमा बस्नु-भएका कौडिन्य स्थविरले बुद्धसँग कुशल क्षेम कुरा गर्नुभयो । यसै सिलसिलामा वहाँले बुद्धलाई आफ्नो आयुसंस्कार क्षीण भइसकेको कारण पनि जनाउनुभयो र बुद्धसँग परिनिर्वाण हुने अनुमति पनि माग्नुभयो ।

अनि भगवान्ले वहाँसँग "त्यसोभए कहाँ परिनिर्वाण हुन्छौ त ?" भनी सोध्नु भएको प्रश्नको उत्तरमा वहाँले "भन्ते ! उपस्थाक हात्तीहरूले बाह्र वर्षसम्म कठोरपूर्वक मेरो हेरचाह गरे, अतः म उनीहरूकै बीचमा परिनिर्वाण हुन चाहन्छु" भनी बिन्ति गर्नुभयो र भगवान्ले पनि यस कुरालाई अनुमोदन गर्नुभयो ।

"भन्ते ! त्यो मेरो पहिलो दर्शन थियो, अब यो मेरो अन्तिम दर्शन हो" भन्दै दशबल शास्ताको चरणकमलमा शीरले ढोगी, प्रदक्षिणा गरी कौडिन्य स्थविर बाहिर निस्कनु हुँदा, धेरै मानिसहरू रोइ-रहेका देखेर, दैलोमा उभिई ती जनसमूहलाई "शोक नगर्नुहोस् ! विलाप नगर्नुहोस् ! चाहे बुद्ध होस्, चाहे बुद्ध श्रावक होस्, उत्पन्न भएका संस्कारहरू सबै भेद-भिन्न हुन्न भनी भन्न सकिँदैन; सबै संस्कार-

हरू अनित्यनै हुन्" भनी सम्झाउ हुँदै, सबैले हेर्दाहेर्दै आकाशमार्ग-द्वारा मन्दाकिनी पुष्करिणीको तीरमै फर्की, शीतल पुष्करिणीमा नुहाई, अन्तरवासक र उत्तरासङ्ग पहिरी, पर्णकुटीमा गई त्यहाँको शयनासनहरू यथास्थानमा राम्ररी राखी, रातको तेश्रो प्रहरसम्म फलसमापत्ति ध्यानमै तल्लीन भई, बिहानको भोर हुँदाहुँदै वहाँ परिनिर्वाण हुनुभयो[१] ।

अन्तिम-सत्कार

संयुक्तनिकाय अर्थकथाले अगाडि यस्तो उल्लेख गरेको छ —

"महास्थविर परिनिर्वाण भएको थाहा नपाई पालोमा परेको हात्ती बिहान सबेरै आई दतिवन तथा मुखधुने पानी आदि राखनपर्ने ठाउँमा राखी, खादनीय फल-फूलहरू पनि ल्याई, चंक्रमण स्थानको एक पुछारमा उभिई रह्यो । सूर्योदय भइसकेर पनि महास्थविर पर्ण-कुटीबाट बाहिर ननिस्केको देखी "के भएको रहेछ; अघि अघि त वहाँ बिहान सबेरै कुटीबाट निस्कनुभई मुख-सुख धोई चंक्रमण-स्थानमा टहलिरहनु हुन्थ्यो । आज त वहाँ यतिञ्जेलसम्म पनि कुटीबाट बाहिर निस्कनु भएको छैन !" भन्दै पर्णकुटीको दैलो उघारी हेर्दा वहाँलाई समाधिमै तल्लीन देखी, आफ्नो सूँढले वहाँको आँङभरी सुमसुमाइ हेर्दा श्वास-प्रश्वास नरहेको बुझी "अहो ! वहाँ त परिनिर्वाण भइसक्नु

---

१. सं. नि. अ. क. I. पृ. २१८; अं. नि. अ. क. I. पृ. ८४; थेर. गा. अ. क. II. पृ. ७; अप. दा. अ. क. II. पृ. २५२

भए छ !" भन्ने बुझी मुखभित्र सूढ पसाली बेसकरी रुँदै कराउन थाल्यो । हात्तीको आवाजद्वारा पहाड तथा जङ्गलहरू थर्किन थाले । अनि आठहजार हात्तीहरू सबै भेलाभई महास्थविरलाई सबभन्दा जेठो हात्तीको काँधमा राखी, सुपुष्पित वृक्षका शाखाहरू लिई, सबैले परिवृत्तगरी समस्त हिमालहरू घुमाई पुनः आफ्नै ठाउँमा फर्केर आए ।

"यो कुरा शक्रदेवेन्द्रले थाहा पाई वहाँको अन्तिम सत्कार गर्न अनेक देवताहरूकासाथ आई मणिमय रथमा महास्थविरलाई राखी, सबै देवमण्डलहरूका साथमा तीनहजार योजन[१] भएको हिमखण्ड घुमाई ब्रह्मलोकसम्म पनि पुऱ्याई पुनः हात्तीहरूलाई नै रथ सुम्पिदिए" भन्ने कुरा पनि उहींनै उल्लेख भएको पाइन्छ । सबै देवताहरूले चार चार अङ्गुल जत्रै चन्दनका टुक्राहरू ल्याई बनाइएका विशाल तथा भव्यचितामा रथसमेत राखे ।

पाँचशय भिक्षुहरू पनि आकाशमार्गद्वारा त्यहाँ आइपुगे । उनीहरूले रातभरी सज्झायना (=स्वाध्यायन) गरे । अनुरुद्ध महास्थविरले उपस्थित देवगणहरूलाई धर्मोपदेश सुनाउनुभयो । धेरै देवताहरूले धर्माविबोध पनि गरे । अनि अर्को दिनको अरुणोदयको समयमा चिता निभाई, सुमनमकुलवर्ण जस्तो अस्थिधातु पानीको छान्नीभरी राखी, वेणुवनाराममा फर्की, भगवान् कोठाबाट बाहिर निस्कनु भएको वेलामा अस्थिधातु भएको पानीको छान्नी वहाँको हातमा

१. सं. नि. अ. क. I. पृ. २१९

दिनु भयो। भगवान्‌ले सो अस्थिधातु भएको पानीको छात्री लिनु भई पृथ्वीतिर हात पसार्दा पृथ्वीबाट बुब्बुलाकारको स्तूप निस्क्यो र सोही स्तूपमै वहाँले अस्थिधातु निधान गर्नु भयो[१]।

अर्थकथाचार्य बुद्धघोष महास्थविरले उल्लेख गर्नु भएको छ कि सो स्तूप वहाँको पालासम्म मौजुदनै थियो[१]।

× × ×

बुद्धका प्रथमशिष्य र अन्तिमशिष्य

भगवान्‌को धर्मलाई सर्वप्रथम अवबोध गर्ने ज्ञातकौडिन्य महास्थविर बुद्धको प्रथमशिष्य हुनु भए जस्तै भगवान्‌का अन्तिम उपदेश-धर्मलाई अवबोध गर्ने सुभद्र परिव्राजक बुद्धको अन्तिमशिष्य हुनु भयो[२]।

यी दुवै पुरुषहरू विपश्वी[३] बुद्ध भगवान्‌को पालामा

---

१. सं. नि. अ. क. I. पृ. २१९

२. दी. नि. II. पृ. ११५-१८: महापरिनिब्बानसुत्तं, अ. क. I. पृ. ४११

३. गौतम बुद्धभन्दा अघि अघि हुनु भएका बुद्धहरू मध्येका एक्काइसौं बुद्ध। बु. वं. पा. पृ. ३६३

सहोदर दाजुभाइ थिए। त्यस बखत खेतको धानकाटी बुद्धलाई दान दिने कुरामा यी दुइ दाजुभाइहरूका बीच मत भिन्नता भएको थियो र दाजु हुने महाकाल उपासकले आफ्नो भाग खेत छुट्याई त्यसबाट नौपटकसम्म विपश्वी बुद्धलाई अग्रदान दिए। यसै कुशल पुण्यकार्यको संस्कारले गर्दा उनी हाल गौतम बुद्धको पालामा कौडिन्य भई भगवान् बुद्धको प्रथमशिष्य भएका हुन् भनी अर्थकथाहरूले उल्लेख गरेका छन्।

पछि, भाइ हुने चुल्लकालले पनि आफ्नो भाग खेतबाट विपश्वी बुद्धलाई दान दिए। यसैको कुशलपुण्यकार्यको संस्कारले गर्दा उनी हाल गौतम बुद्धको पालामा सुभद्र परिव्राजक भई महापरिनिर्वाण हुने समयमा भगवान् बुद्धकहाँ गई वहाँको उपदेश-धर्मलाई अवबोध गरी वहाँको अन्तिमशिष्य भएका हुन् भनी अर्थकथाहरूले उल्लेख गरेका छन्[१]।

× × ×

१. दी. नि. अ. क. I. पृ. ४११-१४: महापरिनिब्बानसुत्तवण्णना; अं. नि. अ. क. I. पृ. ८१: कोण्डञ्ञत्थेर, एककनिपातवण्णना; धम्म. प. अ. क. पृ. ५१३: सुभद्दपरिब्बाजकस्सवत्थु, वर्ग-१८

मूल पालि—

१–बोधिकथा

त्यस समय बुद्ध भगवान्—बुद्ध भइसक्नु भएपछि पहिलो पटक (पठमाभिसम्बुद्धो[1])—उरुवेल[2]स्थित नेरञ्जरा नदीको तीरमा,

१. 'पठमाभिसम्बुद्धो' ति पठमं अभिसम्बुद्धो; अभिसम्बुद्धो हुत्वा सब्ब पठमं येवाति अत्थो। अर्थात्—प्रथमाभिसम्बुद्ध भनेको अर्थ बुद्ध हुनु भएको पहिलो पटक। सम. पा. पृ. ७१४; उदा. अ. क. पृ. १९; सं. नि. अ. क. III. पृ. ११५: पठमविहारसुत्तको अर्थवर्णनामा अज प्रष्टरूपले यस्तो उल्लेख भएको छ—"पठमाभिसम्बुद्धोति अभिसम्बुद्धो हुत्वा पठमंयेव एकूनपञ्ञास दिवसब्भन्तरे" अर्थात् -अभिसम्बुद्ध भएको उनन्चास दिन भित्र।

२. पालि (मागधी) भाषानुसार 'उरुवेल' शब्दको अर्थ बालुवाको महारास हो। समन्तपासादिका र पपञ्चसूदनीमा यसको अर्थोत्पत्तिको बारेमा निम्न कुरा उल्लेख भएको छ—

अतीत कालमा–बुद्ध उत्पन्न हुनुभन्दा अगावै–दशहजार जति कुलपुत्रहरू तपस्वी-भेष धारण गरी प्रव्रजित भई त्यस ठाउँमा बसेका थिए। एक दिन, उनीहरूले—"जसले

बोधिवृक्षमनी[१] (बोधिरुक्खमूले) विहार गर्नु भएको थियो[२] । अनि भगवान् (एक) सप्ताहसम्म विमुक्तिसुख अनुभव गर्दै बोधिवृक्षमनी एकै ध्यानासनमा (एकपल्लङ्केन[३]) बस्नु भयो ।

कामादि वितर्कना गर्छ, उसले त्यस अकुशल वितर्कनाको दण्ड स्वरूप भिक्षा-पात्र भरी बालुवा ल्याएर राख्नु पर्छ" भन्ने आपसमा करार गरे । अनि त्यसदिनदेखि ज-जसले उपरोक्ता-कारले कामादि अकुशल तर्कनागरे उ-उसले पात्र भरी बालुवा ल्याई त्यहाँ खन्याए । यस प्रकार त्यस ठाउँमा बालुवाको ठूलो रास थुप्रियो । त्यहाँदेखि त्यस स्थानको नाम 'उरुवेल' अर्थात् बालुवाको-रास भन्ने रहन गएको हो । सम. पा. पृ. ७१४; पपं सू. II. पृ. १४४

१. जुन वृक्षमनी बस्नुभई भगवान्ले बुद्धत्व प्राप्त गर्नुभयो सोही वृक्षलाई 'बोधिवृक्ष' भनिएको हो। सम. पा. पृ. ७१४

२. महा. व. पा. पृ. ३: बोधिकथा, अ. क. पृ. ७१३; यही कथा-लाई उदानपालिमा 'पठम-दुतिय-ततिय-बोधिसुत्तं' गरी तीन सूत्रहरूमा विभक्त गरिएको छ । उदा. पा. पृः ६३-६४

३. "एकपल्लङ्केन अथवा एकै ध्यानासनमा" भनी भनिएको शब्दको अर्थ प्रष्टपार्दै समन्तपासादिका पृ. ७१४ मा यसरी उल्लेख भएको छ—

"एकपल्लङ्केनाति–सकिम्पि अनुट्ठहित्वा यथा आभुजि-तेन एकेनेवपल्लङ्केन ।"

अनि रातको प्रथमयाममा भगवान्ले प्रतित्यसमुत्पाद्लाई[१] अनुलोम र प्रतिलोम[२] गरी विचार गर्नु भयो—

उदानअट्ठकथा पृ. २२ मा यसैको अर्थ यस प्रकार उल्लेख भएको छ—

"एकपल्लङ्केनाति—विसाखपुण्णमाय अनत्थङ्गतेयेव सुरिये अपराजितपल्लङ्कवसेन वजिरासने निसिन्नकालतोपट्ठाय सकिम्पि अनुट्ठहित्वा यथा आभुञ्जितेन एकेनेवपल्लङ्केन ।"

१. जुन वस्तु परस्परको हेतु वा प्रत्ययहरूको कारणद्वारा उत्पन्न हुन्छ त्यस्तालाई 'प्रतित्यसमुत्पाद' अथवा 'हेतु प्रत्यय' भनी भन्दछन् ।

जुन वस्तु यसको कारणद्वारा उसको अथवा उसको कारणद्वारा यसको उत्पन्न हुने स्वभावको हुन्छ त्यस्तोलाई 'प्रतित्यसमुत्पाद' भन्दछन् ।

२. शुरुदेखि अन्तसम्म अथवा माथिदेखि तलसम्मलाई 'अनुलोम' र अन्तदेखि शुरुसम्म अथवा तलदेखि माथिसम्मलाई 'प्रतिलोम' भन्दछन् । जस्तै प्रतित्यसमुत्पादको आदिमा 'अविद्या' र अन्तमा 'जरामरण' भएकोले अविद्यादेखि जरामरणसम्मलाई 'अनुलोम' र जरामरणदेखि अविद्यासम्मलाई 'प्रतिलोम' भनिएको हो ।

"(१) अविद्याको' कारणले (अविज्जापच्चया) संस्कार

१. विद्या नभएको 'अविद्या' हो। अविद्याको अर्थ अज्ञानता, मोह तथा यथार्थत देख्न नसक्ने इत्यादि पनि हो। यसको अर्थ सूत्र र अभिधर्मको अनुसार पनि बुझ्नु पर्छ।

सूत्रपिटक अनुसार यसको संक्षेप अर्थ चतुरार्य-सत्यलाई यथार्थत नजान्नु र नदेख्नु हो। अभिधर्म अनुसार यसको संक्षेप अर्थ—अज्ञानता, मोह तथा अकुशलमूल हो।

अभिधर्मपिटकको 'विभङ्गपालि' अन्तर्गत 'पटिच्च-समुप्पादविभङ्ग' को (पृ० १७३) सुत्तन्तभाजनीय अनुसार 'अविद्या' को परिभाषा निम्नप्रकार समुल्लेख भएको छ—

"दुक्खे अञ्ञाणं, दुक्खसमुदये अञ्ञाणं, दुक्खनिरोधे अञ्ञाणं, दुक्खनिरोधगामिनीपटिपदाय अञ्ञाणं–अयं वुच्चति 'अविज्जा'।" अर्थात्—दुःखमा अज्ञानता, दुःखसमुदयमा अज्ञानता दुःखनिरोधमा अज्ञानता तथा दुःखनिरोध हुने प्रतिपदामा अज्ञा-नता—यसैलाई 'अविद्या' भन्दछन्।

त्यसै ग्रन्थको अभिधर्मभाजनीय अनुसार 'अविद्या' को परिभाषा निम्नप्रकार उल्लेख भएको छ—

"१-यं अञ्ञाणं, २-अदस्सनं, ३-अनभिसमयो, ४-अन-नुवोधो, ५-असम्बोधो, ६-अप्पटिवेधो, ७-असङ्गाहणा, ८- अप-रियोगाहणा, ९-असमपेक्खणा, १०-अपच्चवेक्खणा, ११-अपच्च-क्खकम्मं, १२-दुम्मेज्झं, १३-बाल्यं, १४-असम्पजञ्ञं, १५-मोहो,

१६-पमोहो, १७-सम्मोहो, १८-अविज्जा, १९-अविज्जोवो, २०-अबिज्जायोगो, २१-अविज्जानुसयो, २२-अविज्जापरियुट्ठानं, २३-अविज्जालङ्गी, २४-मोहो, २५-अकुसलमूलं—अयं वुच्चति 'अविज्जा'।" विभं. पा. पृ, १८१; अर्थात्—जो अज्ञानता, अदर्शनता, अनभिसमय···मोह, प्रमोह, सम्मोह, अविद्या,··· अकुशल इत्यादि हुन् – यसैलाई 'अविद्या' भन्दछन्। धम्म-सङ्गणिको निक्खेपकण्ड अन्तर्गत सुत्तन्त मातिकामा विशेषगरी 'अविद्या' लाई 'मोह' को रूपमा अर्थ प्रकाश गरिएको छ।

यी अविद्या सहित द्वादशाकार भएको 'प्रतित्य-समुत्पाद' सम्बन्धी अरू विशेष अध्ययन गर्न चाहने जिज्ञासु-हरूकानिम्ति निम्न सूत्रहरूका सूचि उल्लेख गरिदिएको छु—

म. नि. I. पृ. ७४: सम्मादिट्ठिसुत्तं, उहीं पृ. ९५: चूलसीहनादसुत्तं, उहीं पृ. ३१८, ३२१, ३३२: महातण्हासङ्खय-सुत्तं; म. नि. III. पृ. १२७: बहुधातुकसुत्तं।

दी. नि. II. पृ. ४५: महानिदानसुत्तं, अ. क. I. पृ. ३२७

सं. नि. II. पृ. ३: पटिच्चसमुप्पादसुत्तं, उहीं पृ. ४: विभङ्गसुत्तं, उहीं पृ. १२: आहारसुत्तं, उहीं पृ. ३८: भिक्खु-सुत्तं, उहीं पृ. ५२: अविज्जापच्चयसुत्तं, उहीं पृ. ५४: दुतिय अविज्जापच्चयसुत्तं, उहीं पृ. ५५: नतुम्हासुत्तं; सं. नि. III. पृ. २२८: अविज्जापञ्हसुत्तं; बु. प. पृ. ३८७; सं. नि. IV. पृ. ३: अविज्जासुत्तं।

अं नि-४. पृ. १३८: दुतियतथागतअच्छरियसुत्तं उहीं पृ. २१२: वप्पसुत्तं; अं. नि.-१० पृ. १९२: तण्हासुत्तं। उहीं पृ. २७३: विज्जासुत्तं, उहीं पृ. १८९: अविज्जासुत्तं।

पटि. म. पा. पृ. १२: द्वादसनिदानानि, उहीं पृ. ५५: नवहिआकारेहिपच्चया, उहीं पृ. ५७: पटिच्च-पटिच्चसमुप्पन्ना, उहीं पृ. ५९: पटिच्चसमुप्पादो, उहीं पृ. ६१, १२७, २२५: निरोधानुपस्सी, उहीं पृ. २२६, ३५९: तीहाकारेहिसच्चं, उहीं पृ. ३६१: पटिच्चसमुप्पादे चत्तारिसच्चानि।

महा. नि. पा. पृ. २७: अजितमाणवपुच्छानिद्देसो, उहीं पृ. १६५: उदयमाणवपुच्छानिद्देसो।

विशेष विभाजन तथा विभिन्न प्रकारको दृष्टिकोणले अर्थ बुझ्नकोनिम्ति विसु. म. पृ. ३९३: पञ्ञाभूमिनिद्देसो-१७ मा हेर्नुपर्छ तथा त्यस त्यस सूत्रको अर्थकथामा पनि। हेर. सम. पा. पृ. ७१५; उदा. अ. क. पृ. २९; पपं. सू. I. पृ. २०१; पटि. म. अ. क. पृ. ६३, २४३ आदि।

'अविद्या' सम्बन्धी अज बढी गम्भीररूपले अध्ययन गर्न चाहनेहरूले अभिधर्मपिटकका निम्न केही ग्रन्थहरू हेर्नु लाभदायक हुनेछ। जस्तै—

अभि. ध. सं. पृ. २८: पच्चयसङ्गहो, अट्ठमोपरिच्छेदो; अभि. ध. वि. टी. पृ. १३३; धम्म. सं. पृ. २४७: आसवगोच्छकं, उहीं पृ. २५१, २६०, २८५ र २८८; अत्थ. सा. पृ. ७२, २२८, ३११ र ३२९; विभं. पा. पृ. १७७-२३७,

हुन्छ, (२) संस्कारको[२] कारणले विज्ञान हुन्छ, (३) विज्ञानको[३]

४२७, ४४९, उही पृ. १८६: हेतुचतुक्कं, पृ १९३: सम्पयुत्त-चतुक्कं, पृ. १९६, १९८: अञ्ञमञ्ञचतुक्कं, पृ. २०१, २०२, २०५, २०७, २०८: अकुसलनिद्देसो, पृ. १३९-४९: अभिधम्म-भाजनीयं ।

२. 'संखार' शब्द पालि (मागधी) भाषानुसार 'कर-करणे' भन्ने धातुद्वारा बनेको हो । 'स' उपसर्ग लागी खरादेश भई 'संखार' शब्द बनेको हो र यसको संस्कृत अनुवाद 'संस्कार' हुन्छ । यसको शब्दार्थ—बनाउने, पुनः बनाउने, संस्करण गर्ने र प्रतिसंस्करण गर्ने आदि हो ।

धर्मको अनुरूप यसको अर्थ हो—पुण्य-अपुण्य आदिको अभिसस्कार गर्ने कारण । यसको साधारण अर्थ बु. गृ. पृ. ११८ को पादटिप्पणीमा समुल्लेख भएको छ । यस सम्बन्धी परि-भाषाहरू अभिधर्मानुसार तल उद्धृत गरिदिएको छु—

"तत्थ कतमे अविज्जापच्चया सङ्खारा ?— पुञ्ञा-भिसङ्खारो, अपुञ्ञाभिसङ्खारो, आनेञ्जाभिसङ्खारो, काय-सङ्खारो, वचीसङ्खारो, चित्तसङ्खारो ।" विभं. पा. पृ. १७३ अर्थात्—त्यहाँ अविद्याप्रत्ययद्वारा संस्कार भनेको के हो भने ?—पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार, आनेञ्जाभिसंस्कार, काय-संस्कार, वचीसंस्कार, तथा चित्तसंस्कार हुन् । यी हुन् अभिधर्म सुत्तान्तभाजनीय अनुसार अर्थ । अभिधर्म भाजनीय अनुसार अविद्याको परिभाषा यसप्रकार छ—

"तत्थ कतमो अविज्जापच्चया सङ्खारो ?— या चेतना सञ्चेतना सञ्चेतयितत्तं—अयं वुच्चति 'अविज्जापच्चया सङ्खारो'।" विभं. पा. पृ. १८२ अर्थात्—त्यहाँ अविद्याप्रत्यय-द्वारा संस्कार भनेको के हो भने ?— जो चेतना सञ्चेतना तथा सञ्चेतन गरिएको हो—यसैलाई अविद्याप्रत्ययद्वारा संस्कार भनिएको हो। यस परिभाषा अनुसार संस्कारको मूल अर्थ 'चेतना' हो। यसको व्याख्यानहरू सम्मो. वि. पृ. ९१-१०५ मा समुल्लेख भएका छन्। विसु. म. पृ. ३९६ मा पनि यसको विस्तृत अर्थ समुल्लेख भएको छ।

३. 'विज्ञान' को शब्दार्थ हो—जान्नु, बुझ्नु, देख्नु इत्यादि। विषयवस्तु अनुसार 'विज्ञान' को अर्थ अनेक प्रकार हुनसक्ने भएता पनि यहाँनिर अर्थात् 'संस्कारको कारणले विज्ञान हुन्छ' भन्ने ठाउँमा 'विज्ञान' को अर्थ चक्षु आदि षडविज्ञान हुन्। यस सम्बन्धमा पनि उपरोक्त ग्रन्थबाटै पालिपाठ उद्धृत गरिदिएको छु—

"तत्थ कतमं सङ्खारपच्चया विञ्ञाणं ?—चक्खु-विञ्ञाणं, सोतविञ्ञाणं, घानविञ्ञाणं, जिव्हाविञ्ञाणं, काय-विञ्ञाणं, मनोविञ्ञाणं—इदं वुच्चति 'सङ्खारपच्चया-विञ्ञाणं'।" विभं. पा. पृ. १७४ अर्थात्—त्यहाँ संस्कार-प्रत्ययद्वारा विज्ञान भनेको के हो भने ?— चक्षुविज्ञान, श्रोत-विज्ञान, घ्राणविज्ञान, जिह्वाविज्ञान, कायविज्ञान तथा मन-

कारणले नाम-रूप हुन्छ, (४) नाम-रूपको[४] कारणले षडायतन

विज्ञान आदिलाई नै 'संस्कारप्रत्ययद्वारा विज्ञान' भनेको हो। यसैको परिभाषा अभिधर्मभाजनीय अनुसार यसरी उल्लेख भएको छ—

"तत्थ कतमं सङ्खारपच्चया विञ्ञाणं ?—यं चित्तं मनोमानसं हृदयं पण्डरं मनो मनायतनं मनिन्द्रियं विञ्ञाणं विञ्ञाणक्खन्धो तज्जा मनोविञ्ञाणधातु—इदं वुच्चति 'सङ्खारपच्चया विञ्ञाणं'।" विभं. पा. पृ. १८२ अर्थात्—संस्कारप्रत्ययद्वारा विज्ञान भनेको के हो भने ?— जुन त्यहाँ चित्त हो, मन हो, जुन त्यहाँ मनको धडकन हो, जुन त्यहाँ मनायतन मनेन्द्रिय, विज्ञान अथवा मनोविज्ञानस्कन्ध, क्रियाशीलता तथा मनोविज्ञानधातु (=तत्व) हो—यसैलाई 'संस्कारप्रत्ययद्वारा विज्ञान' भनेको हो। यस सम्बन्धमा अज बढी विस्तारपूर्वक अध्ययन गर्न चाहनेले विसु. म. पृ. १०९: पञ्ञाभूमिनिद्देसो–१७ तथा सम्मो. वि. पृ. १०५-१७ मा हेर्नू।

४. यहाँ 'नाम' र 'रूप' भनेको कुनै वस्तु वा व्यक्तिको नामलाई 'नाम' भनेको होइन; न त कुनै वस्तुको वा व्यक्तिको रूपलाई नै 'रूप' भनेको हो। बुद्धधर्म अनुसार संक्षेपमा भन्ने हो भने— 'नाम' भन्नाले सचेतन र 'रूप' भन्नाले अचेतन भन्ने अर्थ संझनु पर्छ।

उक्त ग्रन्थकै सुत्तान्तभाजनीय अनुसार यसको परिभाषा यसप्रकार उल्लेख भएको छ—

"तत्थ कतमं नामं ? — वेदनाक्खन्धो, सञ्ञाक्खन्धो, सङ्खारक्खन्धो—इदं वुच्चति 'नामं'। तत्थ कतमं रूपं ?— चत्तारो महाभूता, चतुन्नं च महाभूतानं उपादायरूपं—इदं वुच्चति 'रूपं'।" विभं. पा. पृ. १७४ अर्थात्—त्यहाँ नाम भनेको के हो भने ?— वेदनास्कन्ध, संज्ञास्कन्ध तथा संस्कार-स्कन्ध नै 'नाम' हो। रूप भनेको के हो भने ? — चतुर्महाभूत र चतुर्महाभूतद्वारा बनिने रूप नै 'रूप' हो।

सोही ग्रन्थकै अभिधम्मभाजनीय अनुसार 'नाम रूप' को परिभाषा यसप्रकार उल्लेख भएको छ —

'नाम' को परिभाषा माथि उल्लेख भए जस्तै छ। विभं. पा. पृ. १८२; 'रूप' को परिभाषा चाहिं निम्नप्रकार छ—

"तत्थ कतमं रूपं ?— चक्खायतनस्स उपचयो, सोतायतनस्स उपचयो,…कायायतनस्स उपचयो, यं वा पनञ्ञं पि अत्थि रूपं चित्तजं चित्तहेतुकं चित्तसमुट्ठानं—इदं वुच्चति 'रूपं'। इति इदं च नामं, इदं च रूपं। इदं वुच्चति 'विञ्ञाणपच्चया 'नाम रूपं'।" अर्थात्— रूप भनेको के हो भने ?—चक्षु आयतन (=पथ)मा आउने जुन वस्तु हो, श्रोत आयतनमा आउने…तथा कायआयतनमा आउने जुन वस्तु हो अथवा चित्तबाट उत्पन्न हुने तथा चित्तको कारणद्वारा उत्पन्न हुने जुनसुकै विषयलाई पनि 'रूप' भन्दछन्। यस्तो

'नाम' र यस्तो 'रूप' लाई नै— 'विज्ञानप्रत्ययद्वारा नाम-रूप' भनिएको हो ।

'रूप' शब्द मात्रको परिभाषा सम्बन्धमा उही ग्रन्थको पृ. १८५ मा यस्तो उल्लेख भएको छ—

"तत्थ कतमं रूपं ?—यं रूपं निस्साय मनोविञ्ञाण-धातु वत्तति—इदं वुच्चति रूपं ।" अर्थात्—त्यहाँ रूप भनेको के हो भने ?— जुन विषयको कारणद्वारा मनोविज्ञानधातु प्रवर्तित हुन्छ—उसैलाई 'रूप' भनिन्छ । नाम-रूप सम्बन्धी सविस्तर व्याख्यान अत्थ. सा. पृ. ७२, २६२, र ३२७ मा समुल्लेख भएको छ । त्यस्तै सम्मो. वि पृ. ११८-२१ मा पनि उल्लेख भएको छ ।

माथि उल्लिखित चतुर्महाभूत-रूप र उसको कारण-बाट हुने रूपहरू कति प्रकारका छन् भन्ने कुराको पष्टिकरण गर्दै अभिधम्मट्ठसङ्गहको परिच्छेद–६, रूपसङ्गहमा निम्न-प्रकार उल्लेख भएको छ—

१–पृथ्वी, आप, तेज, वायु—यी ४ लाई—भूतरूप भन्दछन् ।

२–चक्षु, श्रोत, घ्राण, जिह्वा, काय—यी ५ लाई —प्रसादरूप भन्दछन् ।

३–रूप, शब्द, गन्ध, रस—यी ४ लाई—गोचररूप

भन्दछन्। (आपधातु रहित त्री धातुलाई पनि गोचररूपनँ भन्दछन्)

४–स्त्रीत्व, पुरुषत्व–यी २ लाई – भावरूप भन्दछन्।

५–हृदयवस्तु १ लाई—हृदयरूप ” ।

६–जीवितेन्द्रिय १ लाई—जीवितरूप ” ।

७–कवलिङ्कार आहार १ लाई—आहाररूप ” ।

(उपरोक्त सात प्रकारका रूपहरूलाई 'स्वभाव-रूप, निष्पन्नरूप, सलक्षणरूप अथवा 'रूप-रूप' पनि भन्दछन्)

८–आकाश धातु १ लाई—आकाशरूप भन्दछन् :

९–कायविज्ञप्ति, वचीविज्ञप्ति-यी २ लाई – विज्ञप्ति-रूप भन्दछन्।

१०–रूपको लघुता, मृदुता तथा कर्मण्यता–यी ३ लाई —विकाररूप भन्दछन्।

११–रूपको उपचय (=वृद्धि), सन्तति, जरता तथा अनित्यता–यी ४ लाई—लक्षणरूप भन्दछन्।

(८ देखि ११ सम्मका रूपहरूलाई 'अनिष्पन्न रूप' भनी भन्दछन्)

यस सम्बन्धी विशेष कुराहरू विसु. म. पृ. ४१९: पञ्ञाभूमिनिद्देसो–१७ मा र विभं. पा.

हुन्छ, (५) षडायतनको[५] कारणले स्पर्श हुन्छ, (६) स्पर्शको[६]

पृ. १८५, १८६, १८७ मा पनि हेर्नू। 'विज्ञानको कारणले नाम-रूप' भन्ने बारेमा सम्मो. वि. पृ. ११८, १२१ मा पनि समुल्लेख भएको छ।

५. 'षडायतन' भनेको छ आयतनहरू हुन्। उपरोक्त ग्रन्थकै अभिधम्मभाजनीयमा यसको परिभाषा यसप्रकार उल्लेख भएको छ—

"तत्थ कतमं नामरूप पच्चया छट्ठायतनं ? — यं चित्तं मनो मानसं हृदयं पण्डरं मनो मनायतनं मनिन्द्रियं विञ्ञाणं विञ्ञाणक्खन्धो तज्जा मनो मनोविञ्ञाणधातु— इदं वुच्चति 'नाम-रूपपच्चया छट्ठायतनं'।" विभं.पा.पृ. १८५ अर्थात्—त्यहाँ नामरूप प्रत्ययद्वारा षष्टम आयतन भनेको के हो भने ?— जो त्यहाँ चित्त अथवा मन अथवा हृदयको धडकन हो, जुन मन वा मनायतन अथवा मनेन्द्रिय, विज्ञान अथवा मनोविज्ञानस्कन्ध, क्रियाशीलता तथा मनोविज्ञानधातु (=तत्व) हो—यसैलाई — 'नामरूप प्रत्ययद्वारा षष्टम आयतन' भनिएको हो। यसको व्याख्यान पनि सम्मो. वि. पृ. १२१-२३ मा र विसु. म. पृ. ४२२: पञ्ञाभूमिनिद्देसोमा समुल्लेख भएको छ।

६. 'स्पर्श' शब्दको अर्थ हो— छुनु, घर्षण हुनु आदि। अभिधर्मपिटकको विभङ्गपालि अन्तर्गत 'पटिच्चसमुप्पादविभङ्ग' को

कारणले वेदना हुन्छ, (७) वेदनाको[७] कारणले तृष्णा हुन्छ, (८)

सुत्तन्तभाजनीय अनुसार 'स्पर्श' को परिभाषा निम्नप्रकार समुल्लेख भएको छ -

"तत्थ कतमो सलायतनपच्चया फस्सो ?—चक्खु-सम्फस्सो, सोतसम्फस्सो,...मनोसम्फस्सो—अयं वुच्चति 'सला-यतनपच्चया फस्सो'।" विभं. पा. पृ. १७४ अर्थात् - त्यहाँ षडायतनप्रत्ययद्वारा स्पर्श भनेको के हो भने ? - चक्षुस्पर्श, श्रोत-स्पर्श,... मनःस्पर्श— यसैलाई 'षडायतन प्रत्ययद्वारा स्पर्श' भनिएको हो । सोही ग्रन्थकै अभिधर्मभाजनीय अनुसार 'स्पर्श' को परिभाषा यसप्रकार छ—

"तत्थ कतमो छट्ठायतनपच्चया फस्सो ?—यो फस्सो फुसना सम्फुसना सम्फुसितत्तं अयं वुच्चति 'छट्ठायतनपच्चया फस्सो।" विभं. पा. पृ. १८२ अर्थात्—त्यहाँ षष्टम आयतनको प्रत्ययद्वारा हुने स्पर्श भनेको के हो भने ?—जो त्यहाँ स्पर्श, स्पर्श हुनु, स्पर्श भएको, छोइएको हो—यसैलाई 'षष्टम आय-तनको प्रत्ययद्वारा हुने स्पर्श हो' भनी भनिएको हो । यस बारेमा विशेष कुराहरू पनि सम्मो. वि. पृ. १२३-२४ मा र विसु. म. पृ. ४२४: पञ्ञाभूमिनिद्देसो-१७ मा समुल्लेख भएको छ ।

७. 'वेदना' को अर्थ हो—स्पर्शद्वारा हुने अनुभव अथवा छुवाइबाट हुने अनुभव। यसको पनि परिभाषा सोही ग्रन्थको सुत्तन्त-भाजनीयमा यसप्रकार दिइएको छ—

तृष्णाको[८] कारणले उपादान हुन्छ, (९) उपादानको[९] कारणले भव

"तत्थ कतमा फस्सपच्चया वेदना ?—चक्खुसम्फस्सजावेदना, सोतसम्फस्सजावेदना, . मनोसम्फस्सजावेदना—अयं वुच्चति 'फस्सपच्चया वेदना'।" विभं पा. पृ. १७४ अर्थात् —त्यहाँ स्पर्शप्रत्ययद्वारा हुने वेदना भनेको के हो भने ?—चक्षु-स्पर्शद्वारा हुने वेदना, श्रोतस्पर्शद्वारा हुने वेदना,...मनःस्पर्श-द्वारा हुने वेदना (=अनुभव)— यसैलाई 'स्पर्शद्वारा हुने वेदना' भनी भन्दछन्। सोही ग्रन्थकै अभिधम्मभाजनीय अनुसार 'वेदना' को परिभाषा यसरी उल्लेख भएको छ—

"तत्थ कतमा फस्सपच्चया वेदना ?—यं चेतसिकं सात चेतसिकं सुखं चेतोसम्फस्सजं सातं सुखं वेदयितं, चेतो-सम्फस्सजा साता सुखा वेदना—अयं वुच्चति 'फस्सपच्चया वेदना'।" विभं. पा. पृ. १८२ अर्थात्—त्यहाँ स्पर्शप्रत्ययद्वारा भएको वेदना भनेको के हो भने ?—जो मानसिक स्वाद, मान-सिक सुख, चित्तस्पर्शद्वारा भएको स्वाद, सुख अनुभव, चित्त स्पर्शजन्य स्वाद सुख वेदना हो यसैलाई— 'स्पर्श प्रत्यय-द्वारा वेदना' भनी भन्दछन्। यसको विस्तृत कुरा पनि सम्मो. वि. पृ. १५२ मा र विसु म. पृ. ४२६ मा समुल्लेख भएकोछ।

८. 'तृष्णा' को अर्थ हो—इच्छा, आशा, अभिलाषा, तीर्खा तथा पिपासा आदि। यी तृष्णा थरी थरीका छन्। यस बारेमा

पनि उसै ग्रन्थको सुत्तन्तभाजनीय अनुसार 'तृष्णा' को परिभाषा यसप्रकार उल्लेख भएको छ—

"तत्थ कतमा वेदनापच्चया तण्हा ?—रूपतण्हा, सद्दतण्हा, गन्धतण्हा, रसतण्हा, फोट्ठब्बतण्हा, धम्मतण्हा—अयं वुच्चति 'वेदनापच्चया तण्हा'।" विभं. पा.पृ. १७४; अर्थात्—रूपको तृष्णा, शब्दको तृष्णा, गन्धको तृष्णा, रसको तृष्णा, स्पर्शको तृष्णा, चित्तविषयको तृष्णा—यीनैलाई—'वेदनाप्रत्ययद्वारा हुने तृष्णा' भनिएको हो। अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख भएको छ—

"तत्थ कतमा वेदनापच्चया तण्हा ?—यो रागो सारागो अनुनयो अनुरोधो नन्दी नन्दिरागो चित्तस्स सारागो—अयं वुच्चति 'वेदनापच्चया तण्हा'।" विभं. पा. पृ. १८२; अर्थात्—जुन राग, स-राग बन्धन…तथा चित्तको राग हो—यसैलाई 'वेदनाप्रत्ययद्वारा हुने राग' भनिएको हो। यस सम्बन्धमा पनि सम्मो. वि. पृ. १५२ मा र विसु. म. पृ. ४२७ मा विस्तृत व्याख्यान भएको छ।

९. 'उपादान' को शब्दार्थ हो—फेरि फेरि ग्रहणगर्नु, फेरि फेरि लिनु तथा फेरि फेरि समात्नु, बलियोगरी समाति राख्नु इत्यादि। तर केलाई फेरि फेरि समाति राख्नु भन्ने बारेमा उही ग्रन्थको सुत्तन्तभाजनीयमा यस्तो उल्लेख भएको छ—

(=कर्मभव र उत्पत्तिभव) हुन्छ, (१०) भवको कारणले[१०] जाति

"तत्थ कतमं तण्हापच्चया उपादानं ? —कामुपादानं, दिट्ठुपादानं, सीलब्बतुपादानं, अत्तावादानुपादानं—इदं वुच्चति 'तण्हापच्चया उपादानं'।" विभं. पा. पृ. १७४; अर्थात्—कामविषयको उपादान, दृष्टि विषयको उपादान, शीलव्रत विषयको उपादान, तथा आत्मवाद विषयको उपादान—यसैलाई 'तृष्णाप्रत्ययद्वारा उपादान' भनिएको हो। अभिधर्म-भाजनीय अनुसार यसको परिभाषा यसप्रकार उल्लेख भएको छ—

"तत्थ कतमं तण्हापच्चया उपादानं ?—या दिट्ठि दिट्ठिगतं दिट्ठिगहनं दिट्ठिकन्तारो दिट्ठिविसूकायिकं दिट्ठि-विप्फन्दनं दिट्ठिसञ्ञोजनं गहो पतिट्ठाहो अभिनिवेसो परामासो कुम्मग्गो मिच्छापथो मिच्छत्तं तित्थायतनं विपरियासग्गाहो—इदं वुच्चति 'तण्हापच्चया उपादानं'।" विभं. पा. पृ. १८२; अर्थात्—त्यहाँ तृष्णा प्रत्ययद्वारा उपादान भनेको के हो भने ?—त्यहाँ जुन दृष्टि (=मिथ्या धारणा) दृष्टिगत, दृष्टिको गहिराइ, दृष्टिको कान्तार... दृष्टिसंयोजन... कुमार्ग, मिथ्यापथ, मिथ्यापन, तीर्थायतन, विपरीतग्रहण हो—यसैलाई 'तृष्णाप्रत्यय-द्वारा उपादान' भनिएको हो। यस बारेका विस्तृत अर्थ पनि सम्मो. वि. पृ. १२६ मा र विसु. म. पृ. ४२८ मा उल्लेख भएको छ।

१०. 'भव' शब्दको साधारण अर्थ—भवचक्र, लोकचक्र, संसारचक्र

आदि हो। यसको शब्दार्थ भविष्यमा हुने भन्ने हो। यसो भन्नाले 'भव' को अर्थ – जन्मिने कारण, अथवा हेतु भनेको हो। त्यसैले यस 'भव' शब्दलाई 'कर्मभव र उत्पत्तिभव' भनी दुइ प्रकारमा विभाजित गरिन्छन्। यही दुइ प्रकारका अर्थ अनुसार सोही ग्रन्थको सुत्तान्तभाजनीयमा यसप्रकार समुल्लेख भएको छ—

"तत्थ कतमो उपादानपच्चया भवो ?—भवो दुविधेन—अत्थि कम्मभवो, अत्थि उपपत्तिभवो। (१) तत्थ कतमो कम्मभवो ?—पुञ्ञाभिसङ्खारो, अपुञ्ञाभिसङ्खारो, आनेञ्जाभिसङ्खारो—अयं वुच्चति 'कम्मभवो'। सब्बंपि भवगामिकम्मं कम्मभवो। (२) तत्थ कतमो उपपत्तिभवो ?— कामभवो, रूपभवो, अरूपभवो, सञ्ञाभवो, असञ्ञाभवो, नेवसञ्ञानासञ्ञाभवो, एकवोकारभवो, चतुवोकारभवो, पञ्चवोकारभवो अयं वुच्चति 'उपपत्तिभवो'। इति अयं च कम्मभवो, अयं च उपपत्तिभवो—अयं वुच्चति 'उपादानपच्चया भवो'।" विभं.पा. पृ. १७५; अर्थात्—त्यहाँ उपादानप्रत्ययद्वारा भव भनेको केहो भने ?—भव दुइ प्रकारका छन्-[१] कर्मभव र [२] उत्पतिभव। त्यहाँ (१) कर्मभव भनेको कस्तो हो भने ?—पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार तथा आनेञ्जाभिसंस्कार (=न कुशल, न अकुशल)—यसैलाई 'कर्मभव' भन्दछन्। सबै भवगामी (=संसारगामी) कर्मलाई 'कर्मभव' भन्दछन्। (२)

(=जन्म) हुन्छ, (११) जातिको[११] कारणले (१२) जरामरण,[१२]

त्यहाँ उत्पत्तिभव भनेको कस्तो हो भने ?—कामलोक (=कामभव), रूपलोक, अरूपलोक, संज्ञालोक, असंज्ञालोक, नैवसंज्ञानासंज्ञालोक, एकस्कन्ध भएको लोक, चतुस्कन्ध भएको लोक तथा पञ्चस्कन्ध भएको लोक (=पञ्चवोकारभवो)—यसैलाई नै 'उत्पत्तिभव' भन्दछन्। यी कर्मभव र उत्पत्तिभव दुवैलाई नै— 'उपादान प्रत्ययद्वारा भव' भनिएको हो। सोही ग्रन्थको अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख भएको छ—

"तत्थ कतमो उपादानपच्चया भवो ?—ठपेत्वा उपादानं, वेदनाक्खन्धो, सञ्ञाक्खन्धो, सङ्खारक्खन्धो, विञ्ञाणक्खन्धो—अयं वुच्चति 'उपादानपच्चया भवो'।" विभं. पा. पृ. १८३; अर्थात्—त्यहाँ उपादानप्रत्ययद्वारा भव भनेको के हो भने ?— उपादानलाई छाडि—वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध तथा विज्ञानस्कन्ध—यसैलाई— 'उपादान प्रत्ययद्वारा भव' भनिएको हो।

११. 'जाति' को अर्थ हो—उत्पन्नहुनु, जन्मिनु। यसको परिभाषा पनि उसै ग्रन्थमा यसरी दिइएको छ—

"तत्थ कतमा भवपच्चया जाति ?—या तेसं तेसं सत्तानं तम्हि तम्हि सत्तनिकाये जाति सञ्जाति ओक्कन्ति

अभिनिब्बत्ति, खन्धानं पातुभावो, आयतनानं पटिलाभो— अयं वुच्चति 'भवपच्चया जाति'।" विभं. पा. पृ. १७५; अर्थात्--जुन ती ती सत्वहरूको ती ती सत्वनिकायमा जन्मिनु, अवक्रान्त हुनु, उत्पन्नहुनु, स्कन्धहरूको प्रादुर्भाव हुनु, आयतनहरूको प्रादुर्भाव हुनु–यसैलाई– 'भवप्रत्ययद्वारा जाति' भनिएको हो। सोही ग्रन्थकै अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख भएको छ—

"तत्थ कतमा भवपच्चया जाति ?—या तेसं तेसं धम्मानं जाति सञ्जाति निब्बत्ति अभिनिब्बत्ति पातुभावो— अयं वुच्चति 'भवपच्चया जाति'।" विभं. पा. पृ. १८३; अर्थात्—त्यहाँ भवप्रत्ययद्वारा जाति (=जन्म) भनेको के हो भने ?—ती ती धर्महरू (=स्कन्धहरू) को जुन उत्पन्न हुनु, प्रादुर्भाव हुनु हो—यसैलाई नै 'भवप्रत्ययद्वारा जन्म (=जाति) भनिएको हो। यस सम्बन्धी विशेष अध्ययनको-निम्ति सम्मो. वि. पृ. १३१ मा र विसु. म. पृ. ४३३ मा हेर्नु योग्य छ।

१२. 'जरामरण' को अर्थ बुढ्याँइ र मृत्यु हो। यसको परिभाषा पनि उही ग्रन्थकै सुत्तन्तभाजनीयमा यसरी उल्लेख भएको छ—

"तत्थ कतमं जातिपच्चया जरामरणं ?—अत्थि जरा, अत्थि मरणं। तत्थ कतमा जरा ?—या तेसं तेसं

सत्तानं तम्हि तम्हि सत्तानिकाय जरा जीरणता खण्डिच्चं पालिच्चं वलित्ताचता आयुनो संहानि इन्द्रियानं परिपाको—अयं वुच्चति 'जरा'। तत्थ कतमं मरणं ?—या तेसं तेसं सत्तानं तम्हा तम्हा सत्तनिकाया चुति चवनता भेदो अन्तरधानं मच्चु मरणं कालकिरिया खन्धानं भेदो कलेवरस्स निक्खेपो जीवितिन्द्रियस्सुपच्छेदो -- इदं वुच्चति 'मरणं'। इति अयं च जरा, इदं च मरणं। इदं वुच्चति— "जातिपच्चया जरामरणं'।" विभं. पा. पृ. १७५; अर्थात्—त्यहाँ जाति प्रत्ययद्वारा जरामरण भनेको के हो भने ?—जरा (=बुढ्याँइ) पनि छ, मरण पनि छ। त्यहाँ कुनचाहिं जरा हो त ?—ती ती सत्वहरूमा जुन आ-आफना शरीरमा जरता, जीर्णता, दाँत खस्ने, केश फुल्ने, छाला खुम्चिने, आयुको परिहानीता, इन्द्रियहरूको परिपक्वता आदि हुन्—यसैलाई 'जरा' भनी भन्दछन्। त्यहाँ मरण भनेको कस्तो हो त ?—ती ती सत्वहरूको जुन ती ती शरीरबाट च्युत हुनु, चवनता, भेद भिन्न हुनु, अन्तर्धान हुनु, मृत्यु, मरण कालक्रिया, स्कन्धहरूको भेद-भिन्न हुनु, शरीरको निक्षेप, जीवितेन्द्रियहरूको समुच्छेद हो—यसैलाई 'मरण' भन्दछन्। यसरी यी दुवै जरा र मरण हुन्। यसैलाई— 'जातिप्रत्ययद्वारा जरामरण भनिएको हो। अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख गरिएको छ—

"तत्थ कतमं जातिपच्चया जरामरणं ?—अत्थि जरा, अत्थि मरणं। तत्थ कतमा जरा ?—या तेसं तेसं धम्मानं जरा जीरणता आयुनो संहानि–अयं वुच्चति 'जरा'। तत्थ कतमं मरण ? – यो तेसं तेसं धम्मानं खयो वयो भेदो परिभेदो अनिच्चता अन्तरधानं—इदं वुच्चति 'मरणं'।" विभं. पा. पृ. १८३; अर्थात्—त्यहाँ जातिप्रत्ययद्वारा जरा-मरण भनेको के हो भने ?—जरा पनि छ, मरण पनि छ। त्यहाँ जरा भनेको कुनचाहिं हो त ?—ती ती धर्म-हरूको (=तत्वहरूको) जुन जरता, जीर्णता, आयुको हानी हो—यसैलाई 'जरा' भन्दछन्। त्यहाँ मरण भनेको कुनचाहिं हो त ?—ती ती धर्महरूको जुन क्षय, व्यय, भेद-भिन्न, परिभेद तथा अनित्यता अन्तर्धान हो—यसैलाई 'मरण' भन्दछन्।

१३. "शोक" को अर्थ हो—शोक हुनु, हृदयमा जलन हुनु आदि। यसको परिभाषा उही ग्रन्थमा यस प्रकार दिइएको छ—

"तत्थ कतमो सोको ?—ञातिब्यसनेन वा फुट्ठस्स, भोगव्यसनेन वा फुट्ठस्स, रोगब्यसनेन वा फुट्ठस्स, सील-व्यसनेन वा फुट्ठस्स, दिट्ठिब्यसनेन वा फुट्ठस्स, अञ्ञत्तरञ्ञ-तरेनब्यसनेन समन्नागतस्स, अञ्ञत्तरञ्ञतरेन दुक्खधम्मेन फुट्ठस्स सोको सोचना सोचितत्तं अन्तो सोको अन्तो परि–

हुन्छ। यसरी सबै दुःखस्कन्धहरू उत्पन्न हुन्छन् ।

सोको चेतसो परिज्झायना दोमनस्सं सोकसल्लं—अयं वुच्चति 'सोको' ।" विभं. पा. पृ. १७६; अर्थात् –ज्ञाति व्यसनले गर्दा, भोग व्यसनले गर्दा, रोग व्यसनले गर्दा, शील व्यसनले गर्दा, दृष्टि व्यसनले गर्दा अथवा अरू कुनै दुःख धर्मले गर्दा जुन शोक हुन्छ, शोक भएको हुन्छ···आन्तरिक शोक, चित्तमा जलन तथा दौर्मनस्य आदि हुन्छ—यसैलाई 'शोक' भन्दछन् ।

१४. 'परिदेव' को अर्थ अलाप-विलाप गरी रुनु हो। यसको परिभाषा यस प्रकार छ—

"ञातिब्यसनेन वा फुट्ठस्स,···आदेवो परिदेवो आदेवना परिदेवना···वाचा पलापो विप्पलापो लालप्पो लालप्पना लालपितत्तं–अयं वुच्चति 'परिदेवो' ।" विभं. पा. पृ. १७६; अर्थात्—ज्ञाति आदि व्यसनको कारणले गर्दा जुन रुनु, अलाप, प्रलाप गर्नु, विलाप गर्नु, कुरागर्दै रुनु आदि हो—यसैलाई 'परिदेव' भन्दछन् ।

१५. 'दुःख' भन्नाले शारीरिक वेदना, दुःख हो । यसको परिभाषा पनि उही ग्रन्थमै यसप्रकार उल्लेख गरेको छ—

"तत्थ कतमं दुक्खं ? —यं कायिकं असातं कायिकं दुक्खं कायसम्फस्सजं असातं दुक्खं वेदयितं, कायसम्फस्सजा असाता दुक्खा वेदना—इदं वुच्चति 'दुक्खं' ।" विभं. पा.

पृ. १७६; अर्थात्--त्यहाँ दुःख भनेको के हो भने ?--जो शारीरिक स्वाद नभएको दुःख हो, जो शारीरिक स्पर्शको कारणद्वारा दुःख वेदना अनुभव गरिएको हो तथा जो कायिक अप्रिय दुःख वेदना हो--यसैलाई 'दुःख' भनिएको हो ।

१६. "दौर्मनस्य" भन्नाले मानसिक बेचैनीतालाई औंल्याउँछ । यसको परिभाषा पनि उही ग्रन्थमै यसरी दिइएको छ--

"तत्थ कतमं दोमनस्सं ?--यं चेतसिकं असातं, चेतसिकं दुक्खं, चेतो सम्फस्सजं असातं, दुक्खं वेदयितं, चेतो सम्फस्सजा असाता दुक्खा वेदना--इदं वुच्चति 'दोमनस्सं' ।" विभं. पा. पृ. १७६; अर्थात्--त्यहाँ दौर्मनस्य भनेको के हो भने ?--जुन चैतसिक निस्वाद हो, चैतसिक दुःख हो, चित्त-स्पर्शद्वारा उत्पन्न अप्रिय दुःख वेदना हो--यसैलाई 'दौर्मनस्य' भन्दछन् ।

१७. 'उपायास' को अर्थ हो मानसिक पीडा वा कष्ट । यसको परिभाषा पनि यसरी दिइएको छ--

"तत्थ कतमो उपायासो ?--ञातिब्यसनेन वा फुट्ठस्स,...अञ्ञतरञ्ञतरेन दुक्खधम्मेन फुट्ठस्स आयासो उपायासो, आयासितत्तं उपायासितत्तं--अयं वुच्चति 'उपायासो' ।" विभं. पा. पृ. १७६: पटिच्चसमुप्पादविभङ्गो; अर्थात्--ज्ञाति व्यसन आदिद्वारा उत्पन्न अथवा कुनै पनि

दुःख धर्मद्वारा उत्पन्न मानसिक पीडा वा कष्टलाई नै--'उपायास' भनिएको हो।

द्रष्टव्य--यी द्वादशाकार प्रतित्यसमुत्पाद सम्बन्धी विवेचनात्मक कुराहरू सम्मो. वि. पृ. १३९ मा र विसु. म. पृ. ४३३-४१ मा समुल्लेख भएका छन्। विशुद्धि-मार्गमा यस प्रत्ययाकारलाई 'भवचक्र' भन्ने पनि उल्लेख भएको छ तथा 'द्वादशाकार' लाईनै कारक र वेदक नभएकोले 'शून्य' भन्ने संज्ञा पनि दिइएको छ। जस्तै--

"सोकादीहि अविज्जा सिद्धा भवचक्कमविदितादिमिदं।
कारक वेदक रहितं द्वादसविध सुञ्ञता सुञ्ञं॥"

–विसु. म. पृ. ४३३

यो 'प्रतित्यसमुत्पाद' केवल अविद्याकै कारणले मात्र संस्कारादि हुने होइन अपितु संस्कारादिको कारणले पनि अविद्यादि हुन्छन्। त्यसैले यसलाई 'प्रति+इत्य=प्रतित्य' भनिएको हो। हेर विभं. पा. पृ. १८१ः मातिका, अभि-धम्मभाजनीयं।

"अविद्याको निरवशेष-विराग तथा निरोध भएपछि संस्कार निरोध हुन्छ, संस्कार निरोध भएपछि विज्ञान निरोध हुन्छ, विज्ञान निरोध भएपछि नाम-रूप निरोध हुन्छ, नाम-रूप निरोध भएपछि षडायतन निरोध हुन्छ, षडायतन निरोध भएपछि स्पर्श निरोध हुन्छ, स्पर्श निरोध भएपछि वेदना निरोध हुन्छ, वेदना निरोध भएपछि तृष्णा निरोध हुन्छ, तृष्णा निरोध भएपछि उपादान निरोध हुन्छ, उपादान निरोध भएपछि भव निरोध हुन्छ, भव निरोध भएपछि जाति (=जन्म) निरोध हुन्छ, जाति निरोध भएपछि जरामरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास निरोध हुन्छ। यसप्रकार सबै (सांसारिक) दुःखस्कन्धहरूको निरोध हुन्छ।"

यो अर्थ बुझनुभई भगवान्ले त्यसबेला यो उदान (=प्रीति वाक्य) प्रकट गर्नु भयो—

"यदाहवे पातुभवन्ति धम्मा,
आतापिनो झायतो ब्राह्मणस्स।
अथस्स कङ्खा वपयन्ति सब्बा,
यतो पजानाति सहेतु धम्मं' ति॥"

अर्थ—

"आतप्तयुक्त ध्यानगर्ने ब्राह्मण (=निक्लेशी) को जब धर्म (=चतुरार्यसत्य) प्रादुर्भाव हुन्छ तब सहेतु (=हेतुप्रत्यय) धर्मलाई अवबोध गरी उसका सबै शंकाहरू दूरभएर जान्छन्।"

त्यस पछि रातको मध्यमयाममा[१] भगवान्‌ले प्रतित्यसमुत्पादलाई अनुलोम र प्रतिलोम गरी विचार गर्नु भयो—

"अविद्याको कारणले संस्कार हुन्छ, संस्कारको कारणले विज्ञान हुन्छ, विज्ञानको कारणले नाम-रूप हुन्छ, नाम-रूपको कारणले षडाययन हुन्छ, षडायतनको कारणले स्पर्श हुन्छ, स्पर्शको कारणले वेदना हुन्छ, वेदनाको कारणले तृष्णा हुन्छ, तृष्णाको कारणले भव (=कर्म भव र उत्पत्ति भव) हुन्छ, भवको कारणले जाति (=जन्म) हुन्छ, जातिको कारणले जरामरण, शोक परिदेव दुःख दौर्मनस्य उपायास उत्पन्न हुन्छ। यसरी सबै दुःखस्कन्धहरू उत्पन्न हुन्छन्।

"अविद्याकै निरवशेष विराग तथा निरोध भएपछि संस्कार निरोध हुन्छ, संस्कार निरोध भएपछि विज्ञान निरोध हुन्छ, विज्ञान निरोध भएपछि नाम-रूप निरोध हुन्छ, नाम-रूप निरोध भएपछि षडायतन निरोध हुन्छ, षडायतन निरोध भएपछि स्पर्श निरोध हुन्छ, स्पर्श निरोध भएपछि वेदना निरोध हुन्छ, वेदना निरोध भएपछि तृष्णा निरोध हुन्छ, तृष्णा निरोध भएपछि उपादान निरोध हुन्छ, उपादान निरोध भएपछि भव निरोध हुन्छ, भव निरोध भएपछि जाति (=जन्म) निरोध हुन्छ, जाति निरोध भएपछि जरामरण, शोक परिदेव दुःख दौर्मनस्य उपायास निरोध हुन्छ। यसप्रकार सबै-दुःखस्कन्धहरूको निरोध हुन्छ।"

---

१. उदा. पा. पृ. ६४ मा यो मध्यमयामको कुरालाई 'दुतिय बोधि-सुत्तं' भनी उल्लेख गरेको छ।

यो अर्थ बुझ्नु भई भगवान्‌ले त्यस बेला यो उदान प्रकट गर्नु भयो—

"यदाहवे पातुभवन्ति धम्मा,
आतापिनो झायतो ब्राह्मणस्स।
अथस्स कङ्खा वपयन्ति सब्बा,
यतो ब्राह्मणो खयं पच्चयानं अवेदी' ति।"

अर्थ—

"आतप्तयुक्त ध्यानगर्ने ब्राह्मण (=निक्लेशी) को जब धर्म (=चतुरार्यसत्य) प्रादुर्भाव हुन्छ तब प्रत्ययहरूको क्षय (=निर्वाण) विदितगरी उसका सबै शंकाहरू दूर भएर जान्छन्।

त्यसपछि रातको पश्चिमयाममा[1] भगवान्‌ले प्रतित्यसमुत्पाद-लाई अनुलोम र प्रतिलोम गरी विचार गर्नु भयो—

"अविद्याको कारणले संस्कार हुन्छ, संस्कारको कारणले विज्ञान हुन्छ, विज्ञानको कारणले नाम-रूप हुन्छ, नाम-रूपको कारणले षडायतन हुन्छ, षडायतनको कारणले स्पर्श हुन्छ, स्पर्शको कारणले वेदना हुन्छ, वेदनाको कारणले तृष्णा हुन्छ, तृष्णाको कारणले उपादान

---

१. उदा. पा. पृ. ६४ मा यो पश्चिमयामको कुरालाई 'ततियबोधि-सुत्तं' भनी उल्लेख गरेको छ।

हुन्छ, उपादानको कारणले भव हुन्छ, भवको कारणले जाति हुन्छ, जातिको कारणले जरामरण, शोक परिदेव दुःख दौर्मनस्य उपायास उत्पन्न हुन्छ । यसरी सबै दुःखस्कन्धहरू उत्पन्न हुन्छन् ।

'अविद्याकै निरवशेष-विराग तथा निरोध भएपछि संस्कार निरोध हुन्छ, संस्कार निरोध भएपछि विज्ञान निरोध हुन्छ, विज्ञान निरोध भएपछि नाम-रूप निरोध हुन्छ, नाम-रूप निरोध भएपछि षडायतन निरोध हुन्छ, षडायतन निरोध भएपछि स्पर्श निरोध हुन्छ, स्पर्श निरोध भएपछि वेदना निरोध हुन्छ, वेदना निरोध भएपछि तृष्णा निरोध हुन्छ, तृष्णा निरोध भएपछि उपादान निरोध हुन्छ, उपादान निरोध भएपछि भव निरोध हुन्छ, भव निरोध भएपछि जाति निरोध हुन्छ, जाति निरोध भएपछि जरामरण, शोक परिदेव दुःख दौर्मनस्य उपायास निरोध हुन्छ । यसप्रकार सबै दुःखस्कन्धहरूको निरोध हुन्छ ।"

यो अर्थ बुझनु भई भगवान्ले त्यसबेला यो उदान प्रकट गर्नुभयो--

"यदाहवे पातुभवन्ति धम्मा,
आतापिनो झायतो ब्राह्मणस्स ।
विधूपयं तिट्ठति मारसेनं,
सुरियो[1] व ओभासयमन्तलिक्खं' ति ।"

---

१. वर्मीमा: 'सूरियो' ।

अर्थ--

"आतप्तयुक्त ध्यानगर्ने ब्राह्मण (=निक्लेशी) को जब धर्म (=चतुरार्यसत्य) प्रादुर्भाव हुन्छ तब आकाशमा सूर्योदय भएपछि अन्धकार विध्वंस भएझैं मारसेनाको विध्वंस गरी उ बस्छ[१]।"

× × ×

१. उदान पालिमा भने यी तीन यामका कुराहरू तीन सप्ताहमा भएको जस्तो लाग्छ। जस्तै- "अथ खो भगवा तस्स सत्ताहस्स अच्चयेन तम्हा समाधिम्हा वुट्ठहित्वा रत्तिया पठमं यामं पटिच्च समुप्पादं अनुलोमं साधुकं मनसाकासि।" यसको अर्थानुसार--त्यस सप्ताह बितिसकेपछि त्यस समाधिबाट उठ्नुभई रात्रिको प्रथमयाममा प्रतित्यसमुत्पादलाई अनुलोमको रूपमा राम्ररी विचार गर्नु भयो। दोश्रो सूत्रमा उपरोक्ताकारले नै सप्ताह बितेपछि समाधिबाट उठी रात्रिको मध्यमयाममा प्रतित्यसमुत्पादलाई प्रतिलोम गरेर तेश्रो सूत्रमा रात्रिको तृतीययाममा प्रतित्यसमुत्पादलाई अनुलोम र प्रतिलोमको रूपमा विचार गर्नु भएका कुराहरू समुल्लेख भएका छन्। त्यसैको अर्थकथामा 'तस्स सत्ताहस्स अच्चयेन' भन्ने पदको अर्थ प्रकाश गर्दै- "पल्लङ्क सत्ताहस्स अपगमने" अर्थात् पल्लङ्क सप्ताह सिद्धिएपछि भन्ने बुझिन्छ। अ. क. पृ. २६; तर उही अर्थकथामै पृ ३६ मा ततियबोधिसुत्तवण्णनाको अन्तमा पहिलो सप्ताह सिद्धिने रातको यामहरूमा भनी प्रष्टिकरण गरेको छ।

ध.न. १०२५

मूल सूत्र--

२–बुद्धचक्षु

यस्तो मैले सुने[1] ।

एक समय भगवान्—बुद्ध भइसक्नु भएपछि पहिलो पटक (पठमाभिसम्बुद्धो),—उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा, बोधि-वृक्षमनी बसिरहनु भएको थियो। त्यस समय भगवान् (एक) सप्ताहसम्म विमुक्तिसुख अनुभवगर्दै एकै आसनमा बसिरहनु भएको थियो ।

अनि त्यो सप्ताह बितिसके पछि त्यस समाधि (=फल-समापत्ति) बाट उठ्नु भई भगवान्ले बुद्धचक्षुद्वारा[2] लोकमा[3] हेर्नु

---

१. उदा. पा. पृ. १००: लोकसुत्तं, अ. क. पृ. १४५

२. इन्द्रियपरोपरियत्तिज्ञान र आशय अनुशय ज्ञानलाई 'बुद्धचक्षु' भन्दछन् । हेर पटि. म. पा. पृ. २७०; सर्वज्ञ-ज्ञानलाई 'समन्त चक्षु' पनि भन्दछन् तथा तीनवटै मार्ग फलहरूलाई 'धर्मचक्षु' भन्दछन् । पपं. सू. II. पृ. १४९: पासरासिसुत्तवण्णना ।

३. यहाँ, (१) अवकाश लोक, (२) संस्कारलोक तथा (३) सत्व-लोक गरी तीनै प्रकारका लोकहरूलाई 'लोक' भनिएको हो । उदा. अ क. पृ. १४५

भयो। बुद्धचक्षुद्वारा लोकमा हेर्नुहुँदा भगवान्ले—रागको कारणद्वारा, द्वेषको कारणद्वारा तथा मोहको कारणद्वारा अनेक प्रकारका सन्तापले सन्तप्त भएका, अनेक प्रकारका पीडाले पीडित भएका सत्वहरू देख्नु भयो[१]।

त्यसपछि भगवान्ले यसै कुरालाई बुझ्नु भई त्यसबेला यो उदान (=उद्गार वाक्य) प्रकट गर्नुभयो—

१– "अयं लोको सन्ताप जातो,
फस्सपरेतो रोगं वदति अत्ततो।
येन येनहि मञ्ञति,
ततो तं होति अञ्ञथा॥

२– "अञ्ञथाभावी भवसत्तो लोको,
भवपरेतो भवमेवाभिनन्दति।
यदभिनन्दति[२] तं भयं,

१. बुद्धत्व प्राप्त गरिसक्नु भएको पहिलो सप्ताह, बोधिज्ञान प्राप्त भएको बोधिवृक्षमनी नै एक सप्ताहसम्म 'फलसमापत्ति' ध्यानमा बिताउनु भएको थियो र सातौं रातको तृतीययामसम्म वहाँले 'यदाहवे पातुभवन्ति धम्मा' भन्ने आदि ३ वटा उदान-हरू प्रकट गर्नु भइसके पछि तदनन्तर बुद्धचक्षुद्वारा लोकमा हेर्नु भएको थियो। उदा. अ. क. पृ. १४६

२, रोमनमाः 'यदाभिनन्दति'।

यस्स भायति तं दुक्खं।
भवविप्पहानाय खो पनिदं ब्रह्मचरियं वुस्सति ॥"

अर्थ—

१– "यो लोक सन्तप्त छ, स्पर्शको कारणले रोगादि हुँदा 'मलाई दुःख भयो' भनी भन्छ। जुन जुन आफ्नो हो भनी ठान्दछ, त्यसबाट त्यो अन्यथा नै हुन्छ।

२– "अन्यथा हुने कामादि भव-तृष्णा नै 'सत्वलोक' हो, विमुख हुने कामादि भव-तृष्णामै सत्वहरू रमण गर्छन्। जेमा अभिनन्दन गर्छ सोही 'भय' को रूपमा उपस्थित हुन्छ, जेमा भय हुन्छ उही दुःख हो। भयबाट मुक्तहुनकोनिम्ति नै ब्रह्मचर्य (=मार्ग ब्रह्मचर्य) वास गरिन्छ।"

"केही श्रमण, ब्राह्मण (=जाति ब्राह्मण) हरू— 'भवद्वारा भवबाट मुक्त हुइन्छ[१]' भनी भन्दछन् ती सबै '(कामादि)-भवबाट

१. 'भवद्वारा भवबाट मुक्त हुइन्छ' भनी 'दृष्टधर्म निर्वाण वादीहरू' भन्दछन्। '८० कल्पहरू घुमफिरगरी संसारबाट मुक्त हुइन्छ' भनी मक्खली वादीहरू भन्छन् तथा बकब्रह्माकावादले पनि यस्तै भन्दछ। उदा. अ. क. पृ. १४८।

'दृष्टधर्म निर्वाणवाद' भन्ने बारेका कुराहरू दी. नि. I. पृ. ३२: ब्रह्मजाल सूत्रमा र विभं. पा. पृ. ४५५ मा समुल्लेख भएको पाइन्छ। बकब्रह्माको दृष्टिका कुराहरू सं. नि. I. पृ. १४३: बकब्रह्मसुत्तं मा र मक्खलीको बारेमा बु. प. पृ. ८८ मा समुल्लेख भएका छन्।

मुक्त छैनन्' भनी भन्दछु । जो अरू पनि केही श्रमण, ब्राह्मण (=जाति ब्राह्मण) हरू 'भवद्वारा भवबाट निश्शरण (=मुक्ति)' बताउँछन्—ती सबै पनि 'भवबाट निश्शरण (=मुक्त) छैनन्' भनी भन्दछु ।

"उपधि[1] को कारणले नै दुःख सम्भव हुन्छ । सबै उपादान-हरूको[2] क्षय भएपछि दुःख सम्भव हुन्न । हेर यो लोक ! अविद्याले अभिभूत भएका, भिन्नाभिन्न (पुथू) विचार भएका, सत्वहरू प्रति अनुरक्त भएका अपरिमुक्त सत्वहरू ! जुनसुकै भव[3] (=कर्मभव, जन्मभव)—सबैतिर (=माथि तल इत्यादि) सबै प्रकारका (=स्वर्ग नर्क मनुष्यादि) भिन्नाभिन्न भवहरू हुन् ती सबै भवहरू अनित्य दुःख तथा परिवर्तनशील छन् ।"

---

१. १-रूपस्कन्ध, २-वेदनास्कन्ध, ३-संज्ञास्कन्ध, ४-संस्कारस्कन्ध, ५ विज्ञानस्कन्ध—यी पाँच स्कन्धलाई 'उपधि' भन्दछन् । उदा. अ. क. पृ. १४९

२. (१) काम-उपादान, (२) दृष्टि-उपादान, (३) शीलव्रत-उपादान, (४) आत्मवाद-उपादान । यी उपादानहरूमध्ये प्रथम तीन उपादानहरू स्रोतापन्न मार्गद्वारा निष्क्रय हुन्छन् र अन्तिम एक उपादान चारै मार्गहरूद्वारा क्षय हुन्छ । उदा. अ. क. पृ. १४९

३ काम-भव, संज्ञा-भव, एक ओकारादि भवहरू । हेर माथि पृ. ८७ को पादटिप्पणी 'भव' शब्दमा । उदा. अ. क. पृ. १५०; हेर पटि. म. पृ. ११, १५२ मा पनि ।

१- "एवमेतं यथाभूतं, सम्मप्पञ्ञाय पस्सतो।
भवतण्हा पहीयति, विभवं नाभिनन्दति॥

२- "सब्बसो तण्हानं खया,
असेसविरागनिरोधो निब्बानं।
तस्स निब्बुतस्स भिक्खुनो,
अनुपादा[1] पुनब्भवो न होति॥

३- "अभिभूतो मारो विजितसङ्गामो।
उपच्चगा सब्बभवानि तादी' ति॥"

अर्थ--

१- "यसरी यथार्थत सम्यक्प्रज्ञाले हेर्दा—भव-तृष्णा प्रहीण हुन्छ, विभवमा पनि अभिनन्दन गर्दैन।

२- "सबै तृष्णाहरूको क्षय भएपछि—निश्शेष-विराग निरोध—निर्वाण हुन्छ। यसरी निर्वृत्तहुने भिक्षुको उपादान हुँदैन र पुनर्भव पनि हुँदैन।

३- "मार[2] पराजित भयो, संग्राम विजय भयो, सबै भयबाट पारङ्गतभई अचल (=तादी) पनि भएँ।"

× × ×

---

१. सिंहलमा: 'अनुपादाना'।

२. (१) क्लेशमार, (२) अभिसंस्कारमार, (३) देवपुत्रमार, (४) स्कन्धमार तथा (५) मृत्युमार यी पाँचै प्रकारका मारहरू पराजित भए। उदा. अ. क. पृ. १५१

मूल सूत्र--

३-अजपाल कथा

(एक) सप्ताह पछि भगवान् त्यस समाधिबाट उठ्नु भई बोधिवृक्षबाट जहाँ अजपाल[1] बरको वृक्ष हो त्यहाँ जानु भयो[2]। त्यस पछि (भगवान्) अजपाल भन्ने बरको रुखमनी विमुक्तिसुख अनुभव गर्नु हुँदै (एक) सप्ताहसम्म एकै आसनमा बस्नुभयो।

त्यस बखत त्यहाँ हुँहुङ्क ब्राह्मण[3] अर्थात् एक अहंकारी ब्राह्मण

---

१. यस वृक्षको छायामा अजपालकहरू आई वस्ने भएको हुँदा यस वृक्षलाई 'अजपाल वृक्ष' भन्ने नाम रहन गएको हो। यो वृक्ष वोधिवृक्षको पूर्व दिशातिर पर्छ। सम. पा. पृ. ७१७; उदा. अ. क. पृ. ३६

२. महा. व. पा. पृ. ४; अजपालकथा, अ. क. पृ. ७१८; उदान-पालि पृ. ६५ मा यस कथालाई 'हुंहुङ्कसुत्त' भनी उल्लेख भएको छ। पाँची सप्ताहमा भगवान् यहाँ आउनु भएको हो। सम. पा. पृ. ७१७; उदा. अ. क. पृ. ३७

३. जाति अभिमानको कारणले जोसँग कुरागरे ता पनि 'हुँ हुँ' मात्र भन्ने स्वभाव भएको हुनाले यिनलाई 'हुंहुङ्क जातिक' भनिएको हो। सम. पा. पृ. ७१८; उदा. अ. क. पृ. ३७

जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए[1]। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसके पछि एक छेउमा उभिए। एक छेउमा उभिएका सो ब्राह्मणले भगवान्लाई यस्तो भने—

"भो गौतम[2]! कहिले सम्ममा ब्राह्मण हुन्छ? ब्राह्मणकारक धर्म कुन् हो?"

त्यस पछि यस कुराको अर्थ बुझ्नु भई भगवान्ले त्यसबेला निम्न उदान प्रकट गर्नुभयो—

"यो ब्राह्मणो बाहितपापधम्मो,
निहुंहुङ्को[3] निक्कसावो[4] यतत्तो।

---

१. एक सप्ताहसम्मको फलसमापत्ति-ध्यानबाट उठ्नु भई भगवान् त्यहीं बसिरहनु भएको बेलामा उपरोक्त ब्राह्मण भगवान्कहाँ आइपुगेका हुन्। उदा. अ. क. पृ. ३७: हुँहुङ्कसुत्तं।

२. हुँहुङ्क जातिक ब्राह्मणले भगवान् बुद्धलाई अघिदेखि चिन्दथे। भगवान् बुद्ध उरुवेलमा तपस्या गरिरहनु भएको बेलामा वहाँलाई सेवा गर्ने पञ्चवर्गीय भिक्षुहरूद्वारा पनि उनले बुद्धको गोत्रको नाम सुनेकाथिए र वहाँसँग भेट पनि गरिसकेका थिए। त्यसैले उनले बुद्धलाई 'गौतम' भनी चिन्दथे। उदा. अ. क. पृ. ३८

३. सिंहलमाः 'निहुहुङ्को,' रोमनमाः 'निहुङ्को', स्याममाः 'तीहुंहुङ्को'।

४. रोमनमाः 'निकसावो'।

वेदन्तगू वुसितब्रह्मचरियो[1],
धम्मेन सो[2] ब्रह्मवादं वदेय्य।
यस्सुस्सदा नत्थि कुहिञ्चि लोके' ति॥"

अर्थ—

"निर्वाण जान्ने, निरहङ्कारी, निर्मल, पापलाई शुद्धपार्ने, ब्रह्मचर्यवास पूरागर्ने जो ब्राह्मण हो तथा जसको कहीँ पनि उस्सग[3] (= अभिमान, घमण्ड) छैन उसलाई—धर्म (= न्याय) पूर्वक ब्रह्मवादी भनी भन्न सकिन्छ[4]।"

× × ×

---

१. सिहल र स्याममा: 'वूसितब्रह्मचरियो।

२. रोमनमा: 'सो ब्राह्मणो'।

३. अभिमान पैदा हुने कारणहरू पाँच ओटा छन्—(१) रागुस्सदो, (२) दोसुस्सदो, (३) मोहुस्सदो, (४) मानुस्सदो तथा (५) दिट्ठुस्सदो। उदा. अ. क. पृ. ३९; सम. पा. पृ. ७१८

४. यस सूत्रमा उल्लिखित हुँहुँङ्क ब्राह्मणका साथ अरू ब्राह्मणहरू पनि आएका थिए भनी अं. नि-४ पृ. २४: दुतियउरुवेलसुत्तवण्णनामा उल्लेख भएको पाइन्छ। मनो. र. पू. II. पृ. ४७८

मूल सूत्र--

४–दुष्करचर्याबाट मुक्त भएँ

यस्तो मैले सुने[१]।

एक समय भगवान्–बुद्ध भइसक्नु भएपछि पहिलो पटक (=पठमाभिसम्बुद्धो),--उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा अजपाल भन्ने बरको रुखमनी बस्नु भएको थियो[२]।

अनि, एकान्त ध्यानमा बसिरहनु भएको बेलामा भगवान्को चित्तमा यस्तो वितर्कना उत्पन्न भयो —

"त्यस दुष्करचर्याबाट बल्ल म मुक्त भएँ। राम्रो भयो—जो कि म त्यस अनर्थयुक्त दुष्करचर्याबाट मुक्त भएँ। यो पनि राम्रो भयो—जो कि मैले बोधिज्ञान पनि प्राप्त गरेँ।"

---

१. सं. नि. I. पृ. १०३: तपोकम्मसुत्तं, अ. क. I. पृ. १३३

२. बुद्धत्व प्राप्त गर्नु भई पहिलो सात सप्ताहभित्रै (अभिसम्बुद्धो-हुत्वा पठमं अन्तोसत्तसत्ताहस्मियेव) सं. नि. अ. क. I. पृ. १३३: तपोकम्मसुत्तवण्णना।

त्यस बेला पापी मारले[1] भगवान्‌को चित्तमा उठेको वितर्कनालाई आफ्नो चित्तले जानी—जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई गाथा सुनाए—

"तपोकम्मा अपक्कम्म, ये न सुज्झन्ति माणवा[2]।
असुद्धो मञ्ञसि[3] सुद्धो, सुद्धिमग्गा[4] अपरद्धो' ति॥"

अर्थ—

"जुन तप-कर्मद्वारा मानवहरू शुद्धि हुन सक्थे त्यस तप-कर्मबाट तिमी दूर भयौ। अशुद्ध भइकन 'शुद्ध भएँ' भनी ठान्दछौ; शुद्धिको मार्गबाट तिमी टाढै छौ।"

अनि भगवान्‌ले 'यो पापी मार हो' भनी जान्नुभई पापी मारलाई गाथा सुनाउनु भयो—

---

१. आफ्नो विषयबाट मुक्तहुन खोज्नेलाई विघ्न बाधा पुऱ्याउने स्वभावका भएकोले 'मार' भनिएको हो। पाप (=अधम्) कार्यमा नियोजनगर्ने अथवा स्वयं पापकर्ममा लाग्नेलाई 'पापी' भन्दछन्। सं. नि. अ. क. I. पृ. १३३: तपोकम्मसुत्तं।

२. सिंहल र रोमनमा: 'मानवा'।

३. रोमनमा: 'मञ्ञति'।

४. सिंहल र रोमनमा: 'सुद्धिमग्गमपरद्धो'; स्याममा: 'सुद्धिमग्गअपरद्धो'।

१– "अनत्थसंहितं[1] नत्वा,
यं किञ्चि अमरं[2] तपं।
सब्बं[3] नत्थावहं होति,
पियारित्तं[4] व धम्मनि[5] ॥

२– "सीलं समाधि पञ्ञं च,
मग्गं बोधाय भावयं।
पत्तोस्मि परमं सुद्धिं,
निहतो त्वमसि अन्तका' ति ॥"

अर्थ—

१– "पृथ्वीमा राखेको डुङ्गालाई खेलाए पनि त्यसबाट कुनै अर्थ सिद्ध हुन नसक्नेझैं जुनसुकै अर्थ नल्याउने दुष्कर-चर्यारूपी 'अमरतप' भनिनेलाई मैले अर्थ रहित भन्ने संझी छाडि दिएको हुँ।

---

१. रोमनमा: 'अनत्थ सञ्हितं'।

२. रोमनमा: 'अपरं'।

३. सिंहल र रोमनमा: 'सब्बा'।

४. सिंहल, स्याम र रोमनमा छैन।

५. रोमनमा: 'धम्मनि'; सिंहलमा: 'बम्मनि'।

२– "(मैले) सम्बोधि प्राप्तिकोनिमित्त शील[१] समाधि[२] तथा प्रज्ञारूपी[३] मार्गलाई भाविता गरी परम शुद्धि प्राप्तगरीसकेको छु। हे अन्तक[४] ! तिमी मारिइ सक्यौ।"

त्यस पछि "भगवान्‌ले मलाई चिन्दुहुन्छ, सुगतले मलाई जान्नुहुन्छ" भन्दै दुःखी दुर्मनभई पापी मार त्यहीं अन्तर्धान भए।

× × ×

---

१. यहाँ 'शील' शब्दले अष्टाङ्गिकमार्गको सम्यक्‌वाचा, सम्यक्-कर्म, तथा सम्यक्‌आजीवलाई समावेश गरेको छ।

२. 'समाधि' शब्दले अष्टाङ्गिकमार्गको सम्यक् व्यायाम्, सम्यक्-स्मृति तथा सम्यक् समाधिलाई समावेश गरेको छ।

३. 'प्रज्ञा' शब्दले अष्टाङ्गिकमार्गको सम्यक् दृष्टि र सम्यक् संकल्प-लाई समावेश गरेको छ। सं. नि. अ. क. I. पृ. १३३: तपोकम्मसुत्तं।

४. यो हो मारको नामहरू मध्ये एक नाम। मारको नामहरू निम्नप्रकारका छन्—

"अन्तको, वसवत्ती, पापीमा, (च) पजापति।
पमत्तबन्धु, कण्हो, (च) मारो, नमुचि (तस्सतु)॥"

अभि. प. गाथा ४३

मूल सूत्र--

५-हस्तीराजवर्ण

यस्तो मैले सुने[१]।

एक समय भगवान्—बुद्ध भइसक्नु भएपछि पहिलो पटक, (=पठमाभिसम्बुद्धो),—उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा अज-पाल भन्ने वरको रुखमनी बस्नु भएको थियो। त्यस समय भगवान् रातको महाअन्धकारमा खुला ठाउँमा बसिरहनु भएको थियो। अलि अलि पानी पनि पर्दै थियो।

× × ×

अनि भगवान्लाई भयभीतपार्न, त्रास गराउन तथा लोम-हर्षण गराउने विचारले महाविशाल हात्तीको रूप धारणगरी पापीमार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। उसको टाउको मानो कुनै एक विशाल कालो ढुङ्गा जस्तै थियो। उसका दाँतहरू मानो शुद्ध चाँदी जस्तै थिए। उसको सूँढ मानो एक ठूलो फाली जस्तै थियो। अनि भगवान्ले "यो पापीमार हो" भनी जान्नुभई पापीमारलाई गाथा-द्वारा यस्तो भन्नुभयो—

---

१. सं. नि. I. पृ. १०३: हत्थिराजवण्णसुत्तं, अ. क. I. पृ. १३३; स्याम र रोमनमा: 'नागसुत्तं' भनी उल्लेख भएको छ।

"संसरं[1] दीघमद्धानं, वण्णं कत्वा सुभासुभं।
अलं ते तेन पापिम, निहतो त्वमसि अन्तका' ति ॥"

अर्थ—

"राम्रा नराम्रा वर्णहरू लिई तिमी (मकहाँ) टाढा टाढाबाट आउँछौ। (मलाई डराउन पर्दैन) हे पापी ! तिम्रो त्यो काम भइहाल्यो (छाडिदेऊ); हे अन्तक ! तिमी मारिई सक्यौ।"

त्यस पछि "भगवान्‌ले मलाई चिन्नुहुन्छ, सुगतले मलाई जान्नुहुन्छ" भन्दै दुःखी दुर्मनभई पापीमार त्यहीं अन्तर्धान भए।

× × ×

१. स्याम र रोमनमाः 'संसारं'

मूल सूत्र—

६–शुभाशुभरूप

यस्तो मैले सुने[1] ।

एक समय भगवान्—बुद्ध भइसक्नु भएपछि पहिलो पटक, (=पठमाभिसम्बुद्धो)—उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा अजपाल भन्ने बरको रुखमनी बस्नु भएको थियो। त्यस बखत भगवान् रातको महाअन्धकारमा खुला ठाउँमा बसिरहनु भएको थियो। सिम सिम पानी पनि पर्दै थियो। अनि भगवान्लाई भयभीत-पार्न, त्रास गराउन तथा लोमहर्षण गराउने विचारले पापीमार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि उनले भगवानको नगिचमै नानाविध ठूला-स्याना, शुभ र अशुभादि अनेक वर्णहरू देखाए। अनि भगवान्ले "यो पापीमार हो" भनी जान्नुभई पापी मारलाई गाथाद्वारा यस्तो भन्नु भयो—

१– "संसरं दीघमद्धानं, वण्णं कत्वा सुभासुभं।
अलं ते तेन पापिम, निहतो त्वमसि अन्तक ॥

१. सं. नि. I. पृ. १०४: सुभसुत्तं, अ. क. I. पृ. १३४

२- "ये च कायेन वाचाय, मनसा च सुसंवुता।
न ते मार वसानुगा, न ते मारस्स पच्चगू[1]' ति ॥"

अर्थ—

१- "राम्रा नराम्रा वर्णलिई तिमी (मकहाँ) टाढा टाढाबाट आउँछौ। (मलाई डराउन पर्दैन) हे पापी मार ! तिम्रो त्यो काम भइहाल्यो (छाडि देऊ), हे अन्तक ! तिमी मारिई सक्यौ।

२- "जसको काय, वचन तथा चित्त सुसंयत छ, उ मारको वशमा रहँदैन, न उ मारको पछाडि नै लाग्छ।"

त्यस पछि "भगवान्‌ले मलाई चिन्नुहुन्छ, सुगतले मलाई जान्नुहुन्छ" भन्दै दुःखी दुर्मनभई पापीमार त्यहीं अन्तर्धान भए।

× × ×

---

१. बर्मीमा: 'वद्धगू'।

मूल सूत्र—

७–पञ्चेन्द्रियको भाविताद्वारा अमृत प्राप्तहुन्छ

एक समय भगवान्–बुद्ध भइसक्नु भएपछि पहिलो पटक (=पठमाभिसम्बुद्धो)–उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा, अजपाल भन्ने बरको रुखनिर बसिरहनु भएको थियो[१]। त्यसबखत एकान्त ध्यानमा बसिरहनु भएको भगवान्को चित्तमा यस्तो कल्पना उठ्यो—

"पञ्चेन्द्रियहरूको भाविता-बहुलिकृत गर्दा अमृतपाउँछ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ। कुन पाँच भने ?— (१) श्रद्धेन्द्रियको भाविता-बहुलिकृत गर्दा अमृतपाउँछ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ, (२) वीर्येन्द्रियको भाविता-बहुलिकृत गर्दा..., (३) स्मृतीन्द्रियको भाविता-बहुलिकृत गर्दा···, (४) समाधीन्द्रियको भाविता-बहुलिकृत गर्दा···तथा (५) प्रज्ञेन्द्रियको भाविता-बहुलिकृत गर्दा अमृतपाउँछ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ।"

त्यसबखत भगवान्को चित्तमा उठेको कल्पनालाई आफ्नो चित्तले

---

१. सं. नि. IV. पृ. २०१: सहम्पतिब्रह्मसुत्तं।

जानी – जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ र पसारेको बाहुलाई खुम्च्याउँछ—त्यस्तैगरी सहम्पति ब्रह्मा ब्रह्मलोकमा अन्तर्धानभई भगवान्को अगाडि प्रकटभए। अनि सहम्पति ब्रह्माले उत्तरासङ्गलाई एकांशपारी भगवान्तिर हातजोरी भगवान्लाई यस्तो बिन्ति गरे—

"ठीकै छ, भगवान्! त्यस्तै हो, सुगत! पञ्चेन्द्रियहरूको भाविता-बहुलिकृत गर्दा अमृतपाउँछ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ। कुन पाँच भने?—(१) श्रद्धेन्द्रियको भाविता-बहुलिकृत गर्दा···,(२) वीर्येन्द्रियको भाविता-बहुलिकृत गर्दा···,(३) स्मृतीन्द्रियको भाविता-बहुलिकृत गर्दा...,(४) समाधीन्द्रियको भाविता-बहुलिकृत गर्दा···तथा (५) प्रज्ञेन्द्रियको भाविता-बहुलिकृत गर्दा अमृतपाउँछ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ। योनै पञ्चेन्द्रियहरूको भाविता-बहुलिकृत गर्दा अमृतपाउँछ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ।"

सहम्पति ब्रह्मा

"भन्ते! परापूर्वकालमा मैले काश्यप सम्यक् सम्बुद्धकहाँ ब्रह्मचर्य पालन गरेको थिएँ। त्यस बखत मलाई 'सहक भिक्षु, सहक भिक्षु' भनी चिन्दथे। भन्ते! योनै पञ्चेन्द्रियहरूको भाविता-बहुलिकृत गरेर कामविषयमा हुने कामच्छन्दलाई त्यागी सो म कायछाडी मरणपछि सुगति ब्रह्मलोकमा उत्पन्न भएँ। त्यहाँ मलाई 'सहम्पति ब्रह्मा, सहम्पति ब्रह्मा' भनी चिन्दछन्।

"भगवान् ! ठिकै छ, सुगत ! त्यस्तै हो। 'यी पञ्चेन्द्रिय-हरूको भाविता-बहुलिकृत गर्दा अमृतपाउँछ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ भन्ने कुरा म पनि जान्दछु, म पनि देखदछु।"

× × ×

मूल सूत्र—

८–एकै मार्ग

एक समय भगवान्—बुद्ध हुनु भइसके पछि पहिलो पटक, (=पठमाभिसम्बुद्धो)—उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा अजपाल भन्ने बरको रुखनिर बस्नु भएको थियो[१]।

अनि एकान्त ध्यानमा बसिरहनु भएको भगवान्‌को चित्तमा यस्तो वितर्कना उत्पन्नभयो—

"सत्वहरू विशुद्ध हुनकोनिम्ति, शोक परिदेवबाट उत्तीर्ण हुनकोनिम्ति, दुःख दौर्मनस्यलाई अन्त गर्नकोनिम्ति ज्ञेय (=ञाय) धर्म प्राप्त गर्नकोनिम्ति तथा निर्वाण साक्षात्कार गर्नकोनिम्ति—यही एक मार्ग छ—जुन चार सतिपट्ठान (=स्मृतिप्रस्थान) हुन्।

"कुन चार भने ?— (१) कायमा कायानुपश्यी भई—यो

---

१. सं. नि. IV. पृ. १४३: ब्रह्मसुत्तं, अ. क. III. पृ. १८१; सं. नि. IV. पृ. १५९: मग्गसुत्तंमा यही कुरा भगवान्ले आफैं भन्नु भएको छ।

लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्यलाई हटाई, आतप्तगरी, सम्प्रज्ञानीभई, स्मृतिमान्‌भई भिक्षु विहारगर्छ; (२) वेदनामा वेदनानुपश्यीभई—यो लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्य-लाई हटाई, आतप्तगरी, सम्प्रज्ञानीभई, स्मृतिमान्‌भई भिक्षु विहारगर्छ; (३) चित्तमा चित्तानुपश्यीभई—यो लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्यलाई हटाई, आतप्तगरी, सम्प्रज्ञानीभई, स्मृतिमान्‌भई भिक्षु विहारगर्छ; (४) धर्ममा धर्मानुपश्यीभई—यो लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्यलाई हटाई, आतप्तगरी, सम्प्रज्ञानीभई, स्मृतिमान्-भई भिक्षु विहारगर्छ। यही एक मार्ग हो—सत्वहरू विशुद्धहुने, शोक परिदेवबाट उत्तीर्णहुने, दुःख दौर्मनस्यलाई अन्तगर्ने, ज्ञेय (धर्म) प्राप्तगर्ने तथा निर्वाण साक्षात्कारगर्ने यिनै चार सतिपट्ठान हुन्।"

सहम्पतिद्वारा अनुमोदन

अनि भगवानको चित्तको यस परिवितर्कनालाई आफ्नो चित्तले जानी—जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ, पसारेको बाहुलाई खुम्च्याउँछ—त्यस्तैगरी ब्रह्मलोकमा अन्तर्धानभई सहम्पति ब्रह्मा भगवान्‌को अगाडि प्रकटभए। त्यसपछि सहम्पति ब्रह्माले उत्तरासङ्ग एकांश गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ नमस्कार गरी भगवान्‌लाई यस्तो बिन्तिगरे—

"ठीक हो भगवान्! ठीक हो सुगत! सत्वहरू विशुद्धहुने, शोक परिदेवबाट उत्तीर्णहुने, दुःख दौर्मनस्यलाई अन्तगर्ने, ज्ञेय-धर्म प्राप्तगर्ने तथा निर्वाण साक्षात्कारगर्ने—यही एक मार्ग हो—

जुन यिनै चार सतिपट्ठान हुन्। कुन चार भने ?—भन्ते ! कायमा कायानुपश्यीभई···वेदनामा वेदनानुपश्यीभई···चित्तमा चित्तानुपश्यीभई...तथा धर्ममा धर्मानुपश्यीभई··· —यो लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्यलाई हटाई, आतप्तगरी, सम्प्रज्ञानीभई तथा स्मृतिमान्भई भिक्षु विहारगर्छ। भन्ते ! यही एक मार्ग हो—सत्वहरू विशुद्धिहुने....तथा निर्वाण साक्षात्कारगर्ने—यिनै चार सतिपट्ठान हुन्।"

सहम्पति ब्रह्माले यति बिन्तिगरे। यति बिन्ति गरिसकेपछि फेरि यस्तो बिन्तिगरे—

"एकायनं जातिखयन्तदस्सी,
मग्गं पजानाति हितानुकम्पी।
एतेन मग्गेन तरिंसु पुब्बे,
तरिस्सन्ति ये च तरन्ति ओघं' ति॥"

अर्थ—

"जातिक्षयको अन्त देख्ने हितानुकम्पीले यही एक मार्गलाई ज्ञात गर्छ, यसै मार्गद्वारा पहिलेका (बुद्धहरू) पनि संसारको बाढीबाट तरेर गए, तर्ने पनि छन् तथा अहिले पनि तर्नेछन्।"

× × ×

मूल सूत्र –

९–धर्म-गौरव

यस्तो मैले सुने[1] ।

एक समय भगवान्-बुद्ध भइसक्नु भएपछि पहिलो पटक (=पठमाभिसम्बुद्धो)—उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा, अजपाल भन्ने बरको रुखमनी बस्नु भएको थियो। त्यस बखत, एकान्त ध्यानमा बसिरहनु भएको भगवान्को चित्तमा यस्तो वितर्कना उठ्यो[2]—

"कसैको गौरव नगरी (अगारवो), कसैको आश्रय नलिई (अप्पतिस्सो) बस्नु दुःखै हो। अब म कुन श्रमण वा ब्राह्मणको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई बस्ने होला ?"

---

१. सं. नि. I. पृ. १३९: गारवसुत्तं, अ. क. I. पृ. १५८

२. यो 'वितर्कना' बुद्ध हुनु भएको पाँचौ सप्ताहमा उठेको थियो (अयं वितक्को पञ्चमे सत्ताहे उदपादि)। सं. नि. अ. क. I. पृ. १५८; यही कुरालाई भगवान्ले श्रावस्तीमा आफैले बताउनु भएको छ। अं. नि-४. पृ. २२: पठमउरुवेलसुत्तं, अ. क. II. पृ. ४७६

अनि त्यस बखत भगवान्‌लाई यस्तो लाग्यो—

१- "अपरिपूर्ण शीलस्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई बसिन्छ। सदेव लोकमा, मार[1] सहित ब्रह्मलोकमा, श्रमण सहित ब्राह्मण प्रजाहरूमा, देव सहित मनुष्यहरूमा— मभन्दा शीलले सम्पन्नतर श्रमण वा ब्राह्मण म देख्दिन—जसको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई म बसूँ।

२- "अपरिपूर्ण समाधिस्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई बसिन्छ। सदेव लोकमा,...देव सहित मनुष्यहरूमा—मभन्दा समाधिले सम्पन्नतर श्रमण वा ब्राह्मण म देख्दिन—जसको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई म बसूँ।

३- "अपरिपूर्ण प्रज्ञास्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई बसिन्छ। सदेव लोकमा,...देव सहित मनुष्यहरूमा—मभन्दा प्रज्ञाले सम्पन्नतर श्रमण वा ब्राह्मण म देख्दिन—जसको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई म बसूँ।

---

१. 'मारो नाम वसवत्ती, सब्बेसं उपरि वसं वत्तेति' अर्थात् —मार भनेकोवसवर्त्ती देव हो जो सबैको उपर अधिकार जमाएर बस्छन्। सं. नि. अ क. I. पृ. १५८: ब्रह्मसंयुत्तं, गारवसुत्त-वण्णना।

४– "अपरिपूर्ण विमुक्तिस्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई बसिन्छ। सदेव लोकमा...देव सहित मनुष्यहरूमा—मभन्दा विमुक्तिले सम्पन्नतर श्रमण वा ब्राह्मण म देखिदन—जसको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई म बसूँ।

५– "अपरिपूर्ण विमुक्तिज्ञानदर्शनस्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई बसिन्छ। सदेव लोकमा, मार सहित ब्रह्मलोकमा, श्रमण सहित ब्राह्मण प्रजाहरूमा, देव सहित मनुष्यहरूमा—मभन्दा विमुक्तिज्ञानदर्शनस्कन्धले सम्पन्नतर श्रमण वा ब्राह्मण म देखिदन—जसको सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई म बसूँ। अतः जुन धर्मलाई मैले अभिसम्बोध गरें उही धर्मलाई नै किन सत्कारगरी, गौरवगरी, उपनिश्रयलिई न बसूँ!"

सहम्पतिद्वारा अनुमोदन

त्यस बेला भगवान्‌को चित्तमा उठेको परिवितर्कनालाई जानी—जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ र पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तैगरी ब्रह्मलोकमा अन्तर्धानभई सहम्पति ब्रह्मा भगवान्‌को अगाडि प्रकटभए। अनि सहम्पति ब्रह्माले उत्तरासङ्ग एकांशगरी भगवान्‌तिर हातजोरी भगवान्‌लाई यस्तो बिन्तिगरे—

"भगवान् ! ठिकै हो, सुगत ! ठिकै हो, भन्ते ! अतीत-कालमा जो ती अरहन्त सम्यक सम्बुद्धहरू थिए ती भगवान्हरूले पनि धर्मलाई नै सत्कारगरी, गौरवगरी, धर्मकै उपनिश्रयलिई विहार गरेका थिए। भन्ते ! जो ती अनागत कालमा अरहन्त सम्यक् सम्बुद्ध-हरू हुनेछन् ती भगवान्हरूले पनि धर्मलाई नै सत्कारगरी, गौरवगरी, धर्मकै उपनिश्रयलिई विहारगर्ने छन्। भन्ते ! अहिले भगवान् पनि अरहत सम्यक् सम्बुद्ध हुनुहुन्छ। भगवान् पनि धर्मलाई नै सत्कारगरी, गौरवगरी, धर्मकै उपनिश्रयलिई विहार गर्नुहोस् !"

सहम्पति ब्रह्माले यति बिन्ति गरे। यति बिन्ति गरिसकेपछि फेरि यस्तो बिन्तिगरे--

१- "ये च[1] अतीता[1] सम्बुद्धा, ये च बुद्धा अनागता।
यो चे तरहि सम्बुद्धो, बहुन्न[2] सोकनासनो ॥

२- "सब्बे सद्धम्मगरुनो, विहंसु[3] विहरन्ति च।
तथा पि[4] विहरिस्सन्ति, एसा बुद्धानधम्मता ॥

३- "तस्माहि अत्थ कामेन, महत्तमभिकङ्खता।
सद्धम्मो गरुकातब्बो, सरं बुद्धान सासनं' ति ॥"

---

१. सिंहलमाः 'चब्भतीता'।

२. बर्मिमाः 'बहूनं'।

३. स्याम र रोमनमाः 'विहंसु'।

४. सिंहल र रोमनमाः 'अथोपि'।

अर्थ—

१– "सबैको शोक नाशगर्ने जुन अतीतकालका बुद्धहरू हुन्, जुन अनागत कालका बुद्धहरू हुन् तथा वर्तमान कालका जुन सम्बुद्ध हुन्—

२– "ती सबैले सद्धर्मकै गौरव राख्दै विहार गरेका थिए र विहार गर्ने पनि छन्; अनि त्यस्तैगरी वर्तमानमा पनि विहार गर्ने छन्—यहीनै बुद्धहरूका धर्मता हो ।

३– "(अतीत) बुद्धहरूका शासन (धर्म) परम्पराको अनुस्मरण गर्दै अर्थकामी, महत्वाकांक्षीले पनि सद्धर्मकै गौरव राख्ने काम गर्नुपर्छ ।"

× × ×

मूल सूत्र—

१०-मुचलिन्द-कथा

अनि भगवान् (एक) सप्ताह बितिसके पछि त्यस समाधि-बाट उठ्नुभई, अजपाल बर वृक्षबाट जहाँ मुचलिन्द[१] वृक्ष हो त्यहाँ जानु भयो[२]। त्यहाँ पुगेपछि मुचलिन्द वृक्षको मूल (=समीप) मा (एक) सप्ताहसम्म एकै आसनमा बस्नुभई विमुक्तिसुख अनुभव गर्नु भयो।

त्यस समय (आकाशमा) महा अकाल मेघले छायो। सप्ताह-भरी बदलीभई चीसो हावा लागेकोले दिन खराब थियो।

अनि मुचलिन्द नागराजा— "भगवान्‌लाई ठण्डी लाग्न न पाओस्, भगवान्‌लाई गर्मी हुन न पाओस्, भगवान्‌लाई कुनै दंस-

---

१. यस वृक्षको नाम 'मुचल' हो। यो कदम्बको वृक्ष हो। अरू रुखहरूभन्दा यो रुख प्रमुख भएकोले यसलाई मुचल+इन्द= मुचलिन्द भनिएको हो भनी उदा. अ. क, पृ. ६९ मा समुल्लेख भएको छ। यो वृक्ष महाबोधि वृक्षको पश्चिम कुनातिर पर्छ। सम. पा. पृ. ७१९

२. महा. व. पा. पृ. ५: मुचलिन्दकथा, अ. क. पृ. ७१८; भगवान् यस वृक्षमा छैटौं सप्ताहमा आउनु भएको थियो।

मकस, वातातप अथवा सर्प आदिहरूको पनि स्पर्श हुन न पाओस्" भन्ने विचारले आफ्नो भवनबाट निस्की भगवान्को शरीरलाई आफ्नो भोग (=शरीर) ले सातफन्को बेरी (भगवान्को) शीरमाथि आफ्नो फणा फैलाई बसे ।

अनि सप्ताह बितिसके पछि, आकाशबाट मेघ हटेको कारण बुझी भगवान्को शरीरबाट भोग (=शरीर) फुकाली, आफ्नो स्वरूपलाई बदली माणवक रूप धारण गरी, दुइहात जोरी नमस्कार गर्दै मुचलिन्द नागराजा भगवान्को अगाडि बसे। अनि भगवान्ले यस अर्थलाई बुझनुभई त्यसवेला यो उदान (=उद्गार) प्रकट गर्नुभयो —

१– "सुखो विवेको तुट्ठस्स, सुतधम्मस्स पस्सतो ।
अब्यापज्जं[1] सुखं लोके, पाणभूतेसु संयमो[2] ॥

२– "सुखा विरागता लोके, कामानं समतिक्कमो ।
अस्मिमानस्स यो विनयो, एतं वे परमं सुखं'ति ॥"

अर्थ—

१– "निर्वाणरूपी विवेक-सुखलाई सुनेर, जानेर अब्यापद्य भई बस्नुनै यो लोकमा सुख हो ।

---

१. रोमनमा: 'अव्यपज्झं,' स्याममा: 'अब्यापज्झं' ।

२. स्याममा: 'सञ्ञमो' ।

२– "कामविषयलाई पारगरी, रागबाट मुक्तभई बस्नुनै यो लोकमा सुख हो, अस्मिमान (=अहंकार) लाई त्याग्नुनै परम सुख हो।"

× × ×

मूल सूत्र—

११–राजायतन-कथा

अनि (एक) सप्ताह बितिसकेपछि भगवान् त्यस समाधिबाट उठ्नुभई मुचलिन्द वृक्षबाट जहाँ राजायतन[१] वृक्ष हो त्यहाँ जानु भयो[२]। त्यहाँ पुगेपछि राजायतन वृक्षको मूलमा (एक) सप्ताह-सम्म एकै आसनमा बस्नुभई विमुक्तिसुख अनुभव गर्नुभयो।

तपुस्स-भल्लिक

त्यस समय तपुस्स-भल्लिक[३] भन्ने दुइ व्यापारीहरू उक्कला[४] (=उत्कल) बाट मध्यदेशतिर यात्रा गरिरहेका थिए। अनि तपुस्स-

---

१. यो राजायतन वृक्ष बोधिवृक्षको दक्षिण दिशातिर पर्छ। सम. पा. पृ. ७१९

२. महा० व. पा. पृ. ५: राजायतनकथा, अ. क. पृ. ७१९

३. सिंहलमा: 'तपुस्स भल्लुक'। यिनीहरू दुइ दाजुभाइहरू हुन्। तपुस्स र भल्लिक। सम. पा. पृ. ७१९

४. "उक्कला भन्ने जनपदबाट" भनी सम. पा. पृ. ७१९ मा समुल्लेख भएको छ। हाल यस प्रदेशलाई 'उडीसा' भन्दछन् G. D. पृ. २१२

भल्लिक व्यापारीहरूका (पूर्वजन्ममा) नातापर्ने एक देवताले तपुस्स-भल्लिक व्यापारीहरूलाई यस्तो भने—

" हे मारिष ! वहाँ भगवान्, बुद्ध भई प्रथमबार राजायतन वृक्षको मूलमा बस्नु भएको छ[१] । तिमीहरू त्यहाँ गई भगवान्लाई मही र मधुपिण्डद्वारा[२] सम्मान गर । तिमीहरूकोनिम्ति यो कार्य दीर्घकालसम्म हित र सुख हुनेछ ।"

अनि तपुस्स र भल्लिक व्यापारीहरू सत्तु र मधुपिण्ड लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका तपुस्स र भल्लिक व्यापारीहरूले भगवान्सँग बिन्ति गरे—

---

१. भगवान् सातौंहप्ता राजायतन वृक्षमनी विमुक्तिसुखमा बिताइसक्नु भएपछि सातौं दिनको अन्तिमघरि अर्थात् आठौं दिन लाग्ने अरुणोदयको समयमा शक्रदेवेन्द्रले हरितकिको औषधी दिएपछि भगवान्को दिसा पिसाप भयो । अनि मुख धोइसक्नु भएपछि भगवान् उही वृक्षमनी नै बस्नु भएको थियो । सम. पा. पृ. ७१९; बु. वं. अ. क. पृ. २४१ मा उनंचास क्षिनमा भनी प्रष्ट शब्दमा उल्लेख भएको छ— 'अथ सत्था सत्तसत्ताहमत्थके एकूनपञ्ञासतिमे दिवसे...तत्थेव राजायतनमूलेनिसीदि' ।

२. चतुर्मधुमा मुछी राखेको 'लड्डु' । सम. पा. पृ. ७१९

"भन्ते ! यो मही र मधुपिण्ड भगवान्‌ले ग्रहण गर्नुहोस्— जसद्वारा हामीहरूको दीर्घकालसम्म हित र सुख हुनेछ[१] ।"

त्यस बखत भगवान्‌लाई यस्तो लाग्यो—

"तथागतले हातमा थापेर लिन्न । यो मही र मधुपिण्ड मैले के मा थापेर लिने होला ?"

अनि त्यस बखत चारै महाराजाहरू (=देवपुत्रहरू) ले भगवान्‌को मनको वितर्कनालाई आफ्नो मनले थाहापाई चारैदिशाबाट (आई) चार ओटा शैलमय पात्रहरू भगवान्‌लाई चढाए— "भन्ते ! मही र मधुपिण्ड यसमा थापेर लिनुहोस् ।"

भगवान्‌ले नयाँ शैलमय पात्रहरू स्वीकार गर्नुभयो; मही र मधुपिण्ड पनि ग्रहण गर्नुभयो । त्यसपछि भोजन गर्नुभयो । अनि तपुस्स-भल्लिक ब्यापारीहरूले भगवान्‌सँग बिन्तिगरे—

"भन्ते ! हामीहरू भगवान्‌को शरणमा पर्छौं तथा धर्मको पनि । आजदेखि आजीवन शरणमा आएका उपासकहरू हुन् भनी हामीहरूलाई भगवान्‌ले स्वीकार गर्नुहोस् ।"

---

१. आठौं हप्ताको पहिलो दिनमा तपुस्स-भल्लुकहरूले मधुपिण्डहरू चढाएका थिए । सम. पा. पृ. ७१९

यिनीहरू नै यो लोकमा सर्वप्रथम द्वैवाचिक[१] उपासकहरू भएका हुन्।

× × ×

१. यसबेलासम्म सङ्घ स्थापना न भएकोले यिनीहरू बुद्ध र धर्मको मात्र शरणमा गएकाहुन्, त्यसैले 'द्वैवाचिक' अर्थात् दुइ वचनद्वारा शरणमा गएका उपासक भनिएको हो ।

मूल सूत्र—

१२–ब्रह्मयाचना

अनि सप्ताह बितिसके पछि भगवान् त्यस आसनबाट उठ्नुभई राजायतन वृक्षबाट जहाँ अजपाल भन्ने बरको रुख हो त्यहाँ जानु भयो। त्यस पछि अजपाल भन्ने बरको रुखमनी विहार गर्नु भयो[१]। एकान्त ध्यानमा बसिरहनु भएका भगवान्को चित्तमा त्यस बखत यस्तो परिवितर्कना[२] उठ्यो—

---

१. महा. व. पा. पृ. ६: ब्रह्मयाचनकथा, अ. क. पृ. ७२०; यही कुराहरू सं. नि. I. पृ. १३७ 'ब्रह्मयाचनासुत्तं' मा पनि समुल्लेख भएको छ; म. नि. I. पृ. २१७: पासरासिय सूत्रमा भगवान्ले यस कुरालाई आफैले भिक्षुहरूलाई बताउनु भएको छ।

२. यो वितर्कना आठौंहप्तामा भएको थियो। आठौंहप्ताको शुरुमा तपुस्स र भल्लुकहरूले चढाएका मधुपिण्डहरू स्वीकारगरी फेरि अजपाल बरको वृक्षमा जानु भएको थियो। त्यहाँनै भगवान्को मनमा यस्तो वितर्कना उठेको हो। सं. नि. अ. क. I. पृ. १५२ ब्रह्मसंयुत्तवण्णना।

"मैले यो धर्मलाई अवबोधगरें—जो गम्भीर, दुर्दर्शनीय (=देख्न गहारो), दुरनुबोध (=बोधगर्न गहारो), शान्त, प्रणीत, अतर्कावचर (=तर्कद्वारा मात्र अप्राप्य), निपुण तथा पण्डितहरू-द्वारा बोधगम्य छ। यी प्रजाहरू आलय (=पञ्चकामविषय) मा आनन्दित छन्, त्यसमा रत छन् तथा त्यसैमा प्रमुदित छन्। आलयमा आनन्दित हुने, आलयमा रत हुने तथा आलयमै प्रमुदित हुने प्रजाहरूले यस प्रत्ययद्वारा यो हुन्छ; यस प्रत्ययको कारणले नै 'प्रतित्यसमुत्पाद' हुन्छ भन्ने—यी (प्रतित्यसमुत्पन्नको) कारणहरूलाई देख्न-सक्नेछैनन्। सबै संस्कारहरूको क्षय, सबै बन्धनहरूको उत्सर्ग, तृष्णा क्षय, विराग, निरोध तथा निर्वाणलाई पनि देख्न गहारै छ। यदि मैले धर्मदेशनागरूँ र अरूहरूले (त्यो) धर्म (=कुरा) लाई बुझ्न सकेनन्भने—त्यो मेरोनिम्ति ग्लानी[१] अथवा हैरानी हुनेछ।"

अनि यसै बेला भगवान्को मनमा (वहाँले) पहिले कहील्यै सुन्नु नभएको निम्न कुराहरू (गाथाहरू) पनि सम्झनामा आए—

१– "किच्छेन मे अधिगतं हलंदानि पकासितुं।
रागदोसपरेतेहि नायं धम्मो सुसम्बुधो॥

१. शारीरिक र मानसिक ग्लानी हुन सक्छ। सं. नि. अ. क. I. पृ. १५८; पपं. सू. II पृ. १४६

२- "पटिसोतगामिं निपुणं गम्भीरं दुद्दसं अणुं ।
रागरत्ता न दक्खन्ति[1] तमोक्खन्धेन आवुटा[2]"ति॥"

अर्थ -

१- "दुष्करतापूर्वक मैले प्राप्तगरेको यो धर्मलाई किन प्रकाश गरौं, भइहाल्यो; राग-द्वेषमा मुछिएर बस्नेहरूले यो धर्मलाई अवबोध गर्न गहारै छ।

२- "निपुण, गम्भीर, सूक्ष्म तथा प्रतिस्रोतगामी (यो धर्मलाई) राग-रक्तभई तमस्कन्धद्वारा आवृत्त भएकाहरूले देखन सक्ने छैनन् ।"

यस्तो वितर्कना भइरहेको बेलामा (वहाँको) चित्त धर्मदेशना-तिरभन्दा अल्पोत्सुकतातिर ढल्केर जान्थ्यो ।

त्यसै बखत भगवान्‌को चित्तमा भइरहेको (यस) वितर्कनालाई सहम्पति ब्रह्माले आफ्नो चित्तद्वारा जानेपछि उनलाई यस्तो लाग्यो—

"यदि तथागत अरहत् सम्यक् सम्बुद्धको चित्त धर्मदेशनातिर नलागी अल्पोत्सुकतातिर लाग्छभने यो लोक नाश हुनेछ, यो लोक विनाश हुनेछ ।"

---

१. सिंहलमा: 'दक्खिन्ती' ।

२. सिंहलमा: 'आवटा' ।

त्यसपछि सहम्पति ब्रह्मा—जस्तै कुनै बलवान् पुरुषले खुम्चेको हातलाई पसार्छ र पसारेको हातलाई खुम्च्याउंछ त्यस्तैगरी—ब्रह्मलोकमा अन्तरधान भई भगवान्को अगाडितिर प्रकटभए। अनि सहम्पति ब्रह्माले उत्तरासङ्गलाई एकांशपारी, दाहिने घुँडाले पृथ्वीमा टेकी, भगवान्को अगाडि हातजोरी नमस्कार गरी भगवान्सँग यस्तो बिन्ति गरे[1]—

(१) "भन्ते भगवान् ! धर्मदेशना गर्नु होस् ! भन्ते भगवान् ! धर्मदेशना गर्नु होस् !! प्रज्ञारूपी चक्षुमा अल्प-मलहुने सत्वहरू पनि छन्। धर्म सुन्न नपाउँदा उनीहरूको परिहानी हुनसक्छ। (धर्मलाई) बुझ्न सक्ने सत्वहरू पनि हुनसक्छन्।"

---

१. भगवान् बुद्ध हुनु भइसकेको आठौंसप्ताहमा सहम्पति ब्रह्माले उपरोक्त प्रार्थना गरेका थिए भनी सं. नि. अ. क. I. पृ. १५२ मा समुल्लेख भएको छ। म. नि. अ. क. II. पृ. १४८ मा यो प्रार्थना गर्न आउँदा सहम्पति ब्रह्मा एक्लै मात्र नभई अरू पनि हजारौं ब्रह्मादि देवताहरू थिए भन्ने कुरा उल्लेख भएको छ। म. नि. अ. क. II. पृ. २३१: चूलसच्चकसुत्तवण्णनामा त्यस बखत इन्द्र सहित महाब्रह्माहरू पनि साथमा थिए भन्ने कुरा प्रष्ट शब्दमा उल्लेख भएको छ। सूत्रको अध्ययनगर्दा भगवान् बुद्धको चित्तमा परिकल्पना भइरहेकै बेलामा र वितर्कनाको निष्कर्षमापुग्नु अगाडि नै सहम्पति ब्रह्मा आइपुगेको कुरा विदित हुन्छ।

यति बिन्ति गरिसके पछि सहम्पति ब्रह्माले पुनः यस्तो बिन्ति गरे—

१– "पातुरहोसि मगधेसु पुब्बे,
धम्मो असुद्धो समलेहि चिन्तितो ।
अपापुरेतं[1] अमतस्स द्वारं,
सुणन्तु धम्मं विमलेनानुबुद्धं ॥

२– "सेले यथा पब्बतमुद्धनिट्ठितो,
यथापि पस्से जनतं समन्ततो ।
तथूपमं धम्ममयं सुमेध,
पासादमारुय्ह समन्तचक्खु ।
सोकावतिण्णं[2] जनतमपेतसोको,
अवेक्खस्सु जातिजराभिभूतं ॥

३– "उट्ठेहि वीर विजितसङ्गाम,
सत्थवाह अनण[3] विचर लोके ।
देसस्सु[4] भगवा धम्मं,
अञ्ञातारो भविस्सन्ती' ति ॥"

---

१. सिंहलमाः 'अवापुरेतं' ।

२. स्याममाः 'सोकावकिण्णं' ।

३. बर्मीमाः 'अण्ण' ।

४. स्याम र रोमनमाः 'देसेतु' ।

अर्थ—

१– "मगध देशमा अघि मलिन चित्त हुनेहरूले चिन्तन गरेको अशुद्ध धर्म थियो। अमृतद्वार खोलि दिने विमल (पुरुष) ले अनुबोध गरेको धर्मलाई (अब) यो संसारका प्राणीहरूले सुनुन्!

२– "शैलमय पर्वतको टुप्पोमा बसी (कुनै पुरुषले) चारैतिर सबै जनतालाई हेर्ने फैं—समन्तचक्षु हुनुभएका, शोकरहित हुनुभएका (तपाइ) सुमेधले पनि – शोकग्रस्त तथा जातिजराले अभिभूत भएका प्राणीहरूलाई मुक्तगर्न धर्ममय प्रासादमा आरोहण गरी जनतातिर हेर्नुहोस्!

३– "हे संग्रामजित! हे वीर पुरुष! हे अऋणी सार्थवाह! उठ्नुहोस्!! विचरण गर्नुहोस्!! भगवान्! धर्मदेशना गर्नुहोस्! धर्म बुझ्नसक्नेहरू पनि हुन सक्छन्।"

यस्तो भन्दा भगवान्‌ले सहम्पति ब्रह्मालाई यस्तो भन्नुभयो—

"हे ब्रह्मे! मलाई पनि यस्तो लागेको थियो— 'मैले यो धर्मलाई अवबोध गरें—जो गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितहरूद्वारा बोधगम्य छ। यी प्रजाहरू आलयमा अभिनन्दित छन्, त्यसमा रत छन् तथा त्यसैमा प्रमुदित छन्। आलयमा आनन्दितहुने, आलयमा रतहुने तथा आलयमै प्रमुदितहुने प्रजाहरूले—यस प्रत्ययद्वारा यो हुन्छ; यस प्रत्ययको कारणले नै 'प्रतित्यसमुत्पाद' हुन्छ भन्ने – यो (प्रतित्यसमुत्पन्नको)

कारणहरूलाई देख्नसक्ने छैनन् । सबै संस्कारहरूको क्षय, सबै बन्धन-हरूको उत्सर्ग, तृष्णा क्षय, विराग, निरोध तथा निर्वाणलाई पनि देख्न गाह्रै छ । यदि मैले धर्मदेशनागरूँ र अरूहरूले (त्यो) धर्म (=कुरा) लाई बुझन सकेनन् भने—त्यो मेरोनिम्ति ग्लानी अथवा हैरानी हुनसक्छ ।'

"हे ब्रह्मे ! अनि त्यसवेला पहिले कहील्यै नसुनेका निम्न कुराहरू पनि मेरो सम्झनामा आए—

१– 'किच्छेन मे अधिगतं हलंदानि पकासितुं ।'
...इत्यादि[१] ।'

"हे ब्रह्मे ! यस्तो वितर्कना भइरहेको बेलामा मेरो चित्त धर्म-देशनातिरभन्दा अल्पोत्सुकतातिर ढल्किन्थ्यो ।"

(२) दोश्रोपटक पनि सहम्पति ब्रह्माले भगवान्सँग यस्तो बिन्तिगरे —

"भन्ते भगवान् ! धर्मदेशना गर्नुहोस् ! भन्ते भगवान् ! धर्म-देशना गर्नुहोस्[२] ! ! .... ।"

---

१. माथि पृ. १३६ मा उल्लेख भएका दुवै गाथाहरू दोहऱ्याई पढ्नू र तिनिहरूको अर्थ पनि पढ्नू ।

२. माथि पृ. १३८ मा उल्लेख भएका कुराहरू दोहऱ्याइ पढ्नू ।

यति बिन्ति गरिसकेपछि सहम्पति ब्रह्माले पुनः यस्तो बिन्ति गरे—

१- "पातुरहोसि मगधेसु पुब्बे...[१]" इत्यादि।

यस्तो भन्दा भगवान्‌ले सहम्पति ब्रह्मालाई यस्तो भन्नुभयो—

"हे ब्रह्मे ! मलाई पनि यस्तो लागेको थियो— 'मैले यो धर्मलाई बोध गरें—जो गम्भीर,..[२] तथा पण्डितहरूद्वारा बोधगम्य छ। यी प्रजाहरू आलयमा अभिनन्दित छन्, त्यसमा रत छन् तथा त्यसैमा प्रमुदित छन्।...[३] यदि मैले धर्मदेशना गरूँ र अरूहरूले (त्यो) धर्म (=कुरा) लाई बुझन सकेनन्‌भने—त्यो मेरोनिम्ति ग्लानी अथवा हैरानी हुनसक्छ।'

"हे ब्रह्मे ! अनि त्यसवेला पहिले कहील्यै नसुनेका निम्न कुराहरू पनि मेरो सम्झनामा आए—

१- 'किच्छेन मे अधिगतं हलंदानि पकासितुं, ... इत्यादि[४]।'

---

१. माथि पृ १३९. मा उल्लेख भएका तीनै गाथाहरू र अर्थहरू दोहऱ्याइ पढ्नू।

२. माथि पृ. १४० मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

३. माथि पृ. १४० मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

४. माथि पृ. १३६ मा उल्लेख भएका दुवै गाथाहरू र अर्थ पनि दोहऱ्याई पढ्नू।

"हे ब्रह्म ! यस्तो वितर्कना भइरहेको बेलामा मेरो चित्त धर्म-देशनातिरभन्दा अल्पोत्सुकतातिर ढल्किन्थ्यो।"

(३) तेश्रोपटक पनि सहम्पति ब्रह्माले भगवान्सँग यस्तो बिन्ति गरे—

"भन्ते भगवान् ! धर्मदेशना गर्नुहोस् ! भन्ते भगवान् ! धर्म-देशना गर्नुहोस्[१] !!...।"

यति बिन्ति गरिसकेपछि सहम्पति ब्रह्माले पुनः यस्तो बिन्ति गरे—

१- "पातुरहोसि मगधेसु पुब्बे...[२]" इत्यादि ।

अनि भगवान्ले ब्रह्माको अभिप्रायलाई पनि बुझ्नुभई, प्राणी-हरूको प्रति पनि करुणाको कारणले गर्दा बुद्धचक्षु[३]द्वारा लोकमा[४] हेर्नुभयो। बुद्धचक्षुद्वारा लोकमा हेर्नु हुँदा भगवान्ले अल्परज

---

१. माथि पृ. १३८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. माथि पृ. १३९ मा उल्लेख भएका तीनै गाथाहरू तथा अर्थहरू पनि दोहऱ्याई पढ्नू ।

३. इन्द्रियपरोपरियत्ति-ज्ञान र आशयअनुशय-ज्ञानलाई 'बुद्धचक्षु' भन्दछन्। त्यस्तैगरी सर्वज्ञता-ज्ञानलाई 'समन्तचक्षु' र तीन मार्ग-ज्ञानलाई 'धर्मचक्षु' भन्दछन्। पपं. सू. II. पृ. १४९; सं. नि. अ. क. I. पृ. १५६, 'बुद्धचक्षु' को बारेमा पटि. म. पा. पृ. २७० मा पनि उल्लेख भएको छ ।

४. यहाँनिर 'लोक' भन्नाले कुन लोक अथवा कति प्रकारका लोकलाई परिलक्षित गरेको रहेछ भन्ने बारेमा सं. नि. अ. क. I. पृ. १५६ः ब्रह्मयाचनसुत्तको वर्णनामा हेर्नू ।

(=मल) हुने,[१] महारज हुने,[२] तीक्ष्ण-इन्द्रिय हुने,[३] मृदु-इन्द्रिय हुने,[४] सु-आकार हुने,[५] दुराकार हुने,[६] सुविज्ञेय हुने,[७] दुर्विज्ञेय हुने;[८] केही परलोकवद्यभयदर्शी भई बस्ने,[९] केही परलोकवद्यभय-

---

१. जसको प्रज्ञारूपी चक्षुमा रागादि रजहरू (=मलहरू) कम हुन्छन्, त्यस्ता प्रज्ञावान्लाई 'अल्परज हुने' भन्दछन् ।

२. अप्रज्ञावान्लाई 'महारज हुने' भन्दछन् ।

३. जसको श्रद्धा-इन्द्रियादिहरू तीक्ष्ण हुन्छन् उसलाई 'तीक्ष्ण-इन्द्रिय हुने' भन्दछन् ।

४. जसको श्रद्धा-इन्द्रियादिहरू तीक्ष्ण हुँदैनन् उसलाई 'मृदु इन्द्रिय हुने' भन्दछन् ।

५. जसको श्रद्धा सुन्दर हुन्छ उसलाई 'सु-आकार हुने' भन्दछन् ।

६. जसको श्रद्धा सुन्दर हुन्न उसलाई 'दुराकार हुने' भन्दछन् ।

७. जसले भनेको कारणलाई सरलतापूर्वक बुझ्न सक्छ वा जसलाई बुझाउन सजिलो हुन्छ उसलाई 'सुविज्ञेयहुने' भन्दछन् ।

८. जसले भनेको कुरालाई सरलतापूर्वक बुझ्न सक्तैन वा जसलाई बुझाउन गहारो पर्छ उसलाई 'दुर्विज्ञेय हुने' भन्दछन् ।

९. जसले परलोकलाई दोष र भयको दृष्टिले हेर्छ उसलाई 'परलोकवद्यभयदर्शी' भन्दछन् ।

दर्शी[1] भई नबस्ने सत्वहरू देख्नु भयो। जस्तै—कुनै उत्पल, पद्म, अथवा पुण्डरीक भएको पोखरीमा (१) केही उत्पल, पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्नभई, पानीमा संवर्धनभई पानीभन्दा माथि नउठी पानी भित्रै पोषित हुन्छन्; (२) केही उत्पल, पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्नभई, पानीमा संवर्धनभई, पानीको स्तरमा रहेका हुन्छन; (३) केही उत्पल, पद्म, अथवा पुण्डरीकहरू पानीमा उत्पन्नभई, पानीमा संवर्धनभई, पानीभन्दा माथि उठी, पानीले छुन नसक्ने गरी रहन्छन्। त्यस्तै—बुद्धचक्षुद्वारा भगवान्ले लोकमा हेर्नु हुँदा अल्परजहुने, महारजहुने, तीक्ष्ण-इन्द्रियहुने, मृदु-इन्द्रियहुने, सु-आकारहुने, दुराकारहुने, सुविज्ञेयहुने, दुर्विज्ञेयहुने तथा केही परलोकवद्यभयदर्शीभई बस्ने, केही परलोकवद्यभयदर्शीभई नबस्ने सत्वहरू देख्नु भयो। यति देख्नु भएपछि (वहाँले) सहम्पति ब्रह्मालाई गाथाद्वारा यस्तो भन्नुभयो—

"अपारुता तेसं[2] अमतस्स द्वारा,
ये सोतवन्तो पमुच्चन्तु सद्धं।
विहिंससञ्ञी पगुणं न भासिं,
धम्मं पणीतं मनुजेसु ब्रह्मे' ति॥"

---

१. जसले परलोकलाई दोष र भयको दृष्टिले हेर्दैन उसलाई 'परलोकवद्यभयदर्शीभई नबस्ने' भन्दछन्। यी जम्मै कुरा सम्बन्धी सविस्तर कुराहरू जान्न चाहनेले पटि. म. पा. पृ. १३४, २७० र विभं. पा. पृ. ४०४ मा हेर्नु।

२. स्याममाः 'ते'।

अर्थ—

"हे ब्रम्हे ! प्रगुण भएर पनि कष्ट हुन्छ भन्ने संज्ञीभई, जनतालाई प्रणीत-धर्मदेशना नगर्ने विचार भएको थियो। परन्तु अब सुन्न चाहनेहरूले आफ्नो श्रद्धालाई अघि बढाई सुन, उनीहरूकानिमित्त अमृत-द्वार खोलियो ।"

अनि "भगवान्बाट धर्मदेशनागर्ने आज्ञा पाए" भन्दै भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी सहम्पति ब्रह्मा त्यहीं नै अन्तर्धान भएर गए ।

× × ×

मूल सूत्र--

१३-मारयाचना

"आनन्द[१] ! एक समय म— बुद्ध भइसकेपछि पहिलो पटक (=पठमाभिसम्बुद्धो[२])— उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा अजपाल बरको रुखमा बसीरहेको थिएँ[३]। आनन्द ! त्यसबखत पापी मार जहाँ म थिएँ त्यहाँ आए; त्यहाँ आएर एक छेउमा

---

१. एक समय भगवान् बुद्ध वैशालीस्थित चापाल-चैत्यमा बसीरहनु भएको थियो। त्यस बेला ठूलो भुइचालो गयो। आयुष्मान् आनन्दले भगवान्सँग भुइचालोको कारण सोध्नु भयो। भगवान्ले उत्तर दिनु भयो र सोही कुराको सिलसिलामा यो सूत्रका कुराहरू पनि बताउनु भएको हो। हेर दी. नि. II. पृ. ८८: महापरिनिब्बानसुत्तं।

२. "पठमाभिसम्बुद्धोति अभिसम्बुद्धो हुत्वा पठममेव अट्ठमेसत्ताहे" अर्थात्-- बुद्ध भइसक्नु भएको आठौं हप्तामा। दी. नि. अ. क. I. पृ. ३९१: महापरिनिब्बानसुत्तवण्णना।

३. दी. नि. II. पृ. ८८: महापरिनिर्वाण सूत्रबाट, अ. क. I. पृ. ३९१

उभिइरहे। आनन्द ! अनि एक छेउमा उभिइरहेका पापी मारले मलाई यस्तो भने—

'भन्ते भगवान् ! अब (तपाइ) परिनिर्वाण हुनुहोस् ! सुगत, परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो।'

"आनन्द ! यस्तो भन्दा, मैले पापी मारलाई यस्तो भनें—

१- 'हे पापी ! जबसम्म मेरा भिक्षु श्रावकहरू—व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमनगर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहणगरी अरूलाई बताउनसक्ने, देशना गर्नसक्ने, प्रज्ञापनगर्नसक्ने, प्रतिस्थापितगर्नसक्ने, विवृत्तपार्नसक्ने, विभाजनगर्नसक्ने, सुस्प्रष्टगर्नसक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित (सहधम्मेन) सुनिग्रहितरूपमा सुनिग्रहगर्नसक्ने र नैर्याणिकरूपमा धर्मदेशनागर्नसक्ने—हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन।

२- 'हे पापी ! जबसम्म मेरा भिक्षुणी श्राविकाहरू—व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमनगर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहणगरी अरूलाई बताउनसक्ने, देशनागर्नसक्ने, प्रज्ञापनगर्नसक्ने, प्रतिस्थापितगर्नसक्ने, विवृत्तपार्नसक्ने, विभाजनगर्नसक्ने, सुस्प्रष्टगर्नसक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहितरूपमा सुनिग्रहगर्नसक्ने र नैर्याणिकरूपमा धर्मदेशनागर्नसक्ने—हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन।

३- 'हे पापी ! जबसम्म मेरा उपासक श्रावकहरू—व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमनगर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहणगरी अरूलाई बताउनसक्ने, देशनागर्नसक्ने, प्रज्ञापनगर्नसक्ने, प्रतिस्थापितगर्नसक्ने, विवृत्तपार्नसक्ने, विभाजनगर्नसक्ने, सुस्प्रष्टगर्नसक्ने तथा उत्पन्नहुने परप्रवादलाई कारण-सहित सुनिग्रहितरूपमा सुनिग्रहगर्नसक्ने र नैर्याणिकरूपमा धर्मदेशना-गर्नसक्ने—हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन।

४- 'हे पापी ! जबसम्म मेरा उपासिका श्राविकाहरू—व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमनगर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहणगरी अरूलाई बताउनसक्ने, देशनागर्नसक्ने, प्रज्ञापनगर्नसक्ने, विभाजनगर्नसक्ने, सुस्प्रष्ट गर्नसक्ने तथा उत्पन्नहुने परप्रवादलाई कारणसहित सुनिग्रहितरूपमा सुनिग्रहगर्नसक्ने र नैर्याणिकरूपमा धर्मदेशनागर्नसक्ने--हुने छैनन् तब-सम्म म परिनिर्वाण हुने छैन।

५- 'हे पापी ! जबसम्म यो मेरो ब्रह्मचर्य (=श्रेष्ठ धर्म) अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने छैन तथा देव-मनुष्यहरूले[1] सुप्रकाशित गर्ने छैनन् तबसम्म म परिनिर्वाणहुने छैन'।"

× × ×

१ बुझ्नसक्ने स्वभावका जति देव-मनुष्यहरू छन् ती सबै। दी. नि. अ. क. I. पृ. ३८६: महापरिनिब्बानसुत्तवण्णना।

मूल सूत्र—

१४—पञ्चवर्गीय-कथा[1]

धर्मदेशनाको चिन्तन

अनि भगवान्‌लाई यस्तो लाग्यो[2]—

(१) "कसलाई मैले प्रथम धर्मोपदेशगरूँ ? कसले यो धर्मलाई चाँडै बुझन सक्ला[2] ?"

त्यसबेला भगवान्‌लाई यस्तो लाग्यो—

"यी आलार कालाम[3] पण्डित, व्यक्त, मेधावी हुन्। धेरै

---

१. महा. व. पा. पृ. १०: पञ्चवग्गियकथा।

२. यी कल्पना भगवान्‌लाई बुद्ध भएको आठौं सप्ताहमा भएको थियो। (बुद्ध भूतस्स अट्ठमे सत्ताहे) पपं. सू. II. पृ. १५१: पासरासिसुत्तवण्णना।

३. भगवान् बुद्ध, बोधिसत्व छँदा प्रव्रजित भइसके पछि सर्वप्रथम यिनको आश्रममा बस्नु भएको थियो। यिनको ज्ञान-शक्तिबारे भगवान् परिचित हुनु हुन्थ्यो। त्यसैले यिनलाई सम्झनु भएको हो। हेर. बु. ब्रा. पृ. ८४ मा। यही कुराहरू म. नि. I. पृ. २१२: पासरासि वा अरियपरियेसनसुत्तमा भगवान् बुद्धले स्वयं बताउनु भएको छ।

दिनदेखि यिनी अल्परज स्वभावका छन् । (अतः) किन मैले प्रथम धर्मोपदेश आळार कालामलाई नगरूँ; उनले यो धर्मलाई चाँडै बुझ्नेछन् ।"

त्यस बखत (एक) अन्तरहित (अदृश्य) देवताले भगवान्‌लाई यस्तो सुनाए— "भन्ते ! आलार कालामको देहान्त भएको एक सप्ताह भइसक्यो"। "आलार कालामको देहान्त भएको एक सप्ताह भइसक्यो" भन्ने ज्ञान भगवान्‌लाई पनि (प्रत्यक्षीकरण) भयो[१]। अनि भगवान्‌लाई यस्तो लाग्यो— "आळार कालामको ठूलो हानी भयो; यदि उनले यो धर्म सुन्न पाएका भए—चाँडै नै (उनले) बुझ्ने थिए ।"

अनि फेरि भगवान्‌लाई यस्तो लाग्यो—

(२) "कसलाई मैले प्रथम धर्मोपदेश गरूँ ? कसले यो धर्मलाई चाँडै बुझ्नसक्ला ?"

त्यस बेला भगवान्‌लाई यस्तो लाग्यो—

---

१. भगवान्‌ले आलार कालामको मृत्यु भएको कुरा मात्र प्रत्यक्षीकरण गर्नु भएको होइन परन्तु उनी 'आकिञ्चन्यायतन' लोकमा उत्पन्न भएको कुरा पनि जान्नु भयो । पपं. सू. II. पृ. १५५: पासरासिसुत्तवण्णना ।

"यी उद्दक रामपुत्र पण्डित, व्यक्त, मेधावी हुन्। धेरै दिन-देखि यिनी अल्प-रज स्वभावका छन्। (अतः) किन मैले प्रथम धर्मोपदेश उद्दक रामपुत्रलाई नगरूँ; उनले यो धर्मलाई चाँडै बुझ्ने-छन्।"

त्यस बखत (एक) अन्तरहित देवताले भगवान्लाई यस्तो सुनाए— "भन्ते! उद्दक रामपुत्रको देहान्त हिजो राती भयो"। "उद्दक रामपुत्रको देहान्त हिजो राती भयो" भन्ने ज्ञान भगवान्लाई पनि (प्रत्यक्षीकरण) भयो[१]। अनि भगवान्लाई यस्तो लाग्यो— "उद्दक रामपुत्रको ठूलो हानी भयो; यदि उनले यो धर्म सुन्न पाएका भए—चाँडै नै (उनले) बुझ्ने थिए।"

त्यस पछि भगवान्लाई यस्तो लाग्यो—

(३) "कसलाई मैले प्रथम धर्मोपदेशगरूँ? कसले यो धर्मलाई चाँडै बुझ्न सक्ला?"

त्यसबेला भगवान्लाई यस्तो लाग्यो—

"यी पञ्चवर्गीय भिक्षुहरू मेरा बहुपकारी थिए[२]। जसले

---

१. भगवान्ले उद्दक रामपुत्रको मृत्यु भएको कुरा मात्रै प्रत्यक्षीकरण गर्नु भएको होइन बल्कि उनी 'नैवसंज्ञानासंज्ञायतन' लोकमा उत्पन्न भएको कुरा पनि जान्नु भयो। पपं. सू. II. पृ. १५५: पासरासिसुत्तवण्णना।

२. म. नि. I. पृ. २२०: पासरासिसुत्तमा भगवान्ले स्वयं बताउनु भएको छ।

तपस्या गरिरहेको अवस्थामा मेरो उपस्थान गरेका थिए। (अतः) किन मैले पञ्चवर्गीय भिक्षुहरूलाई प्रथम धर्मोपदेश नगरूँ[1]।"

त्यसबेला भगवान्‌लाई यस्तो लाग्यो—

"यी पञ्चवर्गीय भिक्षुहरू अहिले कहाँ बसिरहेका रहेछन् ?"

अनि भगवान्‌ले— "पञ्चवर्गीय भिक्षुहरू बाराणशीस्थित ऋषिपतन मृगदावनमा बसिरहेका छन्" भन्ने कुरा अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा देख्नु भयो। अनि उरुवेलमा इच्छानुसार विहार गर्नु भई जहाँ बाराणशी हो त्यहाँ भगवान् जानुभयो[2]।

---

१. यी पञ्चवर्गीयहरू—सिद्धार्थकुमार जन्म भइसकेपछि वहाँको लक्षणहरू हेरेर 'बुद्ध हुनेछन्' भनी भविष्यवाणी गर्ने आठ ज्योतिषाचार्यहरू मध्येका हुन्। सिद्धार्थराजकुमारले गृहत्याग गर्नु भन्दा अगाडि नै यी पञ्चवर्गीयहरूले प्रव्रज्या ग्रहण गरिसकेका थिए भन्नेकुरा प. पंच सूदनीले लेखेको छ। पछि सिद्धार्थराजकुमारले गृहत्यागी ६ वर्ष सम्म उरुवेलमा घोर तपस्या गरिरहनु भएको बेलामा यी पञ्चवर्गीयहरूले वहाँको सेवा शुश्रूषा गर्दै बसेका थिए। हेर. बु. व्रा. पृ. ९८; पपं. सू. II. पृ. १५५

२. आषाढ पूर्णिमाको दिनमा धर्मचक्रप्रवर्तनगर्ने विचार गर्नु भई भगवान् चतुर्दशीको बिहानै बुद्धगयाबाट १८ योजन टाढा भएको ऋषिपतन मृगदावनकोनिमित्त प्रस्थान गर्नु भयो "आसाल्हिपुण्णमायं बाराणसियंगन्त्वा धम्मचक्कं पवत्तेस्सा-

उपक-आजीवकसँग भेट्

गयाको र बोधि (वृक्ष) को बीच बाटोमा हिँडीरहनु भएका भगवान्लाई उपक आजीवकले देखे; देखेर भगवान्लाई यस्तो भने[१]—

"आवुसो ! तिम्रा इन्द्रियहरू अति परिशुद्ध छन्; तिम्रो छवि-वर्ण अति चम्किलो छ। आवुसो ! केकोनिम्ति तिमी प्रव्रजित भएका हौ ? तिम्रो गुरु को हो ? कसको धर्म तिमी रुचाउँछौ ?"

यस्तो भन्दा भगवान्ले उपक आजीवकलाई[२] गाथाद्वारा यस्तो भन्नुभयो—

मीति पक्खस्स चातुद्दसियं पच्चूससमये पच्चुट्ठाय पभाताय रत्तिया कालस्सेव पत्तचीवरमादाय अट्ठारस योजनमग्गं पटिपन्नो ...इसिपतनं पापुणि" अप. दा. अ. क. पृ. ७२: निदानवण्णना।

१ म. नि. I. पृ. २२०: पासरासिसुत्तमा भगवान्ले यो कुरा आफैंले वताउनु भएको छ।

२. उपक आजीवक पछि श्रावस्तीमा वुद्धकहाँ गई भिक्षु भएर अनागामी भई मृत्युपछि 'अविहा' देवलोकमा उत्पन्न भई त्यहीँ नै अरहन्त भएको कुरा पपं. सू. II. पृ. १५८-५९ मा र थेरी. गा. अ. क. पृ. १७२ मा समुल्लेख भएको पाइन्छ।

१- "सब्बाभिभू सब्बविदूहमस्मि,
सब्बेसु धम्मेसु अनूपलित्तो।
सब्बञ्जहो तण्हक्खये विमुत्तो,
सयं अभिञ्ञाय कमुद्दिसेय्यं॥

२- "न मे आचरियो अत्थि, सदिसो मे नविज्जति।
सदेवकस्मिं लोकस्मिं, नत्थि मे पटिपुग्गलो॥

३- "अहं हि अरहा लोके, अहं सत्था अनुत्तरो।
एकोम्हि सम्मासम्बुद्धो, सीतिभूतोस्मि निब्बुतो॥

४- "धम्मचक्कं पवत्तेतुं, गच्छामि कासिनंपुरं।
अन्धभूतस्मि[1] लोकस्मिं, आहञ्छुं[2] अमत-
दुन्दुभिं[3]' ति॥"

अर्थ—

१- "सबै त्रैभूमिक संसारलाई आफैंले जितेर, सबै चातुर्भौमिक धर्महरूलाई जानेर, सबै त्रैभूमिक लोकमा अलिप्तभई, सबै त्रैभूमिक धर्महरूलाई त्यागी, तृष्णाक्षयगरी, विमुक्त भई—सबै चातुर्भौमिक धर्म-

---

१. बर्मीमा: 'अन्धीभूतस्मि'।

२. स्याममा: 'अहञ्ञि', रोमनमा: 'आहञ्हि'।

३. रोमनमा: 'अमतदुद्रभि'।

हरूलाई स्वय अभिज्ञात गरेर—कसलाई मैले (यो मेरो आचार्य हो भनी) उद्देशण गरूँ ?

२– "मेरो आचार्य छैन, न त म समान अरू कुनै छन्, स-देव लोकमा म समान अरू कोही पुद्गल छैन ।

३– "म नै यो लोकमा अरहन्त हुँ, म नै अनुपम शास्ता हुँ, सबै क्लेशरूपी आगोलाई निवृत्तगरी शीतल भएको सम्यक् सम्बुद्ध म नै एकलो हुँ ।

४– "धर्मचक्रको प्रवर्तन गर्न काशीदेशमा जाँदैछु । अन्धकार-मय यस लोकमा अमृत-भेरी बजाउने छु ।"

"आवुसो ! जस्तो तिमी भन्दछौ—त्यो सुन्दा त तिमी 'अनन्त जिन' नै हुन सक्छौ ।"

"मादिसा वे जिना होन्ति, ये पत्ता आसवक्खयं ।
जिता मे पापका धम्मा, तस्माहमुपक[1] जिनो' ति ॥

अथ—

"म जस्ता नै 'अनन्त जिन' हुन सक्छन्—जसले आस्रव (=चित्तमल) क्षयरूपी निर्वाण प्राप्त गरिसक्यो; मैले पापधर्महरू-लाई जितिसकें, हे उपक ! त्यसैले म 'जिन' हुँ ।"

---

१. सिंहलमाः 'उपका' ।

यस्तो भन्नुहुँदा "हुनसक्छ" भनी टाउको हल्लाउँदै उपक आजीवक छेउको बाटो लागी हिंडे।

पञ्चवर्गीयसँग भेट्

[1]अनि भगवान् क्रमैसँग चारिका गर्नु हुँदै जहाँ बाराणशी-स्थित ऋषिपतन मृगदावन हो, जहाँ पञ्चवर्गीय भिक्षुहरू थिए, त्यहाँ जानु भयो। पञ्चवर्गीय भिक्षुहरूले भगवान् आइरहनु भएको टाढैबाट देखे। देखिसके पछि (उनीहरूले) आपसमा यस्तो करारगरे—

"आवुसो! यी श्रमण गौतम जो (चीवरादि)—बहुलताको कारणले तपश्चर्याबाट भ्रष्टभई (चीवरादि) बाहुल्यतामा आवर्तित छन्—आउँदैछन्। उनलाई न आसन दिनू, न (आदरको-निम्ति) आसनबाटनै उठ्नू, न त उनको पात्र-चीवरनै मागेर लिनू—केवल (बस्नलाई) आसन राखिदिने, यदि चाहन्छन् भने बस्नेछन्।"

जति जति भगवान्, पञ्चवर्गीय भिक्षुहरूका नगिच पुग्नुभयो त्यति त्यति नै ती पञ्चवर्गीय भिक्षुहरू आफ्ना करारमा अड्न सकेनन्। करारमा अड्न नसकेपछि—एउटाले भगवान्‌को अगुवानीगर्दै भगवान्‌को पात्र-चीवरं मागेर लिए, एउटाले आसन बछ्याए, एउटाले पाउ

१. यसमा उल्लेख भएका कुराहरू म. नि. I, पृ. २२१: पासरासिसुत्तमा भगवान्‌ले स्वयं बताउनु भएको छ।

पखाल्ने पानी राखे, एउटाले पादपीठ (=पाउ पखाल्ने पीरा) राखे, एउटाले पाउ सफापार्ने काठको सानो टुक्रा अगाडि राखे। त्यसपछि भगवान् बछ्याइ राखेको आसनमा बस्नुभयो। बस्नु भएपछि पाउ पखाल्नु भयो। (अनि उनीहरूले) नाम लिएर पनि, आवुसो-वादले पनि भगवानसँग कुरागर्न थाले। यस्तो भन्दा, भगवानले पञ्चवर्गीय भिक्षुहरूलाई यस्तो भन्नुभयो—

"भिक्षुहो! तथागतलाई नाम लिएर वा आवुसोवादले कुरा नगर। भिक्षु हो! तथागत, अरहत् सम्यक् सम्बुद्ध हो। भिक्षु हो! मैले अमृत पाइसकेको छु, कान थाप, अनुशासन गर्नें छु, धर्मोपदेश गर्नें छु। उपदेश अनुसार आचरण गरेमा, धेरै समय नबित्दै— जुन कारणकोनिम्ति कुलपुत्रहरू सम्पूर्ण घरबार छाडी, अनगारिकभई प्रव्रजित हुन्छन्—त्यो अनुपम-ब्रह्मचर्यवास पूरागरी—यसै जीवनमा स्वयं अभिज्ञातगरी, साक्षात्कारगरी, उपसम्पन्न (=परिपूर्ण) भई विहारगर्न सक्नेछौ।"

१– यस्तो भन्नुहुँदा, पञ्चवर्गीय भिक्षुहरूले भगवान्‌लाई यस्तो भने—

"आवुसो गौतम! त्यस चर्याद्वारा पनि, त्यस प्रतिपद्‌द्वारा पनि, त्यस दुष्करकारिताद्वारा पनि तपाइले उत्तरीय मनुष्यधर्म (=दिव्य ज्ञान) तथा आर्यज्ञानदर्शनको विशेषता जान्नसक्ने-ज्ञान उपलब्धगर्न सक्नु भएन भने—अब बाहुलिकभई, तपश्चर्याबाट भ्रष्टभई, बाहुल्यतामा आवर्तितभई, अहिले तपाइले के उत्तरीयमनुष्यधर्म (=दिव्य-

ज्ञान) तथा आर्यज्ञानदर्शनको विशेषता जान्नसक्ने-ज्ञान उपलब्ध गर्न सक्नु भएको होला र !"

यस्तो भन्दा, भगवान्ले पञ्चवर्गीय भिक्षुहरूलाई यस्तो भन्नु भयो—

"भिक्षुहो ! तथागत बाहुलिक होइन, न तपश्चर्याबाट भ्रष्ट भएको छ, नत बाहुल्यतामा आवर्तित नै छ। भिक्षु हो ! तथागत, अरहत् सम्यक् सम्बुद्ध हो। भिक्षु हो ! मैले अमृत पाइसकेको छु, कान थाप, अनुशासन गर्नेछु, धर्मोपदेश गर्नेछु। उपदेश अनुसार आचरण गरेमा, धेरै समय नबित्दै—जुन कारणकोनिम्ति कुलपुत्रहरू सम्पूर्ण घरबार छाडी, अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुपम-ब्रह्मचर्यवास परिपूर्णगरी–यसै जीवनमा स्वयं अभिज्ञातगरी, साक्षात्कार-गरी, उपसम्पन्नभई विहारगर्न सक्ने छौ।''

२– "दोश्रोपटक पनि पञ्चवर्गीय भिक्षुहरूले भगवान्लाई यस्तो भने—

"आवुसो गौतम ! त्यस चर्याद्वारा पनि,…तपाइले उत्तरीय-मनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता जान्नसक्ने-ज्ञान उपलब्धगर्न सक्नु भएन भने—अब बाहुलिकभई, तपश्चर्याबाट भ्रष्टभई, बाहुल्यतामा आवर्तितभई, अहिले तपाइले के उत्तरीयमनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता जान्नसक्ने-ज्ञान उपलब्ध गर्न सक्नु भएको होला र !"

दोश्रोपटक पनि भगवान्ले पञ्चवर्गीय भिक्षुहरूलाई यस्तो भन्नुभयो —

"भिक्षुहो ! तथागत बाहुलिक होइन, न तपश्चर्याबाट भ्रष्ट भएको छ, न त बाहुल्यतामा आवर्तित नै छ। भिक्षु हो ! तथागत, अरहत् सम्यक् सम्बुद्ध हो। भिक्षु हो ! मैले अमृत पाइसकेको छु, कान थाप, अनुशासन गर्नेछु, धर्मोपदेश गर्नेछु। उपदेश अनुसार आचरण गरेमा, धेरै समय नबित्दै[1]—...—यसै जीवनमा स्वयं अभिज्ञातगरी, साक्षात्कारगरी, उपसम्पन्नभई विहारगर्न सक्नेछौ।"

३- तेश्रोपटक पनि पञ्चवर्गीय भिक्षुहरूले भगवान्लाई यस्तो भने—

"आवुसो गौतम ! त्यस चर्याद्वारा पनि,...तपाइले उत्तरीय-मनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता जान्नसक्ने-ज्ञान उपलब्ध गर्न सक्नु भएन भने—अब बाहुलिकभई, तपश्चर्याबाट भ्रष्टभई, बाहुल्यतामा आवर्ततभई, अहिले तपाइले के उत्तरीय मनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता जान्नसक्ने-ज्ञान उपलब्ध गर्न सक्नु भएको होला र !"

यस्तो भन्दा, भगवान्ले पञ्चवर्गीय भिक्षुहरूलाई यस्तो भन्नुभयो—

"भिक्षुहो ! यसभन्दा अघि तिमीहरूलाई मैले यस्तो कुरा भनेको थाहा छ के ?"

"भन्ते ! थाहा छैन।"

---

१. माथि पृ. १५९ मा उल्लेख भए बमोजिम दोहऱ्याई पढ्नू।

"भिक्षुहो ! तथागत, अरहत् सम्यक् सम्बुद्ध हो । भिक्षुहो ! मैले अमृत पाइसकेको छु, कान थाप, अनुशासन गर्नेछु धर्मोपदेश गर्नेछु । उपदेश अनुसार आचरण गरेमा, धेरैसमय नबित्दै—जुन कारणकोनिम्ति कुलपुत्रहरू सम्पूर्ण घरबार छाडी, अनगारिकभई प्रव्रजित हुन्छन्,—त्यो अनुपम-ब्रह्मचर्यवास परिपूर्णगरी—यसै जीवनमा स्वयं अभिज्ञातगरी, साक्षात्कार गरी, उपसम्पन्नभई विहारगर्न सक्ने छौ ।"

पञ्चवर्गीय भिक्षुहरूलाई संझाउनमा भगवान् समर्थ हुनुभयो । त्यसपछि पञ्चवर्गीय भिक्षुहरूले भगवान्को कुरा सुने, कान थापे, ज्ञानार्थ चित्तलाई एकाग्र (=एकचित) गरे ।

× × ×

मूल पालि—

१५–धर्मचक्र-प्रवर्तन*

त्यस पछि भगवान्‌ले पञ्चवर्गीय भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो[1]—

---

* यो धर्मचक्रप्रवर्तनको कुरा म. नि. I. पृ. २१९: पासरासि-सूत्रमा भगवान्‌ले आफैंले भन्नु भएको छ, अ. क. II. पृ. १५५; म. नि. II. पृ. ३३५: बोधिराजकुमार सूत्रमा पनि भगवान्‌ले यो कुरा आफैंले बताउनु भएको छ, अ. क. III. पृ. २२१; सं. नि. IV. पृ. ३६०: धम्मचक्कपवत्तनसुत्तं, अ. क. III. पृ. २२६; पटि. म. पा. पृ. ३९८: धम्मचक्क-सुत्तन्तपालि, अ. क. पृ. ४३७; पटि. म. पा. पृ. ४१४: धम्मचक्कसुत्तन्तपालि, अ. क. पृ. ४४३; 'धर्मचक्र' भन्ने शब्दको अर्थ अनेक प्रकारले पटिसम्भिदामग्गमा उल्लेख भएको पाइन्छ। यसको विस्तृत जानकारीकोनिमित्त पटि. म. पा. पृ. ४१५,४१७, ४१९, तथा ४२१ मा हेर्नु आवश्यकछ।

१. महा. व. पा. पृ. १३: धम्मचक्कपवत्तनं। यही सूत्र सं. नि. IV. पृ. ३६० मा पनि छ, अ. क. III. पृ. २२६

"भिक्षु हो ! प्रव्रजितहरूले यी दुइ अन्तहरू सेवन गर्न हुन्न । कुन् दुइ भने ?—

" (क) जो यो कामविषयमा प्रलिप्त हुनु—जो हीन, ग्रामीण, पृथग्जनिक (=मूर्खहरूले सेवित), अनार्य तथा अनर्थ-संहित छ, (ख) जो यो आत्मपीडाकोनिम्ति संलग्न हुनु—जो दुःख, अनार्य तथा अनर्थ-संहित छ ।

"भिक्षुहो ! यिनै दुइ अन्तमा नगई तथागतले मध्यम-प्रतिपदा[1] (=बीचको बाटो) लाईं अभिसम्बोध (=प्रत्यक्षीकरण) गरेको छ—जसले चक्षु (=प्रज्ञाचक्षु) प्रदान गर्छ, ज्ञान (=सत्यज्ञान) प्रदानगर्छ, उपशम प्रदानगर्छ, अभिज्ञान प्रदानगर्छ तथा निर्वाण प्रदान गर्छ ।

"भिक्षुहो ! त्यो मध्यम-प्रतिपद् कुन् हो त ? जो तथागतले अभिसम्बोध गरेको छ—चक्षु प्रदानगर्ने, ज्ञान प्रदानगर्ने, उपशम प्रदानगर्ने, अभिज्ञान प्रदानगर्ने, सम्बोधि प्रदानगर्ने तथा निर्वाण प्रदानगर्ने ।

"यही आर्य अष्टाङ्गिक-मार्ग हो । जस्तै—(१) सम्यक्दृष्टि, (२) सम्यक्संकल्प, (३) सम्यक्वाचा, (४) सम्यक्कर्म, (५) सम्यक्-आजीव, (६) सम्यक्व्यायाम, (७) सम्यक्स्मृति तथा (८) सम्यक्-समाधि ।

---

१. अं. नि-३. पृ. २७६: अचेलकवग्गो मा मध्यम-प्रतिपद्को बारेमा विशेषढङ्गले अर्थ समुल्लेख गरेको छ ।

"यही नै त्यो मध्यम प्रतिपदा (=मार्ग) हो—जो तथागतले अभिसम्बोध गरेको छ जसले चक्षु दियो, ज्ञान दियो, उपशम दियो, अभिज्ञान दियो, सम्बोधि दियो तथा निर्वाण दियो।

चतुरार्यसत्य

१– "भिक्षु हो! जाति[1] (=जन्म) पनि दुःख हो, जरा पनि दुःख[2] हो, मरण[3] पनि दुःख हो, अप्रियहरूसँग[4] संयोग हुनु पनि

---

१. 'जाति' शब्दको परिभाषा माथि पृ. ९० को पादटिप्पणीमा उल्लेख गरिसकेको छु। यस्तै प्रकारको अर्थ म. नि. III. पृ. ३३४: सच्चविभङ्ग सूत्रमा पनि समुल्लेख भएको पाइन्छ। सोही सूत्रमै जरा मरणादिको व्याख्या पनि गरिएको छ। विभं. पा. पृ. १२६: सच्चविभङ्गमा पनि यसको परिभाषा समुल्लेख भएको छ। विभं. अ. क. पृ. ८५–८६ मा विवेचनात्मकरूपमा यसको अर्थ उल्लेख भएको छ।

२. 'दुःख' शब्दको अर्थ विविधाकारले पटि. म. पा. पृ. १३२: 'सच्चञाण चतुक्कद्वयनिद्देस' मा उल्लेख गरिएको छ र त्यसै शीर्षक अन्तर्गत कुन कुन अर्थले दुःख भनिन्छ भन्ने आदि अर्थ र चारै सत्यहरूको बारेमा पनि व्याख्यान गरिएको छ। उहीं पृ. ४०१ मा दुःखादिलाई धर्म, अर्थ, निरुक्ति तथा प्रतिभाण प्रतिसम्भिदाको दृष्टिले बुझ्नुपर्ने कुराहरू पनि समुल्लेख भएको पाइन्छ।

दुःख हो, प्रियहरूसँग[५] वियोग हुनु पनि दुःख हो; जो इच्छा हुन्छ[६]

---

३. 'मरण' शब्दको परिभाषा पनि माथि पृ. ९१ को पादटिप्पणीमा 'जरामरण' शब्दमा उल्लेख भइसकेको छ । म. नि. III, पृ. ३३५: सच्चविभङ्ग सूत्रले पनि यसको पष्टिकरण गरेको छ । त्यस्तै विभ. पा. पृ. १२६: सच्चविभङ्गको सुत्तान्त भाजनीयमा तथा विभं. अ. क. पृ. ७२ मा पनि ।

४. 'अप्रिय' भन्नासाथ साधारणतया 'मन नपर्ने' भन्ने जस्तो अर्थ बुझिन्छ । किन्तु 'अप्रिय' भनी कस्तोलाई भनिन्छ भन्ने बारेमा विभं. पा. पृ. १२८: सच्चविभङ्गको सुत्तान्त भाजनीयमा यसको परिभाषा यसरी दिइएको छ—

"तत्थ कतमो अप्पियेहि सम्पयोगो दुक्खो ?— इध यस्स ते होन्ति अनिट्ठा अकन्ता अमनापा रूपा सद्दा गन्धा रसा फोट्ठब्बा, ये वा पनस्स ते होन्ति अनत्थकामा अहितकामा अफासुकामा अयोगक्खेमकामा; या तेहि सङ्गति समागमो समोधानं मिस्सभावो—अयं वुच्चति 'अप्पियेहि सम्पयोगो दुक्खो' ।" अर्थात्— यहाँ जो ती अनिष्ट, मन नपर्ने रूपादि स्पर्शहरू हुन्, जो ती अहितकामीहरू हुन् — तिनीहरूसँग समागम, संगत तथा मिस्सिएर बस्नुपर्ने आदि नै 'अप्रियहरूसँग संयोग हुनु पनि दुःख हो' भनी भनिएको हो ।

५. 'प्रियहरूसँग वियोग' भनेको के हो भन्ने बारेमा विभं. पा. पृ. १२८ मा यस्तो परिभाषा दिइएको छ—

"इध यस्स ते होन्ति इट्ठा कन्ता मनापा रूपा सद्दा गन्धा रसा फोट्ठब्बा, ये वा पनस्स ते होन्ति अत्थकामा हित-कामा फासुकामा योगक्खेमकामा माता वा पिता वा भाता वा भगिनी वा मित्ता वा अमच्चा वा ञाती वा सालोहिता वा; या तेहि असङ्गति असमागमो असमोधानं अमिस्सिभावो— अयं वुच्चति 'पियेहि विप्पयोगो दुक्खो'।" अर्थात्—जो ती इष्ट, कान्त तथा मनपर्ने रूपादि स्पर्शहरू हुन्, जो ती हितैषी भलाइ चाहने आमा बाबु नातेदार तथा मित्रहरू हुन्—उनी-हरूसँग बियोग हुनु नै 'प्रियहरूसँग बियोग हुनु दुःख हो' भनी भनिएको हो।

६. 'इच्छा भएको नपाउनु पनि दुःख हो' भनी भनेकोमा कस्तो इच्छा भएको नपाउनु दुःख हो भन्ने बारेमा यस्तो परिभाषा दिइएको छ—

"जातिधम्मानं सत्तानं एवं इच्छा उप्पज्जति— 'अहो वत, मयं न जातिधम्मा अस्साम; न च, वत, नो जाति आगच्छेय्या' ति !' न खो पनेतं इच्छाय पत्तब्बं। इदं पि 'यं पिच्छं न लभति तं पि दुक्खं'।" विभं. पा. पृ. १२८; अर्थात्—यो लोकमा जन्मेका प्राणीहरूलाई यस्तो इच्छा हुन्छ— 'अहो! हामीलाई जन्म मरणादि नभए हुन्थ्यो, भवचक्रमा पर्न नपरे हुन्थ्यो' इत्यादि। तर त्यो इच्छाहुँदैमा उपलब्ध हुँदैन, त्यसैले— 'इच्छा भएको न पाउनु पनि दुःख हो' भनी भनिएको हो।

त्यो नपाउनु पनि दुःख हो; संक्षेपमा — पाँच-उपादानस्कन्धहरू[1] नै दुःख

---

१. 'पाँच-उपादानस्कन्ध' भनेको— (१) रूपस्कन्ध, (२) वेदनास्कन्ध, (३) संज्ञास्कन्ध, (४) संस्कारस्कन्ध तथा (५) विज्ञानस्कन्ध हो । यी पाँच-स्कन्धहरूलाई 'पञ्चस्कन्ध तथा पञ्चोपादानस्कन्ध' पनि भन्दछन् । विभं. पा. पृ. ३, १२९, अ. क. पृ १, ७६

यी पञ्चस्कन्धहरूको कुरा राम्ररी बुझ्न वा अध्ययन गर्न अभिधर्मपिटकको विभङ्गपालिको सम्पूर्ण 'खन्धविभङ्ग' हेर्नु जरूरी छ । यसमा पञ्चस्कन्धको कुराहरूलाई विश्लेषणात्मक ढङ्गले व्याख्यान गरेको पाइन्छ। जति पनि स्कन्ध सम्बन्धी विभाजनहरू आवश्यक छन् ती जम्मै यसमा समुल्लेख भएका छन् । धातु. क. पा. पृ. ५ मा कुन स्कन्धमा कुन् कुन् अरू स्कन्धहरू समावेश भएका वा न भएका कुराहरू र कुन् कुन् स्कन्धमा कति कति आयतनहरू छन् वा छैनन् भन्ने कुराको साथै—कुन् कुन् स्कन्धमा १८ धातुहरूमध्ये समावेश भएका छन् भन्ने इत्यादि कुरा पनि समुल्लेख भएको पाइन्छ ।

यी पञ्चस्कन्धहरूका सम्बन्धमा भन् बढी गहिरो गरी, रौंचिराईको रूपमा बुद्धदर्शन जान्नचाहने जिज्ञासुहरूले अभिधर्मपिटकको 'यमकपालि' को निद्देसोमा पदसोधनवारो पृ. ३०–३९; सुद्धखन्धवारो पृ. ३९–४८; पवत्तिवारोको उप्पादवारो पृ. ४८–६७; निरोधवारो पृ. ६७–८४; उप्पाद-

निरोधवारो पृ. ८५–१०१; तथा परिञ्ञावारो पृ १०१·१०४; सम्म हेर्नु पर्छ। उपरोक्त पृष्टहरूमा "रूप भनेको नै रूप-स्कन्ध हो के ? रूपस्कन्धनै रूप हो के ? स्कन्ध भनेको रूप हो के ? रूपस्कन्ध उत्पन्न हुने बेलामा वेदना स्कन्ध पनि उत्पन्न हुन्छ के ? जसको रूपस्कन्ध उत्पन्न हुन्छ उसको वेदना-स्कन्ध पनि उत्पन्न हुन्छ के ? जसको रूपस्कन्ध निरोध हुन्छ उसको वेदनास्कन्ध पनि निरोध हुन्छ के ? जसले रूपस्कन्धलाई जान्दछ उसले वेदनास्कन्धलाई पनि जान्दछ के ?" भन्ने अनेक प्रश्नहरूका विश्लेषणातमकरूपले उत्तरहरू समुल्लेख भएका पाइन्छन् ।

पञ्चस्कन्धका कुराहरू विशदरूपले विसु. म. पृ. ३३१, ३५८ खन्धनिद्देस-१४ मा पनि व्याख्यान गरिएको छ ।

यी पञ्चस्कन्धका कुराहरू सारै गम्भीर छन्। बुद्ध दर्शनको गहिरो अध्ययन गर्न चाहने जिज्ञासुहरूले यसबारे ज्ञान हासिलगर्न आवश्यक छ। यिनै पञ्चस्कन्धमा नै सारा ब्रह्माण्डका कुराहरू निहित छन् ।

"यी पञ्चस्कन्धहरूलाई यथार्थत साक्षात्कारगरी बुझ्न नसकेसम्म मैले— 'आफूलाई सम्बोधि प्राप्त भयो' भनी घोषणा गरिन; जब यसलाई मैले साक्षात्कार गरें अनि मात्र मैले सम्बोधि प्राप्तिको घोषणा गरें" भनी बुद्धले स्वयं सं. नि. II. पृ. २६४: अस्सादसूत्रमा भन्नु भएको छ । अतएव यसको अध्ययन गर्न चाहने जिज्ञासुहरूका जानकारीकोनिम्ति

हुन्। यही हो दुःख-आर्यसत्य[१]।

निम्न केही सूत्रहरूलाई संकेतको रूपमा प्रस्तुत गरेको छु।

सं. नि. II. पृ. २६४: दुतिय अस्सादसुत्तं, पृ. २६५: ततिय अस्सादसुत्तं, पृ. २६६: अभिनन्दनसुत्तं, पृ. २८८: उपादानपरिवत्तसुत्तं, पृ. ३७३: सक्कायसुत्तं, पृ.३७४: परिञ्ञेय्यसुत्तं, पृ. ३७५: सोतापन्नसुत्तं, पृ. ४०४: समणसुत्तं; सं. नि. IV. पृ. ५९: उपादानक्खन्धसुत्तं।

म. नि. I. पृ. २४१: महाहत्थिपदोपमसूत्रमा; म. नि. III. पृ. १७९: महासुञ्ञतसुत्तं, पृ. ७६: महापुण्णमसुत्तं, पृ. ३९३: महासलायतनसूत्रमा, पृ. ४००: पिण्डपातपरिसुद्धिसूत्रमा।

अं. नि-९ पृ. ९२: उपादानक्खन्धसुत्तं, अं. नि-१० पृ. १४८: पठममहापञ्हासुत्तं।

पटि. म. पा. पृ. ३१६: गतिकथा।

१. 'दुःख आर्यसत्य' को अर्थ हो— 'दुःख नै श्रेष्ठ सत्य हो'। 'दुःख' लाई असत्य गर्न नसक्ने हुनाले र 'दुःख' कदाचित् 'सुख' नहुने भएको इत्यादि अर्थले पनि यसलाई 'सत्य' भनिएको हो। यो भन्दा विशिष्ट अर्थहरू बुझ्न तथा के कारणले 'सत्य' भनेको हो भन्ने इत्यादि कुराहरू बुझ्न तथा आर्यसत्य सम्बन्धी सविस्तर कुराहरू बुझ्न पटि. म. पृ. ३५१: सच्चकथानिद्देसोमा र यो सत्यको कति लक्षणहरू छन् वा

कस्तो लक्षण भएकोलाई 'दुःखसत्य' भन्ने हो भन्ने बारेमा उक्त ग्रन्थकै पृ. ३५६: मा र कति कति प्रकारले यो सत्यको विभाजन गर्न सकिन्छ भन्ने बारेमा उहीं पृ. ३५९ मा तथा दुःखलाई किन सत्य भनिएको हो, सत्यले के के काम गर्छ भन्ने आदि आदि विवेचनात्मक कुराहरूकोनिम्ति सम्मो. वि. पृ. ५८–६५ मा र विसु. म. पृ. ३६८: इन्द्रियसच्चनिद्देस-१६ मा पनि हेर्नु योग्य छ।

यी दुःखस्कन्धहरूमा कति स्कन्धहरू, कति धातुहरू तथा कति आयतनहरू सम्मिलित छन् भन्ने आदि कुराहरूको बारेमा धातु. क. पृ. १२ मा चत्तारिसच्चानि भन्ने शीर्षक अन्तर्गत सबै कुराहरू समुल्लेख भएका पाइन्छन्।

यी दुःख आर्यसत्यको सम्वन्धमा अझ बढी गम्भीर अध्ययनकोनिमित्त अभिधर्मपिटककै 'यमक पालिमा' सच्चयमक खण्डका सबै कुराहरू हेर्नु योग्य छ। त्यसमा दुःखआर्यसत्य सम्बन्धी अनेक प्रकारका प्रश्नहरू छन्। जस्तै—दुःखलाई नै दुःखआर्यसत्य भन्दछन् कि अथवा सत्य भनेको अर्कै हो, दुःख भनेको अर्कै हो आदि। यी कुराहरू उसै ग्रन्थको 'निद्दे-सोमा' पदसोधनवारो भन्ने शीर्षक अन्तर्गत पृ. ३१५–३२२ मा समुल्लेख भएको पाइन्छ। उहीं उप्पादवारो पृ. ३२३–३५५ मा जसलाई दुःख उत्पन्न हुन्छ उसलाई समुदयसत्य पनि उत्पन्न हुन्छ के? भन्ने आदि प्रश्नहरू पनि समुल्लेख

२- "भिक्षुहो ! जो यो पुनर्भविक (=फेरि फेरि जन्मिने) तृष्णा हो, जो यो नन्दिराग सहगत तृष्णा हो, जो यो त्यहाँ त्यहाँ अभिनन्दन गर्ने तृष्णा हो, जस्तै—(१) काम तृष्णा,[१] (२) भवतृष्णा,[२] (३) विभव तृष्णा[३] —यही हो दुःख समुदय[४]-आर्यसत्य।

भएकाछन्। अनि उही 'निरोधवारो' पृ. ३५५-३८१ मा जसको दुःखसत्य निरुद्ध हुन्छ उसको समुदयसत्य पनि निरुद्ध हुन्छ के? भन्ने आदि प्रश्नहरू पनि समुल्लेख भएकाछन्।

१. पञ्चकामविषयिक तृष्णा र रागलाई 'कामतृष्णा' भन्दछन्। विभं. अ. क. पृ. ७७; कामतृष्णाको परिभाषा यसरी दिइएको छ— "कामधातुपटिसंयुत्तो रागो सारागो चित्तस्स सारागो— अयं वुच्चति 'कामतण्हा'।" विभं. पा. पृ. ४३७

२. 'भवतृष्णा' को परिभाषा हो— "रूपधातु अरूपधातुपटि. संयुत्तो रागो सारागो चित्तस्स सारागो—अयं वुच्चति 'भव-तण्हा'।" विभं. पा. पृ. ४३७; अर्थात्—रूप अरूप सम्बन्धी भएको रागलाई 'भवतृष्णा' भनिएको हो।

३. 'विभवतृष्णा' को परिभाषा हो— "उच्छेददिट्ठिसहगतो रागो सारागो चित्तस्स सारागो—अयं वुच्चति 'विभवतण्हा'।" विभं. पा. पृ. ४३७; अर्थात्—उच्छेददृष्टियुक्त चित्तको राग-लाई 'विभवतृष्णा' भनिएको हो।

विभं. अ. क. पृ. ७७ अनुसार 'शाश्वत दृष्टियुक्त

३– "भिक्षुहो ! जो त्यही तृष्णाको निश्शेषनिरोध, त्याग,

रागलाई 'भवतृष्णा' र उच्छेददृष्टियुक्त रागलाई 'विभवतृष्णा' पनि भन्दछन् । यी तीन तृष्णाहरूको विभाजन विभं. पा. पृ. ४३६, ४३७ मा समुल्लेख भएको पाइन्छ ।

उपरोक्त तृष्णाहरू कहाँ उत्पन्न हुन्छन् भन्ने बारेका कुराहरू विभं. पा. पृ. १२९: मा समुदयसत्यको कुरा उल्लेख भएकै ठाउँमा समुल्लेख भएका छन् ।

४. 'समुदय आर्यसत्य' को बारेमा अभिधम्म भाजनीयमा यसप्रकार परिभाषा दिइएको छ—

"तत्थ कतमो दुक्खसमुदयो ? – तण्हा—अयं वुच्चति 'दुक्खसमुदयो ।' तत्थ कतमं दुक्खं ?—अवसेसा च किलेसा, अवसेसा च अकुसलाधम्मा, तीणि च कुसलमूलानि सासवानि, अवसेसा च सासवा कुसलाधम्मा, सासवा च कुसलाकुसलानं धम्मानं विपाका, ये च धम्मा किरिया नेव कुसला नाकुसला न च कम्मविपाका, सब्बं च रूपं—इदं वुच्चति 'दुक्खं' ।" विभं. पा. पृ. १३५; अर्थात्—दुःख समुदय केलाई भन्छन् ?– तृष्णालाई । दुःख भनेको कुन हुन् त ?—तृष्णा बाहेक अरू बाँकी क्लेशहरू, बाँकी अकुशल धर्महरू, तीन सास्रव कुशल-मूलहरू, अरू बाँकी सास्रव कुशल धर्महरू तथा सास्रव कुशला-कुशल धर्महरूको विपाक र सबै रूपहरू—यसैलाई 'दुःख' भन्दछन् ।

प्रतिनिस्सर्ग, मुक्ति, अनालय हो—यही हो दुःखनिरोध[५]-आर्य-सत्य।

४- "भिक्षुहो! यही आर्यअष्टाङ्गिक-मार्ग नै दुःखनिरोध गामिनी प्रतिपद् हो जस्तै—(१) सम्यक्दृष्टि[१], (२) सम्यक्-

---

५. 'निरोधसत्य' को बारेमा पनि विभं. पा. पृ. १३१ मा सुत्तन्त-भाजनीयको रूपले र पृ. १३५ मा अभिधम्म भाजनीयको रूपले उल्लेख भएको छ। ती दुवैमा 'निरोध' को परिभाषा तृष्णालाई क्षयगर्नु वा छाड्नु नै हो।

१. 'सम्यक्दृष्टि' को साधारण शब्दार्थ हो—ठीक हेराइ, यथार्थ हेराइ तथा राम्रो हेराइ। बुद्धधर्मको दृष्टिकोणले कस्तो हेराइ-लाई 'सम्यक्दृष्टि' भन्दछन् भन्ने बारेमा विचारगर्ने हो भने —जस्तै—चतुरार्यसत्यलाई नजान्नु नदेख्नु नै अविद्या हो भनी माथि पृ. ७४ को पादटिप्पणीमा उल्लेख भइसकेको छ त्यस्तै—सम्यक्दृष्टिको ठीक अर्थ पनि चतुरार्यसत्यलाई जान्नु, देख्नु हो।

यसको परिभाषा विभं. पा. पृ. १३३: सच्चविभङ्गको 'मग्गसच्चं' भन्ने शीर्षक अन्तर्गत यस्तो समुल्लेख भएको छ—

"तत्थ कतमा सम्मादिट्ठि?—दुक्खे ञाणं, दुक्ख-

समुदयेञाणं, दुक्खनिरोधेञाणं, दुक्खनिरोधगामिनीया पटिपदाय ञाणं—अयं वुच्चति 'सम्मादिट्ठि'।" पटि. म.पा.पृ.४५ मा पनि।

यसबारे अभिधम्मभाजनीयले यस्तो उल्लेख गरेको छ—

"तत्थ कतमा सम्मादिट्ठि ?—या पञ्ञा पजानना विचयो...सल्लक्खणा...पण्डिच्चं कोसल्लं नेपुञ्ञं वेभब्या चिन्ता उपपरिक्खा भूरी मेधा परिणायिका विपस्सना सम्पजञ्ञं पतोदो पञ्ञा पञ्ञिन्द्रियं पञ्ञाबलं पञ्ञासत्थं पञ्ञापासादो पञ्ञा-आलोको...पञ्ञारतनं अमोहो धम्मविचयो सम्मादिट्ठि धम्म-विचयसम्बोज्झङ्गो मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति 'सम्मादिट्ठि'।" विभं. पा. पृ. १३६; धम्म. सं. पृ. २१: चित्ताकण्डं, कुसलाधम्मा शीर्षकमा र पृ. ७७ मा लोकुत्तरकुसलं शीर्षक अन्तर्गत छ। यसको केही अर्थ हो—त्यहाँ कस्तोलाई सम्यक् दृष्टि भन्दछन् ?—जुन प्रज्ञा, जान्नु.. विचारगर्नु... पाण्डित्यता...विपश्यना...प्रज्ञाशस्त्र...प्रज्ञालोक...अमोह यथार्थ दृष्टि...मार्ग अन्तर्गत आदि हो—त्यसैलाई नै सम्यक्दृष्टि भन्दछन्।

यस सम्बन्धमा विशेष जानकारीकोनिम्ति निम्न सूत्रहरू हेर्नु वेश हुनेछ—

विभं. पा. पृ. २८४, २८७: मग्गविभङ्गो।

धम्म. सं. पृ. २१, ७७: लोकोत्तरकुसलं।

म. नि. I. पृ. ६२: सम्मादिट्ठिसुत्तं, पृ. १५७: द्वेधावितक्कसुत्तं; म.नि. III. पृ. १३५: महाचत्तारीसकसुत्तं, पृ. २९३: महाकम्मविभङ्गसूत्रमा, पृ. ३३७: सच्चविभङ्गसूत्रमा, पृ. ३९१: महासलायतनिक सूत्रमा ।

सं. नि. II. पृ. १७: कच्चानगोत्तसुत्तं; सं. नि. III. पृ. १२९: बाहिरनन्दिक्खयसुत्तं ।

दी. नि. I. पृ. १४१: महानिदानसुत्तं, पृ. १९४: लोहिच्चसुत्तं; दी. नि. II. पृ. १८७: महागोविन्द सूत्रमा, पृ. २३३: महासतिपठ्ठान सूत्रमा ।

अं. नि-३. पृ. १६४: तित्थायतन सूत्रमा; अं. नि-४. पृ. ९४: सम्मादिट्ठिसुत्तं; अं. नि-८ पृ. ३३८: खेत्तसुत्तं, पृ. ४२९: रागपेय्यालं; अं. नि-१० पृ. १९८: पठम नलकपान सूत्रमा ।

पटि. म. पा. पृ. २५ मा सम्यक्दृष्टि भनेको के हो भन्ने कुरा समुल्लेख भएको छ, पृ. ७६: मग्गञाणनिद्देस—यसमा स्रोतापन्न मार्गक्षणमा सम्यक्दृष्टि मिथ्यादृष्टिबाट उँभोलाग्ने कुरा समुल्लेख भएको पाइन्छ, पृ. ३३४ मा सम्यक्दृष्टिको निर्मलता र यसमा के कसर हुन सक्छ भन्ने कुराहरूको समुल्लेख भएको छ, पृ. ४८४: मग्गनिद्देसमा सम्यक्दृष्टि आदिमा के के गुणहरू निहीत छन् भन्ने कुराहरू पनि समुल्लेख भएका पाइन्छन् ।

संकल्प[२], (३) सम्यक्वाचा[३], (४) सम्यक्कर्म[४], (५) सम्यक्आजीव[५]

---

२. 'सम्यक्संकल्प'को साधारण अर्थ हो ठीक कल्पना, यथार्थकल्पना, अथवा राम्रो कल्पना आदि। तर वास्तवमा कस्तो कल्पनालाई परिलक्षितगरी 'सम्यक् संकल्प' भनिएको हो भन्ने बारेमा विचारगर्दा यसको परिभाषा पनि निम्नप्रकार उल्लेख भएको पाइन्छ—

"तत्थ कतमो सम्मासङ्कप्पो ?—नेक्खम्मसङ्कप्पो, अब्यापादसङ्कप्पो, अविहिंसासङ्कप्पो—अयं वुच्चति 'सम्मासङ्कप्पो'।" विभं. पा. पृ. १३३; अर्थात्—नैष्कम्यसम्बन्धी कल्पना, अब्यापादसम्बन्धी कल्पना तथा अविहिंसा सम्बन्धी कल्पनाहरूलाई नै 'सम्यक्संकल्प' भनिएको हो। अभिधर्मको भाजनीय अनुसार—

"यो तक्को वितक्को सङ्कप्पो अप्पना ब्यप्पना चेतसो अभिनिरोपना सम्मासङ्कप्पो मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति 'सम्मासङ्कप्पो'।" विभं. पा. पृ. १३६, २८७; धम्म. सं. पृ. २१, ७८; अर्थात्—जो तर्कना वितर्कना, संकल्प, अर्पणा (=ध्यान अवस्थाको एक स्थिति)...मार्ग अन्तर्गत आदि (चित्त) हो—यही नै सम्यक् संकल्प हो।

यस सम्बन्धमा केही द्रष्टव्य सूत्रहरू यसप्रकार छन्—
पटि. म. पा. पृ. ४६, २२७; धम्म. सं. पृ. २१, ७८
दी. नि. II. पृ. २३३: महासतिपट्ठानसूत्रमा।

म. नि. II. पृ. २५२: समणमुण्डिक सूत्रमा, म. नि. III. पृ. १३७: महाचत्तारीसक सूत्रमा ।

सं नि. IV. पृ. ९: विभङ्गसुत्तं ।

३. 'सम्यक्‌वाचा' भन्नाले राम्रो बोली, असल बोली भन्ने अर्थ बुझाउँछ। यसैले यसको परिभाषा यसप्रकार दिइएको छ --

"तत्थ कतमा सम्मावाचा ?—मुसावादा वेरमणी, पिसुणायवाचाय वेरमणी, फरुसाय वाचाय वेरमणी, सम्फप्पलापा वेरमणी—अयं वुच्चति 'सम्मावाचा'।" विभं. पा. पृ. १३३; अर्थात्—मृषावाद, पैशून्यवाचा, परुषवाचा, सम्प्रलापवाचाबाट दूररहनु नै 'सम्यक्‌वाचा' हो। अभिधर्मभाजनीय अनुसार—

"या चतूहि वचीदुच्चरितेहि आरति विरति पटिविरति वेरमणी अकिरिया अकरणं अनज्झापत्ति वेलाअनतिक्कमो सेतुघातो सम्मावाचा मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति 'सम्मावाचा'।" विभं. पा. पृ. १३६, २८७; धम्म. सं. पृ. ७८; अर्थात्—जुन चार वचन-दुष्चरित्रताबाट हट्नु, दूर रहनु आदि र मार्गाङ्ग मार्ग अन्तर्गत हुन्—यही नै सम्यक्‌वाचा हो।

यस बारेमा केही निम्न सूत्रहरूको अध्ययन गर्नु आवश्यक छ।

दी. नि. II. पृ. महासतिपट्ठान सूत्रमा । म. नि. III. पृ. १३७: महाचत्तारीसक सूत्रमा । सं. नि. IV, पृ. ९: विभङ्ग सूत्रमा । पटि. म. पा. पृ. ४७, ३२७

४. 'सम्यक्कर्म' भन्नाले साधारणतया असलकाम, राम्रोकाम, तथा ठीक काम भन्ने अर्थ बुझाउँछ । यसको परिभाषा हो—

"तत्थ कतमो सम्माकम्मन्तो ?—पाणातिपाता वेरमणी, अदिन्नादाना वेरमणी, कामेसुमिच्छाचारा वेरमणी—अयं वुच्चति 'सम्माकम्मन्तो'।" विभं. पा. पृ. १३३; अर्थात्—प्राणीहिंसा, अदिन्नादान (=चोरी), कामबिषयमा मिथ्याचारवाट अलगभई रहनुनै सम्यक्कर्म हो । अभिधर्म-भाजनीय अनुसार—

"या तीहि कायदुच्चरितेहि आरति विरति···अकरणं ···मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति 'सम्माकम्मन्तो'।" विभं. पा. पृ. १३६, २८७: धम्म. सं. पृ. ७८; अर्थात्—जुन ती तीन-कायदुराचारहरू हुन् त्यसवाट टाढाभई रहनु वा नगर्नु र मार्गाङ्ग मार्ग अन्तर्गत हुन्—यही नै सम्यक्कर्म हो । पटि. म. पा. पृ. ४६ मा र माथि उल्लेख भएका सूत्रहरू हेर्नु आवश्यक छ ।

५. "सम्यक्आजीव" भनेको सम्यक् जीविका, राम्रो र असल जीविका भनेको हो । यसको परिभाषा हो—

(६) सम्यक्व्यायाम[६], (७) सम्यक्स्मृति[७], (८) सम्यक्समाधि[८]।

"तत्थ कतमो सम्माआजीवो ?—इध अरियसावको मिच्छाआजीवं पहाय सम्माआजीवेन जीविकं कप्पेति—अयं वुच्चति 'सम्माआजीवो'।" विभं. पा. पृ. १३४; अर्थात्—यहाँ आर्यश्रावक मिथ्या जीविकालाई त्यागी सम्यक्जीविकाले जीवन बिताउँछ—यही सम्यक्आजीव हो। अभिधर्मभाजनीय अनुसार—

'या मिच्छा आजीवा आरति विरति पटिविरति वेरमणि अकिरिया अकरणं अनज्झापत्ति वेलाअनतिक्कमो सेतुघातो सम्माआजीवो मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति 'सम्माआजीवो'।" विभं. पा. पृ. १३६, २८८; धम्म. सं. पृ. ७८; अर्थात्—जुन् मिथ्याजीविकाबाट दूररहनु त्यसलाई छाड्नु, नगर्नु ...मार्गाङ्ग मार्ग अन्तर्गत हुन्—यही नै हो 'सम्यक् आजीव'। यस सम्बन्धमा पनि माथि उल्लेख गरेका सूत्रहरूका साथ अं. नि-५: पृ. ४५४: वणिज्जसुत्तं पनि हेर्नु योग्य छ।

६. 'सम्यक्व्यायाम' को अर्थ हो यथार्थरूपको कोशिस वा वीर्य। यसको परिभाषा हो—

"इध भिक्खवे अनुप्पन्नानं पापकानं अकुसलानं धम्मानं अनुप्पादाय छन्दं जनेति, वायमति, विरियं आरभति, चित्तं पग्गण्हाति, पदहति। ... अयं वुच्चति 'सम्मावायामो'।"

विभं पा. पृ. १३४; अर्थात्—उत्पन्न नभएका पापादि अकुशल-हरूलाई उत्पन्न हुन नदिनकोनिम्ति कोशिसगर्नु आदि नै 'सम्यक्व्यायाम' हो। यसको अर्थ बु. प. पृ. ३१८ को पाद-टिप्पणीमा उल्लेख गरिसकेकै छु। अभिधर्म भाजनीय अनुसार—

"यो चेतसिको विरियारम्भो निक्कमो परक्कमो उय्यामो वायामो उस्साहो उस्सोल्ही थामो धिति असिथिल-परक्कमता अनिक्खित्तछन्दता अनिक्खित्तधुरता धुरसम्पग्गाहो विरियं विरियिन्द्रियं विरियबलं सम्मावायामो विरियसम्बो-ज्झङ्गो मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति 'सम्मावायामो'।" विभं. पा. पृ. १३७, २८८, धम्म. सं. पृ. २२, ७८; अर्थात्—जुन चित्तमा वीर्य उठ्नु, पराक्रम...शक्ति, बल धैर्य आदि र मार्गाङ्ग तथा मार्ग अन्तर्गत हुन्—यही हो 'सम्यक्व्या-याम'। अरू सूत्रहरू माथि उल्लेख भएकै जस्तै र सं. नि. IV. पृ. २११: सम्मप्पधान सूत्र पनि हेर्नू। तेस्तै पटि. म. पा. पृ. ४६ मा पनि हेर्न लायक छ।

७. 'सम्यक्स्मृति' को अर्थ हो राम्ररी होस राख्नु। ठीकसँग स्मृति राख्नु इत्यादि। तर के मा होस राख्नु र कस्तो प्रकारले होस राख्नेलाई 'सम्यक्स्मृति' भन्दछन् भन्नेबारेको परिभाषा यसरी गरिएको छ।

"तत्थ कतमा सम्मासति?—इध भिक्खु काये काया-नुपस्सी विहरति आतापी सम्पजानो सतिमा, विनेय्य लोके

अभिज्झादोमनस्सं। वेदनासु वेदनानुपस्सी विहरति...चित्ते चित्तानुपस्सी विहरति...धम्मेसु धम्मानुपस्सी विहरति आतापी...विनेय्य लोके अभिज्झादोमनस्सं। अयं वुच्चति 'सम्मासति'।" विभं. पा. पृ. १३४; दि. नि.II. पृ. २३४; अर्थात्—भिक्षु, कायमा कायानुपश्यी भई विहारगर्छ,...अभिध्यादिदौर्मनस्यादि दूरगर्न होस राखी बस्छ–त्यस्तै वेदनामा,...चित्तमा...तथा धर्म (=चित्तविषय) मा होस राखी बस्छ। यही हो 'सम्यक्स्मृति'। यस बारेमा केही कुराहरू बु. ब्रा. पृ. २६३; बु.गृ. पृ. २३७; बु. रा. पृ. ११३ मा र बु.प.पृ. ४४३ मा पनि उल्लेख भएका छन्। अभिधर्मभाजनीय अनुसार यसको परिभाषा हो–"या सति अनुस्सति पटिस्सति सति सरणता धारणता अपिलापनता असम्मुसनता सति सतिन्द्रियं सतिबलं सम्मासति सतिसम्बोज्झङ्गो मग्गङ्गं मग्गपरियापन्नं--अयं वुच्चति 'सम्मासति'।" विभं. पा. पृ. १३७, २८८, धम्मः सं. पृ. २२, ७८; अर्थात्—जुन स्मृति, अनुस्मृति, प्रतिस्मृति...स्मरणगर्नु, धारण गर्नु, लोपहुन नदिनु, मोहितहुन नदिनु; स्मृतीन्द्रिय, स्मृतिबल, सम्यक्स्मृति, स्मृतिबोध्यङ्ग मार्गाङ्ग मार्ग अन्तर्गत भएका हुन्--यही नै 'सम्यक्स्मृति' हो। यसबारेमा विशेष जानकारीकोनिमित्त मज्झिमनिकाय र दीघनिकायको सतिपट्ठान सूत्र हेर्नु आवश्यक छ। सं. नि. IV. पृ. १५५: सतिसुत्तं, पृ १४५: जनपदकल्याणीसुत्तं, पृ. १५८: विभङ्गसुत्तं। पटि. म. पा. पृ. ३१, ४६, २५०, २९८, ४०५, ४३२, ४९६

८. 'सम्यक्समाधि' को अर्थ हो असलध्यान, यथार्थध्यान अथवा राम्रोध्यान इत्यादि । तर यसको परिभाषा सुत्तन्तभाजनीय अनुसार यसप्रकार उल्लेख भएको छ––

"(१) इध भिक्खु विविच्चेव कामेहि, विविच्च अकुसलेहि धम्मेहि, सवितक्कं सविचारं विवेकजं पीतिसुखं पठमं झानं उपसम्पज्ज विहरति । (२) वितक्क विचारानं वूपसमा, अज्झत्तं सम्पसादं, चेतसो एकोदिभावं अवितक्कं अविचारं समाधिजं पीतिसुखं दुतियं झानं उपसम्पज्ज विहरति । (३) पीतिया च विरागा, उपेक्खको च विहरति, सतो च सम्पजानो, सुखं च कायेन पटिसंवेदि, यं तं अरिया आचिक्खन्ति–– 'उपेक्खको सतिमा सुखविहारी' ति, ततियं झानं उपसम्पज्ज विहरति । (४) सुखस्स च पहाना, दुक्खस्स च पहाना, पुब्बेव सोमनस्सदोमनस्सानं अत्थङ्गमा, अदुक्खमसुखं उपेक्खासति परिसुद्धि चतुत्थं झानं उपसम्पज्ज विहरति । अयं वुच्चति 'सम्मासमाधि' ।" विभं. पा. पृ १३४, २८६; अर्थात्––प्रथम, द्वितीय, तृतीय तथा चतुर्थ ध्यानलाई नै 'सम्यक्समाधि' भनिएको हो । यसको कुराहरू बु. ब्रा. पृ. २६७, बु. गृ. पृ १८३ र बु. प. पृ. ६६ मा समुल्लेख गरिसकेको छु । अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसप्रकार छ––

"तत्थ कतमो सम्मासमाधि ?––या चित्तस्स ठिति सण्ठिति अवट्ठिति अविसाहारो अविक्खेपो अविसाहटमानसता

(क) १- "भिक्षुहो ! यो 'दुःख आर्यसत्य हो' भनी मैले पहिले नसुनेको धर्म (=विषय) मा मलाई चक्षु (=प्रज्ञाचक्षु) उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक (=प्रज्ञालोक) उत्पन्न भयो ।

२- "भिक्षुहो ! त्यो 'दुःख आर्यसत्यलाई जान्नु पर्छ'

समथो समाधिन्द्रियं समाधिबलं सम्मासमाधि समाधिसम्बोज्झङ्गो मग्गङ्गं मग्गपरियापन्नं--अयं वुच्चति 'सम्मासमाधि'।" विभं. पा. पृ. १३७, २८८; धम्म. सं. पृ. २२, ७९; अर्थात्--जुन चित्तको स्थिरपन, निश्चलपन, अविक्षेपता आदि समाधीन्द्रिय तथा मार्गारूढ मार्ग अन्तर्गत हुन्--यही नै 'सम्यक्-समाधि हो' ।" विभं. पा. पृ. १३७, २८८; धम्म. सं. २२, ७८; यो समाधिको बारेमा पटि. म. पा. को निम्नलिखित पृष्ठहरूमा उल्लेख गरिएको छ—२५, ३४, ४६, ७७, ३२८, ३४०, ३९२ ।

यी अष्टाङ्गहरू दुःख निरोधको मार्ग भएझैं दुःखलाई बढाउने मार्ग पनि हुन सक्छन् । जस्तै सम्यक्संकल्पको उल्टो मिथ्यासंकल्प...मिथ्यासमाधि आदि हो । यसको पुष्टचाई धम्म. सं. कै. पृ. ९४ मा २. अकुशलधम्मा, लोभचित्तानि भन्ने शीर्षक अन्तर्गत समुल्लेख भएको पाइन्छ र यस सम्बन्धी विवेचना अत्थ. सा. पृ. २२२, २२३ मा पनि पाइन्छ ।

(=परिञ्ञेय्यं) भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो।

३– "भिक्षुहो ! त्यो 'दुःख आर्यसत्यलाई जानिसकें' (=परिञ्ञातं) भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो।

(ख) १– "भिक्षुहो ! यो 'दुःखसमुदय आर्यसत्य हो' भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो।

२– "भिक्षुहो ! त्यो 'दुःखसमुदय आर्यसत्यलाई छाड्नु पर्छ' (=पहातब्बं) भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो।

३– "भिक्षुहो ! त्यो 'दुःखसमुदय आर्यसत्यलाई छाडि-सकें' (=पहीनं) भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो।

(ग) १– "भिक्षुहो ! यो 'दुःखनिरोध आर्यसत्य हो' भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान

उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

२– "भिक्षुहो ! त्यो 'दुःखनिरोध आर्यसत्यलाई साक्षात्कार गर्नुपर्छ' (सच्छिकातब्बं) भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

३– "भिक्षुहो ! त्यो 'दुःखनिरोध आर्यसत्यलाई साक्षात्कार गरें' (सच्छिकतं) भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

(घ) १– "भिक्षुहो ! यो 'दुःखनिरोध गामिनी प्रतिपदा हो' भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

२– "भिक्षुहो ! त्यो 'दुःखनिरोधगामिनी प्रतिपदालाई अभ्यास गर्नुपर्छ' (भावेतब्बं) भनी मैले पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

३– "भिक्षुहो ! त्यो 'दुःखनिरोधगामिनी प्रतिपदालाई अभ्यास गरिसकें' (भावितं) भनी मैले पहिले नसुनेको धर्ममा

मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

(अ) "भिक्षुहो ! जबसम्म मलाई यी चतुरार्यसत्यहरूमा तेहरोगरी[1] बाह्र प्रकारले यथार्थत ज्ञानदर्शन सुविशुद्ध भएको थिएन,

---

१. प्रत्येक सत्यलाई (१) सत्यज्ञान, (२) कृत्यज्ञान तथा (३) कृतज्ञानको रूपले जान्नुलाई 'तेहरो' भनिएको हो । भनाइको तात्पर्य के हो भने—

भगवान् बुद्धले बोधिवृक्षमनी, वैशाखपूर्णिमाको रातमा स्वयं बोधिज्ञानलाई अवबोध अथवा साक्षात्कार गर्नु भन्दा अघि वहाँले 'दु:ख' लाई सत्यको रूपमा हेर्ने ज्ञान कहिल्यै, कसैबाट अघि सुन्नु भएको थिएन । जब वहाँले स्वयं 'दु:ख' लाई सत्यको रूपमा हेर्नु भयो अथवा जान्नु भयो तब वहाँलाई सत्य ज्ञान प्राप्त भयो । यसैलाई 'सत्यज्ञान' भनिएको हो । त्यस्तै गरी जब त्यो दु:खलाई 'जान्नुपर्छ' भन्ने ज्ञान भयो तब त्यसलाई 'कृत्यज्ञान' भनिएको हो । अनि वहाँले त्यसलाई जान्नु भयो र जानिसक्नु भएपछि 'जानिसकें' भन्ने ज्ञानलाई 'कृतज्ञान' भनिएको हो ।

'दु:खसमुदय' लाई पनि वहाँले सत्यको रूपमा कहिल्यै कसैबाट पनि अघि सुन्नु भएको थिएन र त्यसलाई पनि वहाँले स्वयं 'सत्यको रूपमा' जान्नु भयो--यसलाई

तबसम्म मैले देवसहित ब्रह्म मारलोकलाई, श्रमण सहित ब्राह्मण प्रजाहरूलाई, देवसहित मनुष्यहरूलाई 'अनुत्तर सम्यक् सम्बोधि

'सत्यज्ञान' भनियो। 'समुदय' लाई 'छाड्नुपर्छ' भन्ने पनि वहाँले अघि कसैबाट पनि सुन्नु भएको थिएन र त्यसलाई पनि 'छाड्नुपर्छ' भन्ने ज्ञान स्वयं अवबोध गर्नु भयो––यसलाई 'कृत्य-ज्ञान' भनियो। अनि समुदयलाई पनि छाडिदिनु भइसकेपछि 'छाडिसकें' भन्ने ज्ञान भयो—यसलाई 'कृतज्ञान' भनियो।

'दुःखनिरोध' लाई पनि वहाँले सत्यकोरूपमा कहिल्यै कसैबाट पनि अघि सुन्नु भएको थिएन र त्यसलाई पनि वहाँले स्वयं 'सत्यको रूपमा' जान्नुभयो––यो हो 'सत्यज्ञान'। 'निरोध' लाई साक्षात्कार गर्नु पर्छ भन्ने पनि वहाँले अघि कसैबाट पनि सुन्नु भएको थिएन र त्यसलाई 'साक्षात्कार गर्नु पर्छ' भन्ने ज्ञान गर्नु भयो—यो हो 'कृत्यज्ञान'। 'निरोध' लाई साक्षात्कार गरिसक्नु भएपछि जुन 'साक्षात्कार गरि-सकें' भन्ने ज्ञान हो त्यो हो 'कृतज्ञान'।

'दुःखनिरोधगामिनीप्रतिपदा' लाई पनि वहाँले अघि कसैबाट 'सत्यको रूपमा' सुन्नु भएको थिएन र त्यसलाई 'सत्यको रूपमा' जान्नुभयो––यो हो 'सत्यज्ञान'। 'प्रतिपदा' लाई अभ्यास गर्नु पर्छ भन्ने कुरा वहाँले अघि कसैबाट पनि सुन्नु भएको थिएन र त्यसलाई पनि 'अभ्यास गर्नु पर्छ' भनी स्वयं अवबोध गर्नु भयो––यो हो 'कृत्यज्ञान'। जब वहाँले

अभिसम्बोधगरें'' भनी ज्ञापन गरिन।

(आ) ''भिक्षुहो ! जब मलाई यी चतुरार्यसत्यहरूमा तेहेरो गरी बाह्र प्रकारले यथार्थत ज्ञानदर्शन सुविशुद्ध भयो, भिक्षुहो ! तब मैले देवसहित ब्रह्म मारलोकलाई, श्रमण सहित ब्राह्मण प्रजाहरूलाई, देवसहित मनुष्यहरूलाई 'अनुत्तर सम्यक् सम्बोधि अभिसम्बोधगरें' भनी ज्ञापन गरें। 'मेरो विमुक्ति अचल (=अकुप्पा) छ; यही अन्तिम जन्म हो; अब फेरि पुनर्जन्म छैन' भन्ने ज्ञानदर्शन पनि मलाई उत्पन्न भयो।''

कौडिन्यको धर्मचक्षु लाभ

यो वेय्याकरण (=धर्मोपदेश) बताउनुहुँदा आयुष्मान् कौडिन्य (कोण्डञ्ञ) लाई— "जे जति समुदय धर्म (=स्वभाव)

अभ्यास गरिसक्नु भयो अनि 'अभ्यास गरिसकें' भन्ने जुन ज्ञान हो त्यो हो 'कृतज्ञान'।

यसरी मूल सूत्रमा उल्लेख भएका चार सत्यलाई तीन तीन प्रकारले गरी जम्मा बान्ह प्रकारका ज्ञानहरू भए। यी कुराहरू मूल सूत्रको (क) १, २, ३, (ख) १, २, ३, (ग) १, २, ३, (घ) १, २, ३, गरी देखाइएको छ। हेर्नू—सं. नि. अ. क. III. पृ. २२८ र पटि. म. अ. क. पृ. ४३९

हुन्, ती जम्मै निरोध धर्म हुन्" भन्ने विरज, वीतमल, धर्मचक्षु[1] पनि उत्पन्न भयो।

भगवान्ले धर्मचक्र प्रवर्तित गर्नु हुँदा (१) भूमिस्थित देवताहरूले— "भगवान्ले बाराणशीस्थित ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन गर्नुभयो जो कुनै श्रमण, ब्राह्मण, देव, मार, ब्रह्माले अथवा यो लोकका कुनै पनि व्यक्तिले प्रवर्तन गर्न सक्दैन" भन्ने आवाज सुनाए।

(२) भूमिस्थित देवताहरूको आवाज सुनी चातुर्महाराजिक[2] देवताहरूले— "भगवानले बाराणशीस्थित ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन गर्नु भयो जो कुनै श्रमण, ब्राह्मण, देव, मार, ब्रह्माले अथवा यो लोकको कुनै पनि व्यक्तिले प्रवर्तन गर्न सक्दैन" भन्ने आवाज सुनाए।

---

१. स्रोतापन्न, सकृदागामी तथा अनागामी मार्गफल प्राप्त हुने सबैलाई 'धर्मचक्षु' प्राप्त भएको भनी भन्दछन्। यहाँ स्रोतापन्न मार्गफल प्राप्त भएको हुँदा 'धर्मचक्षु' प्राप्त भएको भनी भनिएको हो। सं. नि. अ. क. III. पृ. २२८; सम. पा. पृ ७२५: महाखन्धकवण्णना, महावग्गो।

२. धृतराष्ट्र (धतरट्ठो), विरूढक (विरूल्हक), विरूपाक्ष (विरूपक्ख) तथा कुवेर देवताहरूलाई 'चातुर्महाराजिक देवताहरू' भन्दछन्। पटि. म. अ. क. पृ. ४४१

(३) चातुर्महाराजिक देवताहरूको आवाज सुनी त्रयस्त्रिंश देवताहरूले— "भगवान्‌ले बाराणशीस्थित ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन गर्नु भयो जो···कुनै पनि व्यक्तिले प्रवर्तन गर्न सक्दैन' भन्ने आवाज सुनाए।

(४) त्रयस्त्रिंश देवताहरूको आवाज सुनी यामा देवताहरूले ...आवाज सुनाए।

(५) यामा देवताहरूको आवाज सुनी तुषित देवताहरूले··· आवाज सुनाए।

(६) तुषित देवताहरूको आवाज सुनी निर्माणरति देवताहरूले... आवाज सुनाए।

(७) निर्माणरति देवताहरूको आवाजसुनी परनिर्मित वशवर्त्ती देवताहरूले ... आवाज सुनाए।

(८) परनिर्मित वशवर्त्ती देवताहरूको आवाज सुनी ब्रह्मकायिक देवताहरूले— "भगवान्‌ले बाराणशीस्थित ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन गर्नु भयो जो श्रमण, ब्राह्मण, देव, मार, ब्रह्माले अथवा यो लोकको कुनै पनि व्यक्तिले प्रवर्तन गर्न सक्दैन" भन्ने आवाज सुनाए।

यसरी त्यस क्षणमा, त्यस लयमा, त्यस मुहूर्तमा यो आवाज ब्रह्मलोकसम्म पुग्यो। यो दशशहश्री लोकधातु (=ब्रह्माण्ड) कम्पित,

सम्प्रकम्पित, सम्प्रवेधित भयो[१]। देवताहरूको देवानुभावलाई पार-गरी अप्रमाण र विपुल आभास यो लोकमा प्रादुर्भाव भयो। अनि भगवान्‌ले उदान (=उद्‌गार वाक्य) प्रकट गर्नु भयो—

"अहो! कौडिन्यले ज्ञात नै गरे! अहो! कौडिन्यले ज्ञात नै गरे!!"

त्यसैले (त्यहाँदेखि) आयुष्मान् कौडिन्यको नाम नै 'ज्ञात कौडिन्य' (=अञ्ञा कोण्डञ्ञो) रहन गयो।

पञ्चवर्गीयहरूको प्रव्रज्या

अनि धर्मदेखि सकेपछि, धर्मप्राप्त गरिसकेपछि, धर्माविबोध गरिसके पछि, धर्मको गम्भीरतामा पुगिसकेपछि—संशय रहित, निश्चिन्तभई, विशारदतामा प्रतिष्ठित भइसके पछि तथा शास्ताको धर्मलाई अवबोध गर्नकोनिम्ति कसैको भरपर्न नपरेपछि आयुष्मान् कौडिन्यले भगवान्‌सँग यस्तो प्रार्थना गरे—

"भन्ते! भगवान्‌को समक्ष मैले प्रव्रज्या पाऊँ, उप-सम्पदा पनि पाऊँ!"

---

१. पटि. म. अ. क. पृ. ४४१ अनुसार भगवान् बुद्धको जीवनमा छ पटकसम्म भूकम्प भएको कुरा समुल्लेख भएको पाइन्छ—(१) बोधिसत्व गर्भाधान हुँदा, (२) बोधिसत्व जन्मिदा, (३) बुद्धत्व-ज्ञान प्राप्त हुँदा, (४) धर्मचक्र प्रवर्तन गर्दा, (५) आयु संस्कारलाई निस्सर्ग गर्दा तथा (६) महापरिनिर्वाण हुँदा।

"आऊ, भिक्षु ! (यो) धर्म सु-आख्यात छ, सम्यक् प्रकारले दुःखक्षय गर्नकोनिम्ति ब्रह्मचर्य पालन गर !" भनी भगवान्‌ले भन्नुभयो । यही (वाक्यले) नै वहाँ आयुष्मान्‌को उपसम्पदा भयो ।

त्यसपछि भगवान्‌ले बाँकी भएका भिक्षुहरूलाई धार्मिक कुराहरूद्वारा अववाद-अनुशासन (=अतिवृद्धि-उपदेश) गर्नुभयो । अनि आयुष्मान् वप्प र आयुष्मान् भद्दिय (=भद्रीय) लाई— "जे जति समुदय धर्म हुन् ती जम्मै निरोध धर्म हुन्" भन्ने विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो ।

अनि धर्म देखिसकेपछि, धर्म प्राप्त गरिसकेपछि, धर्मावबोध गरिसकेपछि, धर्मको गम्भीरतामा पुगिसकेपछि—संशय रहित, निश्चिन्त भई, विशारदतामा प्रतिष्ठित भइसकेपछि तथा शास्ताको धर्मलाई अवबोध गर्नकोनिम्ति कसैको भर पर्न नपरेपछि उनीहरूले भगवानसँग यस्तो प्रार्थना गरे—

"भन्ते ! भगवान्‌को समक्ष हामीले प्रव्रज्या पाऊँ, उपसम्पदा पनि पाऊँ !"

"आऊ, भिक्षुहो ! (यो) धर्म सु-आख्यात छ, सम्यक् प्रकारले दुःखक्षय गर्नकोनिम्ति ब्रह्मचर्य पालन गर !" भनी भगवान्‌ले भन्नु भयो । यही (वाक्यले) नै ती आयुष्मान्‌हरूको पनि उपसम्पदा भयो ।

अनि भिक्षुहरूले ल्याएको भोजन गर्नुहुँदै भगवान्‌ले बाँकी भिक्षुहरूलाई धार्मिक कथाद्वारा अववाद अनुशासन गर्नुभयो । जो ती

भिक्षुहरूले ल्याएको भोजन हो त्यसबाट छ जनाले निर्वाह गर्दथे। अनि भगवान्ले धार्मिक कथाद्वारा अववाद-अनुशासन गर्नु हुँदा आयुष्मान् महानाम र आयुष्मान् अस्सजि (=अश्वजित्) लाई पनि "जे जति समुदय धर्म हुन् ती जम्मै निरोध धर्म हुन्" भन्ने विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो।

अनि धर्म देखिसकेपछि, धर्म प्राप्त गरिसकेपछि, धर्मावबोध गरिसकेपछि, धर्मको गम्भीरतामा पुगिसकेपछि—संशय रहित, निश्चिन्त भई, विशारदतामा प्रतिष्ठित भइसके पछि तथा शास्ताको धर्मलाई अवबोध गर्नकोनिम्ति कसैको भरपर्न नपरे पछि उनीहरूले पनि भगवान्सँग यस्तो प्रार्थना गरे—

"भन्ते! भगवान्को समक्ष हामीले प्रव्रज्या पाऊँ, उपसम्पदा पनि पाऊँ!"

"आऊ, भिक्षुहो! (यो) धर्म सु-आख्यात छ, सम्यक् प्रकारले दुःखक्षय गर्नकोनिम्ति ब्रह्मचर्य पालन गर!" भनी भगवान्ले भन्नु भयो। यही (वाक्यले) नै ती आयुष्मान्हरूको उपसम्पदा[1] भयो।

× × ×

---

१. पूर्ण भिक्षुभाव।

मूल पालि—

१६–अनात्म-पर्याय

अनि पञ्चवर्गीय भिक्षुहरूलाई भगवान्ले आमन्त्रण[1] गर्नु भयो[2]—

(क) १– "भिक्षुहो ! रूप अन्-आत्मा (=अनात्मा) हो। भिक्षुहो ! यदि रूप[3] आत्मा भएको भए—यो रूप पीडादायक (आबा-

---

१. आषाढ पूर्णिमाको साँझ पख भगवान्ले पञ्चवर्गीय भिक्षुहरूलाई धर्मचक्रको उपदेश दिनु भएको थियो। त्यसपछि क्रमशः पक्षको पञ्चमीको दिनमा भगवान्ले पञ्चवर्गीय भिक्षुहरूको आस्रवक्षय गराउने उद्देश्यले 'अनात्मपर्याय' को उपदेश सुनाउन आमन्त्रण गर्नु भएको हो। सं. नि. अ. क. II. पृ. २०३

२. महा. व. पृ. १६: अनत्तपरियायो। सं. नि. II. पृ. २९५ मा यसलाई 'अनत्तलक्खणसुत्तं' भनी संज्ञा दिइएको छ। अ. क. II. पृ. २०३

३. 'रूप' शब्दको साधारण अर्थ अथवा निरुक्तिको बारेमा

घाय) हुने थिएन । बरू रूपमा— 'यस्तो मेरो रूप होस्, यस्तो

बु. प. पृ. ४०१ को पादटिप्पणीमा उल्लेख गरिसकेको छु। यहाँ 'रूप' को परिभाषाभन्दा पनि अभिधर्म (=परमार्थ) को दृष्टिकोणले प्रकाशपार्न खोजेको छु। यो 'रूप' शब्दको अर्थ बुद्धधर्मानुसार सारै गहिरो मात्रै होइन अपितु अणु, परमाणुको कुराभन्दा पनि गहिरो छ भनी भन्दा कुनै अतिशयोक्ति होला जस्तो लाग्दैन। यसको गम्भीरता तथा सूक्ष्मातिसूक्ष्मको कुरा अध्ययन नै गर्ने हो भने धम्मसङ्गणिको 'रूपकण्ड' विभङ्गपालिको 'खन्धविभङ्गो' तथा धातुकथाको निद्देसवारको 'सङ्गहो असङ्गहो' को पञ्चक्खन्धादि शीर्षकहरू हेर्नु पर्छ।

भगवान्ले यस सूत्रमा जुन 'रूप' शब्दको प्रयोग 'स्कन्धरूप' को लक्ष लिई प्रकाश पार्नु भएको छ—त्यो व्यापकरूपमा छ। अतएव यहाँ सबै प्रकारका 'रूप' हरूलाई 'रूप' भनिएको हो।

सबै प्रकारका वा किशिम किशिमका 'रूप' हरू भनेका के हुन् त ? भन्ने प्रश्नको उत्तरमा धम्म. सं. पृ. १४७ मा रूपकण्डको एककमातिकाको शीर्षकमा—चार महाभूत (पालि साहित्यमा पञ्चमहाभूतको बदला चतुर्महाभूत भन्ने चलनले व्यापकता लिएकोछ) र चार महाभूतको कारणबाट उत्पन्न हुने जे जति वस्तुहरू छन् ती सबैलाई 'उपादारूप' भन्दछन् र ती चतुर्महाभूत र त्यसबाट उत्पन्न भएका समस्त

मेरो रूप नहोस्' भनी भनेझैं पाउने थियो । भिक्षुहो ! किन्तु रूप

रूपहरूलाई 'सबै रूप' भनिएको हो भनी प्रष्ट शब्दमा समुल्ले भएको छ ।

"चत्तारो च महाभूता, चतुन्नं च महाभूतानं उपादाय रूपं – इदं वुच्चति सब्बं रूपं !" धम्म. सं. पृ. १४७

"रूप" मात्र समुल्लेख भएको ठाउँमा 'रूप' को अर्थमा र 'रूपस्कन्ध' भनी स्कन्धसँग मिसिएको ठाउँको 'रूप' को अर्थमा केही भिन्नता हुन सक्छ; तर परमार्थको अर्थमा भने होइन ।

यी **'रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञान'** भन्ने पाँच-स्कन्धका कुराहरू साधारणतया बुझिएको जस्तोलागे ता पनि यी 'पञ्चस्कन्ध' का कुराहरू अतिगम्भीर तथा सूक्ष्मातिसूक्ष्म छन् । बुद्धधर्मको मूलभूत सिद्धान्तहरू मध्ये यो पनि प्रमुख हो । गम्भीर भनी यसकारणले पनि भन्न सकिन्छ कि सम्पूर्ण ब्रह्माण्ड नै यही पञ्चस्कन्धको परिधिभित्रै आउँछ । इहलोक, परलोक र ब्रह्मलोक आदि जति पनि लोक भन्ने व्यवहार अन्तर्गत छन्—निर्वाण बाहेक—सबै यसै पञ्चस्कन्धको अन्तर्गत हुन आउँछन् । अतएव पञ्चस्कन्धको कुरा विश्लेषणात्मक रूपले राम्रैसँग बुझ्ने हो भने अभिधर्मको अध्ययन गर्नु अनिवार्य छ । केही उदाहरणकोनिम्ति, केही साधारण अर्थ भएका 'रूप' सम्बन्धी – अभिधर्म तथा सूत्रहरूका केही पाठहरू यहाँ प्रस्तुत गरेको छु—

अन्-आत्मा (=अनात्मा)हो त्यसैले रूप पीडादायक हुन्छ; त्यसैले रूपमा–

"सब्बं रूपं न हेतु, अहेतुकं, हेतुविप्पयुत्तं, सप्पच्चयं, सङ्खतं, रूपं, लोकियं, सासवं, संयोजनीयं, गन्थनीयं,...नेव दस्सनेन न भावनाय पहातब्बं,...परियापन्नं, नो अपरियापन्नं... अनिय्यानिकं, उप्पन्नं, छहि विञ्ञाणेहि विञ्ञेय्यं, अनिच्चं, जराभूतं" भन्ने आदि जम्मै एक प्रकारका रूप संग्रह हुन् । धम्म. सं. पृ. १४७; दुइप्रकारका संग्रहमा—

"अत्थि रूपं उपादा, अत्थि रूपं नो उपादा; ...अत्थि रूपं सनिदस्सनं, अत्थि रूपं अनिदस्सनं; ...अत्थि रूपं इन्द्रियं, अत्थि रूपं न इन्द्रियं; ...अत्थि रूपं महाभूतं, अत्थि रूपं न महाभूतं; ...अत्थि रूपं चित्तसमुट्ठानं, अत्थि रूपं न चित्तसमुट्ठानं; ...अत्थि रूपं चित्तानुपरिवत्ति, अत्थि रूपं न चित्तानुपरिवत्ति..." आदि आदि। यसप्रकार मुख्यतया ११ प्रकारसम्मको विभाजन पाइन्छन् । धम्म. सं. पृ. १४८. यी ११ प्रकारका विभाजनहरूबाट हज्जारौं प्रकारका 'रूप' सम्बन्धी विभाजनहरू गरिएका छन् ।

"रूपक्खन्धो कतीहि खन्धेहि कतीहि आयतनेहि कतीहि धातूहि सङ्गहितो ?" भन्ने कुराहरू धातु. क. पृ. ५, ५०, ९४ माउल्लेख भएको पाइन्छ ।

विभं. पा. मा पनि यस्तै यस्ता किशिमले रूप सम्बन्धी विश्लेपण गरेको पाइन्छ–"चक्खुन्द्रियं, सोतिन्द्रियं...कायिन्द्रियं,

'यस्तो मेरो रूप होस्, यस्तो मेरो रूप नहोस्' भनी भनेझैं न पाइएको हो ।

इत्थिन्द्रियं, पुरिसिन्द्रियं, जीवितिन्द्रियं, यं च रूपं न इन्द्रियं— एवं नवविधेन रूपक्खन्धो ।" विभं. पा. पृ. २०

यी रूपहरू कहाँ कहाँ हुन्छन् र कहाँ कहाँ हुन्नन्, यी रूपहरू संस्कृत हुन् कि असंस्कृत हुन् भन्ने आदि आदि कुराहरू पनि धम्म. सं. रूपकण्डमा उल्लेख भएको पाइन्छ । त्यस्तै यो 'रूप' कुशलाकुशल अब्याकृत मध्ये के मा अन्तर्गत छ भन्ने कुरा पनि समुल्लेख भएको पाइन्छ ।

यी रूपादि पञ्चस्कन्धहरूका विश्लेषणहरू अध्ययन गरिसके पछि भगवान्‌ले 'रूपादिलाई अन्-आत्मा हो' भनी बताउनु भएको रहस्य प्रष्ट हुन जाने छ ।

यी रूपादि पञ्चस्कन्धका विश्लेषणहरू विसु. म. पृ. ३२६: खन्धनिद्देसमा पनि उल्लेख भएको छ । तेस्तै अभिधर्मार्थसंग्रहको छैटौं परिच्छेदमा पनि । धम्म. सं. पृ. १४८, १६०, १७५, १९१, २११, २२५, २९५ आदिमा पनि हेर्नु योग्य छ । माथि पृ. ७९ मा 'नाम-रूप' शब्दको पादटिप्पणीमा पनि समुल्लेख भएको छ ।

२– "भिक्षुहो ! वेदना[1] अन्-आत्मा (=अनात्मा) हो। भिक्षुहो ! यदि वेदना आत्मा भएको भए—यो वेदना पीडादायक हुने थिएन। बरू वेदनामा— 'यस्तो मेरो वेदना होस्, यस्तो मेरो वेदना नहोस्' भनी भनेझैं पाउने थियो। भिक्षुहो ! किन्तु वेदना अन्-आत्मा हो त्यसैले वेदना पीडादायक हुन्छ; त्यसैले वेदनामा— 'यस्तो मेरो वेदना होस्, यस्तो मेरो वेदना नहोस्' भनी भनेझैं न पाइएको हो।

३– "भिक्षुहो ! संज्ञा[2] अन्-आत्मा (=अनात्मा) हो। भिक्षुहो ! यदि संज्ञा आत्मा भएको भए—यो संज्ञा पीडादायक हुने थिएन। बरू संज्ञामा— 'यस्तो मेरो संज्ञा होस्, यस्तो मेरो संज्ञा नहोस्' भनी भनेझैं पाउने थियो। भिक्षुहो ! किन्तु संज्ञा अन्-आत्मा हो त्यसैले संज्ञा पीडादायक हुन्छ; त्यसैले संज्ञामा— 'यस्तो मेरो संज्ञा होस्, यस्तो मेरो संज्ञा नहोस्' भनी भनेझैं नपाइएको हो।

---

१. 'वेदनाको परिभाषा हो स्पर्शयुक्त। 'फस्ससम्पयुत्तो' विभं. पा. पृ. २०: वेदनाक्खन्धो। जस्तै 'रूप' को बारेमा अनेक विश्लेषणहरू छन् त्यस्तै 'वेदना' को बारेमा पनि छन्। हेर. विभं. पा. पृ. ६–२०; धम्म. सं. पृ. ७४ आदि।

२. 'संज्ञा' को अर्थ हो जान्नु अथवा ज्ञान लक्षण। यसको पनि अनेकविध अर्थहरू छन्। संक्षेपमा भन्ने हो भने स्पर्शयुक्तलाई नै 'संज्ञा' भन्दछन्। "फस्ससम्पयुत्तो" विभं. पा. पृ. ३३; धम्म. सं. को परिभाषा अनुसार— "या तस्मिं समये सञ्ञा

४– "भिक्षुहो ! संस्कार[1] अन्-आत्मा हो। भिक्षुहो ! यदि संस्कार आत्मा भएको भए—यो संस्कार पीडादायक हुने थिएन। बरु संस्कारमा— 'यस्तो मेरो संस्कार होस्, यस्तो मेरो संस्कार

सञ्जानना सञ्जानितत्तं—अयं तस्मिं समये एको सञ्ञाक्खन्धो होति।" पृ. ३५; लोकोत्तरको हिसाबमा— "या तस्मिं समये तज्जा मनोविञ्ञाणधातु सम्फस्सजा सञ्ञा सञ्जानना सञ्जानितत्तं—अयं तस्मिं समये सञ्ञाहोति।" धम्म. सं. पृ. ७५: लोकोत्तरकुसलं, सुद्धिकपटिपदा। यसको विभाजनहरू पनि धेरै छन् जस्तै— "अत्थि सहेतुको, अत्थि अहेतुको" "अत्थि कुसलो, अत्थि अकुसलो, अत्थि अब्याकतो" आदि।

१. यो पनि चित्तसम्पयुक्त हो "चित्तसम्पयुत्ता" विभं. पा. पृ. ४५: सङ्खारक्खन्धो। सुत्तन्तभाजनीय अनुसार— "ये के चि सङ्खारा अतीतानागतपच्चुप्पन्ना अज्झत्ता वा बहिद्धा वा ओळारिका वा सुखुमा वा हीना वा पणीता वा ये दूरे सन्तिके वा, तदेकज्झं अभिसञ्ञूहित्वा अभिसङ्खिपित्वा—अयं वुच्चति सङ्खारक्खन्धो।" विभं. पा. पृ. ११: सङ्खारक्खन्धो। अर्थात्—जुन ती अतीतानागत आदि कालका हुन्—सूक्ष्म स्थूल आदि—त्यसैलाई एकत्रित गरेका संस्कारहरू नै 'संस्कार' हुन्।

'संस्कार' को शब्दार्थ हो–बनाउने, संस्करण गर्ने, इत्यादि। यो शब्द 'कर—करणे' भन्ने धातुद्वारा बनेको छ। धात्वत्थवण्णना पृ. ३६

नहोस्' भनी भनेझैं पाउने थियो । भिक्षुहो ! किन्तु संस्कार अन्-आत्मा हो त्यसैले सस्कार पीडादायक हुन्छ; त्यसैले संस्कारमा— 'यस्तो मेरो संस्कार होस्, यस्तो मेरो संस्कार नहोस्' भनी भनेझैं न पाइएको हो ।

धम्मसंगणिको चित्तकण्डंको १–कुसलाधम्मा शीर्षक अन्तर्गत कोट्ठासवारको पृ. २८, ३६ मा त्यसबखत कुन एक संस्कार हुन्छ ? भन्ने प्रश्नको उत्तरमा— "फस्सो चेतना वितक्को विचारो...समथो विपस्सना पग्गहो अविक्खेपो; ये वा पन तस्मिं समये अञ्ञे पि अत्थि पटिच्चसमुप्पन्नं अरूपिनो धम्मा ठपेत्वा वेदनाक्खन्धं, ठपेत्वा सञ्ञाक्खन्धं, ठपेत्वा विञ्ञाणक्खन्धं—अयं तस्मिं समये सङ्खारक्खन्धो होति ।" धम्म. सं. पृ. २८; अर्थात्—त्यस बखत जुन चेतना...समथ विपश्यना...प्रतित्यसमुत्पन्न अरूपी धर्महरू वेदना, संज्ञा, तथा विज्ञानस्कन्ध बाहेक–हुन्—यही नै त्यस समयमा संस्कारस्कन्ध हुन्छ ।

स्मरणीय छ कि द्वादशाकार प्रतित्यसमुत्पादमा आएको 'संस्कार' र स्कन्धमा आएको 'संस्कार' को अर्थ भिन्नाभिन्नै छ र यसको पनि विविधाकारले विश्लेषण गरेको पाइन्छ । संस्कारस्कन्धको विश्लेषणहरू विभं. पा. पृ. ११ मा उल्लेख भएका छन् ।

५– "भिक्षुहो ! विज्ञान[१] अन्-आत्मा (=अनात्मा) हो। भिक्षुहो! यदि विज्ञान आत्मा भएको भए—यो विज्ञान पीडादायक हुने थिएन। बरू विज्ञानमा— 'यस्तो मेरो विज्ञान होस्, यस्तो मेरो विज्ञान नहोस्' भनी भनेझैं पाउने थियो। भिक्षुहो ! किन्तु विज्ञान अन्-आत्मा हो त्यसैले विज्ञान पीडादायक हुन्छ; त्यसैले विज्ञानमा— 'यस्तो मेरो विज्ञान होस्, यस्तो मेरो विज्ञान नहोस्' भनी भनेझैं न पाइएको हो।

(ख) १– "के भन्छौ त, भिक्षुहो ! रूप नित्य हो कि अनित्य हो त ?"

"अनित्य हो, भन्ते !"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"दुःख हो, भन्ते !"

"जो अनित्य हो, दुःख हो, विकार स्वभावको (विपरिणाम धम्मं) हो, के त्यस्तोलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु ठीक छ त ?"

"छैन, भन्ते !"

२– "वेदना नित्य हो कि अनित्य हो त ?"

---

१. विज्ञानको बारेमा पनि माथि उल्लेख गरे जस्तै त्यस त्यस ग्रन्थहरूमा समुल्लेख भएका छन्। हेर. धम्म. सं. पृ. ३६, ३८ मा पनि।

"अनित्य हो, भन्ते ! "

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"दुःख हो, भन्ते !"

"जो अनित्य हो, दुःख हो, विकारस्वभावको हो, के त्यस्तो-लाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु ठीक छ त ?"

"छैन, भन्ते !"

३– "संज्ञा नित्य हो कि अनित्य हो त ?

"अनित्य हो, भन्ते !"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"दुःख हो. भन्ते !"

"जो अनित्य हो, दुःख हो, विकारस्वभावको हो, के त्यस्तो-लाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु ठीक छ त ?"

"छैन, भन्ते ! '

४– "संस्कार नित्य हो कि अनित्य हो त ?"

"अनित्य हो, भन्ते !"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"दुःख हो, भन्ते !"

"जो अनित्य हो, दुःख हो, विकारस्वभावको हो, के त्यस्तोलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु ठीक छ त ?"

"छैन, भन्ते !"

५– "विज्ञान नित्य हो कि अनित्य हो त ?"

"अनित्य हो, भन्ते !"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"दुःख हो, भन्ते !"

"जो अनित्य हो, दुःख हो, विकारस्वभावको (विपरिणामधम्मं) हो, के त्यस्तोलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु ठीक छ त ?"

"छैन, भन्ते !"

(ग) १– "भिक्षुहो ! त्यसैले, जे जति भूत[१] भविष्य[५]

---

१. 'भूतकालिक रूप' भनेको वितिसकेको 'रूप' हो । त्यो कस्तो हो भन्ने बारेमा विभङ्गपालिले यसरी प्रष्टसँग उल्लेख गरेको छ— "यं रूपं अतीतं निरुद्धं विगतं विपरिणतं अत्थङ्गतं अब्भत्थङ्गतं उप्पज्जित्वा विगतं अतीतं अतीतंसेन सङ्गहितं, चत्तारो च महाभूता चतुन्नं च महाभूतानं उपादा रूपं— इदं

वर्तमान[३] का रूपहरू छन्; जे जति भित्री[४] (अज्झत्तं) वा बाहिरी[५]

वुच्चति रूपं अतीतं ।" विभं. पा. पृ. ३; अर्थात्–जो रूप बितिसक्यो, जो अस्त भइसक्यो...जो उत्पन्न भएर अन्यथाभाव भइसक्यो, अतीतांशमा संग्रहित छ, त्यस्तो चतुर्महाभूत र त्यसबाट उत्पन्न जो उपादाय रूप हो—यही हो भूतकालिक 'रूप'।

२. 'भविष्यको रूप' भनेको अहिले न भएको रूप हो। यसको परिभाषा पनि यस प्रकार छ— "यं रूपं अजातं अभूतं असञ्जातं अनिब्बत्तं अनभिनिब्बत्तं अपातुभूतं अनुप्पन्नं असमुप्पन्नं अनुट्ठितं असमुट्ठितं अनागतं अनागतंसेन सङ्गहितं, चत्तारो च महाभूता चतुन्नं च महाभूतानं उपादाय रूपं—इदं वुच्चति रूपं अनागतं।" विभं. पा. पृ. ३; अर्थात्—जो रूप अहिले देखा परेको छैन, जो रूप अनागत कालमा संग्रहित छ—त्यस्तो चतुर्महाभूत र त्यसबाट उत्पन्न हुने जो उपादाय रूप हो—यही हो भविष्यकालिक 'रूप'।

३. 'वर्तमान रूप' भनेको अहिले विद्यमान भएको 'रूप' हो। यसको परिभाषा पनि यसप्रकार उल्लेख भएको छ— "यं रूपं जातं भूतं सञ्जातं निब्बत्तं अभिनिब्बत्तं पातुभूतं उप्पन्नं समुप्पन्नं उट्ठितं समुट्ठितं पच्चुप्पन्नं पच्चुप्पन्नंसेन सङ्गहितं, चत्तारो च महाभूता चतुन्नं च महाभूतानं उपादाय रूपं—इदं वुच्चति

रूपं पच्चुप्पन्नं ।" विभं. पा. पृ. ४; अर्थात्—जो रूप वर्तमानमा छ, उत्पन्न भएको छ...प्रत्युत्पन्न समयमा संग्रहित छ त्यस्तो चतुर्महाभूत र त्यसबाट उत्पन्न भएको जो उपादाय रूप हो—यही हो वर्तमानकालिक 'रूप'।

४. 'भित्री रूप' भनेको आ-आफ्नो शरीरमा भएको रूप हो। यसको परिभाषा यसप्रकार उल्लेख भएको छ— "यं रूपं तेसं तेसं सत्तानं अज्झत्तं पच्चत्तं नियकं पाटिपुग्गलिकं उपादिन्नं, चत्तारो च महाभूता चतुन्नं च महाभूतानं उपादाय रूपं—इदं वुच्चति रूपं अज्झत्तं ।" विभं. पा. पृ. ४; अर्थात्—जो रूप आ-आफ्नो सन्ततिमा छ जो निजी हो, जो चतुर्महाभौतिक र त्यसबाट उत्पन्न रूप हो—यही नै आध्यात्मिक (=भित्री) रूप हो।

५. 'बाहिरी रूप' भनेको के हो भन्ने कुरा शब्दैले प्रष्ट गरेको छ। तै पनि यसको परिभाषासँग परिचित हुनु राम्रै हुनेछ। "यं रूपं तेसं तेसं परसत्तानं परपुग्गलानं अज्झत्तं पच्चत्तं नियकं पटिपुग्गलिकं उपादिन्नं, चत्तारो च महाभूता चतुन्नं च महाभूतानं उपादाय रूपं—इदं वुच्चति रूपं बहिद्धा ।" विभं. पा. पृ. ४; अर्थात्—जो परसन्ततिको रूप हो, जो परसत्वहरूको निजी उत्पन्न भएको रूप हो, जो चतुर्महाभूत र त्यसबाट उत्पन्न उपादाय रूप हो—यही नै बाहिरी रूप हो।

(बहिद्धा) रूपहरू छन्; जे जति स्थूल[६] वा सूक्ष्म[७] रूपहरू छन्; जे

६. 'स्थूल रूप' भन्नाले ठूलो, मोटो रूप भन्ने अर्थ बुझाउँछ। तर यो 'स्थूल' रूप भनेको कस्तो हो भन्ने बारेमा यस्तो परिभाषा दिइएको छ— "चक्खायतनं, सोतायतनं, घानायतनं, जिह्वायतनं, कायायतनं, रूपायतनं, सद्दायतनं, गन्धायतनं, रसायतनं, फोट्ठब्बायतनं—इदं वुच्चति रूपं ओलारिकं।" विभ. पा. पृ. ४; अर्थात्—पञ्चेन्द्रिय र पञ्च विषय नै स्थूल रूप हो।

७. 'सूक्ष्म रूप' भन्ने बित्तिकै 'सूक्ष्म, मसीनो' रूप भन्ने अर्थ लागेता पनि यसको परिभाषा पनि यसप्रकार छ— "इत्थिन्द्रियं, पुरिसिन्द्रियं, जीवितिन्द्रियं, कायविञ्ञत्ति, वचीविञ्ञत्ति, आकासधातु, रूपस्स लहुता, रूपस्स मुदुता, रूपस्स कम्मञ्ञता, रूपस्स उपचयो, रूपस्स सन्तति, रूपस्स जरता, रूपस्स अनिच्चता, कवलीकारो आहारो--इदं वुच्चति रूपं सुखुमं।" अर्थात्—स्त्री-इन्द्रिय (=स्त्री लक्षण), पुरुषेन्द्रिय (=पुरुष लक्षण) जीवितेन्द्रिय (=रूपी र अरूपी दुवैको आयु, जीवन वा स्थितिको लक्षण, Existence),... रूपको मृदुता...रूपको सन्तति, रूपको जरता, रूपको अनित्यता र कवलीकार आहार (=द्रव्य आहारद्वारा प्राप्त हुने ओज तत्व) आदि लक्षणलाई नै सूक्ष्मरूप भनिएको हो। विभं. पा. पृ. ४

जति हीन[८] (=कमसल) वा प्रणीत[९] (=बढिया) रूपहरु छन्—अथवा जे जति टाढाका[१०] वा नजिकका[११] रूपहरू छन्—ती सबै रूपहरू—

---

८. 'हीन रूप' भन्नाले—कमसल, नराम्रो आदि रूप भन्न सकिन्छ। यसको पनि परिभाषा गरिएको छ— "यं रूपं तेसं तेसं सत्तानं उञ्ञातं अवञ्ञातं हीलितं परिभूतं अचित्तिकतं हीनं हीनमतं हीनसम्मतं अनिट्ठं अकन्तं अमनापं, रूपा सद्दा गन्धा रसा फोट्ठब्बा—इदं वुच्चति रूपं हीनं।" विभं. पा. पृ. ४; अर्थात्—जो रूप त्यस त्यस आत्मभावमा हेलागरी हेरिने, कमसल, नराम्रो, अनिष्ट आदि भनी लोकसम्मत भएका अथवा अनिष्ट, असुन्दर र अप्रिय, रूप शब्द गन्ध रस स्पर्शादि हुन्—यसैलाई नै 'हीनरूप' भनिएको हो।

९. 'प्रणीत रूप' भन्नाले—उत्तम, असल र बढिया रूप भन्ने अर्थ बोध हुन्छ। तर यसको परिभाषा 'हीनरूप' को ठीक उल्टो हो भनी संझनुपर्छ। अथवा त्यस त्यस रूपको तुलनामा हुने हीनता र प्रणीततालाई पनि हीन र प्रणीत भन्ने अर्थ बुझ्नु पर्छ। विभं. पा. पृ. ५

१०. 'टाढाको रूप' भन्नासाथ नजिकको होइन भन्ने कुरा सामन्यतया बुझिन्छ। यसको परिभाषा माथि पृ. २०७ मा सूक्ष्म रूप भनी उल्लेख भएकोलाई टाढाको रूप भन्दछन् र यो भन्दा अरु पनि जो जो रूप नजिक हुन्नन्, ती सबैलाई पनि टाढाको रूप भनी बुझ्नुपर्छ। विभं. पा. पृ. ५

'न त्यो मेरो हो, न त्यो महुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक्प्रज्ञाले हेर्नुपर्छ।

२– "जे जति भूत[1] भविष्य[2] वर्तमान[3] का वेदना हुन्;

११. 'नजिकको रूप' भन्नाले टाढा नपरेको रूप भन्ने अर्थ प्रष्टै छ। तर यसको परिभाषा हो— "चक्खायतनं ... फोट्ठब्बायतनं, यं वा पनञ्ञं पि अत्थि रूपं आसन्ने उपकट्ठे अविदूरे सन्तिके— इदं वुच्चति रूपं सन्तिके। तं तं वा पन रूपं उपादायुपादाय रूपं दूरे सन्तिके दट्ठब्बं।" विभं. पा. पृ. ५; अर्थात्—चक्षु आयतनादि स्थूल रूपमा उल्लेख भएका र जो जो रूप दाँज्दा टाढा र नजिक हुन्छन् ती सबैलाई पनि टाढा र नजिकका रूपहरू हुन् भनी अर्थ बुझ्नुपर्छ।

१. 'भूतकालिक वेदना' भनेको पनि माथि पृ. २०४ भूतकालिक रूपमा उल्लेख भए जस्तै हो। अतीतांशमा संग्रहित—सुख वेदना, दुःख वेदना तथा अदुःख असुख वेदना नै अतीत वेदना हो। विभं. पा. पृ. ५

२. 'भविष्यकालको वेदना' को बारेमा पनि माथि पृ. २०५ मा उल्लेख भएको जस्तै बुझनू। यो भविष्यकालिक वेदना पनि अनागतको सुख, दुःख तथा असुख अदुःख वेदना नै हो। विभं. पा. पृ. ६

३. 'वर्तमानको वेदना' भन्नाले अहिले उत्पन्न भएको वेदना हो भन्ने बुझिन्छ। यसको अर्थ वा परिभाषा पनि माथि पृ. २०५ मा उल्लेख भए जस्तै बुझनू। विभं. पा. पृ. ६

जे जति भित्री[४] वा बाहिरी[५] वेदना हुन्; जे जति स्थूल[६] वा सूक्ष्म[७]

---

४. 'भित्री वेदना' को बारेमा पनि माथि पृ. २०६ को भित्री रूपमा दिइएको परिभाषा जस्तै सम्झनु पर्छ । विभं. पा. पृ. ६

५. 'बाहिरी वेदना' को बारेमा पनि माथि पृ. २०६ मा उल्लेख गरे जस्तै बुझ्नु पर्छ । विभं. पा. पृ. ६

६–७ 'स्थूल र सूक्ष्म वेदना' को बारेमा शब्दार्थले ठूलो र स्यानो वेदना भन्ने बुझाएतापनि यसको परिभाषा यसप्रकार दिइएको छ—

"अकुसला वेदना ओलारिका, कुसला ब्याकता वेदना सुखुमा । कुसलाकुसला वेदना ओलारिका, अब्याकता वेदना सुखुमा । दुक्खा वेदना ओलारिका, सुखा च अदुक्खम-सुखा च वेदना सुखुमा । सुख दुक्खा वेदना ओलारिका, अदुक्खमसुखा वेदना सुखुमा । असमापन्ना वेदना ओलारिका, समापन्ना वेदना सुखुमा । सासवा वेदना ओलारिका, अना-सवा वेदना सुखुमा । तं तं वा पन वेदनं उपादायुपादाय वेदना ओलारिका सुखुमा दट्ठब्बा ।" विभं. पा. पृ. ६;

अर्थात्—अकुशल वेदना स्थूल, कुशल अब्याकृत वेदना सूक्ष्म । कुशलाकुशल वेदना स्थूल, अब्याकृत वेदना सूक्ष्म । दुःख वेदना स्थूल, सुख र अदुःख असुख वेदना सूक्ष्म । सुख दुःख वेदना स्थूल, अदुःख असुख वेदना सूक्ष्म । लौकिक

वेदना हुन्; जे जति हीन[८] वा प्रणीत[९] वेदना हुन् अथवा जे जति टाढाका[१०] वा नजिकका[११] वेदना हुन्— ती सबै वेदनाहरू— 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नुपर्छ।

वेदना स्थूल, लोकोत्तर वेदना सूक्ष्म। आस्रव वेदना स्थूल, अनास्रव वेदना सूक्ष्म। यस्तै गरी अरू वेदनाहरूमा पनि तुलनाको रूपले सूक्ष्म र स्थूल सम्झनु पर्दछ। विभं. पा. पृ. ६

८–९, 'हीन' र 'प्रणीत' वेदनाको बारेमा 'स्थूल र सूक्ष्म' वेदनामा उल्लेखित कारणहरूलाई नै 'हीन र प्रणीत' वेदना भनी संझनुपर्छ। "अकुसला वेदना हीना, कुसलाब्याकता वेदना पणीता।...सासवा वेदना हीना, अनासवा वेदना पणीता।" विभं. पा. पृ. ७

१०. 'टाढाको वेदना' को अर्थ हो— "अकुसला वेदना कुसलाब्याकताहि वेदनाहि दूरे; कुसलाब्याकता वेदना अकुसलाय वेदनाय दूरे; कुसला वेदना अकुसलाब्याकताहि वेदनाहि दूरे; अकुसला ब्याकता वेदना कुसलाय वेदनाय दूरे; अब्याकता वेदना कुसलाकुसलाहि वेदनाहि दूरे; कुसलाकुसला वेदना अब्याकताय वेदनाय दूरे।... अनासवा वेदना सासवाय वेदनाय दूरे—अयं वुच्चति वेदना दूरे।" विभं. पा. पृ. ७; अर्थात्—अकुशल वेदना, कुशल र अब्याकृत वेदनाबाट टाढा; कुशल र अब्याकृत वेदना, अकुशल वेदनाबाट

३- "जे जति भूत[१] भविष्य[२] वर्तमान[३] का संज्ञा हुन्; जे

टाढा; ···कुशलाकुशल वेदना, अव्याकृत वेदनाबाट टाढा; ... अनास्रव वेदना, सास्रव वेदनाबाट टाढा—यसैलाई 'टाढाको वेदना' भनी भनिएको हो।

११. 'नजिकको वेदना' भनेको— "अकुसला वेदना अकुसलाय वेदनाय सन्तिके; कुसला वेदना कुसलाय वेदनाय सन्तिके; अब्याकत वेदना अब्याकत वेदनाय सन्तिके।... अनासवा वेदना अनासवाय वेदनाय सन्तिके। अयं वुच्चति वेदना सन्तिके। तं तं वा पन वेदनं उपादायुपादाय वेदना दूरे सन्तिके दट्ठब्बा।" विभं. पा. पृ. ७; अर्थात्—अकुशल वेदना अकुशल वदनाको नजिक, कुशल वेदना कुशल वेदनाको नजिक आदि आदि यस्तै प्रकारले सदृश वेदना-हरूलाई परस्पर नजिकको वेदना भनी संझनु पर्दछ।

१. 'भूतकालिक संज्ञा' को परिभाषा यसप्रकार गरिएको छ— "या सञ्ञा अतीता निरुद्धा विगता···अतीतंसेन सङ्गहिता चक्खुसम्फस्सजा सञ्ञा... कायसम्फस्सजा सञ्ञा मनोसम्फस्स-जा सञ्ञा—अयं वुच्चति सञ्ञा अतीता।" विभं. पा. पृ. ८; अर्थात्—जो संज्ञा बितिसकेको... अतीतांशमा संग्रहित भएको चक्षुसंस्पर्शजन्य संज्ञा, श्रोत-घ्राण-जिह्वा-काय तथा मनःसंस्पर्श जन्य संज्ञा हो—यही नै 'अतीत संज्ञा' हो।

जति भित्री[४] वा बाहिरी संज्ञा[५] हुन्; जे जति स्थूल[६] वा सूक्ष्म[७] संज्ञा

---

२. 'भविष्यकालिक संज्ञा' को परिभाषा यसरी गरिएको छ— "या सञ्ञा अजाता अभूता... अनागतंसेन सङ्गहिता, चक्खु... मनोसम्फस्सजा सञ्ञा—अयं वुच्चति सञ्ञा अनागता ।" विभं. पा. पृ. ८; अर्थात्—जो संज्ञा अहिले भएको छैन... अनागतांशमा संग्रहित भएको चक्षु आदि मनः संस्पर्शजन्य संज्ञा हो—यही नै 'भविष्यकालिक संज्ञा' हो ।

३. 'वर्तमान कालिक संज्ञा' को परिभाषा पनि यसरी गरिएको छ— "या सञ्ञा जाता भूता सञ्जाता... पच्चुप्पन्नंसेन सङ्गहिता, चक्खुसम्फस्सजा सञ्ञा... मनोसम्फस्सजा सञ्ञा—अयं वुच्चति सञ्ञा पच्चुप्पन्ना ।" विभं. पा. पृ. ९; अर्थात्—जो संज्ञा अहिलेको हो, वर्तमानको हो... वर्तमानांशमा संग्रहित चक्षु आदि मनःसंस्पर्शजन्य संज्ञा हो—यही नै 'वर्तमानको संज्ञा' हो ।

४. 'भित्री संज्ञा' भनेको त्यस त्यस सत्वहरुको आ-आफ्ना सन्ततिमा भएका कायादि चित्त संस्पर्शजन्य संज्ञा नै 'भित्री संज्ञा' हो । विभं. पा. पृ. ९

५. 'बाहिरी संज्ञा भनेको अरूहरूको त्यस त्यस आ-आफ्ना सन्ततिमा भएका काय आदि जो मनःसंस्पर्शजन्य संज्ञा हो— यही नै 'बाहिरी संज्ञा' हो । विभं. पा. पृ. ९

हुन्, जे जति हीन[८] वा प्रणीत[९] संज्ञा हुन् अथवा जे जति टाढाका[१०]

६–७. 'स्थूल र सूक्ष्म संज्ञा' भनेको-- "पटिघसम्फस्सजा सञ्ञा ओळारिका, अधिवचन सम्फस्सजा सञ्ञा सुखुमा। अकुसला सञ्ञा ओळारिका, कुसलाब्याकता सञ्ञा सुखुमा।... सासवा सञ्ञा ओळारिका, अनासवासञ्ञा सुखुमा। तं तं वा पन सञ्ञं उपादायुपादाय सञ्ञा ओळारिका सुखुमा दट्ठब्बा।" विभं. पा. पृ. ९; अर्थात्--प्रतिघसंस्पर्शजन्य संज्ञा स्थूल, अधिवचन संस्पर्शजन्य संज्ञा सूक्ष्म। अकुसल संज्ञा स्थूल, कुशल अब्याकृत संस्पर्शजन्य संज्ञा सूक्ष्म। ...सास्रव संज्ञा स्थूल, अनास्रव संज्ञा सूक्ष्म। त्यस त्यस संज्ञाहरूको तुलनामा हुने स्थूल वा सूक्ष्मतालाई पनि ध्यानमा राख्नु पर्दछ।

८–९. 'हीन र प्रणीत संज्ञा' को बारेमा--अकुशल संज्ञा हीन, कुशल अब्याकृत संज्ञा प्रणीत।...दुःख वेदना सम्प्रयुक्त सञ्ञा हीन, सुख वेदना र नसुख नदुःख वेदनाले सम्प्रयुक्त संज्ञा प्रणीत।...सास्रव संज्ञा हीन, अनास्रव संज्ञा प्रणीत। त्यस त्यस संज्ञाहरूको तुलना गर्दा हुने हीनप्रणीततालाई पनि ध्यानमा राख्नु पर्दछ।

१०. 'टाढाको संज्ञा' भन्नाले— "अकुसला सञ्ञा कुसलाब्याकताहि सञ्ञाहि दूरे; कुसलाब्याकता सञ्ञा अकुसलाय

वा नजिकका संज्ञा[11] हुन्—ती सबै संज्ञाहरू— 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नुपर्छ ।

सञ्ञाय दूरे; ...सासवा सञ्ञा अनासवाय सञ्ञाय दूरे; अनासवासञ्ञा सासवाय सञ्ञाय दूरे—अयं वुच्चति सञ्ञा दूरे ।" विभं. पा. पृ. १०; अर्थात्—अकुशल संज्ञा कुशल अव्याकृत संज्ञाबाट टाढा, कुशल अव्याकृत संज्ञा अकुशल संज्ञाबाट टाढा...तथा सास्रव संज्ञा अनास्रव संज्ञाबाट टाढा छ—यही नै 'टाढाको संज्ञा' हो ।

११. 'नजिकको संज्ञा' भन्नाले—अकुसला सञ्ञा अकुसलाय सञ्ञाय सन्तिके; कुसला सञ्ञा कुसलाय सञ्ञाय सन्तिके; ...अनासवा सञ्ञा अनासवाय सञ्ञाय सन्तिके । अयं वुच्चति सञ्ञा सन्तिके । तं तं वा पन सञ्ञं उपादायुपादाय सञ्ञा दूरे सन्तिके दट्ठब्बा ।" विभं. पा. पृ. ११; अर्थात्—अकुशल संज्ञा अकुशल संज्ञासँगै नजिक, कुशल संज्ञा कुशल संज्ञासँगै नजिक; ...सुखवेदना सम्प्रयुक्त संज्ञा सुख वेदना सम्प्रयुक्त संज्ञासँगै नजिक...अनास्रव संज्ञा अनास्रव संज्ञासँगै नजिक आदि । जो जो संज्ञालाई तुलना गर्दा नजीक वा टाढा हुन्छ यसको पनि ध्यान राख्नु पर्छ ।

४– "जे जति भूत[१] भविष्य[२] वर्तमान[३] का संस्कार हुन्–

---

१. 'भूतकालिक संस्कार' भनेको— "ये सङ्खारा अतीता निरुद्धा विगता…अतीतंसेन सङ्गहिता, चक्खुसम्फस्सजा चेतना … मनोसम्फस्सजा चेतना—इमे वुच्चन्ति सङ्खारा अतीता।" विभं. पा. पृ. ११; अर्थात्—जुन संस्कारहरू बितिसकेका…अतीतांशमा संग्रहित भएका—चक्षु संस्पर्शजन्य चेतना, श्रोत संस्पर्शजन्य चेतना, घ्राण-जिह्वा काय तथा मनःसंस्पर्शजन्य चेतना हुन्—यी सबै 'अतीतकालिक संस्कारहरू' हुन्।

२. 'भविष्यकालिक संस्कार' भनेको— "ये सङ्खारा अजाता अभूता … अनागतंसेन सङ्गहिता, चक्खुसम्फस्सजा चेतना… मनोसम्फस्सजा चेतना—इमे वुच्चन्ति सङ्खारा अनागता।" विभं. पा. पृ. ११; अर्थात्—जुन संस्कारहरू भविष्यका हुन्–यी नै हुन् भविष्यका संस्कार।

३. 'वर्तमान संस्कार' भनेको— "ये सङ्खारा जाता भूता सञ्जाता …पच्चुप्पन्नंसेन सङ्गहिता, चक्खुसम्फस्सजा चेतना…मनोसम्फस्सजा चेतना—इमे वुच्चन्ति सङ्खारा पच्चुप्पन्ना।" विभं. पा. पृ. १२; अर्थात्—जुन् संस्कारहरू अहिले भएका, उत्पन्न भएका चक्षुसंस्पर्शजन्य चेतना…मनःसंस्पर्शजन्य चेतनाहरू हुन्—यी नै 'वर्तमानकालिक संस्कारहरू' हुन्।

जे जति भित्री[४] वा बाहिरी[५] सस्कार हुन्; जे जति स्थूल[६] वा सूक्ष्म[७] संस्कार हुन्; जे जति हीन[८] वा प्रणीत[९] संस्कार हुन् अथवा जे जति

---

४. 'भित्री संस्कार' भन्नाले— "ये सङ्खारा तेसं तेसं सत्तानं अज्झत्तं पच्चत्तं नियका पाटिपुग्गलिका उपादिन्नं, चक्खु सम्फस्सजा चेतना...मनो सम्फस्सजा चेतना—इमे वुच्चन्ति सङ्खारा अज्झत्ता।" विभ. पा. पृ. १२; अर्थात्—जुन संस्कार-हरू त्यस त्यस अध्यात्ममा निजी उत्पन्न भएका चक्षु-संस्पर्शजन्य चेतना...मनःसंस्पर्शजन्य चेतना हुन्—यही नै 'भित्री संस्कार' हुन्।

५. 'बाहिरी संस्कार' भनेको—अरूको अध्यात्ममा उत्पन्न भएका चक्षुसंस्पर्शजन्य चेतना आदिलाई नै 'बाहिरी संस्कार' भनिएको हो।

६–७. 'स्थूल र सूक्ष्म संस्कार' भनेको— "अकुसला सङ्खारा ओलारिका, कुसलाब्याकता सङ्खारा सुखुमा।...सासवा सङ्खारा ओलारिका, अनासवा सङ्खारा सुखुमा। ते ते वा पन सङ्खारे उपादायुपादाय सङ्खारा ओलारिका सुखुमा दट्ठब्बा।" विभं. पा. पृ. १२; अर्थात्—अकुशल संस्कार स्थूल, कुशल अव्याकृत सस्कार सूक्ष्म...त्यस त्यस संस्कारहरूको तुलनागर्दा जुन जुन संस्कारहरू स्थूल र सूक्ष्म हुन्छन् ती पनि जान्नुपर्छ।

८–९. 'हीन र प्रणीत संस्कार' भनेको— "अकुसला सङ्खारा हीना,

टाढाका[१०] वा नजिक[११] का संस्कार हुन्—ती सबै संस्कारहरू—'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नुपर्छ ।

कुसलाब्याकता सङ्खारा पणीता ।...सासवा सङ्खारा हीना, अनासवा सङ्खारा पणीता । ते ते वा पन सङ्खारे उपादायुपादाय सङ्खारा हीना पणीता दट्ठब्बा ।" विभं. पा. पृ. १३; अर्थात्—अकुशल संस्कार हीन हो, कुशल अब्याकृत संस्कारहरू प्रणीत हुन्...त्यस त्यस संस्कारहरूमा तुलनागर्दा हुने हीन र प्रणीततालाई पनि जान्नु पर्दछ ।

१०. 'टाढाको संस्कार' भनेको— "अकुसला सङ्खारा कुसलाब्याकतेहि सङ्खारेहि दूरे,...सुखदुक्खाहि वेदनाहि सम्पयुत्ता सङ्खारा अदुक्खमसुखाय वेदनाय सम्पयुत्तेहि सङ्खारेहि दूरे ।...सासवा सङ्खारा अनासवेहि सङ्खारेहि दूरे; अनासवा सङ्खारा सासवेहि सङ्खारेहि दूरे । इमे वुच्चन्ति सङ्खारा दूरे ।" विभं. पा. पृ. १३ अर्थात्—अकुशल संस्कार, कुशल र अब्याकृत संस्कार बाट टाढा,...सास्रव संस्कार, अनास्रव संस्कारबाट टाढा; अनास्रव संस्कार, सास्रव संस्कारबाट टाढा ।

११. 'नजिकको संस्कार' भनेको— "अकुसला सङ्खारा अकुसलानं सङ्खारानं सन्तिके;...अनासवा सङ्खारा अनासवानं सङ्खारानं सन्तिके । इमे वुच्चन्ति सङ्खारा सन्तिके । ते ते वा पन सङ्खारे उपादायुपादाय सङ्खारा दूरे सन्तिके दट्ठब्बा ।" विभं. पा. पृ.

५- "जे जाँति भूत[१] भविष्य[२] वर्तमान[३] का विज्ञान हुन्;

१४; अर्थात्—अकुशल संस्कार अकुशल संस्कारहरूसँगै नजिक; कुशल संस्कार कुशल संस्कारहरूसँगै नजिक; अव्याकृत संस्कार अव्याकृत संस्कारहरूसँगै नजिक...अनास्रव संस्कार अनास्रव संस्कारहरूसँगै नजिक। यी नै 'नजिकका संस्कारहरू' हुन्। त्यस त्यस संस्कारहरूको तुलनामा हुने दूर र नजिकको संस्कारलाई पनि जान्नु पर्दछ।

१. 'भूतकालको विज्ञान' भनेको— "यं विञ्ञाणं अतीतं निरुद्धं विगतं विपरिणतं अत्थङ्गतं...अतीतंसेन सङ्गहितं; चक्खुविञ्ञाणं सोतविञ्ञाणं...मनोविञ्ञाणं—इदं वुच्चति विञ्ञाणं अतीतं।" विभं. पा. पृ. १४; अर्थात्—जो विज्ञान बितिसकेको...अतीतांशमा संग्रहित भएको चक्षु-श्रोत घ्राण-जिह्वा-काय तथा मनोविज्ञान हो–यही नै 'अतीतकालको विज्ञान' हो।

२. 'भविष्यको विज्ञान' भनेको— "यं विञ्ञाणं अजातं अभूतं... अनुप्पन्नं...अनागतं अनागतंसेन सङ्गहितं, चक्खुविञ्ञाणं... मनोविञ्ञाणं—इदं वुच्चति विञ्ञाणं अतीतं।" विभं. पा. पृ. १५; अर्थात्—जो विज्ञान उत्पन्न भएको छैन र भविष्यांशमा संग्रहित चक्षु-श्रोत-घ्राण-जिह्वा-काय तथा मनःविज्ञान हो— यही हो— 'भविष्यको विज्ञान'।

३. 'वर्तमानको विज्ञान' भनेको— "यं विञ्ञाणं जातं भूतं...

जे जति भित्री[४] वा बाहिरी[५] विज्ञान हुन्; जे जति स्थूल[६] वा सूक्ष्म[७] विज्ञान हुन्; जे जति हीन[८] वा प्रणीत[९] विज्ञान हुन् अथवा जे जति

निब्बत्तं. . . पच्चुप्पन्नंसेन सङ्गहितं, चक्खुविञ्ञाणं. . . मनोविञ्ञाणं—इदं वुच्चति विञ्ञाणं पच्चुप्पन्नं ।" विभं. पा. पृ. १५; अर्थात्–जो विज्ञान अहिले भएको, उत्पन्न भएको... वर्तमानकालमा संग्रहित भएको चक्षु आदि मनःविज्ञान हो—यही नै 'वर्तमान विज्ञान' हो ।

४. भित्री विज्ञान' भनेको—आफ्नो अध्यात्ममा भएको चक्षु आदि षडविज्ञान हो । विभं. पा. पृ. १५

५. 'बाहिरी विज्ञान' भनेको—अरूको अध्यात्ममा भएको चक्षु आदि छ विज्ञानलाई नै 'बाहिरी विज्ञान' भनेको हो। विभं. पा. पृ. १५

६–७. 'स्थूल र सूक्ष्म विज्ञान' भनेको—अकुशल विज्ञान स्थूल, कुशल विज्ञान सूक्ष्म; ...दुःख वेदना सम्प्रयुक्त विज्ञान स्थूल, सुख वेदना सम्प्रयुक्त विज्ञान सूक्ष्म... सास्रव विज्ञान स्थूल, अनास्रव विज्ञान सूक्ष्म । त्यस त्यस विज्ञानहरूको तुलनागर्दा हुने स्थूल र सूक्ष्मतालाई पनि ध्यान दिनुपर्छ । विभं. पा. पृ. १५

८–९. 'हीन र प्रणीत विज्ञान' भनेको पनि—अकुशल विज्ञान हीन, कुशल र अव्याकृत विज्ञान सूक्ष्म,...सास्रव विज्ञान स्थूल, अनास्रव विज्ञान सूक्ष्म । त्यस त्यस विज्ञानहरूको तुलनागर्दा जुन जुन स्थूल र सूक्ष्म हुन्छ त्यसलाई पनि ध्यानमा राख्नुपर्छ ।

टाढाका[१०] वा नजिकका[११] विज्ञान हुन्—ती सबै विज्ञानहरू—'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाले हेर्नु पर्छ ।

पञ्चवर्गीयहरू अरहन्त भए

"भिक्षुहो ! यसरी हेर्ने श्रुतवान् (विद्वान्) आर्य श्रावक रूपबाट पनि विरक्त हुन्छ, वेदनाबाट पनि विरक्त हुन्छ, संज्ञाबाट पनि विरक्त हुन्छ, संस्कारबाट पनि विरक्त हुन्छ, विज्ञानबाट पनि विरक्त

---

१०. 'टाढाको विज्ञान' भनेको—अकुशल विज्ञान कुशल र अव्याकृत विज्ञानहरूबाट टाढा, कुशल विज्ञान अकुशल विज्ञानबाट टाढा ...दुःखवेदना सम्प्रयुक्त विज्ञान सुखवेदना सम्प्रयुक्त विज्ञानबाट टाढा...सास्रव विज्ञान अनास्रव विज्ञानबाट टाढा । यसैलाई 'टाढाको विज्ञान' भन्दछन् ।

११. 'नजिकको विज्ञान' भनेको—अकुशल विज्ञान अकुशल विज्ञानसँगै नजिक, कुशल विज्ञान कुशल विज्ञानसँगै नजिक... अनास्रव विज्ञान अनास्रव विज्ञानसँगै नजिक । यस्तै गरी जुन जुन विज्ञानहरूको तुलना गर्दा हुने टाढा र नजिक हो त्यो त्यस्तै गरी टाढा र नजिक भनी बुझ्नू । उपरोक्त रूप वेदनादिको बारेमा अभिधर्मानुसार विभाजनहरू विभं. पा. पृ. १७ देखि ६९ सम्म सविस्तर रूपमा उल्लेख भएका छन् ।

हुन्छ । विरक्त भएपछि त्याग्छ, त्यागेपछि विमुक्त हुन्छ । विमुक्त भएपछि– "जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसकें, अब केही गर्न बाँकी छैन' भन्ने ज्ञान पनि अवबोध हुन्छ[१] ।"

यति भगवान्ले भन्नु भयो ।

पञ्चवर्गीय भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

---

१. यस्तै गरी अनात्मलक्षणहरू दर्शाइएका केही सूत्रहरू यस प्रकार छन्—

सं. नि. II. पृ. २५८: अनिच्चसुत्तं, पृ. २५८: अनत्तसुत्तं, पृ. २५९: यदनिच्चसुत्तं, पृ. २५८: यंदुक्खसुत्तं, पृ. २५८: यदनत्तासुत्तं, पृ. २५९: सहेतु अनत्तसुत्तं, पृ. २६०: आनन्दसुत्तं, पृ. २६७: न तुह्माकसुत्तं, पृ. २७६: अनिच्चसुत्तं, पृ. २७८: खन्धसुत्तं, पृ. ३९०: अनिच्चसुत्तं, पृ. ३९१: अनत्तसुत्तं, सं. नि. III. पृ. ७९: दुक्खसमुदयसुत्तं, पृ. १२२: अनत्तनिब्बानसुत्तं, पृ. १३६: अनत्तछन्दादिसुत्तं ।

अं. नि. III. पृ. १४२: अनत्तसुत्तं, पृ. १८८: पठमसञ्ञासुत्तं; अं. नि. IV. पृ. १८६: गिरिमानन्दसुत्तं ।

म. नि. I. पृ. २८०: चूलसच्चकसुत्तं; म. नि. III. पृ. ८१: महापुण्णमसुत्तं ।

दी. नि. II. पृ. ५१: महानिदानसुत्तं ।

यो (सूत्रको) उपदेश दिनुहुँदा पञ्चवर्गीय भिक्षुहरूका चित्तहरू आस्रव (=चित्तमल) हरूबाट विनिर्मुक्त भए ।

त्यस समयसम्म लोकमा ६ अर्हन्तहरू भए।

× × ×

मूल पालि —

१७–ज्ञातकौडिन्य-अपदान[१]

१– "[२]पदुमुत्तरसम्बुद्धं, लोकजेट्ठं विनायकं।
बुद्धभूमिमनुप्पत्तं, पठमं अद्दसं अहं॥

---

१. आषाढ पूर्णिमाको साँझपख सारनाथ–ऋषिपतन मृगदावनमा धर्मचक्रको उपदेश तथा श्रावण कृष्णपक्षको पञ्चमीको दिन अनात्मलक्षण (अनत्तलक्खण) सूत्रको उपदेश सुनेपछि ज्ञात-कौडिन्य आदि पञ्चवर्गीय भिक्षुहरू सबैले अरहत्व प्राप्तगर्नु भयो। अरहत् भइसक्नु भएपछि ज्ञातकौडिन्य स्थविरले 'परापूर्वकालमा के कर्म गरेको हुँदा अहिले यस्तो लोकोत्तर परम-सुख पाउन सकेको रहेछ' भनी ध्यानद्वारा विचार गर्नु हुँदा, पहिले आफूले गरेको कर्म अनुस्मरणगरी त्यसको प्रत्य-वेक्षणा गरिरहनु भएको बेलामा वहाँको मनमा उत्पन्न भएका प्रीति-उद्गारहरूलाई प्रकट गर्नु हुँदै निम्न अपदान गाथाहरू अर्थात् पूर्वचरित्र वा कारणहरू प्रकट गर्नु भएको हो भनी अप. दा.अ. क. II. पृ. २५० मा उल्लेख भएको पाइन्छ।

२. अप. दा. पा. I. पृ. ५७: अञ्ञासिकोण्डञ्ञत्थेर अपदानं, अ. क. II. पृ. २४९

२- "यावता बोधिया मूले, यक्खा सब्बे समागता।
सम्बुद्धं परिवारेत्वा, वन्दन्ति पञ्जलीकता ॥

३- "सब्बे देवा तुट्ठमना, आकासे सञ्चरन्ति ते।
बुद्धो अयं अनुप्पत्तो, अन्धकारतमोनुदो ॥

४- "तेसं हासपरेतानं, महानादो अवत्तथ।
किलेसे झापयिस्साम, सम्मासम्बुद्धसासने ॥

५- "देवानं गिरमञ्ञाय, वाचासभिमुदीरहं[1]।
हट्ठो हट्ठेन चित्तेन, आदिभिक्खमदासहं ॥

६- "मम सङ्कप्पमञ्ञाय, सत्था लोके अनुत्तरो।
देवसङ्घे निसीदित्वा, इमा गाथा अभासथ ॥

७- "सत्ताहं अभिनिक्खम्म, बोधिं अज्झगमं अहं।
इदं मे पठमं भत्तं, ब्रह्मचारिस्स यापनं ॥

८- "तुसिता हि इधागन्त्वा, यो मे भिक्खं उपानयि।
तमहं कित्तयिस्सामि, सुणोथ[2] मम भासतो ॥

---

१. स्याममा: 'वाचायसमुदीरितं'।

२. स्याम र सिंहलमा: 'सुणाथ'।

९- "तिंस[1] कप्पसहस्सानि,[1] देवरज्जं करिस्सति।
सब्बे देवे अभिभोत्वा, तिदिवं आवसिस्सति॥

१०- "देवलोका चवित्वान, मनुस्सत्तं गमिस्सति।
सहस्सधा चक्कवत्ती, तत्थ रज्जं करिस्सति॥

११- "कप्पसतसंहस्सम्हि, ओक्काककुलसम्भवो।
गोतमो नाम गोत्तेन, सत्था लोके भविस्सति॥

१२- "तिदसा सो चवित्वान, मनुस्सत्तं गमिस्सति।
अगारा पब्बजित्वान, छब्बस्सानि वसिस्सति॥

१३- "ततो सत्तमके वस्से, बुद्धो सच्चं कथेस्सति।
कोण्डञ्ञो नाम नामेन, पठमं सच्छिकाहिति॥

१४- "निक्खन्तेनानुपब्बज्जिं,[2] पधानं सुकतं मया।
किलेसे झापनत्थाय, पब्बजिं अनगारियं॥

१५- "अभिगन्त्वान[3] सब्बञ्ञू, बुद्धो लोके सदेवके।
इसिनामे[4] मिगरञ्ञे, अमतभेरिमाहनि॥

---

१. स्याममा: 'तिसमत्ते कप्पसहस्से'।

२. स्याम र रोमनमा: 'निक्खन्तेनानु पब्बज्जिं'।

३. स्याममा: 'अधिगन्त्वा'।

४. स्याममा: 'इमिनामे महारञ्ञे'।

१६- "सो दानि पत्तो अमतं, सन्तिपदमनुत्तरं[1]।
सब्बासवे परिञ्ञाय, विहरामि अनासवो ॥

१७- "पटिसम्भिदा चतस्सो, विमोक्खा पि च अट्ठिमे।
छळभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं ॥"

अर्थ—

१- "लोकका जेष्ठ, विनायक तथा बुद्धभूमी प्राप्त हुनु भएका पद्मोत्तर[2] (=पदुमुत्तर) सम्यक्सम्बुद्धलाई मैले पहिलो पटक देखें[3]।

२- "जति यक्ष (=देवता) हरू बोधिवृक्ष[4] मनी जम्मा भए

---

१. सिंहल र स्याममा: 'सन्तं पदमनुत्तरं'।

२. गौतम बुद्ध सहित अतीतकालका पच्चीस (२५) बुद्धहरूमध्ये बान्हवाँ बुद्ध हुन्।

३. बैशाखपूर्णिमाकै दिन। अप. अ. क. II. पृ. २५०

४. बुद्धवंसोपालि पृ. ३४४, गाथा नं. २५ मा: "बोधितस्स भगवतो, सललोति पवुच्चति" अर्थात्—वहाँले बुद्धत्व प्राप्तगनु भएको रुखलाई सलल=सल्ला भन्दछन् भनी उल्लेख भएको छ। यसैको अर्थकथा पृ. १५८ मा पनि यस्तै उल्लेख भएको पाइन्छ। अपदान अर्थकथाको निदानवण्णनामा भने— "सालरुक्खो बोधि" भनी उल्लेख भएको छ। 'सलल' भनेको सल्लाको रुख हो। संस्कृतमा यसलाई 'सरल' भन्दछन्।

ती सबैले सम्बुद्धलाई परिवृत्तगरी हातजोरी वन्दनागरे ।

३– "अन्धकार नाशगर्ने बुद्ध, यहाँ आइपुग्नु भयो भन्दै सबै देवहरूले आकाशमा सञ्चरण गरे ।

४– "सम्यक् सम्बुद्धको शासन (=धर्म) मा क्लेशहरूलाई भस्म पार्नेछौं भन्दै हर्षित भएका ती देवताहरूको आवाजले गुञ्जायमान भयो ।

५– "देवताहरूको गुञ्जायमान सुनी बुद्ध आइपुग्नु भयो भनी म हर्षित भएँ, अनि हर्षित चित्तले मैले बुद्धलाई प्रथमबार भिक्षादान दिएँ ।

६– "मेरो संकल्पलाई बुझनुभई लोकका अनुपम शास्ताले देवसंघमा बसी यी गाथाहरू भन्नुभयो—

७– "नैष्क्रम्य गरेको सप्ताहपछि मैले बोधिज्ञान लाभगरें; ब्रह्मचारीलाई यापन गर्न पुग्ने यो प्रथम भिक्षा-भोजन मैले पाएँ ।

८– "तुषित लोकबाट यहाँ आई जसले मलाई भिक्षा दियो उसको वर्णन गर्नेछु; मेरो कुरा सुन ।

९– "सबै देवहरूलाई अभिभूतगरी तीसहजार कल्पसम्म देवलोकमा बसी देवराज्य गर्नेछ ।

१०– "देवलोकबाट च्युतभई मनुष्यत्वमा आउनेछ र त्यहाँ हजारबार चक्रवर्ती राजाभई राज्यगर्नेछ ।

११– "शतसहस्रकल्पमा ओक्काककुलबाट गोत्रले गौतम नाम भएका शास्ता यो लोकमा हुनेछन् ।

१२– "देवलोकबाट च्युतभई उ मनुष्यत्वमा जानेछ; घरछाडी प्रव्रजित भई छ वर्षसम्म बस्ने छ ।

१३– "त्यस पछि सातौं वर्षमा बुद्धले सत्य वताउने छ र कौडिन्य भन्ने नाम भएको पुरुषले त्यो सत्यलाई सर्वप्रथम साक्षात्कार गर्नेछ ।"

१४– "बोधिसत्वले नैष्क्रम्य गरेपछि मैले पनि नैष्क्रम्यगरी अनगारिकभई प्रव्रजित भएँ; क्लेशहरूलाई भस्मपार्नकोनिम्ति मैले राम्ररी वीर्य पनि गरें ।

१५– "ऋषि नामक मृगारण्यमा गई सदेवलोकमा बुद्ध हुनु भएका सर्वज्ञबुद्धको अगाडि, वहाँले सुनाउनु भएको अमृत-भेरी मैले सुनें ।

१६– "अनुत्तर शान्तिपद भएको अमृतपदलाई प्राप्तगरी सबै आस्रवहरूलाई प्रज्ञाद्वारा प्रहाणगरी अब म अनास्रवी भई विहार गर्दछु ।

१७– "चार-प्रतिसम्भिदाहरू,[1] आठ-विमोक्षहरू[2] तथा छ-

---

१. (१) अर्थप्रतिसम्भिदा, (२) धर्मप्रतिसम्भिदा, (३) निरुक्ति-प्रतिसम्भिदा तथा (४) प्रतिभाणप्रतिसम्भिदालाई 'चार-प्रतिसम्भिदा' भनिएको हो । यसका अर्थहरू बु. म. पृ. २०९ को पादटिप्पणीमा समुल्लेख गरिएको छ ।

२. आठ-विमोक्ष भनेका के के हुन् भन्ने बारेमा बु. प. पृ. ४४८ मा समुल्लेख गरिएको छ ।

अभिज्ञ-ज्ञानहरू[१] साक्षात्कार गरेर मैले बुद्धको शासन पालन गरि-सकें ।"

× × ×

१. (१) ऋद्धिविधज्ञान, (२) दिव्यश्रोतज्ञान, (३) पूर्वनिवासज्ञान, (४) चेतोपरियज्ञान, (५) दिव्यचक्षुज्ञान तथा (६) आस्रवक्षय-ज्ञानलाई षडभिज्ञ-ज्ञान अथवा छ-अभिज्ञान भन्दछन् । पटि. म. अ. क. पृ. ९६; यसका अर्थहरू बु. प. पृ. ५९२-९४ मा समुल्लेख गरिएको छ ।

मूल सूत्र—

१८—निर्वाण-सुख

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो । त्यस समय आयुष्मान् ज्ञातकौडिन्य (अञ्ञात कोण्डञ्ञो) भगवान्‌को नजिक पलेटीमारी, शरीर सीधापारी तृष्णासंक्षय-विमुक्ति (=अरहन्तफल-समापत्ति) लाई प्रत्यवेक्षणा गर्दै बसिरहनु भएको थियो ।

भगवान्‌ले पलेटीमारी, शरीर सीधापारी तृष्णा संक्षय-विमुक्तिलाई प्रत्यवेक्षणा गर्दै नगीचमा बसिरहनु भएको आयुष्मान् ज्ञातकौडिन्यलाई देख्नुभयो ।

अनि यो कारणलाई बुझ्नुभई त्यस बेला भगवान्‌ले यो उदान प्रकटगर्नु भयो—

"यस्स मूलं छमा नत्थि, पण्णा नत्थि कुतो लता ।
तं धीरं बन्धना मुत्तं, को तं निन्दितुमरहति ।
देवापि नं पसंसन्ति, ब्रह्मुना पि पसंसितो' ति ॥"

---

१. उदा. पा. पृ. १५७: तण्हासङ्खयसुत्तं, अ. क. पृ. २६०

अर्थ —

"जसको भूमिमा जरो छैन, पातहरू पनि छैनन् भने कहाँबाट लताहरू हुने ? त्यो बन्धनबाट मुक्त भएका धीरलाई कसले निन्दा गर्न सक्ला र। त्यस्तालाई देवताहरूले पनि प्रशंसा गर्छन् र ब्रह्माहरू-द्वारा पनि प्रशंसित हुन्छन् ।"

× × ×

मूल पालि—

१९—ज्ञात-कौडिन्य गाथा

१— "[1]एस भिय्यो पसीदामि, सुत्वा धम्मं महारसं।
विरागो देसितो धम्मो, अनुपादाय सब्बसो॥

२— "बहूनि लोके चित्रानि, अस्मिं पठविमण्डले[2]।
मथेन्ति मञ्ञे सङ्कप्पं, सुभं रागूपसंहितं॥

३— "रजमुहतं[3] च[3] वातेन, यथा मेघोपसम्मये[4]।
एवं सम्मन्ति सङ्कप्पा, यदा पञ्ञाय पस्सति॥

४— "सब्बे सङ्खारा अनिच्चाति, यदा पञ्ञाय पस्सति।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया॥

---

१. थेर. गा. पा. पृ. ३३७: अञ्ञासिकोण्डञ्ञत्थेरगाथा, अ.:क. II. पृ. १

२. बर्मीमा: 'पथविमण्डले', रोमनमा: 'पुथुविमण्डले'।

३. स्याम र रोमनमा: 'रजमुपातं'।

४. स्याम र रोमनमा: 'मेघोपसामये'

५- "सब्बे सङ्खारा दुक्खाति, यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ।।

६- "सब्बे धम्मा अनत्ताति, यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ।।

७- "बुद्धानुबुद्धो यो थेरो, कोण्डञ्ञो तिब्बनिक्कमो[१] ।
पहीनजातिमरणो, ब्रह्मचरियस्स केवली ।।

८- "ओघपासो दळ्हखिलो[२], पब्बतो दुप्पदालयो[३] ।
छेत्वा खिलं[४] च पासं च, सेलं भेत्वान[५] दुब्भिदं ।
तिण्णो पारङ्गतो झायी, मुत्तो सो मारबन्धना ।।

९- "उद्धतो चपलो भिक्खु, मित्ते आगम्म पापके ।
संसीदति महोघस्मिं, ऊमिया[६] पटिकुज्जितो ।।

१०- "अनुद्धतो अचपलो, निपको संवुतिन्द्रियो ।
कल्याणमित्तो मेधावी, दुक्खस्सन्तकरो सिया ।।

---

१. रोमनमा: 'तिब्बनिक्खमो' ।

२. स्याम र रोमनमा: 'दल्होखीलो' ।

३. स्याम र रोमनमा: 'दुप्पदालियो' ।

४. " " 'खीलं' ।

५. सिहल, स्याम र रोमनमा: 'छेत्वान' ।

६. स्याम र रोमनमा: 'उम्मिया' ।

११- "कालपब्बङ्गसङ्कासो,[1] किसो[2] धमनिसन्थतो[2]।
मत्तञ्ञू अन्नपानम्हि, अदीनमनसो[3] नरो ॥

१२- "फुट्ठो डंसेहि मकसेहि, अरञ्ञस्मि ब्रहावने।
नागो सङ्गामसीसे व, सतो तत्राधिवासये ॥

१३- "नाभिनन्दामि मरणं, नाभिनन्दामि जीवितं।
कालं च पटिकङ्खामि, निब्बिसं भतको यथा ॥

१४- "नाभिनन्दामि मरणं, नाभिनन्दामि जीवितं।
कालं च पटिकङ्खामि, सम्पजानो पतिस्सतो ॥

१५- "परिचिण्णो मया सत्था, कतं बुद्धस्स सासनं।
ओहितो गरुको भारो, भवनेत्ति समूहता ॥

१६- "यस्स चत्थाय पब्बजितो, अगारस्मानगारियं।
सो मे अत्थो अनुप्पत्तो, किं मे सद्धिविहारिना[4] ॥"

---

१. स्याम र रोमनमा: 'कालापब्बङ्गसङ्कसो'।

२. स्याममा: 'कीसो धमनिसण्ठितो'।

३. सिंहलमा: 'अदीनमानसो'।

४. रोमनमा: 'सन्दविहारेना'।

अर्थ—

१– "जो तपाइले सबै प्रकारलाई छाड्नु पर्ने वैराग्यको धर्मोपदेश सुनाउनु भयो—त्यो महारसयुक्त धर्मोपदेश सुनेर म साह्रै प्रसन्न छु[१]।

२– "अनेक प्रकारका रागद्वारा रञ्जितहुने, सङ्कल्पलाई मन्थनगर्ने अनेक विचित्र रूपहरू यो पृथ्वीमण्डलमा छन्।

३– "गृष्मऋतुमा बतासले उठाएको धूलोलाई मेघवर्षाद्वारा शान्त पारिदिने जस्तै प्रज्ञाद्वारा देखेपछि अनेकप्रकारका सङ्कल्पहरू-लाई शान्त पारिदिन्छ[२]।

---

१. कौडिन्य महास्थविर छद्दन्त पुष्करिणीमा बसिरहनु भएको वेलामा एक दिन शक्रदेवेन्द्र आई वहाँसँग धर्मोपदेश गर्नु हुनु प्रार्थना गर्दा वहाँले उनलाई अनेक वैराग्य रसास्वादयुक्त धर्मोपदेश सुनाउनु भएको थियो र त्यसबाट अत्यन्त प्रसन्न भई—यो गाथा शक्रदेवेन्द्रले प्रकाश गरेको हो भनी थेर. गा. अ. क. II. पृ. ३ मा समुल्लेख भएको छ।

२. एक दिन कौडिन्य महास्थविरले केही पृथग्जनहरूलाई मिथ्या-सङ्कल्पमा डुबिरहेको देख्नु भएपछि यसै कारणद्वारा वहाँको मनमा लागेका कुराहरू प्रतिक्रयाको रूपमा प्रकट गर्नु हुँदै यी दुइ गाथाहरू (२ र ३) भन्नु भएको हो भनी थेर. गा. अ. क. II. पृ. ४ मा समुल्लेख भएको छ।

४– "जब 'सबै संस्कारहरू अनित्य हुन्' भनी प्रज्ञाले देख्दछ तब दुःख प्रति विरक्त हुन्छ—यही नै विशुद्धिको मार्ग हो ।

५– "जब 'सबै संस्कारहरू दुःख हुन्' भनी प्रज्ञाले देख्दछ तब दुःख प्रति विरक्त हुन्छ—यही नै विशुद्धिको मार्ग हो ।

६– "जब 'सबै धर्महरू अनात्मा हुन्[1]' भनी प्रज्ञाले देख्दछ तब दुःख प्रति विरक्त हुन्छ—यही नै विशुद्धिको मार्ग हो[2] ।

७– "जो बुद्धानुबुद्ध कौडिन्य स्थविर हुन् उनी दृढ पराक्रमतापूर्वक नैष्क्रम्य गरी, जाति मरणबाट मुक्त भइसकेका छन् तथा उनले सम्पूर्ण ब्रह्मचर्य (=मार्ग ब्रह्मचर्य) वास पनि पूरा गरिसकेका छन् ।

---

१. यहाँ 'सबै धर्महरू' भन्नाले सबै पञ्चस्कन्धहरू भनिएको हो । यी पञ्चस्कन्धहरू सबै अनात्म हुन् । धम्म. प. अ. क. पृ. ५२६, मार्गवर्ग । असार भएकोले, आफ्नो वशमा नभएकोले, शून्य भएकोले, तथा आत्मप्रतिपक्ष भएकोले 'अनात्म' भनिएको हो—थेर. गा. अ. क. II. पृ. ५; यो अनात्मबारे माथि पृ. १९४ को अनात्म पर्याय शीर्षकमा प्रष्ट उल्लेख भइसकेकै छ ।

२. माथि गाथा २ र ३ मा जनाइएका आफ्नो प्रतिक्रया प्रकाश गरिसक्नु भएपछि कौडिन्य महास्थविरले यी तीन गाथाहरू द्वारा (४, ५, र ६) यसरी प्रज्ञाले हेर्नु सक्नुपर्छ भन्ने कुरा बताउनु भएको हो भनी थेर. गा. अ. क. II. पृ. ४ मा समुल्लेख गरेको पाइन्छ ।

८- "जुन काम-भवरूपी बाढीहरू[१] (=ओघ) हुन्, जुन रागरूपी पासाहरू हुन्, जुन शंकारूपी चित्त-खिलहरू[२] हुन्, जो फोर्न

---

१. बाढी अथवा ओघ भनी केलाई भन्दछन् भन्ने सम्बन्धमा बु. प. पृ. ३९१ मा समुल्लेख भएको छ।

२. 'चित्तखिल अथवा चेतोखिल' भनी चित्तमा शंकादि अथवा अप्रसन्नादि भएका दुर्गुणहरूलाई भन्दछन्। यस बारेमा विभङ्ग-पालिको खुद्दकवत्थुविभङ्गको पञ्चकमातिकनिद्देसो पृ. ४५२ मा यस प्रकार समुल्लेख भएको छ—

"कतमे पञ्च चेतोखिला?—(१) सत्थरि कङ्खति विचिकिच्छति नाधिमुच्चति न सम्पसीदति; (२) धम्मे कङ्खति विचिकिच्छति नाधिमुच्चति न सम्पसीदति; (३) सङ्घे कङ्खति विचिकिच्छति नाधिमुच्चति न सम्पसीदति; (४) सिक्खाय कङ्खति विचिकिच्छति नाधिमुच्चति न सम्पसीदति; (५) सब्रह्मचारिसु कुपितो होति अनत्तमनो आहतचित्तो खिलजातो—इमे पञ्च चेतोखिला" अर्थात्—बुद्ध प्रति शंका गर्नु, धर्मप्रति शंका गर्नु, सङ्घ प्रति शंका गर्नु, शिक्षा प्रति शंका गर्नु तथा सब्रह्मचारीहरू प्रति असन्तुष्ट भई कोप गर्नु—यीनै पाँच कारणहरू 'चेतोखिल अथवा चित्तखिल' हुन्।

यो 'खिल' शब्द पालि-मागधि भाषानुसार 'खिल'—काठिन्ने भन्ने भ्वादि धातुबाट बनेको हो। 'खिल' धातुको अर्थ

न सकिने पहाड हो—त्यस्तो पहाडलाई फोरी, त्यस्तो खिललाई हटाई, त्यस्तो पासोलाई चुँडाली तथा त्यस्तो बाढीबाट उत्तीर्णभई घ्यानी पुरुष मारबन्धनबाट मुक्त हुन्छ[1] ।

९– "चंचल चपल भिक्षु जब अकल्याण (=खराब) मित्रको संगतमा पर्छ तब उ समुद्रको तरङ्गमापरी समुद्रमा डुब्ने झैं महा ओघ (=बाढी) मा डुब्छ[2] ।

हो—कठिनता र अनाज्ञाकारीता । कच्चायन धातुमञ्जुसा, पृ. २१

१, यी दुइ गाथा (७ र ८) हरूका कुराहरू अन्य पुरुषको रूपमा आफूलाई राख्नु भई कौडिन्य स्थविरले भन्नु भएको हो भनी थेर. गा. अ. क. II. पृ. ५ मा समुल्लेख भएको छ ।

२. एक दिन कौडिन्य स्थविरले—आफूसँगै बसेको एक भिक्षु कुसंगतको फलस्वरूप अलसी भई, पराक्रमी नबनी, चञ्चल चपल भइरहेको देख्नु भई उनकहाँ गई—'आवुसो ! अलसी भएर न बस, कुसंगत छाडी कल्याण मित्रहरूको सत्संगतगरी राम्ररी श्रमण धर्महरू पालन गर' भनी अर्ति दिनु हुँदा सो भिक्षुले यस कुराको कुनै वास्ता राखेनन् । यस पछि वहाँको मनमा धर्मसंवेदना उत्पन्न भयो र वहाँले निम्न गाथाहरू (९ देखि १४) र त्यसपछि मिथ्याप्रतिपत्तिको निन्दा, सम्यक् प्रतिपत्तिको प्रशंसा तथा एकान्तवासको समेत प्रशंसा गर्नु भई

१०– "अचञ्चल, अचपल, प्रज्ञावान्, इन्द्रिय संयमी तथा बुद्धिमानी भिक्षुले कल्याण मित्रको सत्संगत गरी दुःखको अन्त गर्नेछ।

११– "ढाड देखिने गरी जतिसुकै दुब्लो पातलो भएता पनि आहार-पानमा मात्राज्ञानी भई दुःख नमान्ने जो पुरुष हो—

१२– "उसले बनजङ्गलमा बस्दा दंस (=डाँठ) र मकस (=लामखुट्टे) हरूको टोकाइलाई पनि—संग्राममा गएको हात्तीलेझैं सहनुपर्छ।

१३– "न मरणको अभिनन्दन गर्छु, न जीवनको अभिनन्दन गर्छु परन्तु जसरी ज्यामीले ज्यालाको प्रतीक्षा गर्छ त्यसरी नै समयको प्रतीक्षा गर्छु।

१४– "न मरणको अभिनन्दन गर्छु, न जीवनको अभिनन्दन गर्छु, परन्तु स्वयंज्ञानी स्मृतिमान् भई समयको प्रतीक्षा गर्छु।

१५– "मैले शास्तालाई चिनिसकें, बुद्धधर्मलाई अभ्यास गरिसकें, गह्रौं भारलाई बिसाइसकें तथा भव-तृष्णालाई पनि छेदन गरिसकें।

आफूलाई नै लक्षितगरी आफूले प्राप्त गर्नु भइसकेका तत्वहरूको समेत प्रकाश गर्नु हुँदै अगाडिका गाथाहरू भन्नु भएको हो भनी थेर. गा. अ. क. II, पृ. ६ मा समुल्लेख भएको पाइन्छ।

१६– "जसको निमित्त मैले घरबार छाडी अनगारिक भई प्रव्रजित भएको थिएँ—त्यो मेरो अर्थ मस्तक प्राप्त भइसकेको छ; अब यस्ता सहवासीसँग[1] (सद्धिविहारिना) बसेर के काम छ र!"

× × ×

---

१. कौडिन्य स्थविरले जुन भिक्षुलाई अति दिदा अतिलाई वास्ता राखेनन् सोही भिक्षुलाई लक्षगरी वहाँले 'सहवासीसँग बसेर के काम छ र!' भनी भन्नु भएको हो भनी थेर. गा. अ. क. II. पृ. ७ मा उल्लेख भएको पाइन्छ। उहीं नै यो पनि समुल्लेख भएको छ कि—अनि एकान्तवासमै बस्ने विचार गर्नु भई कौडिन्य स्थविर छद्दन्त पुष्करिणीमै (छद्दन्तदहमेव) जानु भयो। त्यस पुष्करिणीको तीरमा वहाँले बाह्र वर्षसम्म बिताउनु भयो। परिनिर्वाण हुने समय आइपुगे पछि भगवान्कहाँ गई भगवान्को आज्ञा प्राप्तगर्नु भई सोही पुष्करीणीमै फर्की परिनिर्वाण हुनु भयो।

मूल सूत्र—

२०—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं रत्तञ्ञूनं यदिदं अञ्ञासिकोण्डञ्ञो[१]।"

अर्थ—

"भिक्षुहो! मेरा रात्रज्ञ भिक्षु श्रावकहरूमध्येमा ज्ञात (अञ्ञा) कौडिन्य (कोण्डञ्ञ) अग्रछन्।

× × ×

१. अं. नि-१. पृ. २३ एतदग्गपालि, अ. क. I. पृ. ७०

मूल सूत्र—

२१—कौडिन्य प्रशंसा

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा विहार गर्नु भएको थियो[१]।

अनि आयुष्मान् ज्ञातकौडिन्य (अञ्ञाकोण्डञ्ञ) धेरै समय पछि[२] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो। त्यहाँ पुगेपछि भगवान्को चरणकमलमा शीरले ढोगी, भगवान्को श्री चरणमा मुखले पनि चुम्बन गरी, हातले पनि सुम्सुम्याई "भगवान्! म कौडिन्य हुँ, सुगत! म कौडिन्य हुँ" भनी (आफ्नो) नाम पनि सुनाउनु भयो।

त्यसवेला आयुष्मान् वङ्गीसको मनमा यस्तो लाग्यो—

"यी आयुष्मान् ज्ञात कौडिन्य धेरै समय पछि जहाँ भगवान् हुनुहुन्छ त्यहाँ आउनु भयो। अनि भगवान्को चरणकमलमा शीरले ढोग्नुभयो, भगवान्को श्री चरणमा मुखले पनि चुम्बनगरी,

---

१. सं. नि. I. पृ. १९४: कोण्डञ्ञसुत्तं, अ. क. I, पृ. २१६

२. १२ वर्षपछि। सं. नि. अ. क. पृ. २१६

हातले पनि सुम्सुम्याई 'भगवान् ! म कौडिन्य हुँ, सुगत ! म कौडिन्य हुँ' भनी (आफ्नो) नाम पनि सुनाउनु भयो । किन मैले भगवान्को अगाडि आयुष्मान् कौडिन्यको अनुरूप प्रशंसा न गरूँ !"

त्यस पछि आयुष्मान् वङ्गीस आसनबाट उठ्नु भई उत्तरासङ्ग एकांश पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यतातिर हातजोरी नमस्कार गरी भगवान्लाई यस्तो बिन्ति गर्नु भयो—

"भगवान् ! मलाई (केही) भन्न मनलाग्छ, सुगत ! मलाई (केही) भन्न मन लाग्छ।"

"वङ्गीस ! ठीक छ" भनी भगवान्ले भन्नुभयो ।

त्यसपछि आयुष्मान् वङ्गीसले आयुष्मान् ज्ञातकौडिन्यको अनुरूप ढङ्गले गाथाद्वारा प्रशंसा गर्नु भयो —

१- "बुद्धानुबुद्धो सो थेरो,
कोण्डञ्ञो तिब्बनिक्कमो ।
लाभी सुखविहारीनं,
विवेकानं अभिण्हसो ॥

२- "यं सावकेन पत्तब्बं,
सत्थु सासनकारिना ।
सब्बस्स तं अनुप्पत्तं,
अप्पमत्तस्स सिक्खतो ॥

३- "महानुभावो तेविज्जो,
चेतोपरियायको विदो।
कोण्डञ्ञो बुद्धदायादो,[1]
पादे वन्दति सत्थुनो'ति॥"

अर्थ—

१- "वहाँ स्थविर कौडिन्य बुद्धानुबुद्ध हुनुहुन्छ, वहाँ पराक्रमी हुनुहुन्छ। वहाँ समाधिसुखविहारी हुनुहुन्छ, वहाँ कायिक-वाचिक-मानसिक—तीनै विषयमा सँधै एकान्त विहारी हुनुहुन्छ।

२- "शास्ताको धर्ममा लाग्ने, अप्रमादीभई सिक्ने श्रावकले जो प्राप्त गर्नु पर्ने हो ती जम्मै वहाँले प्राप्त गर्नु भएको छ।

३- "महानुभावी, त्रिविद्या-विद्, परचित्त ज्ञानमा कोविद, बुद्धको उत्तराधिकारी वहाँ कौडिन्यले शास्ताको चरणकमलमा वन्दना गर्नु हुन्छ।"

---

१. रोमनमाः 'बुद्धसावको'।

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"बुद्धकालीन श्रावक-चरित" भाग-१, संग्रह-६

कौडिन्य-चरित

नामावली

अ

अकुसल निद्देसो ७७

अग्रश्रावक सारिपुत्र ५७

अङ्गुत्तरनिकायले १७

अचेलकवग्गो १६३

अजपाल २१, १०६, १०९, ११३, ११५, ११७, १२०, १२३, १२८, १३५, १४७, वृक्ष १०६, वृक्षनिर ३७, वृक्षमा ३७, ४०, ४१, ५३, वृक्षमै ३८, ३९, ४०, कथा ३७, १०६

अजपाल न्यग्रोध वृक्ष ४६, मनी ४६, ४९, निर ३७, मा ४२

अजितमाणवपुच्छानिद्देसो ७६

अञ्ञमञ्ञचतुक्क ७७

अञ्ञाकोण्डञ्ञो ५४, १९१

अञ्ञाकोण्डञ्ञ अपदानं २

अञ्ञाकोण्डञ्ञत्थेरवण्णना १४

अञ्ञासिकोण्डञ्ञत्थेर अपदानं ११, ५५, २२४

अन्तक ११२, ११६

अर्थकथाचार्य ६९

अर्थकथाहरू १, ले २४, ४७, ४९, ५४, ७०

अत्थसालिनी ३०, ले २५, ३१, ३३, ५२

अनन्तछन्दादिसुत्तं २२२

अनत्तसुत्तं २२२

अनत्तनिब्बानसुत्तं २२२

अनन्तजिन १५६

अनत्तापरियायो १९४

अनत्तालक्खणसुत्तं १९४

अनात्मपर्याय १९४

अनाथपिण्डकको २३१

अनिच्चसुत्तं २२२

अनुरुद्ध ६८

अनोमा नदीको तीरमा १३

अपदान ५१, पालिले ११, ट्ठकथा ४०, अर्थकथाको २२७

अभिधम्मट्ठसङ्गहको ८१
अभिधम्मभाजनीयं ७७, ८०, ८५, ९५
अभिधम्म भाजनीय १७३, को १७३, ले १७४, मा १७२
अभिधर्म ७४, १९५, १९६, भाजनीय ७४, ७७, ७९, ८४, ८६, ८७, ८९, ९०, ९१, १७७, १७८, १७९, १८०, १८१, १८२, को अनुसार ७४, पिटकके १७०, पिटकको १६७
अभिधर्मार्थ संग्रहको १९८
अभिनन्दनसुत्तं १६९
अरति ३९, ४१
अरियपरियेसनसुत्तमा १५०
अविज्जापञ्हसुत्तं ७५
अविज्जासुत्तं ७५, ७६
अविदूरेनिदान ४, १९, २४, कथा ५
अश्वजित् १९३
अस्सजि १०, १९३
अस्सादसुत्तं १६६
अस्साद सूत्रमा १६८
असित ६

आ, इ

आजीवक १५४
आनन्द १४७, १४८, स्थविर ५९, त्थेरस्स उदानगाथा २४, सुत्तं २२२
आलार कालाम १३, १५०, को १५१, लाई १५१, को देहान्त १५१
आसवगोच्छकं ७६
आहारसुत्तं ७५
इन्द्रियसच्चनिद्देस १७०

उ, ए, ऋ,

उक्कला १३१
उत्कल १३१
उडीसा १३१
उद्दक रामपुत्र १५२, को १५२, को देहान्त १५२, कहाँ १३
उदान २६, ५६, ९६, १०२, १०७, १२९, २३१ पालि २९, पालिमा ७२, १००, अट्ठकथा ७३,

अर्थकथाले २६, २९,
गाथाहरू २९
उपक आजीवक १५७, ले १५४, लाई ५१, १५४, सँग भेट १५४
उपादानक्खन्धसुत्तं १६९
उपादानपरिवत्तसुत्तं १६९
उप्पादवारो १६७, १७०
उरुवेल ७१, ७२, स्थित ७१, १०१, १०९, ११३, ११५, ११७, १२०, १२३, १४७, मा १०७, १५३, वनमा ७, ९, १०, १३, १४, १६
एतदग्गपालि २४२
एककनिपातवण्णना २, २०, ७०
एककमातिकाको शीर्षकमा १९५
ओक्काक कुलबाट २२९
ऋषिपतन १, १५, ५१, १५३, १५७, १८९, १९०, मा ५१, ५२, मृगदावनमा ५०, ५३, ५५

क, का, कु

कच्चानगोत्तसुत्तं १७५
कच्चायन धातुमञ्जुसा २३९
कथावत्थु प्रकरण ३४
कदम्बको वृक्ष १२८
कदम्बको रुखतिर ४२
कपिलवस्तु २, ७, ९, बाट १३, स्थित ५९, का हुनुहुन्छ १३
कम्मासदम्म निगममा ४१
कलन्दकनिवापमा २४३
कण्हपेतवत्थु ४
कालदेवल ऋषीले ६
काली उपासिकाको कथा २२
काश्यप ११८
कुरुदेशको ४१

कै, को, कौ

कैलाश ६३, पर्वतमा ६३
कोट्ठासवारो २०१
कौण्डञ्ञो २, ३, ४, १८८
कोण्डञ्ञत्थेर ७०, गाथावण्णना २, २०, ५२
कोण्डञ्ञ सुत्तवण्णना ५७, ६०, ६१
कोण्डञ्ञसुत्तं २४३

कौडिन्य २, ४, १०, ७०, १८८, २२९, २४२, २४३, २४४, २४५, को २, ३४४, माणव ६, माणवले ५, ९, को प्रव्रज्या ६, प्रशंसा ५६, कहाँका हुन् २, भिक्षु ५३, ५४, भिक्षुको ५४, भिक्षुले ५३, ५४. स्थविरको प्रशंसा ६४, स्थविर १, १३, ५६, ६०, ६२, ६४, २३८, २४१, स्थविरले ११, ५५, ६६, ३२९, २४१, ले १९१, ले ज्ञात नै गरे १९१, महास्थविर २३६, महास्थविरले २३७, प्रशंसा २४३

ख, ग

खन्धनिद्देसो १६८
खन्धनिद्देसमा १९८
खन्धविभङ्ग १६७, १९५
खन्धसुत्तं २२२
खिप्पनिसन्तिसुत्तं ४९
खुद्दकवत्थुविभङ्गको २३८
खेत्तसुत्तं १७५
गण्डम्बरुखमनी ३१
गतिकथा १६९
गारवसुत्तं १२३
गिरिमानन्दसुत्तं २२२

गौतम १०७, १५८, १६०, २२९, बोधिसत्व १५, बुद्धको पालामा ७०, बुद्धवंसो ८, ५०, बुद्धवंसवण्णना ६, १०, १३, १४, २०, ४४, ५२

च, छ, ज

चत्तारिसच्चानि ७६
चतुत्थ बोधिसुत्तावण्णना २०
चातुर्महाराजिक देवताहरूले १८९
चित्तकण्डं १७४, को २०१
चुन्दसुत्तं २५
चुल्लकालले ७०
चूलरथ विमान ४
चूलसच्चकसुत्तं २२२
चूलसच्चक सुत्तवण्णना १३८
चूल सीहनादसुत्तं ७५
छद्दन्त दह ५९
छद्दन्त वनमा ६०, ६१, ६२
छद्दन्त पुष्करिणीमा २३६, २४१

छद्दन्त पुष्करिणीको तीरमा २४१
जनपदकल्याणीसुत्तं १८१
जरावग्गो २३
जातक ५१, ट्ठकथा ४०
जेतवनाराम १६, ५६, मा २३१
जेतवन विहार ६३
ज्योतिय ४

त

ततियबोधिसुत्तं ९८
तथागत १७, १५८, १५९, १६०, १६१, ले १६३, १६४, लाई १५८
तपुस्स भल्लिक १३३
तपुस्स भल्लुक १३१, १३२, हरूले ४५
तपुस्स र भल्लुक ४४
तपोकम्मसुत्तं १०९, ११२
तपोकम्मसुत्तवण्णना १०९
तण्हासुत्तं ७६
तण्हासङ्खयसुत्तं २३१
तित्थायतनसूत्रमा १७५
त्रिपिटकपालि साहित्यमा १
तिरिया १७
तिलौराकोट २
तीहाकारेहिसच्चं ७६
तुषितदेवताहरूले १९०
तुषितलोकमा २२८
तौलिहवानिर २
त्रयस्त्रिंश देवताहरूले १९०

थ, द

थेरगाथा ५९, अर्थकथाले ५२
द्वादसनिदानानि ७६
दीर्घनिकायले २८
दुक्खसमुदयसुत्तं २२२
दुतिय अस्सादसुत्तं १६९
दुतिय बोधिसुत्तं ९७
दुतिय तथागत अच्छरियसुत्तं ७६
दुतिय अविज्जापच्चयसुत्तं ७५
दुतिय उरुवेल सुत्तवण्णना १०८
दुतिय उरुवेल सूत्रको अर्थकथाले ३७
द्वेधावितक्कसुत्तं १७५
दोणवत्थु २
द्रोणवस्तु २
द्रोण ब्राह्मण गाउँमा ५९

ध

धज ४

ध्वज ४
धजो ३
धतरट्ठो १८९
धम्मचक्कपवत्तनसुत्तं १, १०, १६२
धम्मचक्कसुत्तन्तपालि १६२
धम्मचक्कसुत्तवण्णना ५३
धम्मपदट्ठकथाले ४०
धम्मभाजनीयमा ८३
धम्मसङ्गणि प्रकरण ३४
धम्मसङ्गणि अट्ठकथाले ३४
धर्मचक्रप्रवर्तन १, ५१, ५५
धातुकथा प्रकरण ३४
धातुकथाको १९५
धात्वत्थवण्णना २००
धृतराष्ट्र १८९

न

न तुम्हाकसुत्तं २२२
नतुम्हासुत्तं ७५
नमुचि ११२
नलकपान सूत्रमा १७५
नागदत्त ६३
नागराजाले ४३
नागसुत्तं ११३
नालक ६, सुत्तवण्णना ६
निक्खेपकण्ड ७५
निदान २४, कथा १४, १५, १६, १९, २०, २४, २८, कथावण्णना २५, २६, ३१, ३२, ३४, ३५, ५२, वण्णना २०, ३३, ५२, वण्णनाले २५, वण्णनामा २२७
निद्देसोमा १७०
निर्माणरति देवताहरूले १९०
निरोधवारो १६७, १६८, १७१
नेरञ्जरा नदीको तीरबाट १८
नेरञ्जरा नदीको तीरमा १८, ७१, १०१, १०९, ११३, ११५, ११७, १२०, १२३, १४७
नेरञ्जरा नदीमा १४

प

पञ्चकमातिकनिद्देसो २३८
पञ्चवग्गिय कथा १५०
पञ्चवर्गीय १०, ५०, ५३, कथा ५०, ५१, ५३, २२३,

भिक्षुहरू १४, ५५, १५२, १५३, १५७, २२४, भिक्षुहरूले १५, १५३, १५७, १५८, १५९, १६०, २२२, भिक्षुहरूलाई १, १५३, १५८, १५९, १६०, १६१, १६२, १९४, भिक्षुहरूसँग १६, भिक्षुहरूसँग भेट् १५७, भिक्षुहरूद्वारा १०७, हरू १२, १४, हरूको ११, भिक्षुहरूको नगिच १५७, भिक्षुहरूको १९४, हरू अरहन्त भए २२१

पच्चयसङ्गहो ७६

पपञ्चसूदनी ४५, ५१, मा ७१, ले ११, को भनाइ १२

पजापती ११२

पञ्ञाभूमिनिद्देसो ७६, ७९, ८२, ८४, मा ८३

पटिच्चसमुप्पादसुत्तं ७५

पटिच्चसमुप्पादविभङ्ग ७४, ८३, ९४

पटिच्च-पटिच्चसमुप्पन्ना ७६

पटिसम्भिदामग्गमा १६२

पटिसम्भिदामग्गट्ठकथाले १०

पठम-दुतिय-ततिय-बोधिसुत्तं ७२

पठम उरुवेलसुत्तं ३८, १२३

पठम महापञ्हसुत्तं १६९

पठम विहारसुत्तं ३९

पठमसञ्ञासुत्तं २२२

पट्ठान प्रकरण ३४, ३५

पदसोधनवारो १६७, १७०

पदुमुत्तर २२७

पधानसुत्तावण्णना २५

पमत्तबन्धु ११२

परनिर्मित वशवर्तीदेवताहरूले १९०

परिञ्ञावारो १६८

परिञ्ञेय्यसुत्तं १६९

पवत्तिवारोको १६७

पाथिक पुत्रलाई ३१

पाथिकसुत्तं ३१

पालि त्रिपिटक ५४

पासरासिय सुत्तावण्णना ४, ११, १४, २०, २४, ४६, १०१, १५०, १५१, १५२

पासरासिसुत्तं १३

पासरासियसूत्रमा १३५

पासरासिसुत्तमा १५२, १५४, १५७, १६१

पिण्डपातपरिसुद्धिसूत्रमा १६९

पुग्गलपञ्ञत्ति प्रकरण ३४
पुण्णत्थेरगाथा ३
पुण्णमन्तानिपुत्तात्थेरापदानं ३
पूर्ण ३, माणव ५९, मन्त्राणीपुत्र ५९

ब

बकब्रह्माको दृष्टिका कुराहरू १०३
बकब्रह्माका वादले १०३
बकब्रह्मसुत्तं १०३
बनारस १
बहुधातुकसुत्तं ७५
